
# आजको दिशाबोध



मदन स्मारिका २०६५

प्रकाशक
मदन भण्डारी फाउन्डेसन

## मदन भण्डारीको ५६औँ जयन्तीका अवसरमा आयोजित 'नयाँ नेपाल निर्माणको सन्दर्भमा मदन भण्डारी' विषयक अन्तरक्रिया कार्यक्रमका वक्ताहरू



टङ्क कार्की



शम्भु थापा




सुशील प्याकुरेल



युवराज पघिमीरे



विजयकुमार पाण्डे



कनकमणि दीक्षित

वर्ष ५, अङ्क २



(२००९ असार १४–२०५० जेठ ३)

**मदन भण्डारी फाउन्डेसनद्वारा सम्पादित तथा प्रकाशित**

**कम्प्यूटर डिजाइन**
के.बी. पारखी

**आवरण डिजाइन**
स्क्रिन टेक
बागबजार, काठमाडौं
फोन: ४२४६६२३

**मुद्रण**
धौलागिरि अफसेट प्रेस,
बागबजार, काठमाडौं
फोन: २००४६१२

# युगद्रष्टाको सम्झनामा.....

*संसारमा दैनिक थुप्रै मानिस जन्छिन्, मर्छन् । यो प्रकृतिको नियमित प्रक्रिया नै हो । तर, मदन भण्डारी त्यस्तो प्रतिभा हुनुहुन्छ, जसको अनुपस्थिति हरपल खट्किरहेको छ । छिन्नभिन्न र अन्योलपूर्ण अवस्थामा रहेको नेपालको कम्युनिस्ट आन्दोलनलाई एकीकृत र दिशाबोध गराउनका लागि उहाँले निर्वाह गरेको भूमिका कसैबाट छिपेको छैन । सायद त्यसैले होला, अहिले पनि सङ्कट पर्दा मानिसहरूका मुखबाट स्वतस्फूर्त भावना निस्किन्छ- 'यतिबेला मदन भण्डारी भएको भए....!' एउटा राजनेता जतिसुकै षड्यन्त्रको शिकार भए पनि, प्रतिक्रियावादीको प्रहारको निशाना बने पनि, आफ्नो पूरा आयू बाँच्न नपाए पनि, सायद ऊ अजम्मरी हुने भनेको यही होला । हो, मदन भण्डारी हामीबाट विदा भएको सोह्र वर्ष बितिसकेको छ । तर, उहाँ विचारमा अहिले पनि हामीसँगै हुनुहुन्छ, हाम्रो नेतृत्वको अग्रभागमा हुनुहुन्छ र हामीलाई दिशानिर्देश गर्दै हुनुहुन्छ ।*

*सोह्र वर्ष नेपाल राष्ट्र, नेपाली जनता र स्वयम् कम्युनिस्ट आन्दोलनका लागि समेत कष्टदायी रह्यो । यसबीचमा हामीले देख्नुनपर्ने परिघटनाहरूसमेत देखिसकेका छौँ । तर, हरेक बादलभित्र चाँदीको घेरा हुन्छ वा अँध्यारोपछि उज्यालो हुन्छ भनेझैँ अहिले हामी एउटा नयाँ परिवेशमा आइपुगेका छौँ । नेपाली जनताले युगौँदेखि पालेको आकाङ्क्षा पूरा भएको छ, मुलुक राजतन्त्रको दाम्लोबाट मुक्त भएको छ । ०६५ जेठ १५ गते मुलुकमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि अब नेपाली जनता वास्तविक अर्थमा सार्वभौमसत्तासम्पन्न भएका छन् । यो जननेता मदन भण्डारीले दशकौँअघि देखेको सपना हो । शक्ति सन्तुलनको विशिष्ट अवस्थालाई धरातलीय यथार्थका रूपमा स्वीकार गर्दै मुलुकमा गणतन्त्र स्थापनाका लागि शक्ति सञ्चय गर्दै अघि बढ्ने उहाँको परिकल्पना साकार रूपमा प्रकट भएको छ । एउटा संवैधानिक अनुबन्धपछि पार्टीले तत्कालीन शक्ति सन्तुलनलाई स्वीकारिरहेको बेला समेत राजालाई श्रीपेच खोलेर आफूसँग प्रतिष्पर्धाका लागि आउन हाँक दिने जननेता मदन भण्डारीको त्यो सपना पूरा भएको छ ।*

*जननेता मदन भण्डारीले नेपाली कम्युनिस्ट आन्दोलनलाई लोकतान्त्रीकरण गर्नका लागि प्रदान गरेको नेतृत्वदायी भूमिका र उहाँद्वारा प्रतिपादित जनताको बहुदलीय जनवादले हासिल गरेको श्रेष्ठता आज संसारका सामु उदाहरणका रूपमा स्थापित भएको छ । सशस्त्र सङ्घर्षबाट मात्रै आमूल परिवर्तन गर्न सकिन्छ भन्ने पुरातन मान्यतालाई लोकतान्त्रिक प्रक्रियामार्फत सच्याएर नेपाली कम्युनिस्ट आन्दोलनमा उहाँले सुरु गरेको प्रयोगका अनुयायीहरू आज प्रशस्तै पाइन्छन् । हिजोसम्म जनताको बहुदलीय जनवाद र यसले बोकेको सारतत्वलाई 'संशोधनवादी' र 'विसर्जनवादी' को बिल्ला भिराउने माओवादी आज स्वयम् एक्काइसौँ शताब्दीको जनवादका नाममा जनताको बहुदलीय जनवादले तयार पारेको राजमार्गमा आइपुगेको छ । शान्तिपूर्ण रूपमा पनि परिवर्तन सम्भव छ भन्ने मदन भण्डारीको विचारको यो निकै ठूलो विजय हो । राजतन्त्र जहाँनेर बाधक बन्छ, त्यहाँनेर सङ्घर्षका माध्यमबाट फड्को मार्ने मदन भण्डारीको विचारलाई ऐतिहासिक जनआन्दोलन र त्यसपछिका घटनाक्रमहरूले पुष्टि गरेका छन् । त्यसैले मदन भण्डारीका विचार अजय छन्, उहाँको अवधारणा अपराजेय छ र यसको श्रेष्ठता चुनौतीविहीन छ भन्ने कुरा स्थापित भएको छ ।*

*मदन भण्डारीको सम्झनालाई चिरस्थायी बनाउनका लागि हामीले आफ्नो तर्फबाट सकेसम्मको प्रयास गरिरहेका छौँ । यसक्रममा हामीले यसपटक उहाँद्वारा प्रतिपादित तथा पार्टीको पाँचौं महाधिवेशनद्वारा पारित 'नेपाली क्रान्तिको कार्यक्रम : जनताको बहुदलीय जनवाद' लाई जस्ताको तस्तै प्रकाशित गरेका छौँ । साथै, राजतन्त्रसम्बन्धी मदन भण्डारीका विचारहरू के थिए भन्ने बुझ्नका लागि उहाँले दिग्विजय सिंहका नाममा ०४३ सालमा लेखेको ऐतिहासिक लेख पनि साभार गरेका छौँ । साथै, मदन जयन्तीका अवसरमा आयोजित विभिन्न विचार गोष्ठी र अन्तरक्रियाहरूमा व्यक्त भएका विचारहरूलाई पनि यहाँ समाविष्ट गरेका छौँ । आशा छ, यसबाट पाठकहरू लाभान्वित हुनुहुनेछ ।*

*५७ औं जन्मजयन्तीका अवसरमा युगद्रष्टा मदन भण्डारीप्रति हार्द्रिक श्रद्धासुमन !*

# विषय-सूची

१. युगद्रष्टाको सम्झनामा.....

२. मैले महासचिवबाट राजीनामा दिएको हुँ, पार्टीबाट होइन

माधवकुमार नेपाल - ३

३. परिवर्तित परिस्थितिमा जनताको बहुदलीय जनवाद झन् सान्दर्भिक भएको छ

झलनाथ खनाल- ५

४. समृद्ध बनाउने नाममा जनताको बहुदलीय जनवादको आमसैद्धान्तिक पक्षमाथि हमला हुन सक्छ

केपी ओली - ८

५. जनताको बहुदलीय जनवाद र लोकतान्त्रिक गणतन्त्र

शङ्कर पोखरेल- १०

६. जनताको बहुदलीय जनवादसँग मित लगाउनेहरूसँग होसियार हुनुपर्छ

केपी ओली - १६

७. मदनलाई दासढुङ्गामा कैद गर्नुहुँदैन

कनकमणि दीक्षित- २०

८. पुँजीवाद र समाजवादको दुरी धेरै टाढा छैन

टङ्क कार्की-२१

९. मदन : साहसिक राजनेता

शम्भु थापा- २४

१०. सैन्यवादी चिन्तनका महाविरोधी

सुशील प्याकुरेल- २७

११. संयुक्त जनआन्दोलन र यसबाट गरिएका अपेक्षाहरू

- २९

१२. संशोधन प्रस्ताव किन आएन ?

नरहरि आचार्य- ३३

१३. सङ्कट र अवसर साथसाथ छन्

स्वनाम- ३६

१४. सडकले तपाईंहरूलाई खोजिरहेको छ

हृदयेश त्रिपाठी- ३७

१५. मौजामा सरकार बनाउन पाइँदैन

दमननाथ ढुङ्गाना- ३९


१६. राजतन्त्र नै जनता र राष्ट्रको मुख्य शत्रु हो

मदन भण्डारी- ४१

१७. नेपाली क्रान्तिको कार्यक्रम : जनताको बहुदलीय जनवाद

- ५८

# मैले महासचिवबाट राजीनामा दिएको हुँ, पार्टीबाट होइन



**- माधवकुमार नेपाल**
**पूर्वमहासचिव, नेकपा (एमाले)**

●

म अहिले पनि केही जिम्मेवारी नलिएर चुप लागेर बसेको छैन, विदेश विभागको जिम्मा लिएको छु। मेरो तर्फबाट जतिसक्दो सक्छु, त्यति काम जम्मै गर्छु। म उत्साहित छु। म नेतृत्वमा छैन भनेर कोही कार्यकर्ता निरास नहुनूस्। म आफ्नो भूमिका यही ठाउँबाट निर्वाह गर्छु। म फेरि जोड दिन चाहन्छु- मैले पार्टी र राजनीति छोडेको होइन। यसलाई यही रूपमा बुझ्नु राम्रो हुन्छ।

●

**० अहिलेको अवस्थामा जननेता मदन भण्डारीलाई कसरी सम्झनुहुन्छ ?**

- अहिले कमरेड मदन भण्डारी हुनुभएको भए कति खुसी हुनुहुन्थ्यो होला ! नेपालमा राजतन्त्रात्मक युगको अन्त्य भएर गणत्रन्त्रको स्थापना हुँदा उहाँको सपना साकार भएको छ। शान्तिपूर्ण आन्दोलनलाई माध्यम बनाएर जनताको चेतनास्तर विकास गर्दै सङ्गठनलाई मजबुत बनाउँदै समाजको आमूल परिवर्तन गर्ने उहाँको जुन सपना थियो, त्यो अहिले प्राप्त भएको छ। शान्तिपूर्ण तवरबाट सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरण गर्ने उहाँको जुन सङ्कल्प थियो, त्यो दुनियाँका सबैले सिक्नुपर्ने विचार थियो। यस दिशाबाट मुलुक अगाडि बढेको देख्दा उहाँ अझ उत्साहित भएर धेरै खुसी हुनुहुन्थ्यो होला। म उहाँको त्यो नेतृत्व शैली, जुझारूपन र सबैलाई सम्झाइ-बुझाइ गरेर अगाडि बढाउन सक्ने एउटा सफल नेतृत्व क्षमतालाई अहिले पनि अत्यान्त धेरै सम्झन्छु। अझ कुन परिस्थितिमा, कसलाई के गरेर हुन्छ, नयाँ परिवर्तनशील ढङ्गबाट देश र जनताका बारेमा उहाँ हरदम सोचिरहनुहुन्थ्यो। अहिले गणतन्त्र नेपाल भएपछि उहाँको सपना पूरा भएको छ। अहिले मैले उहाँको सिर्जनशील र युगान्तकारी सोचलाई सम्झिरहेको छु।

**० परिवर्तित सन्दर्भमा जनताको बहुदलीय जनवादको सान्दर्भिकतालाई कसरी पुष्टि गर्नुहुन्छ ?**

- जनताको बहुदलीय जनवाद नेपाली समाज परिवर्तन गर्ने क्रान्तिकारी विचार हो। यसलाई हामीले पाँचौं महाधिवेशनबाट कार्यक्रम र छैटौं महाधिवेशनबाट सिद्धान्तका रूपमा विकास गर्दै हामी आएका छौं। यस अर्थमा जनताको बहुदलीय जनवाद नेपाली क्रान्तिको सिद्धान्त हो। यसले आर्थिक, सामाजिक, सांस्कृतिकलगायत सबै खालका परिवर्तन शान्तिपूर्ण ढङ्गबाट गर्न सकिन्छ भन्ने कुरामा जोड दिएको छ। यति मात्र होइन, सबै जाति, भाषा, लिङ्ग र क्षेत्रको विकास कसरी गर्ने भन्ने कुरा पनि यसमा छ। तर, यति हुँदाहुँदै पनि हामी मार्क्सवादी भएका कारण मार्क्सवादले हरेक कुरामा गतिशीलता खोज्छ। जीवन पनि गतिशील छ। त्यसैले जनताको बहुदलीय जनवादलाई पनि समय र परिस्थिति अनुसार अझ धेरै समृद्धशाली बनाउने दायित्व हाम्रो काँधमा आएको छ। हाम्रो राजनीतिक मार्गदर्शन जनताको बहुदलीय जनवाद नै हो। तर, फरक यति मात्र हो- हामी यसलाई देश र जनताको आवश्यकता र परिवर्तनलाई आत्मसात गर्ने गरी यसलाई अझ उचाइँमा पुऱ्याउन र समृद्धशाली बनाउन चाहन्छौं।

**० जननेता मदन भण्डारीको रहस्यमय हत्याको विरोधमा चालिएको आन्दोलनको पृष्टभूमिमा ०५१ सालको निर्वाचनमा सबैभन्दा ठूलो दलका रूपमा आएको पार्टी हालै सम्पन्न संविधानसभाको निर्वाचनबाट तेस्रो स्थानमा सीमित हुन पुगेको छ। यस**

**अनपेक्षित पराजयलाई कसरी हेर्नुहुन्छ ?**

- हामी ०५१ सालको निर्वाचनमा यो देशको सबैभन्दा ठूलो दल भएका थियौं र सरकार पनि चलाएका थियौं । हामीले अवलम्बन गरेको जनताको बहुदलीय जनवादको विचारलाई राजकीय ठाउँबाट लागू पनि गरेका हौं । जेष्ठ नागरिकलाई सम्मान गर्नका लागि वृद्धभत्ताको व्यवस्था पनि हामीले सरकार चलाउँदा सुरुवात गरेका हौं । गाउँ विकास समितिको कम बजेटलाई कामकाजी एवम् विकासलाई जनताको तल्लो तहमा पुऱ्याउन हामीले प्रयत्न गरेका थियौं । पछि पनि पटक-पटक नेकपा (एमाले) सरकारमा गयो । तर, पार्टीले सोचेजस्तो सन्तोषजनक काम भने गर्न सकेन । बरु, बदनामी कमायो । गरेका कामलाई सही ढङ्गले प्रचार-प्रसार भएन । विपक्षीले जे हल्ला फिजाए, त्यो मात्रै सतहमा देखियो । पछि ०५४ सालमा पार्टी फुट्यो । त्यसबेला पनि ५५ प्रतिशत स्थानीय निकाय हामीले जितेका थियौं । अहिलेको निर्वाचनमा पनि जनतासँगको सम्बन्ध हेर्दा, पार्टी कमिटी र कार्यकर्ताको रिपोर्टिङ सुन्दा निर्वाचन हारिन्छ जस्तो लागेको थिएन । तर, विपक्षीले हाम्रा विरुद्ध व्यापक हल्ला फिजाए, अनावश्यक बहस गरे, हाम्रा कार्यकर्तालाई गाउँ-गाउँमा पिट्ने काम गरे । निर्वाचनकै क्रममा हाम्रा एकजना उमेदवारको पनि हत्या गरियो । यी सबै कुरालाई हामीले सुनेर र सहेर बस्यौं । यो पनि हारको एउटा कारण हो । अर्को, हाम्रा कार्यकर्ता पहिलेभन्दा अल्छी भए । उनीहरू जनताको सम्पर्कमा कम गएको हामी बुझिरहेका छौं । विपक्षीले फिँजाएको हल्लालाई हामीले प्रतिवाद गरेनौं । त्यसैले यो निर्वाचनमा हामीले अपेक्षा गरे अनुसार विजय हासिल गर्न सकेनौं । तर पनि, हामिले अवलम्वन गरेको विचार सही छ । फेरि हामी हाम्रा गल्ती-कमजोरीलाई सुधार गर्दै निर्वाचन जित्छौं ।

**० १५ बर्षसम्म महासचिव भएर पार्टीलाई नेतृत्व गर्नुभयो । आगामी दिनमा कार्यकर्ता एवम् आमजनतालाई आफ्नो भूमिका कसरी महसुस गराउनुहुन्छ ?**

- मैले ०५० जेठ ९ गतेबाट महासचिव भएर काम सुरु गरेको हुँ । मैले लगभग १५ वर्ष जति महासचिव पदमा रहेर सकेजति भूमिका निर्वाह गरें । मैले महासचिवबाट राजीनामा दिएको हुँ, पार्टीबाट होइन । राजनीतिबाट त म अलग भएको छैन नि ! नैतिकताका हिसावले मैले त्यो निर्णय गरेको हुँ । मेरो मान्यता के हो भने पार्टी राम्रो र समृद्ध हुँदा त्यसको जस सबै कार्यकर्ता एवम् नेताले पनि लिनुपर्छ । तर, अलिकति बिग्रियो भने जम्मै दोष अरूलाई दिने हाम्रो संस्कार छ । तर, मैले त्यसो गरिनँ । पार्टी पराजित हुँदा मुख्य दोष मेरो हो भनेर मैले नैतिकताका हिसावले राजीनामा दिएको हुँ । हाम्रो पार्टी कम्युनिस्ट पार्टी हो । कम्युनिस्ट पार्टीमा साझा नेतृत्व हुन्छ । सामूहिक र साझा नेतृत्व भएको पार्टीमा मेरो पनि नेतृत्वदायी भूमिका रहिरहन्छ । म अहिले पनि केही जिम्मेवारी नलिएर चुप लागेर बसेको छैन, विदेश विभागको जिम्मा लिएको छु । मेरो तर्फबाट जतिसक्दो सक्छु, त्यति काम जम्मै गर्छु । म उत्साहित छु । म नेतृत्वमा छैन भनेर कोही कार्यकर्ता निरास नहुनूस् । म आफ्नो भूमिका यही ठाउँबाट निर्वाह गर्छु । म फेरि जोड दिन चाहन्छु- मैले पार्टी र राजनीति छोडेको होइन । यसलाई यही रूपमा बुझ्नु राम्रो हुन्छ ।

**० अहिले नेपालको राजनीति सहकार्यमा बढिरहेको छ । हिजोका दिनमा काङ्ग्रेस र माओवादीसँग सहकार्य जरुरी थियो भने अब कोसँग जरुरी छ ?**

- अहिले भर्खर संविधानसभाको निर्वाचन सम्पन्न भएको छ । सुरुमा राजतन्त्र अन्त्य गर्नका लागि मात्र हामीबीच सहकार्य भएको थियो । तर, जब सहकार्य आरम्भ भयो, त्यसबीचका गतिविधि र छलफलका मुद्दाहरूले लामो सहकार्यको बाटो अगाडि बढाइदिएका छन् । सङ्घीय लोकतान्त्रिक गणतन्त्र सबैले पारित गरेपछि अब यसभित्रका जम्मै मुद्दालाई पुरा गर्न सहकार्य झन् जरुरी छ ।

हिजो हामीले सहकार्य गरेकै कारण काङग्रेसलाई यथास्थिति र नेकपा (माओवादी) लाई बन्दुकबाट अलग गरेर लोकतान्त्रिक गणतन्त्रमा ल्याउन सफल भयौं । त्यसैले अब राज्यको पुन:संरचना, प्रगतिशील संविधान, सबै जाति, भाषा, संस्कृति, लिङ्गका जनताको सम्मान हुने र उनीहरूले आत्मगौरव गर्ने खालको संविधान लेख्न जरुरी छ । त्यसैले अझ धेरै सहकार्य र एकता जरुरी छ । यो वा त्योसँग भन्ने नभई सबै लोकतान्त्रिक गणतन्त्रवादी शक्तिसँग एकता जरुरी छ ।

**० नेपाल अब गणतन्त्र भइसकेको छ । आमजनतालाई तपाईं आफ्नो पार्टीका तर्फबाट यो परिवर्तनको महसुस कसरी गराउनुहुन्छ ?**

- गणतन्त्र आउनु निकै ठूलो एतिहासिक परिवर्तन हो । अब एक युग अन्त्य भएर अर्को युग थालनी भएको छ । अब सामन्ती व्यवस्थाको अन्त्यका लागि ढोका खुलेको छ । तर, नेपाली समाज अझै पनि सामन्तवादको दुष्चक्रबाट मुक्त हुन सकेको छैन । सामन्ती व्यवस्थाका धेरै अवशेषहरू अझै बाँकी छन् । अब छिट्टै प्रगतीशील पुँजीवादको विकास गर्दै नयाँ समाजवादी व्यवस्थामा जान ढोका खुलेको छ । कसैले काम गर्ने, कसैले बसी-बसी खाने व्यवस्था हाम्रो देशबाट अन्त्य हुँदैछ । त्यसैले नयाँ नेपालका लागि सबै जनताले इमानदार भएर काम गऱ्यौं भने नेपाल चाँडै सुन्दर, शान्त र समृद्ध मुलुक हुनेछ ।

■

# परिवर्तित परिस्थितिमा जनताको बहुदलीय जनवाद झन् सान्दर्भिक भएको छ



**झलनाथ खनाल**
**महासचिव, नेकपा (एमाले)**

**० ५७ औँ मदन जयन्तीका सन्दर्भमा जननेता कमरेड मदन भण्डारीलाई कसरी सम्झनुहुन्छ ?**

- जननेता कमरेड मदन भण्डारी हाम्रो पार्टीका एउटा प्रस्ट विचारक, कुशल नेता र असाधारण वक्तृत्व क्षमता भएका राजनेता हुनुहुन्थ्यो । उहाँ नेकपा (एमाले) को शीर्षस्थ नेता हुनुहुन्थ्यो । मैले अहिले उहाँलाई यसरी नै सम्झन्छु ।

**० परिवर्तित राजनीतिक सन्दर्भमा जनताको बहुदलीय जनवादको सान्दर्भिकतालाई कसरी पुष्टि गर्नुहुन्छ ?**

- 'कम्युनिस्टहरू सर्वसत्तावादी हुन्छन्, एकदलीय अधिनायकवादी हुन्छन्' भन्ने भइरहेको बेला जननेता मदन भण्डारीले जनताको अभिमतलाई बहुदलीय प्रतिस्पर्धाबाट सम्मान गर्ने, संविधानको सर्वोच्चतालाई स्वीकार्ने, विधिको शासन, कानुनी राज्य, आवधिक निर्वाचन प्रणाली, शक्ति पृथकीकरणको सिद्धान्त, मानवअधिकारका मूल्य-मान्यतालाई समेत इमानदार ढङ्गले आत्मसात गर्नुपर्दछ एवम् प्रगतिशील राज्यव्यवस्थाको निर्माण गरी त्यसभित्र सामाजिक, आर्थिक, सांस्कृतिक ढङ्गले प्रगतिशील क्रान्ति गर्दै समाजवादमा जानुपर्दछ भन्ने ढङ्गले जनताको बहुदलीय जनवादको निर्माण भएको हो । यो नेपालका सन्दर्भमा मार्क्सवादको सिर्जनात्मक प्रयोग हो । यसले नेपालको कम्युनिस्ट आन्दोलनलाई नै मार्गदर्शन गरिरहेको छ । अन्य कम्युनिस्ट पार्टीहरू पनि यो विचारधारालाई अवलम्बन गर्दै अगाडि बढिरहेका छन् । स्वाभाविक रूपले यो परिवर्तित राजनीतिक परिवेशमा झन् सान्दर्भिक भएको छ । यो यही क्रममा अझै विकसित र समृद्ध हुँदै जान्छ ।

**० जननेता मदन भण्डारीको रहस्यमय मृत्युको विरोधमा चलिरहेको आन्दोलनको पृष्ठभूमिमा ०५१ सालमा भएको निर्वाचनमा सबभन्दा ठूलो दल भएको पार्टी अहिले तेस्रो स्थानमा सीमित छ । यस अनपेक्षित परिणामलाई कसरी लिनुभएको छ ?**

- पहिलो कुरा त ०५१ सालको निर्वाचन र ०६४ सालको संविधानसभाको निर्वाचनको बीचमा धेरै फरक छ । राजनीतिक परिस्थितिमा भिन्नता आएको छ । राजनीतिक समीकरणमा भिन्नता आएको छ । अरू धेरै कुरामा भिन्नता आएको छ । त्यति मात्र नभएर नेपाली समाजमा शान्तिपूर्ण जनक्रान्तिको प्रक्रिया अगाडि बढिरहेको, त्यो

प्रक्रियालाई नेकपा (एमाले) ले सम्बाहन गरेको, शान्ति प्रक्रिया पनि सँगै अगाडि बढेको र जनताको बहुदलीय जनवादलाई देशको विशिष्ट परिस्थितिमा कार्यान्वयन गर्दै अगाडि बढेको स्थितिमा शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउनेतर्फ बढी ध्यानकेन्द्रित गऱ्यौं । र, निर्वाचनका अन्य पक्षमा ध्यान कम गयो । जस्तै- परिस्थितिको मूल्याङ्कन गर्ने कुरामा, प्रतिस्पर्धीको मूल्याङ्कन गर्नेजस्ता कुरामा कमजोरी रह्यो । यसले गर्दाखेरी आमजनतालाई सही ढङ्गले आकर्षित गर्न र परिचालन गर्न सकिएन । विपक्षीले गरेका अवरोध र फैलाएका हल्लालाई सही ढङ्गले सामना गर्न सकेनौं । यद्यपि, २२ लाख जनताले अभिमत एमालेलाई दिएका छन्, ९३ स्थानमा दोस्रो भएको छ र ७९ स्थानमा तेस्रो स्थान प्राप्त गरेको छ । यो कुराले के पुष्टि गर्दछ भने नेकपा (एमाले) अहिले पनि नेपालको राष्ट्रिय राजनीतिमा महत्वपूर्ण र जिम्मेवार शक्तिका रूपमा रहेको छ । यो शक्तिले फेरि पनि नेपालको राजनीतिलाई नयाँ ढङ्गले अगाडि बढाउन सक्दछ ।

**० - कार्यकर्तामा निराशा छाएको बेला अब पार्टीलाई कसरी अगाडि बढाउने योजना छ ?**

- निर्वाचनमा भएका असफलताका कारणले हाम्रो पार्टीमा एक हदसम्म निराशा छाएको छ । तर, हाम्रो पार्टीको १८ र १९ औं बैठकले जुन निर्णय गऱ्यो, त्यसले निश्चय पनि नयाँ ढङ्गको जोश, जाँगर र ऊर्जा थपेको छ भन्ने मलाई लाग्छ । पार्टीको १६ वर्षको अवधिको हामी अब समीक्षा गर्दछौं । यो निर्वाचनको पनि हामी समीक्षा गर्दछौं र त्यस समीक्षाबाट निस्केको निष्कर्ष

> ●
> हामी अहिले पार्टीलाई राजनीतिक, वैचारिक, नीतिगत र सैद्धान्तिक क्षेत्रमा पुन:गठन गर्ने, सङ्गठनात्मक क्षेत्रमा पुन:गठन गर्ने र नितान्त रूपमा पार्टीलाई नयाँ आधारमा खडा गर्दै नयाँ सोच, नयाँ सङ्कल्प, नयाँ दृढतासाथ पुन:निमाणमा अगाडि बढ्दैछौं। यो कार्यको थालनी भइसकेको छ। यसले निश्चय पनि कार्यकर्तामा जोश र जाँगर भरेको छ।
> ●

अत्यन्त महत्वपूर्ण हुनेछ । त्यसले हामीलाई आगामी दिनमा बाटो तय गर्ने मार्गदर्शन गर्नेछ । त्यसैले हामी अहिले पार्टीलाई राजनीतिक, वैचारिक, नीतिगत र सैद्धान्तिक क्षेत्रमा पुनःगठन गर्ने, सङ्गठनात्मक क्षेत्रमा पुनःगठन गर्ने र नितान्त रूपमा पार्टीलाई नयाँ आधारमा खडा गर्दै नयाँ सोच, नयाँ सङ्कल्प, नयाँ दृढतासाथ पुनःनिमाणमा अगाडि बढ्दैछौं । यो कार्यको थालनी भइसकेको छ । यसले निश्चय पनि कार्यकर्तामा जोश र जाँगर भरेको छ । भर्खरै मात्र पनि कोटेश्वरमा लगभग दुई सय युवा माओवादीबाट एमालेमा प्रवेश गर्नुभएको छ । यो एउटा नयाँ घटनाक्रम हो । यसले सिङ्गो देशलाई प्रभाव पार्दछ । र, हाम्रो पार्टी सुदृढीकरण हुँदै अगाडि बढ्छ भन्ने मलाई लाग्छ ।

**० गणतन्त्र स्थापना हुनु मुलुक र जनताका लागि ठूलो परिवर्तन हो । जनतालाई आफ्नो पार्टीका तर्फबाट यो परिवर्तनको महसुस कसरी गराउनुहुन्छ ?**

- नेपालले लामो सङ्घर्ष, पीडा, बलिदान, रगत र पसिना बगाएपछि हाम्रो देशमा दुई सय वर्षसम्म रजगज गरेर बसेको शाही राजतन्त्र समाप्त भएको छ र सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएको छ । यो अभूतपूर्व ऐतिहासिक परिवर्तन हो । यसले नेपाललाई पुरानो युगबाट बिलकुलै नयाँ सङ्घीय लोकतान्त्रिक गणतन्त्रको युगमा प्रवेश गराएको छ । तर, यो परिवर्तनको क्रम यतिबेला नेपालको राजनीतिक संरचनामा मात्र पुगेको छ । यसलाई हामीले व्यापक जनजनमा पुऱ्याएर राष्ट्रव्यापी रूपमा स्थापित गर्नुपर्ने र सम्पूर्ण श्रमजीवी जनतामा समेत वास्तवमा यो मेरो गणतन्त्र आयो भनेर अनुभूति गराउनुपर्नेछ । त्यसका लागि अब बन्ने सरकारले एकातिर सम्पूर्ण जनताको हक-हित समेट्ने प्रगतिशील संविधान निर्माण गरेर र अर्कोतर्फ जनताले आज भोगिरहेका अनेकौं समस्यालाई समाधान गर्नका निम्ति सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरण गरेर जनताको गास, बास, कपास अथवा नाना, माना र छानाको समस्या समाधान गरेर जनताको नागरिक हक सुरक्षित गर्दै गणतन्त्रलाई अगाडि बढाउनुपर्दछ ।

**० निर्वाचनपछि वामपन्थीहरूको बहुमत आएको अवस्थामा अब सहकार्य कसरी अघि बढ्छ ?**

- आमरूपमा भन्दा नेकपा (एमाले) सम्पूर्ण लोकतान्त्रिक गणतन्त्रवादी शक्तिसँग सहकार्य गर्दै अगाडि बढेको छ । तर, त्यतिले मात्र पुग्दैन । निश्चित रूपमा अहिले संविधानसभामा ६० प्रतिशतभन्दा बढी वामपन्थीहरूको मत रहेको छ ।

यो आफैँमा एउटा गर्वको कुरा छ । यो वर्चश्व आफैँमा एउटा ऐतिहासिक भएकाले यसले नेपाली समाजलाई आमूल परिवर्तनको दिशातर्फ अगाडि बढाउने एवम् नेपाली क्रान्तिलाई नितान्त नयाँ चरणमा अगाडि बढाउने ढङ्गले जानुपर्दछ । त्यसका लागि हाम्रो पार्टी सबै वामपन्थी शक्तिसँग एवम् नेपाली काङ्ग्रेसलगायतका शक्तिसँग पनि एकताका साथ अगाडि बढिरहेको छ । यसरी अगाडि बढ्दा मात्र नेपाली समाजमा परिवर्तन गर्न सकिन्छ ।

**० मदन भण्डारीको हत्या अहिले पनि रहस्यमय छ । एकमात्र जीवित साक्षी अमर लामाको पनि हत्या भइसकेको छ, अहिले देशमा वामपन्थीहरू बहुमतको अवस्थामा छन् । आमजनताले अहिले पनि एमाले पङ्क्तिलाई हत्यारा को हो भन्ने प्रश्न गरिरहेका छन । यो हत्याकाण्डको छानविन गर्ने केही योजना छ कि ?**

- दासढुङ्गा हत्याकाण्ड नेपालको इतिहासमा दूरगामी असर पार्ने रहस्यमय एवम् सुनियोजित षड्यन्त्रमूलक ढङ्गले घटाइएको घटना हो । विश्वको इतिहासमा विभिन्न नेताहरूको हत्या यसैगरी भएको हामी पाउँछौं । तर, ती कैयौं घटनाहरू अझै पनि रहस्यमय नै रहेका देखिन्छन् । अमेरिका जस्तो समृद्ध मुलुकको घटनालाई हेर्न सकिन्छ : जोन एफ केनेडीको हत्या अहिलेसम्म रहस्यमय छ । कुन विन्दुबाट कसरी गोली आएर लाग्यो भन्ने सबै थाहा छ तर पनि कसले हान्यो भन्ने थाहा छैन । कमरेड मदन भण्डारीको हत्या त्यस्तै खालको षड्यन्त्रमुलक हत्या हो । कुन कारणले किन र कसले हत्या गऱ्यो भन्ने अहिलेसम्म पनि रहस्यमय छ । यो पत्ता लगाउने कार्य कठिन छ । यस्तै अहिले वामपन्थीहरूको सरकार बने पनि तत्कालै यो घटनाका हत्याराहरू फेला पर्लान् ? यो प्रश्नमै सीमित छ । इतिहासमा कहिलेकाहीँ यस्ता घटनाहरू घटेका छन् जुन रहस्यमय नै रहेका छन् ।

**० जनताको बहुदलीय जनवादलाई नेकपा (एमाले) ले पाँचौं महाधिवेशनबाट कार्यक्रमका रूपमा एवम् छैटौं महाधिवेशनबाट सिद्धान्तका रूपमा अङ्गीकार गर्दै आएको छ । अहिलेको निर्वाचनमा खाएको धक्कालाई हेर्दा जनताको बहुदलीय जनवाद अपुग भएको हो वा यसका प्रयोगकर्ताहरू असक्षम भएर यस्तो भएको हो ?**

- जनताको बहुदलीय जनवाद सबैभन्दा पहिले हाम्रो पार्टीमा २०४० साल प्रकट भएको हो । त्यतिबेला हामीहरू राजनीतिक रूपमा भूमिगत थियौं । त्यस नारालाई कार्यान्वयन गर्ने सन्दर्भमा पार्टीलाई राजनीतिक स्वतन्त्रको नाराका रूपमा अगाडि बढायौं । पार्टीहरूका बीचमा प्रतिस्पर्धा कायम राख्ने गरी चौथो महाधिवेशनले बहुदलीय प्रतिस्पर्धासहितको नयाँ जनवादी कार्यक्रम अगाडि सान्यो । जनताको बहुदलीय जनजवद आफैँमा गतिशील सिद्धान्त हो । यो कुनै शास्त्र, कुरान, वेद जस्तो अपरिवर्तनीय कुरा होइन, गतिशील ढङ्गले निरन्तर विकसित हुँदै आएको छ । यो जनता र देशको क्रान्तिकारी मूलधार हो । अझै विकसित बनाउँदै समृद्ध बनाउन जरुरी छ । हामीले यसपटक धक्का खानुमा जनताको बहुदलीय जनवादका आमकार्यदिशालाई देशको परिस्थितिअनुरूप ठीक कार्यदिशा, कार्यनीतिक कार्यदिशा तय गर्न सकेनौं । त्यो समस्याको कारण यो धक्का खायौं । पार्टीभित्र यो धक्का खानुमा राजनीतिक कारण, वैचारिक कारण, कार्यशैलीका कारणहरू छन् । त्यसैले अहिलेको धक्काको कारण जनताको बहुदलीय जनवादको आम कार्यदिशा र मूल मर्मलाई पार्टीले सही ढङ्गले समेट्न नसक्नु हो ।


> पार्टीभित्र यो धक्का खानुमा राजनीतिक कारण, वैचारिक कारण, कार्यशैलीका कारणहरु छन्। त्यसैले अहिलेको धक्काको कारण जनताको बहुदलीय जनवादको आम कार्यदिशा र मूल मर्मलाई पार्टीले सही ढङ्गले समेट्न नसक्नु हो।

**० अन्त्यमा केही ?**

- अहिले देश ऐतिहासिक परिवर्तनको महत्वपूर्ण स्थितिमा छ । नेपाल र नेपाली जनताको जनवादी क्रान्ति क्रमिक रूपमा पूर्ण हुने स्थितिमा अगाडि बढेको छ । यस्तो अवस्थामा नेकपा (एमाले) पनि आफूलाई वैचारिक, राजनीतिक सबै क्षेत्रमा अत्यन्त मजबुत ढङ्गले अगाडि बढाउनुपर्नेछ । साथै, नेकपा (एमाले) वरिपरि रहेका अन्य जनवर्गीय सङ्गठनहरूलाई पनि अत्यन्त मजबुत बनाउँदै नयाँ जोशका साथ अगाडि बढाउनुपर्नेछ । नेकपा (एमाले) का सबै समर्थक-शुभेच्छुकले पार्टीको झण्डामुनि गोलबन्द गरेर पार्टीलाई देशव्यापी रूपमा यो झण्डालाई फेरि उठाउनुपर्ने कामलाई एमालेका सबै कार्यकर्ता, नेता, समर्थक र शुभेच्छुकहरूले पनि अगाडि बढाउनुपर्नेछ । ■

# समृद्ध बनाउने नाममा जनताको बहुदलीय जनवादको आमसैद्धान्तिक पक्षमाथि हमला हुन सक्छ

केपी ओली
स्थायी कमिटी सदस्य, नेकपा (एमाले)



●

हरेक क्षेत्रमा व्यक्ति र मानवीय स्वतन्त्रतालाई मन पराउने, न्याय र समानता अगाडि बढेको विज्ञानसम्मत विचार एवम् मैलिक कार्यक्रम र सिद्धान्त हो। ०४६ सालको आन्दोलन, हिंसात्मक बाटोको अन्त्य हुँदै चाहेर वा नचाहेर पनि यही बाटोमा हिँड्नैपर्ने वाध्यतालाई हेर्दा आजको सन्दर्भमा जनताको बहुदलीय जनवाद झन् प्रस्ट भएको छ, सान्दर्भिक भएको छ।

●

**० ५७औं मदन जयन्तीको सन्दर्भमा जननेता कमरेड मदन भण्डारीलाई कसरी सम्झनु हुन्छ ?**

- नेपालको कम्युनिस्ट आन्दोलन, लोकतान्त्रिक आन्दोलन, विकासवादी आन्दोलन, जनजीविकाको आन्दोलन, न्याय, समानता र सम्मानका लागि गरिने आन्दोलन, सही ढङ्गले सङ्गठन गर्ने, परिस्थिति र आवश्यकता अनुरूप सबैलाई सही ढङ्गले क्रियाशील बनाउने, सङ्घर्षको मैदानमा उतार्ने र त्यस सङ्घर्षलाई प्रभावकारी ढङ्गले अगाडि बढाउने जननेता मदन भण्डारीलाई छोटो जीवन बाँचेर पनि लामो र महत्त्वपूर्ण प्रभाव छोड्न सफल नेता हुनुहुन्छ। बीसौं शताब्दीमा विश्वलाई प्रभाव पार्न सफल एवम् अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनले समेत मान्यता दिएको मार्क्सवादको सिर्जनात्मक र नवीन ढङ्गको प्रयोग गर्न सफल एक वैचारिक महान नेताका रूपमा उहाँलाई म सम्झन्छु।

**० परिवर्तित सन्दर्भमा जनताको बहुदलीय जनवादको सान्दर्भिकतालाई कसरी पुष्टि गर्नुहुन्छ ?**

- जनताको बहुदलीय जनवादको कुरा गर्दा पहिलो कुरा त लोकतन्त्र एउटा पक्षलाई चाहिने र अर्कोलाई नचाहिने होइन। लोकतन्त्र आर्थिक-सामाजिक प्रणालीको प्रतिनिधित्व गर्ने मानव जातिलाई चाहिने, समाजलाई सन्तुलित ढङ्गले लान अपरिहार्यताका रूपमा प्रतिस्प्रधा, पहलकदमी र बहुलवादलाई स्वीकार्दै एकदलीय एकाधिकारवाद होइन, एउटा विचार प्रणाली होइन, प्रतिस्पर्धात्मक प्रणाली समाज विकासका लागि आवश्यक छ भनी कम्युनिस्ट आन्दोलनमा संस्थागत ढङ्गले सुरुवात गर्ने एक मात्र सिद्धान्त जनताको बहुदलीय जनवाद हो। यो सिद्धान्त विज्ञान प्रविधिका साधनलाई मानवीय हितको प्रयोगमा ल्याउन सफल, आग्रह-पूर्वाग्रहबाट होइन, आग्रहहीन ढङ्गले मानव जातिको सेवामा लाग्न सफल, सबै विचारमा खुला भएर जानुपर्दछ, सिद्धान्तका निम्ति जीवन होइन, जीवनका निम्ति सिद्धान्त हो भन्ने आधारभूत प्रस्तावनाबाट अगाडि बढेको छ। यो हरेक क्षेत्रमा व्यक्ति र मानवीय स्वतन्त्रतालाई मन पराउने, न्याय र समानता अगाडि बढेको विज्ञानसम्मत विचार एवम् मैलिक कार्यक्रम र सिद्धान्त हो। ०४६ सालको आन्दोलन, हिंसात्मक बाटोको अन्त्य हुँदै चाहेर वा नचाहेर पनि यही बाटोमा हिँड्नैपर्ने वाध्यतालाई हेर्दा आजको सन्दर्भमा जनताको बहुदलीय जनवाद झन् प्रस्ट भएको छ, सान्दर्भिक भएको छ।

**० जननेता मदन भण्डारीको रहस्यमय हत्यको विरोधमा चालिएको आन्दोलनको पृष्ठभूमिमा ०५१ को निर्वाचनमा सबैभन्दा ठूलो दलका रूपमा आएको पार्टी संविधानसभाको निर्वाचनमा तेस्रो स्थानमा सीमित हुन पुगेको छ। यो अनपेक्षित पराजयलाई कसरी हेर्नुहुन्छ ?**

- यसपटक हाम्रो पार्टी तेस्रो स्थानमा मात्र होइन, पछाडि नै परेको

छ । सानो अन्तरले अगाडि-पछाडि हुन सकिन्छ । तर, अहिले त धेरै अन्तर परेको छ । यो वास्तवमा अनपेक्षित परिणाम हो । नेकपा (एमाले) भित्र मैले व्यक्तिगत रूपमा भन्दा सात-आठ वर्षअगाडि नै पार्टी यो स्थितिमा जान्छ भनेको हुँ । पार्टीलाई यहाँ पुऱ्याएर पनि पार्टीभित्रकै मानिसहरू छाती फुलाएर हिँडिरहेका छन् । त्यो आफ्नो ठाउँमा छ । अराजनीतिक जोड-घटाउ गर्ने, रणनीतिक हिसावले घटनालाई हेर्ने, पूर्वाग्रहपूर्ण ढङ्गले जिम्मेवारी नदिने, हरेक कुरामा पार्टीभित्रकै मानिसलाई विपक्षी र शत्रुजस्तो व्यवहार गर्ने गैरराजनीतिक चिन्तनले पार्टीलाई यसभन्दा बाहेक अर्को स्थितिमा त लानै सक्दैनथ्यो । सातौं महाधिवेशनमा जो भयो, वैचारिक छलफल नगर्ने, प्रविधिक रूपमा हिसाव-किताव मिलाउने बरु पार्टी फुटाउन परे पनि फुटाउने, अरूलाई लान्छना लगाएर आफू उम्कन खोज्ने ! बडो दुःखका साथ भन्नुपर्दछ- यही स्थितिमा रहने हो भने पार्टी अगाडि बढ्न सक्दैन । मैले बढ्छ भनेर बढ्दैन । न आशिर्वादले बढ्ने हो न त सरापले नै सकिने हो । पार्टी अत्यन्त कमजोर हुँदा पार्टीका तर्फबाट मैले सरकारमा नेतृत्व गर्दा मुलुक जुट्यो, एमाले विरोधमा जुट्यो । यसले गर्दा उपलब्धिहरू त्यत्तिकै पानीमा खेर गए र झन्-झन् कमजोर बाटो छानेर अगाडि बढ्ने काम भयो । यसले गन्तव्यमा पुऱ्याउँदैन । त्यसैले आगामी दिनमा देश र जनताप्रति समर्पित रही सही ढङ्गले अगाडि बढ्ने पार्टीका रूपमा आउनुपर्दछ ।

**० हिजो काङ्ग्रेस र माओवादीसँग सहकार्य अनिवार्य थियो । अबका दिनमा कसरी र कोसँग सहकार्य अगाडि बढ्दछ ?**

- हिजोदेखि नै नेकपा (एमाले) का कार्यकर्तालाई माओवादीले पिट्ने, कुट्ने र लुटपाट गर्ने गरिरहेको छ । यस्तो अवस्थामा नेकपा (एमाले) ले कम्युनिस्ट एकता भनेर माला जपिरहेर हुँदैन । समाजका सचेत मान्छे, कम्युनिस्ट कार्यकर्ता-नेतालाई मारेर सहकार्य अगाडि बढ्न सक्दैन । जनतालाई सचेत गर्दै आएको, जनतामा विश्वास गर्ने पार्टीलाई केही गर्न नदिने गतिविधि गर्न निषेध गर्ने, गतिविधि गरेको देखे मार्दिने कम्युनिस्ट काम हो ? कम्युनिस्ट नाम राखेपछि जे गरे पनि हुन्छ भन्ने मानसिकता गलत हो । यदु गैतम, चक्र डगौराजस्ता कम्युनिस्ट योद्धाको हत्या गर्ने काम कुनै कम्युनिस्ट क्रान्ति होइन, आतङ्ककारी क्रियाकलाप हो । अहिलेसम्म माओवादीले वामपन्थीका नाममा उग्रवामपन्थी गतिविधि अगाडि बढाइरहेको छ । त्यसैले यस्तो स्थितिमा नाम वामपन्थी, काम आतङ्कारी रहञ्जेल अगाडि बढ्न सकिँदैन । नेकपा (एमाले) ले देश र जनताका लागि भन्दा पनि पार्टीभित्रका मानिसलाई ठेगान लगाउँदै बस्दै गऱ्यो, त्यही परिणाम आयो ।

**० परिवर्तित परिस्थितिमा जनताको बहुदलीय जनवादमा केही फेरवदल वा समृद्ध बनाउने काम हुन्छ वा यही पर्याप्त छ ?**

- जनताको बहुदलीय जनवाद अपर्याप्त कार्यक्रम होइन, यो पूर्ण कार्यक्रम हो । तर, पूर्णता छ भनेर यसमा समृद्धिको आवाश्यकता छैन भन्ने होइन । एउटा सिद्धान्तका रूपमा विकास भएको वादभित्र सैद्धान्तिक र कार्यक्रिमक पक्ष हुन्छन् । जनताको बहुदलीय जनवादभित्र एउटा सैद्धान्तिक पक्ष छ भने अर्को कार्यक्रमिक पक्ष छ । सैद्धान्तिक पक्षमा कुनै हेरफेर गर्नुपर्दैन । तर, परिवर्तित परिस्थिति, महत्त्वपूर्ण राजनीतिक पार्टीहरूको उदय र अन्त्य, वर्गीय उतार-चढाव, शत्रुपक्ष या मित्र पक्षमा आएका फेरवदलहरूले कार्यक्रमिक पक्षमा अद्यावधिक-फेरवदलको जरुरी पर्दछ । त्यसलाई समृद्ध बनाउनुपर्ने हुनसक्छ । तर, समृद्ध बनाउने नाममा जनताको बहुलीय जनवादको आमसैद्धान्तिक पक्षमाथि हमला हुन सक्छ । त्यसलाई कार्यन्वयन गर्दै, सिर्जनात्मकता खोज्दै समृद्ध बनाएर अगाडि बढाउनुपर्दछ ।

**० गणतन्त्र नेपाल भइसकेपछि जनतालाई तपाई आफ्नो पार्टीका तर्फबाट यो परिवर्तनको महसुस कसरी गराउनुहुन्छ ?**

- नेपालमा राजतन्त्रको अन्त्य र गणतन्त्रको माग पहिलोपटक २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीले उठाएको हो । कम्युनिस्ट पार्टीको स्थापना हुँदा नै यो माग उठाएकाले, यो स्थापनादेखिको माग भएकोले यो हाम्रो आफ्नै माग हो । लामो सङ्घर्ष र आन्दोलनले यो माग पूरा भएको छ । २००६ वैशाख ९ गते नेपाल कम्युनिस्ट पार्टीले जुन माग गरेको थियो, २०६५ जेठ १५ गते त्यो माग पूरा भएको छ । यो हामी सबैका लागि खुसीको कुरा हो । नेपालमा हाम्रो धारको आन्दोलन नै गणतन्त्रको पहिलो आन्दोलन हो । १९९७ साल वा २००७ सालको आन्दोलन राणाविरुद्धको आन्दोलन थियो । नेपालमा पहिलोपटक राजतन्त्रको विरोधको आन्दोलन झापा आन्दोलन नै हो । त्यसैले राजतन्त्रका विरुद्धमा सैद्धान्तिक रूपमा २००६ सालमा नेपाल कम्युनिस्ट पार्टीले र व्यावहारिक रूपमा त्यसको १८ वर्षपछि २०२८ सालमा झापा आन्दोलनले उठाएको हो । राजतन्त्रको अन्त्य र गणतन्त्रको प्राप्तिका लागि नेकपा (एमाले) का नेताहरूले जस्तो जेल, नेल र यातना अरूले भाग्नुपरेको छैन । हामीले जस्तो भूमिगत जीवन अरूले बिताएका छैनन् । मैले नै २० वर्ष भूमिगत जीवन, १७ वर्षको जेल, अझ चार वर्ष त कालकोठरीमा जीवन बिताएको छु । नेपालको राजनीतिक इतिहासमा यत्तिको सङ्घर्ष कसले गऱ्यो ? हाम्रो पार्टी राजतन्त्रका विरुद्ध त्यत्रो आन्दोलन र बलिदानी गरेको पार्टी हो । त्यसैले यो गणतन्त्र लामो समयको सङ्घर्ष र बलिदानीको उपलब्धि हो । यो उपलब्धि १९ दिने आन्दोलनको मात्र होइन, यसका लागि नेपाली भूमिमा धेरै रगत बगेको छ, बलिदानी भएको छ । त्यसैले यसलाई समग्र इतिहासको आन्दोलनको उपलब्धिका रूपमा लिएर अगाडि बढ्दै नेपाली जनताको हितका पक्षमा लगाउनुपर्दछ ।

■



# जनताको बहुदलीय जनवाद र लोकतान्त्रिक गणतन्त्र

■ शङ्कर पोखरेल

## १. जनताको बहुदलीय जनवादका विशेषता

जनताको बहुदलीय जनवाद जननेता मदन भण्डारीको नेतृत्वमा नेकपा(एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशनबाट विधिवत् रूपमा पारित गरी अघि सारिएको नेपाली क्रान्तिको मौलिक कार्यक्रम हो । पाँचौं राष्ट्रिय महाधिवेशनबाट पारित उक्त कार्यक्रमलाई नेकपा (एमाले)को छैटौं राष्ट्रिय महाधिवेशनले नेपाली क्रान्तिको सिद्धान्तका रूपमा आत्मसात गर्‍यो र सातौं महाधिवेशनले पनि उक्त मान्यतालाई निरन्तरता दिएको छ । छैटौं महाधिवेशनद्वारा पारित गरिएको दस्तावेजमा 'यो आफ्नै विशेषता भएको, नेपाली क्रान्तिको कार्यक्रम, कार्यदिशा, कार्यनीति र रणनीतिलाई निर्देशित गर्ने नेतृत्वकारी विचार' बन्न पुगेको निष्कर्ष निकालिएको छ ।

जनताको बहुदलीय जनवाद 'नयाँ जनवादी कार्यक्रम' को सारतत्व बोकेको सामन्तवाद-साम्राज्यवादविरोधी पुँजीवादी जनवादी गणतन्त्रात्मक कार्यक्रम हो । राष्ट्रिय-अन्तर्राष्ट्रिय परिस्थिति, नेपाली समाजको विशेषता र नेपाली क्रान्तिको आफ्नै विशिष्ट अनुभवहरूको संश्लेषणका रूपमा अघि आएको यस कार्यक्रमका आफ्नै किसिमका मौलिक विशेषता रहेका छन् । अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनकै परिप्रेक्ष्यमा विचार, सङ्गठन र सङ्घर्षका क्षेत्रमा समेत यस कार्यक्रमले नयाँ मान्यता अघि सारेको छ । यस अर्थमा जनताको बहुदलीय जनवादको कार्यक्रमलाई कम्युनिस्ट आन्दोलको प्रजातान्त्रीकरणको नवीन मान्यताका रूपमा समेत चर्चा गर्न सकिन्छ ।

●

**जनताको बहुदलीय जनवादको कार्यक्रमले शान्तिपूर्ण सङ्घर्षका यावत् रूप र तरिकालाई प्रयोग गर्दै बलात् परिवर्तनलाई सहज बनाउन चाहेको छ । क्रान्तिपूर्व मात्र होइन, क्रान्तिपश्चात्को अवस्थामा समेत यस कार्यक्रमले अग्रगामी सुधार र आमूल परिवर्तनलाई समन्वयित ढङ्गले अघि बढाउन खोजेको छ ।**

●

जनताको बहुदलीय जनवादले मानव समाजको विकासमा विभिन्न ऐतिहासिक चरणमा मानव जातिले आर्जन गरेका जीवन्त र मूल्यवान उपलब्धिहरूलाई उत्पीडित वर्ग, समुदाय र समग्र मानव जातिको मुक्ति र समृद्धिका लागि नयाँ ढङ्गले उपयोग गर्न सकिन्छ भन्ने मान्यता अघि सारेको छ । यो कार्यक्रम जडसूत्रवाद र विसर्जनवादको विरोध तथा मार्क्सवादको सिर्जनात्मक प्रयोगका क्रममा हासिल भएको नेपाली क्रान्तिको महत्वपूर्ण उपलब्धि हो । यस प्रकारको मान्यताको विकासका सन्दर्भमा पार्टीको भूमिकाका सन्दर्भमा जननेता मदन भण्डारीले भन्नु भएको छ- 'नेकपा (एमाले)) शास्त्र र सूत्रहरूका लागि जीवनको बलिदान दिने होइन, जीवनका निम्ति सूत्र र शास्त्रहरूको रचना गर्ने पार्टी हो । गल्ती हुन्छ कि भनेर कामै नथाल्ने वा गल्ती नहोस् भनेर शास्त्रमा भनेजस्तो मात्र गर्ने र गल्ती भएपछि त्यसको जिम्मा लगाएर आफू पन्छने पार्टी होइन । काम गर्ने आँट गर्नुपर्छ, रचनात्मक ढङ्गले काम गर्ने शैली अपनाउनुपर्छ र गल्ती भए सच्याउने तत्परता र साहस देखाउनुपर्छ ।' जनताको बहुदलीय जनवादको कार्यक्रम यस्तै साहसको परिणाम हो ।

जनताको बहुदलीय जनवादको कार्यक्रमले मानव समाजको विकासका क्रममा मानव जातिले आर्जन गरेका जीवन्त र मूल्यवान उपलब्धिहरूलाई सामाजिक क्रान्तिको विकासका लागि उपयोग गर्नुपर्ने मान्यतालाई आत्मसात गरेको छ । त्यसको जगमा उभिएर यो मार्क्सवाद-लेनिनवादको रक्षा र विकासमा अग्रसर रहेको छ । जनताको बहुदलीय जनवादको कार्यक्रमले मानव समाजको परिवर्तन, विकास र अग्रगतिका लागि सामाजिक नियन्त्रण र सन्तुलनको सिद्धान्तलाई आत्मसात गरेको छ । त्यसका आधारमा सबैखाले अतिवादी विचार र मान्यतालाई अस्वीकार गर्न पुगेको छ ।

जनताको बहुदलीय जनवादको कार्यक्रमले शान्तिपूर्ण सङ्घर्षका यावत् रूप र तरिकालाई प्रयोग गर्दै बलात् परिवर्तनलाई सहज बनाउन चाहेको छ । क्रान्तिपूर्व मात्र होइन, क्रान्तिपश्चात्को अवस्थामा समेत यस कार्यक्रमले अग्रगामी सुधार र आमूल परिवर्तनलाई समन्वयित ढङ्गले अघि बढाउन खोजेको छ । यस कार्यक्रमले द्वन्द्ववादको अनिवार्यता र





सर्वव्यापकतालाई सैद्धान्तिक रूपमा स्वीकार्ने मात्र होइन, व्यावहारिक रूपमा प्रयोग गर्न खोजेको छ ।

यस कार्यक्रमले जनता नै शक्तिका स्रोत हुन्, राज्य व्यवस्थाको सार नै जनता र राष्ट्रको हित एवम् कल्याण हो भन्ने मान्यताका आधारमा राज्यसत्तालाई प्रजातान्त्रिक ढङ्गले सङ्गठित र परिचालित गर्न चाहेको छ । यसले सबैखाले विशेषाधिकारलाई अन्त्य गर्दै वर्ग, व्यक्ति, पार्टी र संस्था सबैलाई संविधानको अधीनस्थ राख्ने र कानुनको शासन सञ्चालन गरिनुपर्ने मान्यतालाई अवलम्बन गरेको छ । त्यसका आधारमा प्रतिष्पर्धा र पहलकदमीको प्रणालीलाई स्थापित गर्न चाहेको छ । यस कार्यक्रमले शक्तिको अति केन्द्रीकरणलाई अस्वीकार गर्दै शक्तिपृथकीकरण र विकेन्द्रीकरणको सिद्धान्तलाई अवलम्बन गरेको छ ।

जनताको बहुदलीय जनवादको कार्यक्रमले देश, काल र परिस्थिति अनुरूप स्थापित मूल्य र मान्यताहरू बदलिन्छन् र परिमार्जित हुन्छन् भन्ने मान्यताका आधारमा नेपाली समाजको विशेषता एवम् विशिष्टतालाई अघि बढाउन खोजेको छ । यसले निषेधको निषेधसम्बन्धी अवधारणालाई गहिराइका साथ आत्मसात गर्दै गतिशील बस्तुको पतनशील पक्षलाई छोडेर सुस्थिर पक्षलाई कायम राख्दै गतिशील र विकासवान पक्षलाई अघि बढाउने सन्तुलनकारी मान्यता अघि सारेको छ ।

यस कार्यक्रमले विश्व परिस्थिति अनुरूप कम्युनिस्ट आन्दोलनलाई राष्ट्रिय स्वाधीनता र सामाजिक मुक्ति आन्दोलनसँग गाँसेर अघि बढाउन चाहेको छ र राष्ट्रवाद, मानवतावाद र जनवादलाई नेपाली समाजको विशेषता र विशिष्टता अनुरूप अघि बढाउन चाहेको छ । जनताको बहुदलीय जनवादको कार्यक्रमले अघि सारेका मान्यताहरू अहिलेको ऐतिहासिक जनआन्दोलन र त्यसको संस्थागत विकासका क्रममा अत्यन्त सामयिक र सान्दर्भिक बन्न पुगेका छन् ।

> **एक दशक लामो सशस्त्र सङ्घर्षपछि माओवादीहरूले अहिले एक्काइसौं शताब्दीको जनवादका रूपमा जेजस्ता चर्चाहरू गरिरहेका छन्, त्यसले पनि जनताको बहुदलीय जनवादको श्रेष्ठतालाई पुष्टि गरिरहेको छ ।**

## २. जनताको बहुदलीय जनवादको सान्दर्भिकता

असोज १८, माघ १९ का प्रतिगामी सत्तापलटका घटनाले जननेता मदन भण्डारी कति दूरदर्शी राजनेता हुनुहुँदो रहेछ भन्ने कुरा पुष्टि भएको छ । ऐतिहासिक जनआन्दोलनपछि जसको नेतृत्व र सक्रियतामा प्रतिगमन र पुनरुत्थानको कोसिस हुनसक्छ भन्ने अनुमान उहाँले गर्नुभएको थियो, समयक्रममा नेपालको राजनीतिमा त्यही कुरा सत्य सावित भयो । त्यति मात्र होइन, जनक्रान्तिको विशेषतासहितको विराट संयुक्त जनआन्दोलनको सफलतापछि लोकतन्त्रको संस्थागत विकासका सन्दर्भमा जेजस्ता विषयहरू उठेका छन्, ती विषयहरू विगतमा जननेता मदन भण्डारीको नेतृत्वमा नेकपा (एमाले) ले उठाएका विषयहरू हुन् । श्री ५ को सरकारलाई नेपाल सरकार बनाउने, शाही नेपाली सेनालाई नेपाली सेना बनाउने, नेपाललाई धर्मनिरपेक्ष राज्य बनाउने, राष्ट्रियगान परिवर्तन गर्ने, राजसंस्थाको सान्दर्भिकताका बारेमा जनमतसङ्ग्रह गर्न सक्ने संवैधानिक व्यवस्था राख्ने, राजाको निरङ्कुशताका आधारहरू समाप्त गरी राजालाई लोकतन्त्रका विरुद्धमा कुनै पनि कदम चाल्न नसक्ने अवस्थामा पुऱ्याउनेजस्ता विषयहरू ०४६ सालको ऐतिहासिक जनआन्दोलनपछि संविधान निर्माणको क्रममा र संविधान निर्माणपछि संविधानप्रतिको असहमतिका रूपमा सार्वजनिक गरिएका २७ बुँदाहरूमा उल्लेख भएका विषयहरू नै हुन् । संविधानको धारा १२७ प्रतिको उहाँको आशङ्कासमेत असोज १८ र माघ १९ को राजाको प्रतिगामी कदमले सही सावित भएको छ । त्यति मात्र होइन, जनआन्दोलनका उपलब्धिहरूको संस्थागत विकास नहुन्जेलसम्म आन्दोलनकारी शक्तिहरूबीचको एकता कायम रहनुपर्दछ भन्ने जननेता मदन भण्डारीको विचार पनि अहिले त्यत्तिकै सान्दर्भिक बन्न पुगेको छ ।

आजको सन्दर्भमा जनताको बहुदलीय जनवादको सान्दर्भिकताको कुरा गर्दा समकालीन राजनीतिको दिशाबोध गर्न जनताको बहुदलीय जनवाद पूर्णतः सक्षम देखिएको छ । एक दशक लामो सशस्त्र सङ्घर्षपछि माओवादीहरूले अहिले एक्काइसौं शताब्दीको जनवादका रूपमा जेजस्ता चर्चाहरू गरिरहेका छन्, त्यसले पनि जनताको बहुदलीय जनवादको श्रेष्ठतालाई पुष्टि गरिरहेको छ । माओवादीहरूले अहिले दीर्घकालीन जनयुद्धका नाममा सञ्चालन गरिएको सशस्त्र सङ्घर्षलाई जसरी संविधानसभाका माध्यमबाट शान्तिपूर्ण राजनीतिमा रूपान्तर गर्ने प्रतिबद्धता दोहोऱ्याइरहेका छन्, वास्तवमै यो मान्यतामा उभिए भने उनीहरू ०४६ सालपछिको नेकपा (माले) को नीतिगत मान्यताको नजिक आइपुग्नेछन् । जनताको बहुदलीय जनवादको कार्यक्रमलाई सुधारवादी कार्यक्रमका रूपमा विरोध गर्दै उग्रवामपन्थी बाटोमा हिँडेका माओवादीहरू आफैँले अस्वीकार गर्दै घृणा गरेको बाटोमा एक्काइसौं शताब्दीको जनवादका नाममा उभिन

आइपुगेका छन् । यसप्रकारले परिवर्तित माओवादीका मान्यताहरूले पनि जनताको बहुदलीय जनवादको प्रजातान्त्रीकरणको मान्यता कति सामयिक र जीवन्त रहेछ भन्ने कुरा व्यवहारमै पुष्टि भएको छ । माओवादीहरूले दस वर्षको सशस्त्र सङ्घर्षको अनुभवबाट अहिले जुन निष्कर्षहरू सार्वजनिक गरिरहेका छन्, ती निष्कर्षहरू नेकपा (एमाले) ले निरङ्कुश पञ्चायतका विरुद्धको प्रजातान्त्रिक आन्दोलनको संश्लेषणका आधारमै निकालिसकेको थियो । अहिले माओवादीहरू वैचारिक रूपले जनताको बहुदलीय जनवादको मान्यताको नजिक आएको देखिए पनि व्यवहारतः उनीहरू सैन्यवादबाट प्रेरित र प्रभावित रहेका छन् ।

यसरी नै आज नेपालको राजनीतिमा राज्यको पुनःसंरचना, समावेशी प्रजातन्त्र र लोकतन्त्रको पूर्णताका परिप्रेक्ष्यमा जेजस्ता विषयहरू अघि आएका छन्, तिनले जनताको बहुदलीय जनवादको कार्यक्रम र सिद्धान्तको गहिराइलाई बुझ्न सहयोग पुऱ्याउँछन् । आज जसरी उदार पुँजीवादी प्रजातन्त्र र समाजवादी प्रजातन्त्रको बीचको सङ्क्रमणकालीन लोकतन्त्रको परिकल्पना गरिँदैछ, त्यो जननेता मदन भण्डारीले अघि सार्नुभएको जनताको बहुदलीय जनवादको लोककल्याणकारी राज्यको अवधारणाको सेरोफेरोमा नै घुमिरहेको देखिन्छ । जनताको बहुदलीय जनवादको वैचारिक मान्यतासँगको सहमतिको त कुरै छोडौं, आफैंले सिद्धान्तका रूपमा स्वीकार गरेको प्रजातान्त्रिक समाजवादको नीति र कार्यक्रमलाई परित्याग गरेर उदार पुँजीवादको बाटोमा हिँड्न अग्रसर नेपाली काङ्ग्रेस सामाजिक न्यायसहितको लोककल्याणकारी व्यवस्थाका पक्षमा देखिनु निकै सकारात्मक कुरा हो । वर्तमान संयुक्त जनआन्दोलनको विकासका क्रममा नेपाली काङ्ग्रेस र नेकपा (माओवादी) ले आफ्ना वैचारिक मान्यतामा जुन रूपको परिवर्तन ल्याएका छन्, त्यो निकै हदसम्म जनताको बहुदलीय जनवादको सैद्धान्तिक मान्यताको जीत हो । आफ्नो सोचाइ र नीतिमा देखिएको परिवर्तनका लागि नेपाली काङ्ग्रेस र माओवादीले जनताको बहुदलीय जनवादको भूमिका र योगदानलाई स्वीकार्लान् या नस्वीकार्लान्, यो बेग्लै कुरा हो । तर, नेपालको प्रजातान्त्रिक आन्दोलनका समीक्षकहरूले राजनीतिको यो सच्चाइलाई स्वीकार्न करै लाग्नेछ । यस अर्थमा जनताका बहुदलीय जनवादका हिमायतीहरू खासगरी नेकपा (एमाले) को पङ्क्तिले जनताको बहुदलीय जनवादको कार्यक्रमको सामयिकता र श्रेष्ठतामा गर्व गर्न सक्नुपर्दछ र नयाँ नेपालको निर्माणमा जनताको बहुदलीय जनवादको नीति र विचारहरूको गहिरो अध्ययन आरम्भ गर्नुपर्दछ । किनकि, जनताको बहुदलीय जनवादको कार्यक्रम नेपाली राजनीतिको वर्तमान र भविष्य दुबैको मार्गदर्शक हो ।

### ३. जनताको बहुदलीय जनवाद र लोकतान्त्रिक गणतन्त्र

वर्तमान संयुक्त जनआन्दोलनले लोकतान्त्रिक गणतन्त्रको विषयलाई आत्मसात गरेपछि जनताको बहुदलीय जनवाद र लोकतान्त्रिक गणतन्त्रको मान्यताका बारेमा तुलनात्मक अध्ययनको आवश्यकता पनि देखिएको छ । शाब्दिक हिसावले लोकतान्त्रिक गणतन्त्र भनेको राजाबिनाको प्रजातन्त्र नै हो । राजाबिनाको प्रजातन्त्रको प्राप्तिका दुईवटा स्वरूप छन् : पहिलो, पुँजीवाद उन्मुख र दोस्रो, समाजवाद उन्मुख । यसको प्राप्तिका पनि दुई भिन्नाभिन्नै तरिकाहरू रहेका छन् : पहिलो, पुरानो खाले पुँजीवादी क्रान्ति र दोस्रो, नयाँ खाले पुँजीवादी क्रान्ति । साम्राज्यवादको विकासपछि पुरानो खाले पुँजीवादी क्रान्तिको क्रान्तिकारी सामर्थ्य कमजोर भयो र त्यसले साम्राज्यवादपरस्त उदार पुँजीवादी स्वरूप ग्रहण गर्न पुग्यो । पुरानो पुँजीवादी क्रान्तिको क्रान्तिकारी विकल्पका रूपमा विकास भएको नयाँ खाले पुँजीवादी जनवादी क्रान्ति पनि सोभियत समाजवादको पतनपछि प्रतिरक्षात्मक अवस्थामा पुग्यो । त्यसकै सरोफेरोमा विश्वव्यापी रूपमा उदार प्रजातन्त्रको लहर देखा पऱ्यो । हाम्रो मुलुकमा ०४६ सालमा सम्पन्न ऐतिहासिक जनआन्दोलन पनि त्यही उदार प्रजातन्त्रको विश्वव्यापी लहरबाट प्रभावित बन्न पुगेको थियो । विश्वव्यापी रूपमा नै उदार प्रजातन्त्रमाथिको सङ्कट गहिरिँदै गएको र समाजवाद उन्मुख जनवादी गणतन्त्रको कार्यक्रममा आधारित नयाँ खाले पुँजीवादी क्रान्ति पनि प्रतिरक्षाको अवस्थाबाट खासै माथि उठ्न नसकिरहेको वर्तमान परिस्थितिमा निरङ्कुश राजतन्त्रका विरुद्धको लोकतान्त्रिक गणतन्त्रको मान्यता ती दुई मान्यताभन्दा भिन्न आफ्नै विशेषता र चरित्रको हुने अनिवार्य छ । यसै अर्थमा लोकतान्त्रिक गणतन्त्रलाई बुर्जुवा गणतन्त्र र जनवादी गणतन्त्रका बीचको सङ्क्रमणकालीन अवस्थाका रूपमा पनि चित्रण गर्ने गरिएको छ । तर पनि, यसको मूल चरित्र पुँजीवादी नै हुनेछ । तर पनि, यसले जेजति मौलिक चरित्रलाई ग्रहण गर्न खोजिरहेको छ, त्यो जनताको बहुदलीय जनवादको कम्युनिस्ट

●

**परिवर्तित माओवादीका मान्यताहरूले पनि जनताको बहुदलीय जनवादको प्रजातान्त्रीकरणको मान्यता कति सामयिक र जीवन्त रहेछ भन्ने कुरा व्यवहारमै पुष्टि भएको छ । माओवादीहरूले दस वर्षको सशस्त्र सङ्घर्षको अनुभवबाट अहिले जुन निष्कर्षहरू सार्वजनिक गरिरहेका छन् ।**

●





आन्दोलनको प्रजातान्त्रीकरणको मान्यता र सामाजिक न्यायसहितको लोककल्याणकारी राज्यको सिद्धान्तमा आधारित रहेको छ। यो जनताको बहुदलीय जनवादको मूल पक्ष नै रहेको छ।

यद्यपि, चालू प्रजातान्त्रिक आन्दोलनले आत्मसात गरेको लोकतान्त्रिक गणतन्त्र र जनताको बहुदलीय जनवादको कार्यक्रममा आधारित जनवादी गणतन्त्रका बीचमा निश्चितै रूपमा ठूलो भिन्नता रहेको छ। चालू प्रजातान्त्रिक आन्दोलनको विषयका रूपमा अघि आएको लोकतान्त्रिक गणतन्त्रको विषय ०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट स्थापित बहुदलीय प्रजातन्त्रलाई लोकतान्त्रिक गणतन्त्रका माध्यमबाट राजनीतिक पूर्णता दिने मान्यतासँग सम्बन्धित छ। जबकि, जनताको बहुदलीय जनवाद पुँजीवादी जनवादी क्रान्तिको राजनीतिक कार्यक्रम मात्र होइन, त्यो आर्थिक-सामाजिक परिवर्तनसहितको समग्र क्रान्तिको कार्यक्रम हो। यस अर्थमा लोकतान्त्रिक गणतन्त्रभन्दा जनताको बहुदलीय जनवाद अझ उन्नतस्तरको कार्यक्रम हो। लोकतान्त्रिक गणतन्त्रको स्थापनाले जनताको बहुदलीय जनवादी क्रान्तिको सम्भावना अझ नजिक ल्याइदिनेछ। वर्तमान जनआन्दोलनमा उदारवादी पुँजीवादका ठाउँमा सामाजिक न्यायको पक्षपोषण भएकै आधारमा मात्र जनताको बहुदलीय जनवादी क्रान्तिको औचित्य सकिने होइन। जनताको बहुदलीय जनवादले आफ्नै किसिमको विशेषतासहित पुँजीवादी जनवादी क्रान्तिको नयाँ बाटोलाई प्रतिनिधित्व गर्दछ। जबकि, चालू संयुक्त आन्दोलनले स्वीकार गर्दै गएको लोकतान्त्रिक गाणतन्त्रको विषय भनेको पुरानो पुँजीवाद क्रान्तिको राजनीतिक पक्षसँग सम्बन्धित छ। यस आन्दोलनमा अघि आएका आर्थिक-सामाजिक सुधारका

●

**लोकतान्त्रिक गणतन्त्रको स्थापनाले जनताको बहुदलीय जनवादी क्रान्तिको सम्भावना अझ नजिक ल्याइदिनेछ। वर्तमान जनआन्दोलनमा उदारवादी पुँजीवादका ठाउँमा सामाजिक न्यायको पक्षपोषण भएकै आधारमा मात्र जनताको बहुदलीय जनवादी क्रान्तिको औचित्य सकिने होइन।**

●

एजेन्डाहरू पनि त्यही पुरानो खाले पुँजीवादी जनवादी क्रान्तिको राजनीतिक प्रणालीमाथि उत्पन्न भएको सङ्कटको पृष्ठभूमिमा र संयुक्त जनआन्दोलनमा सामाजिक क्रान्तिका पक्षधर वामपन्थी शक्तिहरूसमेत सहभागी भएका कारणले नै यस प्रकारका मान्यता अघि आएका हुन्।

यद्यपि, अहिले चर्चामा आएको लोकतान्त्रिक गणतन्त्रको कार्यक्रमले नयाँ खाले पुँजीवादी जनवादी क्रान्तिको सारसहितको सामाजिक परिवर्तनको आवश्यकतालाई पूरा गर्न सक्दैन। नेपाली काङ्ग्रेस, नेपाली काङ्ग्रेस (प्रजातान्त्रिक) र नेपाल सद्भावना पार्टीसमेतको सहभागितामा सञ्चालित संयुक्त आन्दोलनका माध्यमबाट नयाँ खाले पुँजीवादी क्रान्तिको आवश्यकतालाई पूरा गर्न सकिने कुरा पनि होइन। यस अर्थमा पार्टीको केन्द्रीय कमिटीको नवौं बैठकले लोकतान्त्रिक गणतन्त्रमा नै बहुदलीय प्रजातन्त्रले राजनीतिक पूर्णता पाउँछ भन्ने मान्यताका आधारमा चालू आन्दोलनलाई त्यस दिशामा अघि बढाउने ऐतिहासिक निर्णय गरेको हो। एघारौं केन्द्रीय कमिटीको बैठकले संविधानसभाका माध्यमबाट मुलुकमा लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने स्पष्ट दृष्टिकोणका साथ लोकतान्त्रिक गणतन्त्रलाई तात्कालिक कार्यनीतिको रूपमा ग्रहण गरेको छ।

यस्तो अवस्थामा हामीले लोकतान्त्रिक गणतन्त्रलाई आजको बस्तुगत धरातलको यथार्थमा ग्रहण गरेर नै नेपाली समाजको परिवर्तनको पक्रियालाई सही दिशा प्रदान गर्ने कोसिस गर्नुपर्दछ। जनताको बहुदलीय जनवाद र त्यसको कार्यनीति सिद्धान्तहरूले हामीलाई त्यस दिशामा दृढतापूर्वक अघि बढ्नका लागि मार्गप्रशस्त गरिरहेकै छन्।

## ४. लोकतान्त्रिक गणतन्त्रको अन्तरवस्तु

सडकमा आन्दोलनकारीले राजतन्त्रका विरुद्ध र गणतन्त्रका पक्षमा नै नारा घन्काए पनि यो आन्दोलनको नेतृत्व गरिरहेका राजनीतिक दलहरूले सडकबाट नै गणतन्त्रको स्थापनाको मार्गचित्र प्रस्तुत गरिसकेका थिएनन्। यतिसम्मकि, दल-माओवादी सहमतिको बाह्र बुँदाले समेत जनआन्दोलनको बलमा निरङ्कुश राजतन्त्रका अन्त्य र पूर्ण लोकतन्त्रको स्थापनाको कुरालाई नै आत्मसात् गरेको थियो र संविधानसभाको निर्वाचनभन्दा पहिले नै राजा हटाउने मान्यता त्यहाँ पनि स्वीकार गरिएको थिएन। त्यसका बावजुद पनि नेकपा (एमाले) संविधानसभाका माध्यमबाट लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्ने स्पष्ट उद्देश्यका साथ जनआन्दोलनमा सहभागी भएको थियो। जबकि, नेपाली काङ्ग्रेसलगायतका बुर्जुवा राजनीतिक दलहरू सेरेमोनियल राजतन्त्रलाई स्वीकार्ने मान्यताका पक्षमा रहँदै आएका थिए। यस हिसावले हेर्ने हो सडकमा पूर्णरूपले नै राजतन्त्रको अन्त्य र गणतन्त्रका पक्षमा नारा लागे पनि जनआन्दोलको नेतृत्व गणतन्त्रवादी र सेरेमोनियल राजतन्त्रवादीहरूले संयुक्त रूपमा नै गरेका थिए।

आन्दोलनको नेतृत्वमा सेरेमोनियल राजतन्त्रलाई स्वीकार्ने र गणतन्त्रमा जान चाहने दुबैथरी रहेको अवस्थामा लोकतान्त्रिक गणतन्त्रवादी र सेरेमोनियल राजतन्त्रलाई मान्ने दुबै

पक्षका बीचमा संविधानसभामा जाने र त्यसले दिएको परिणामलाई स्वीकार्ने विषयमा आमसहमति देखिएको छ। यस्तो अवस्थामा संविधानसभाभन्दा पहिले राजाका सम्पूर्ण अधिकारहरू कटौती गरेर राजसंस्थालाई पूर्णतः अधिकारविहीन बनाउने काम सम्पन्न हुनुपर्दछ, जुन प्रक्रिया अघि बढी नै सकेको छ। सरकार-माओवादी वार्तापश्चात बन्न लागिरहेको अन्तरिम संविधानमा यस विषयलाई अझ बढी सुस्पष्ट गरिनुपर्दछ।

जहाँसम्म संविधानसभाको कुरा छ, त्यहाँ दलहरू सकेसम्म एकताबद्ध रूपमा नै लोकतान्त्रिक गणतन्त्रका पक्षमा उभिनुपर्दछ। त्यसका लागि नेपाली काङ्ग्रेसलगायतका सुधारवादी शक्तिहरू तयार नभएको अवस्थामा भने दलहरूले संविधानसभाका लागि जनताका बीचमा आ-आफ्नो एजेन्डा लिएर जाने र स्वस्थ प्रतिस्पर्धा गर्ने नीति अवलम्बन गर्नुपर्नेछ। अहिलेसम्मको अवस्था हेर्दा लोकतान्त्रिक गणतन्त्रका पक्षमा नेपाली जनताको निकै ठूलो अभिमत देखिन्छ। पछिल्लो समयमा नेपाली काङ्ग्रेसका सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले दिएको अभिव्यक्ति र माओवादीको त्यसप्रतिको नरम व्यवहारले जनताको मनमा एक हदसम्म आशङ्का जन्माएको छ। लोकतान्त्रिक गणतन्त्रका पक्षमा रहेकाहरूले त्यस प्रकारको आशङ्का र अन्योललाई चिरेर नै अघि बढ्नुपर्दछ र जनचाहना अनुरूप संविधानसभालाई राजाबिनाको नयाँ नेपालको जननीका रूपमा विकास गर्न सक्नुपर्दछ।

लोकतान्त्रिक गणतन्त्रको कुरा गर्दा कतिपय मानिसहरूमा अझै पनि राजाबिनाको नेपालको अस्तित्व नै नरहने हो कि भन्ने भ्रम पनि पाइन्छ। वास्तवमा नेपालको राजसंस्था नेपालको राष्ट्रिय स्वाधीनता र अखण्डताको हकदार नै होइन। आधुनिक नेपालको निर्माणमा पृथ्वीनारायण शाहले निर्वाह गरेको भूमिकालाई अलग गर्ने हो भने शाहवंशीय राजसंस्थाले नेपाल राष्ट्र र नेपाली समाजको हितका पक्षमा कुनै उल्लेख्य काम गर्न सकेको छैन। बरु, उल्टै शाहवंशीय सामन्ती राजतन्त्र नै नेपाल राष्ट्र र नेपाली जनताको हित र प्रगतिको मुख्य बाधक रहँदै आएको छ। २ सय ३८ वर्षको शाहवंशीय राजतन्त्रको इतिहासका आर्थिक-सामाजिक पक्षको विश्लेषण गर्ने हो भने यो नै नेपाल राष्ट्र र नेपाली समाजको पछौटेपनको मुख्य जिम्मेवार हो। यसरी नै छ दशक लामो नेपालको प्रजातान्त्रिक आन्दोलनको

**लोकतान्त्रिक गणतन्त्रका पक्षको आन्दोलनले नेपालको राज्यको व्यापक पुन:संरचनाको वकालत गरेको छ र नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभौगोलिक अवस्थाका आधारमा राज्यको पुन:गठनको मान्यता बोकेको छ।**

आरोह-अवरोहको विश्लेषण गर्ने हो भने यो नै नेपालको प्रजातान्त्रिक आन्दोलनको मुख्य शत्रु पनि हो। दस वर्ष लामो माओवादी सशस्त्र विद्रोहको शान्तिपूर्ण समाधान र नेपाली समाजमा विद्यमान सामाजिक-आर्थिक विभेदको अन्त्यको बाटोमा पनि यही नै मुख्य अवरोध बनेर तेर्सिएको हो। जनआन्दोलनले चुनौती उत्पन्न गरेका बेलामा सम्झौतामा आउने र अनुकूल अवस्था उत्पन्न हुनासाथ सम्झौतालाई बिर्सने राजतन्त्रको व्यवहारले कुनै प्रकारको सहअस्तित्व र सहकार्यका लागि अनुमति दिँदैन। यस प्रकारको अवस्थालाई ध्यानमा राखेर मुलुकलाई सही मानेमा अग्रगमनको दिशामा अघि बढाउने हो भने संविधानसभाको निर्वाचनलाई राजाबिनाको लोकतन्त्रको संस्थागत विकासको दिशामा अघि बढाउन सक्नुपर्दछ। त्यसले नै नयाँ नेपालको निमार्णका लागि आधारभूमि प्रदान गर्नेछ।

अहिलेसम्म चलिरहेको छलफल र बहसका आधारमा लोकतान्त्रिक गणतन्त्रलाई जनताको बहुदलीय जनवादका विशेषताका आधारमा संस्थागत गर्न सकिने सम्भावनाहरू देखिएका छन्। जनताको बहुदलीय जनवादका हिमायतीहरूले सचेतन ढङ्गले पहल गर्ने हो भने लोकतान्त्रिक गणतन्त्रलाई निम्न विशेषतासहितको सङ्क्रमणकालीन सामाजिक-आर्थिक व्यवस्थाका रूपमा अघि बढाउन सम्भव हुनेछ :

लोकतान्त्रिक गणतन्त्र सारतः बुर्जवा गणतन्त्र नै हो। तर पनि, यसलाई उदार पुँजीवादी व्यवस्थाभन्दा एक हदसम्म माथिको लोककल्याणकारी चरित्र बोकेको सङ्क्रमणकालीन सामाजिक-आर्थिक व्यवस्थाका रूपमा विकास गर्न सकिनेछ।

ऐतिहासिक जनआन्दोलनले नेपाल अधिराज्यको विद्यमान चरित्रमा आमूल परिवर्तनको मान्यता अघि सारेको छ। यस अर्थमा लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामा नेपालको केन्द्रीकृत र एकात्मक राज्यको चरित्रलाई परिवर्तन गर्न सम्भव हुनेछ र त्यसको ठाउँमा नेपाली विशेषता अनुरूपको बहुलवादी चरित्रको निरूपण गर्न सकिनेछ।

लोकतान्त्रिक गणतन्त्रका पक्षको आन्दोलनले नेपालको राज्यको व्यापक पुन:संरचनाको वकालत गरेको छ र नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक र बहुभौगोलिक अवस्थाका आधारमा राज्यको पुन:गठनको मान्यता बोकेको छ। यस प्रकारको मान्यताको जगमा नेपाली समाजको विशेषता अनुरूपको राज्यव्यवस्थाको निर्माण गर्न सकिनेछ।

लोकतान्त्रिक गणतन्त्रको कार्यक्रमले शासन प्रणालीमा अहिलेको जस्तो अल्पमतले शासन गर्ने प्रणालीका

ठाउँमा बहुमत जनताले शासन गर्ने विधि र प्रणालीलाई आत्मसात गर्न चाहेको छ । जनताको बहुदलीय जनवादको कार्यक्रमले राज्यसत्तालाई बहुमत जनताको प्रजातान्त्रिक अधिनायकत्वका रूपमा विकास गर्ने मान्यतासँग यो निकै हदसम्म अन्तरसम्बन्धित हुनेछ ।

लोकतान्त्रिक गणतन्त्रको मान्यताले राज्य सञ्चालनका सबै अङ्गहरूको पूर्ण लोकतान्त्रीकरणको मान्यतालाई अघि सारेको छ । यतिसम्मकि, राज्यसत्ता सञ्चालनको नेतृत्वकर्ताका रूपमा रहेका राजनीतिक दलहरूको समेत लोकतान्त्रीकरणको वकालत गरिरहेको छ । वर्तमान आन्दोलनको क्रममा विकास भएको यो मान्यता जनताको बहुदलीय जनवादको मान्यता नै हो ।

लोकतान्त्रिक गणतन्त्रले उदार पुँजीवाद र नियन्त्रित समाजवादको असरबाट मुक्त स्वतन्त्र र समतामुलक लोककल्याणकारी राज्यको मान्यतालाई आत्मसात गरेको छ । जनताको बहुदलीय जनवादको कार्यक्रमले क्रान्तिपूर्व सरकारको नेतृत्व गर्न सकिने र त्यसको नेतृत्वमा प्रगतिशील सुधारका कामहरू गर्न सकिने मान्यता अघि सारेर यस प्रकारको मान्यताका लागि आधार प्रदान गरेको छ ।

वर्तमान आन्दोलनले शासन प्रणालीमा जनताको प्रत्यक्ष सहभागिता र सरोकारलाई स्थापित गर्ने विधिको पक्षपोषण गरेको छ । जनताको बहुदलीय जनवादको कार्यक्रमले अत्यन्त सुस्पष्ट रूपमा जनतको सर्वोच्चताको पक्षपोषण गरको छ । जनताको बहुदलीय जनवादको कार्यक्रमले जनताको निर्णायक भूमिकालाई स्थापित गर्नका लागि नै बहुदलीय प्रतिस्पर्धालाई आत्मसात गरिनुपर्ने मान्यता अघि सारेको थियो । त्यस प्रसङ्गमा जननेता मदन भण्डारीले

> नयाँ नेपालको निर्माणमा अग्रसर देखिएको नागरिक आन्दोलन अगुवा र लोकतान्त्रिक गणतन्त्रका लागि जीवन बलिदान गर्न तयार भएको युवा समुदायले बिना कुनै हिच्किचाहट जननेता मदन भण्डारीको चिन्तन र विचारको गहिराइलाई छुने कोसिस गर्नुपर्दछ।

भन्नुभएको छ- 'हामी जनादेश प्राप्त पार्टी र व्यक्तिहरूले नै राजकीय अधिकार प्रयोग गरी शासन चलाउनुपर्छ भन्ने मान्यताका पक्षमा छौं ।'

### ५. निष्कर्ष

आज जननेता मदन भण्डारीको जन्मजयन्ती मनाइरहेको बेलामा उहाँका जीवन्त विचारहरूले नेपाली राजनीतिलाई सिञ्चित गर्ने कोसिस गर्नुपर्दछ । वर्तमान सन्दर्भमा जननेता मदन भण्डारीको चर्चा गर्दा ऐतिहासिक जनआन्दोलनले स्थापित सारेका मूल्य र मान्यता तथा माओवादी विद्रोहको शान्तिपूर्ण समाधानका प्रयासहरूका परिप्रेक्षमा पनि गासेर हेरिनुपर्दछ । आज नेपालको राजनीतिमा राज्यको पुनःसंरचना, समावेशी लोकतन्त्र र लोकतन्त्रको पूर्णताका परिप्रेक्षमा जेजस्ता विषयहरू अघि आएका छन्, त्यसले पनि जननेता मदन भण्डारीको चिन्तनको गहिराइलाई बुझ्न सहयोग पुऱ्याउँछ । आज जसरी उदार पुँजीवादी प्रजातन्त्र र समाजवादी प्रजातन्त्रको बीचको सङ्क्रमणकालीन व्यवस्थाका रूपमा लोकतान्त्रिक गणतन्त्रको परिकल्पना गरिँदैछ, त्यो जननेता मदन भण्डारीले अघि सार्नुभएको लोककल्याणकारी राज्यको अवधारणाको सेरोफेरोमा नै घुमिरहेको देखिन्छ । यस अर्थमा जननेता मदन भण्डारीको भौतिक शरीरको अवसानको चौध वर्षपछि उहाँका वैचारिक मान्यताहरू समकालीन नेपाली राजनीतिमा सही साबित भएका छन् ।

जननेता मदन भण्डारीका वैचारिक सोच र मान्यतासँग परिचित हुने नसकेर वा असहमत रहेर उदार पुँजीवादको बाटोमा हिँड्न अग्रसर नेपाली काङ्ग्रेस र जनयुद्धको बाटोबाट एकैचोटि नेपाली समाजमा कम्युनिस्ट अधिनायकत्व स्थापना गर्न अग्रसर नेकपा (माओवादी) संविधानसभाका माध्यमबाट सङ्क्रमणकालीन लोकतन्त्रको स्थापनाको प्रक्रियामा अघि बढ्न सहमत देखिनु निकै सकारात्मक कुरा हो । नेपाली काङ्ग्रेस र नेकपा ( माओवादी) ले आफ्ना वैचारिक मान्यताको परिवर्तनमा मदन भण्डारीको योगदानलाई स्वीकार्लान् या नस्वीकार्लान्, यो बेग्लै कुरा हो । तर, नेपालको प्रजातान्त्रिक आन्दोलनको समीक्षकहरूले यो सच्चाइलाई स्वीकार्न करै लाग्नेछ । आज जसरी मुलुक लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढिरहेको छ, यसलाई वैचारिक-राजनीतिक रूपले दिशाबोध गर्नका लागि पनि जननेता मदन भण्डारीका विचारहरूको गहिरो अध्ययन आजको आवश्यकता हो । त्यसमाथि नयाँ नेपालको निर्माणमा अग्रसर देखिएको नागरिक आन्दोलन अगुवा र लोकतान्त्रिक गणतन्त्रका लागि जीवन बलिदान गर्न तयार भएको युवा समुदायले बिना कुनै हिच्किचाहट जननेता मदन भण्डारीको चिन्तन र विचारको गहिराइलाई छुने कोसिस गर्नु पर्दछ । त्यसले नै वैचारिक अन्योलको भूमरीमा परेको मुलुकको राजनीतिलाई सही दिशा प्रदान गर्न सफल हुनेछ । गम्भीर अध्येता, चिन्तक र भविष्यद्रष्टा जननेता मदन भण्डारी र उहाँका जीवन्त विचारहरू अमर रहून् ।

*(मदन भण्डारीको ५५ औं जन्मजयन्तीका अवसरमा आयोजित विचार गोष्ठीमा प्रस्तुत अवधारणापत्र ।)*

# जनताको बहुदलीय जनवादसँग मित लगाउनेहरूसँग होसियार हुनुपर्छ

■ केपी ओली

'नयाँ नेपाल निर्माणका सन्दर्भमा जननेता मदन भण्डारी' शीर्षकमा हामीले छलफल गरिरहेका छौं । यसो भन्दा हाम्रो उद्देश्य नयाँ नेपाल निर्माण गर्ने रहेको छ । नयाँ नेपाल निर्माण भनेको पुरानो नेपालका अवशेष ( यसको अर्थ भुगोल र जनसङ्ख्या फेर्ने भनेको होइन) फेर्नु हो । अवशेष भन्नाले यहाँको पुरानो राज्य, राजनीतिक प्रणाली, शासन व्यवस्था, शासक वर्ग फेरिने, असमानता, विभेद, थिचोमिचो, शोषण, अलोकतान्त्रिक विधि समाप्त पारिने या सदियौंदेखि शासन गर्दै आएको सामन्तवादलाई समाप्त पारिने अर्थात् राजतन्त्रको अन्त्य गर्ने र समानतामा आधारित समतामूलक, समावेशी नयाँ नेपाल, प्रतिस्पर्धात्मक प्रणालीमा आधारित बहुदलीय व्यवस्था, शक्ति पृथकीकरणको सिद्धान्त, स्वेच्छाचारिताको होइन संवैधानिक सर्वोच्चताको शासन र खाली उत्पादन र उत्पादकत्व बृद्धि मात्र होइन, त्यो उत्पादन वा सम्पदामाथि जनताको स्वामित्व र न्यायोचित वितरणको प्रणालीसमेत स्थापित गर्ने कुरालाई बुझ्नुपर्छ । हामी यिनै कुरासहितको नयाँ नेपाल बनाउन चाहन्छौं ।

त्यो नेपालमा प्रतिस्पर्धा होस् तर शत्रुतापूर्ण, कुटतापूर्ण र हिंसात्मक खालका द्वन्द्वहरूको आवश्यकता नरहोस् । र, त्यस्ता सम्भावनाहरू पनि नरहून्, नेपाल शान्तिपूर्ण हुन सकोस् । त्यस्तो लोकतान्त्रिक, समतामा आधारित तथा अधिकारसम्पन्न प्रणाली र शान्तिपूर्ण वातावरणले समृद्धिका निम्ति ढोका खोल्न सकोस् र अगाडि बढ्न सकोस् । त्यस्तो नेपाल निर्माण गर्ने सन्दर्भमा प्रयासहरू भइरहेका छन् । ००७ सालको आन्दोलनदेखि नै त्यस्तो नेपाल निर्माणको प्रयास आरम्भ भएको हो । नेपालको इतिहासमा ००७ सालको आन्दोलनको ज्यादै महत्त्वपूर्ण स्थान छ । किनभने, त्यो आन्दोलनले १ सय ४ वर्षे जहानियाँ राणाशासनलाई समाप्त पाऱ्यो र नेपाललाई नयाँ आधुनिक युगतर्फ प्रवेश गरायो ।

त्यो नेपालमा प्रतिस्पर्धा होस् तर शत्रुतापूर्ण, कुटतापूर्ण र हिंसात्मक खालका द्वन्द्वहरुको आवश्यकता नरहोस्। र, त्यस्ता सम्भावनाहरु पनि नरहून्, नेपाल शान्तिपूर्ण हुन सकोस्।

समयक्रममा फेरि राजसंस्थाले ती अधिकारहरूलाई खोस्यो तर मुलुक पहिलेकै ठाउँमा जान सकेन । किनभने, जनताको चेतना बढिसकेको थियो, शिक्षण संस्थाहरू खुलिसकेका थिए, विकासका अनेक कुराहरू प्रारम्भ हुन थालिसकेका थिए । तर, नयाँ ढङ्गले फेरि पहिलेकै जस्तो जहानियाँ पारिवारिक शासन, जन्मसिद्ध श्रेष्ठताको आधारमा गरिने शासन र सामन्ती शासन नै ०१७ सालमा लादियो । त्यो आन्दोलनकारीहरूका गल्ती-कमजोरीहरूमाथि टेकेर लादियो । संविधानको धारा १५५, १५६ जस्ता प्रावधानलाई हतियार बनाएर त्यो लादियो, जुन ३० वर्षसम्म रह्यो ।

०४६ सालको आन्दोलनको महत्त्व कम छैन । त्यसले ३० वर्षदेखि जरा गाडेर बसेको त्यस्तो प्रणालीलाई फ्याँक्यो र पहिलोपटक जनतामा सार्वभौमसत्ता ल्यायो । त्यसपछि परिवर्तनकारी शक्तिका कमी-कमजोरीहरूमा टेकेर फेरि उल्ट्याउने काम भयो । असोज १८ र माघ १९ मा उल्ट्याएर फेरि स्वेच्छाचारी, निरङ्कुश राजतन्त्रात्मक शासन प्रणालीमा मुलुकलाई धकेलियो । स्वाभाविक रूपमा माघ १९ पछि नेपालले जनताको बढेको चेतना र दरबारको प्रतिगामी सोचको पराकाष्ठाबीचको अन्तरविरोधले एउटा ठोस निकास खोज्नैपर्थ्यो । यी कुराहरूका लागि बाहना बनाउनका लागि नेकपा (माओवादी) को हिंसात्मक गतिविधिले आधार प्रदान गऱ्यो ।

०४६ सालमा स्थापित राजनीतिक प्रजातन्त्रले जनजीवनसम्म विस्तार हुन पाएन वा सकेन । मदन भण्डारीले

अगाडि सार्नुभएका विचार र तत्कालीन अवस्थामा त्यतिकै महत्त्वमा रहेका अरू पार्टीहरूका सोचहरूका बीचमा ठूलो खाली ठाउँ रहयो । राजनीतिक प्रजातन्त्रलाई सामाजिक-आर्थिक क्षेत्र, र जनताको जीवनसम्म विस्तार गर्नुपर्छ भन्ने मदन भण्डारीका भनाइहरू सुन्न आन्दोलनका अरू सहयात्री शक्तिहरू तयार थिएनन् । त्यसलाई समाउन र सहमति बनाउन पनि समय लाग्ने परिस्थिति बनेको थियो । र, त्यस्ता कारणहरूले स्वाभाविक रूपमा सुशासन दिन नसक्दा, जनताका अपेक्षा र आकाङ्क्षाहरू पूरा गर्न नसक्दा र आन्दोलनले सुम्पिएका अभिभाराहरू पूरा गर्न नसक्दा प्रतिगमनका निम्ति बाहना पनि मिल्यो र केही समयका लागि भने पनि प्रतिगमन सम्भव हुने स्थिति बन्यो । र, माघ १९ आयो । चेतना बढिसकेका जनताको नजरमा त्यस्ता कुरा दीर्घायु नहुनु स्वाभाविक थियो । त्यो दीर्घायु हुन सकेन, त्यसले अवसान पाउनु ठीकै थियो ।

हुन त कहिले-कहिले हामी चाहिनेभन्दा नचाहिने कुरामा ठूलो विवाद गर्छौं । हामीले एउटा आन्दोलन गर्‍यौं, त्यो आन्दोलन सफल भएको छ । अब त्यसलाई बढाई-चढाई मूल्याङ्कन गर्ने, अप्रिल क्रान्ति भएको छ भनेर चर्को स्वरमा कराउने र त्यसो गर्दा क्रान्तिकारी पनि होइन्छ भन्ने एउटा पक्ष देखिन्छ । गत वर्षको आन्दोलन पनि आन्दोलन हो । त्यो आन्दोलन हो कि क्रान्ति हो भनेर धेरै बहस गर्नुपर्ने आवश्यकता नै छैन । कम्तीमा क्रान्ति हो भने त्यतिबेलै राजसंस्थाको अन्त्य गर्नुपर्थ्यो । क्रान्तिले नेता जन्माउँछ, नेतृत्व जन्माउँछ । क्रान्तिले नयाँ दृष्टिकोण दिन्छ । दृष्टिकोण दिन नसकेकै कारण अहिले मुलुक

> ●
> **हामी नयाँ नेपाल निर्माण गर्ने सन्दर्भमा सङ्क्रमणकालमा छौं । यो सङ्क्रमणकाललाई कति व्यवस्थित ढङ्गले सकारात्मक दिशामा लान सकिन्छ ? यो आजको महत्वपूर्ण विषय हो । यतिखेर कतिपय अन्योल पनि छन् । यस्तो बेला हामी जननेता मदन भण्डारीलाई स्मरण गर्दैछौं ।**
> ●

रुमल्लिएको छ, कुहिराको काग भइरहेको छ । नयाँ दृष्टिकोण नै आएन । कहिले-कहिले मान्छेहरूले गल्ती गर्छन्- प्रचण्ड भूमिगतबाट बाहिर ननिस्कनु नयाँ नेतृत्वको अवतरण हो कि भन्ने भ्रम पाल्छन् । तर, म खुलस्त पार्न चाहन्छु- प्रचण्ड नयाँ नेता होइन । कसैलाई अप्रिय लाग्न सक्छ, गिरिजाप्रसादभन्दा पनि पुरानो र थोत्रो नेता हो प्रचण्ड । उमेर अलि कम होला तर ७० को दशकमा नै असफल भइसकेका विधिहरू प्रयोग गरेर शान्तिपूर्ण र लोकतान्त्रिक बाटो तथा सामाजिक मूल्य-मान्यतामा आउनका लागि प्रचण्डले अभ्यास गरिरहनुभएको छ । त्यसकारण प्रचण्डजी नयाँ नेता भन्ने ठान्यौं वा अरू कोहीलाई नयाँ नेता ठान्यौं वा नयाँ शक्ति उदायो भन्ने ठान्यौं भने त्यो साँचो होइन । वाईसीएलमा नयाँ नेतृत्वको झलक देख्नुभन्दा ठूलो भ्रम वा गल्ती केही हुँदैन । भयङ्कर भ्रान्ति हो त्यो । त्यसकारण सारांशमा भन्ने हो भने गत वर्षको आन्दोलन ऐतिहासिक सफल आन्दोलन हो । त्यसले ज्यादै महत्त्वको परिवर्तन ल्याएको छ तर त्यो अप्रिल क्रान्ति होइन । त्यो अप्रिलमै भएको हो । ठीकै छ, अप्रिल आन्दोलन भन्दा पुग्छ । तर, क्रान्तिको पगरी लगाउँदा ठूलो परिवर्तन आउने, क्रान्तिको पगरी नलगाउँदा केही नआउने भन्ने छैन ।

त्यसले छोडेका र त्यसपछि पूरा गर्नुपर्ने कामहरू जहिले पनि हुन्छन् । तर, परिवर्तन, नेतृत्व उत्पादन, दृष्टिकोण र कार्यक्रमका हिसाबले भन्ने हो भने यो अपूर्ण छ । नेतृत्व कस्तो छ भने तिनै पार्टी, तिनै नेता ! यतिसम्म कि नेपालमा बृद्धाश्रममा पनि त्यति पुरानो नेतृत्व पाइँदैन होला ।

हामी नयाँ नेपाल निर्माण गर्ने सन्दर्भमा सङ्क्रमणकालमा छौं । यो सङ्क्रमणकाललाई कति व्यवस्थित ढङ्गले सकारात्मक दिशामा लान सकिन्छ ? यो आजको महत्त्वपूर्ण विषय हो । यतिखेर कतिपय अन्योल पनि छन् । यस्तो बेला हामी जननेता मदन भण्डारीलाई स्मरण गर्दैछौं । उहाँका जेजस्ता सोचहरू छन्, तिनीहरू यो अवस्थामा के भन्छन् त ? जननेता मदन भण्डारीका विचार भन्दा उहाँका एक-एक वाक्य सभाले कण्ठ गरेर हुँदैन । विज्ञानसम्मत दृष्टिकोण र सिद्धान्त हुनुपर्छ भन्ने मदन भण्डारीको मान्यता हो । त्यो विज्ञानसम्मत भन्दा नेपालका सन्दर्भमा भन्ने हो भने प्रजातान्त्रीकरणको प्रश्न आउँछ । त्यो भनेको नेपाली समाज, राजनीतिक दल र राज्यको प्रजातान्त्रीकरण हो । राज्यको पुन:संरचना गर्ने भनेको प्रजातान्त्रीकरणकै लागि हो । यो प्रजातान्त्रीकरण भनेको नेकपा (एमाले) को प्रजातान्त्रीकरण पनि हो । पार्टीको आन्तरिक जीवनमा प्रजातान्त्रीकरण आवश्यक छ । एमालेका समाजलाई प्रजातान्त्रीकरण

गर्ने सिद्धान्तहरू छन्, राज्यलाई प्रजातान्त्रीकरण गर्ने सिद्धान्त छन् । तर, अहिले आफैंभित्र प्रजातान्त्रीकरण आवश्यक छ । एमालेका लागि प्रजातान्त्रीकरण त्यसकारण महत्त्वपूर्ण छ । नेपाली काङ्ग्रेसका लागि ? उसले प्रजातन्त्र भनेको राजनीतिक स्वतन्त्रता हो भन्ने मात्र बुझेको छ । तर, प्रजातन्त्र भनेको सामाजिक जीवन हो, समानता हो, सार्वभौमसत्ता प्रकट गर्न पाउने कुरा हो । यी कुरा बुझ्न नेपाली काङ्ग्रेसलाई प्रजातान्त्रीकरण चाहिएको हो । प्रजातान्त्रिक मूल्य, मान्यता र सिद्धान्तको राजनीतिक अभ्यासमा नआएर धेरै छैन । यही मुलुक उम्लिएर दुई दिनको छटा देखाएर समाप्त नहुने हो भने माओवादीका लागि पनि यो आवश्यक छ । म एमालेलाई मध्यमार्गी भन्दा पनि मध्यभागमा रहेको पार्टी भन्न रुचाउँछु । एमालेको भूमिका एकातिर नेपाली काङ्ग्रेसलाई सामाजिक, सांस्कृतिक, आर्थिक हिसाबले प्रजातान्त्रिक सिद्धान्तमा समावेश गराउनुपर्नेछ । र, प्रजातन्त्रको राजनीतिक क्षेत्रमा प्रजातान्त्रीकरण गर्दै लैजाने कुरामा सहमत गराउनुपर्नेछ भने उता माओवादीलाई राजनीतिक हिसाबले शान्तिपूर्ण प्रजातान्त्रिक राजनीतिमा ल्याउनुपर्ने आवश्यकता छ । हामीले बीचमा बसेर त्यो भूमिका खेल्नुपरेको छ । नेकपा (एमाले) ले त्यो भूमिका खेलेको पनि छ । प्रकट धेरै गर्न जान्यो वा जानेन, त्यो बेग्लै कुरा हो । तर, एमालेको त्यस प्रकारको भूमिका छ । यो प्रमुख पार्टी बनेको छ, बन्नुपर्दछ । एमाले नेपाली राजनीतिको केन्द्रमा रहेको मदन भण्डारीले नै गर्दा हो ।

मान्छेहरूमा एउटा भ्रम हुनसक्छ- मदन भण्डारीले नभनेका कतिपय कुरा पनि अहिले आइरहेका छन् । जनताको बहुदलीय जनवाद अपूर्ण र अपर्याप्त हो कि ? मदन भण्डारीले नउठाएका मुद्दा पनि अहिले उठेका छन् । मदन भण्डारीको दृष्टिमा अपर्याप्तता छ कि ? यस्ता खालका प्रश्नहरू पनि आउन सक्छन् । मदन भण्डारीले प्रतिस्पर्धाको सिद्धान्त भन्नुभएको छ, हामी सहकार्यतर्फ उन्मुख छौं । प्रतिस्पर्धा गरौं भनिएको ठाउँमा हामी आठदल मिलेर गइराखेका छौं । नेपालको अवस्था नै प्रतिस्पर्धा गरेर सहकार्य गर्नुपर्ने खालको भएको हो कि ? या जनताको बहुदलीय जनवाद पुरानो भएको हो कि ? प्रतिस्पर्धाका दुईवटा अर्थ छन् । एउटा अर्थ- एक दलीय एकाधिकारवादी सिद्धान्त हुँदैन । प्रतिस्पर्धाविहीन, विचारको स्वतन्त्रता नभएको, दलहरूबचि प्रतिस्पर्धा गर्न नपाउने, भिन्नताका बीचमा प्रतिस्पर्धा गर्न नपाउने र जनताको अभिमतबाट श्रेष्ठ सावित हुने मौका नदिइने परिपाटी र प्रणाली उपयुक्त हुँदैन । अर्को, सहकार्यभित्र पनि प्रतिस्पर्धा हुन्छ । हामी संविधानसभामा जान्छौं, प्रतिस्पर्धा हो कि होइन ? संविधानसभामा आउनेहरूका बीचमा विचारको प्रतिस्पर्धा हुन्छ कि हुँदैन ? सहकार्य गरिराखेका छौं अहिले तर को क्रान्तिकारी देखिने भन्ने प्रतिस्पर्धा छ कि छैन ? भित्र आठदलले संविधानसभाको पहिलो बैठकबाट राजतन्त्रको भविष्य निर्णय गर्ने भनेर लेख्ने, बाहिर आएपछि अहिले चाहियो भन्छन् । यो को क्रान्तिकारी देखिने भन्ने प्रतिस्पर्धा हो । यस्ता प्रतिस्पर्धाहरू नभएका होइनन्, हुन्छन् । दलीय प्रतिस्पर्धा, विचारको प्रतिस्पर्धाचाहिँ कायम रहने कुरा हो । प्रतिस्पर्धाभित्र पनि एकता हुन्छ, एकताभित्र पनि प्रतिस्पर्धा हुन्छ । त्यो प्रतिस्पर्धा स्वस्थ हुनुपर्छ । प्रतिस्पर्धाभित्र सहकार्य हुन्छ, सहकार्यका मात्रा र ढाँचाहरू समय र परिस्थितिका आवश्यकता अनुसार फरक हुन सक्छन् । त्यसले लोकतान्त्रिक प्रणाली र विधिप्रतिको जनताको बहुदलीय जनवादको जुन प्रतिबद्धता हो, त्यो गलत सावित हुने होइन, अझ बढ्ता स्थापित हुन्छ ।

> मान्छेहरूमा एउटा भ्रम हुनसक्छ- मदन भण्डारीले नभनेका कतिपय कुरा पनि अहिले आइरहेका छन् । जनताको बहुदलीय जनवाद अपूर्ण र अपर्याप्त हो कि ? मदन भण्डारीले नउठाएका मुद्दा पनि अहिले उठेका छन् । मदन भण्डारीको दृष्टिमा अपर्याप्तता छ कि ? यस्ता खालका प्रश्नहरू पनि आउन सक्छन् ।

कोही-कोही मानिसहरू अलमलिन्छन् । मदन भण्डारीले संविधानको सर्वोच्चता भन्नुभएको छ । अहिले जनतामा सर्वोच्चता हुनुपर्छ भन्ने सुनिएको छ । यो आधा गाग्रीको पानी बढी छचल्किएजस्तै हो । सार्वभौमसत्ता जनतामा रहन्छ । सार्वभौमसत्ता सम्पन्न जनताले कतिपय महत्त्वपूर्ण प्रश्नमा आफैं निर्णायक मत दिन्छन् ? उनीहरूले प्रतिनिधिमार्फत आफ्ना फैसलाहरू दिन्छन् र संविधान निर्माण भएको हुन्छ । त्यसरी संविधान निर्माण भइसकेपछि त्यो संविधान अनुसार शासन गऱ्यो भने स्वेच्छाचारिता रहँदैन । म पनि एउटा जनता हुँ ।

तर, मसँग सार्वभौमसत्ता छैन, हुँदैन । हामी सबैसँग सार्वभौमसत्ता छ । हामी सबैले जे पनि गर्ने निर्णय गर्न सक्छौं, म चाहिँ सक्दिनँ । यद्यपि, एउटा हिस्सा त म पनि हुँ । वयस्क हुँ, मताधिकार भएको मान्छे हुँ तर मसँग सार्वभौमसत्ता हुँदैन, हामीसँग हुन्छ । कानुनको राज भनेको के ? जनताले कानुन फेर्दछन् । उनीहरूले सामूहिक रूपमा कानुन फेर्दछन्, व्यक्तिगत रूपमा कानुनको पालना गर्छन् । सामूहिक रूपमा संविधान बनाउँछन्, हेरफेर गर्छन् । तर, व्यक्तिगत रूपमा संविधानप्रति बफादार हुन्छन् । त्यसकारण वास्तवमा यी कुराहरू विरोधाभाषी होइनन् ।

अहिले सङ्घीय प्रणाली, समानुपातिक निर्वाचन प्रणाली र समावेशी लोकतन्त्रको कुरा आएको छ । केही-केही मान्छेहरूले सिद्धान्तकारको सिउर लगाउन खोजेको पनि देखिँदैछ । लहलहैमा कुदेर नयाँ नेपालको निर्माण हुँदैन । लहलहैमा कुद्नुपर्ने आवश्यकता छैन । आत्मनिर्णयको अधिकारसहित हरेक जातिको स्वायत्तताको कुरा लहलहैमा कुदेको छ । नबुझीकन बतासे कुरा गर्नुको कुनै अर्थ छैन । नेपाल सिङ्गो मुलुक अल्पसङ्ख्यक जाति-जनजातिहरूको देश हो । सबैभन्दा ठूलो जाति १७ प्रतिशत, दोस्रो १२, तेस्रो ७, त्यसपछि ५, ६, २, १ र दशमलवभन्दा पछि गरेर १ सय ३ भन्दा बढी जातिहरू छन् । यही आत्मनिर्णयको अधिकारसहितको स्वायत्त माझी गणतन्त्र बनाउने हो भने सबै खोलाको किनारमा १०/१५ किलोमिटरको फरकमा सबै माझीका घर छन्, कहाँनेर गणतन्त्र बनाउनुहुन्छ ? स्वायत्त गराउनुहुन्छ ? त्यसकारण मान्छे अलमल्याउने काम राजनीतिज्ञहरूको होइन, मान्छेलाई सचेत पार्ने, जे यथार्थ छ, त्यो बताउने काम हो । माझी गणतन्त्र कहाँनेर बनाउने ? नेपालमा एक-एक जातिको बहुसङ्ख्या भएका जम्मा पाँचवटा जिल्ला छन् । अल्पसङ्ख्यकभित्र पनि सानो जनसङ्ख्या भएका भनिने जातिहरूको भन्ने हो भने क्षेत्रीहरूको केही जिल्ला छ । क्षेत्रीले स्वायत्त राज्य चाहियो भनेको मैले सुनेको छैन । यो पनि माओवादी हिंसाले प्रभावित गर्नुअघिको जनगणनामा उल्लेख छ । मैले किन यसो भनेको हुँ भने माओवादी हिंसाले जनगणनामा असर गरेको छ । गणना हुन नदिएको र बिथोलेको मात्र होइन, गणनाको आधारलाई नै फेरबदल गरिदिएको छ । कैलालीमा थारु, पाल्पामा मगर, मनाङमा गुरुङ, रसुवामा तामाङ र भक्तपुरमा नेवारको बहुसङ्ख्या थियो । अहिले हेर्ने हो भने भक्तपुरको मुख्य सहर कुन हो, गाउँ कुन हो ? छुट्याउन गाह्रो परिसकेको छ । यति धेरै परिवर्तन भइसकेको छ । अहिले कैलालीमा थारु, पाल्पामा मगर र मनाङमा गुरुङको बहुसङ्ख्या हुनसक्छ । यसको अर्थ मनाङमा स्वायत्त गणराज्य ! त्यही पनि आत्मनिर्णयको अधिकारसहित ! आत्मनिर्णयको कुरा गर्दा एउटा फिनल्यान्ड छुट्टिने प्रसङ्गमा लेनिनले भनेको आत्मनिर्णयको अधिकारको कुरा छ भने अर्को संयुक्त राष्ट्रसङ्घको परिभाषामा आत्मनिर्णयको अधिकार भनेको स्थानीय जनताको अधिकारको कुरा छ । स्थानीय जनताको अधिकारको कुरामा कोसी कसको-यादवको कि जिरेलको ? लिम्बूको कि राईको ? थारुको कि दनुवारको ? सबै बसेको ठाउँमा कोसी छ, कसको स्थानीय भन्ने ? यस्ता प्रश्नहरूमा पनि हामीले राम्ररी विचार गरेर मात्र छिनोफानो गर्नुपर्छ ।

हामीले सङ्घीय गणतन्त्र ठीक छ भनेका छौं । तर, त्यसको आधार र सबै पक्षको विचार गर्नुपर्छ । नेपालमा प्राकृतिक साधन-स्रोतमाथिको आत्मनिर्णयको अधिकार भन्दा कोसीमा कहाँका मानिसको र कर्णालीमा कहाँका मानिसको हक स्थापना गर्ने भन्ने कुरा हुन्छ । फेवामा गर्न सकिएला, गोसाइकुण्डको गर्न सकिएका, रारामा गर्न सकिएला तर घाटमा बस्ने माझीले कोसी मेरो हो भन्यो भने माथि बिजुली निकाल्ने र तल सिचाइँ गर्नेले के भन्छन् ? स्थानीय जनताभित्र अरू पनि छन् र हाम्रो देशको भूबनोट, राजनीतिक र जनसाङ्ख्यिक बनोटहरूको समेत अध्ययन गरेर यस्ता निर्णयहरू गर्नुपर्दछ ।

अहिले जनताको बहुदलीय जनवादको कुरा गर्दा अवसरवादसँग होसियार हुनुपर्ने म देख्छु । पहाडतिर दुई खालका मान्छेहरू भेटिन्छन् । एक खालकाले पहिले लडेर लिन खोज्छन्, हप्काएका भरमा काम लगाउन खोज्छन् । तर, त्यो सकेनन् भने मित लगाउँछन् । लुटेर लिने, नसके मित लगाएर लिने ! एउटा गाउँमा मैले हेरेको, एउटा ठगका बाह्र जना मित रहेछन् । घर बनाउने, हलो ताछ्ने, पर्खाल लगाउने सबै मित ! जनताका बहुदलीय जनवादका यस्ता मितहरूसँग हामी होसियार रहनुपर्छ ।

*(मदन भण्डारीको ५६ औं जयन्तीका अवसरमा आयोजित 'नया नेपालका सन्दर्भमा मदन भण्डारी' विषय अन्तरक्रियामा प्रस्तुत विचार)*

# मदनलाई दासढुङ्गामा कैद गर्नुहुँदैन


■ कनकमणि दीक्षित
सम्पादक, हिमाल साउथ एसिया


मदन भण्डारी मुलुकका एक दुर्लभ, भलाद्मी, दार्शनिक र विवेकशील राजनेता हुनुहुन्थ्यो । उहाँले नेपालको कम्युनिस्ट आन्दोलनलाई बहुलवादमार्फत् सुरक्षित अवतरण गराउनुभएको कुरा प्रस्ट छ । यो सबैले मानेको कुरा भएकाले यसबारे धेरै व्याख्या नगरौं । यति मात्रै थप्छु- एमाले पार्टीलाई बलियो जनाधार भएको मध्यमार्गी राजनीतिक दलमा स्थापित गर्न सफल धेरै नेतामध्ये प्रमुख नेता मदन भण्डारी नै हुनुहुन्छ ।

म अलिकति कानुन पनि पढेको विद्यार्थी हुँ । त्यसैले अलिकति प्रमाणको नियम पनि सिकेको छु । तसर्थ, म 'दासढुङ्गा घटना' भन्न चाहन्छु, दुर्घटना भन्दिनँ, हत्याकाण्ड पनि भन्दिनँ । मलाई लाग्छ- प्रमाण जुटाउने गृहकार्य पर्याप्त नभइसकेको सन्दर्भमा मदन भण्डारीको प्रतिभा केही हदसम्म ओझेलमा परेको छ । त्यो ओझेलमा परेको प्रतिभालाई साँच्चिकै नेपाली जनमानससामु ल्याउन पनि द्विविधा र अन्योलको परिस्थितिबाट अगाडि बढ्नुपर्दछ । मलाई के लाग्छ भने सायद जुनबेला यस्तो दुःखद् निधन हुन पुग्यो, त्यतिबेला एमाले स्वयम् परिपक्व नभइसकेको पार्टी थियो होला । आज आएर सायद त्यस्तै घटना आफ्नो सामु परेको भए एमालेको अभिव्यक्ति अर्कै हुन सक्थ्यो होला । आजलाई त्यतिबेलाको अभिव्यक्ति र रणनीति लिएर एउटा गह्रुँगो वजन लिएर हिँड्नुपरेजस्तो लागेको छ । आखिरमा त्यसले नेपाली राष्ट्रलाई बेफाइदा गरेको छ । मदन भण्डारीको पूर्ण प्रतिभा जुन आज हाम्रा लागि मार्गदर्शन हुनुपर्थ्यो र जीब्रो जीब्रोमा उहाँको विचार पनि आउनसक्थ्यो होला, त्यसले केही हदसम्म ओझेलमा पारेको छ ।

आजको परिप्रेक्ष्यमा मदन भण्डारीको विचारले हामीलाई कता लग्थ्यो होला, उहाँले हामीलाई कता डोऱ्याउनु हुन्थ्यो होला भन्ने कुरा टड्कारो छ । म समाजशास्त्री होइन, मदन भण्डारीबारे ज्ञाता पनि होइन र चिन्तक पनि होइन । तर, मैले के बुझेको छु भने आजको माओवादीको अवतरणको सन्दर्भमा सायद उहाँको दर्शनले हामीलाई अगाडि लैजाने नै छ । अहिले पनि उहाँ भइदिएको भए अझ द्रुत गतिमा जाने थियो । तर, उहाँ नहुँदा पनि उहाँले जुन बहुलवादको सिद्धान्त लिएर तत्कालीन पार्टीलाई अवतरण गराउनुभयो, त्यस विचारमा आउँदा दिनमा पनि माओवादी अझ छिटो आउँथे जस्तो लाग्छ । किनभने, मदन भण्डारीका विचार अन्तर्गत जानेभन्दा बाहेक अहिले नेकपा (माओवादी) लाई अरू बाटो नै छैन । यो कुरा प्रस्ट छ । ऊ बन्दुक बिसाएर राजनीतिमा आइसकेको छ । अहिले खाली प्राविधिक कठिनाइ मात्र छ उसलाई । त्यत्रो जमातलाई १०/१० वर्ष लडाइँमा होमेर अब यता फिर्ता ल्याउने अभ्यासगत कठिनाइ छ । तर, सिद्धान्ततः जब राजनीतिक प्रतिस्पर्धामा आउँछु भनिसकेपछि, संसद्भित्र पसिसकेपछि र हिंसा त्यागेको औपचारिक घोषणा गरिसकेपछि जाने बाटो त यही हो । तर, एमालेलाई रूपान्तरण गर्न वा यो सुरक्षित अवतरण गराउन मदन भण्डारीलाई जति सजिलो थियो, पुष्पकमल दाहाललाई उति साह्रो-गाह्रो हुनेछ । किनभने, जुन लडाकु जमात छ, त्यसलाई पनि भित्र्याउनुपर्ने आवश्यकता अहिले छ । तर पनि, बाटो भनेको मदन भण्डारीले देखाउनुभएकै हो । अब प्रश्न उठ्छ- अब कुन तरिकाले माओवादीको अवतरण होला त ? त्यो राजनीतिशास्त्रीहरूले बुझ्ने कुरा हो । जब एउटा दलले (झापाकाण्ड बिर्सिने हो भने) हिंसातिर नलागीकनै देशमा आफू पनि रूपान्तरित भएर समाज पनि रूपान्तरण गर्न अगाडि सऱ्यौं, त्यसपछि अर्को दल आउँदैछ । त्यसले पनि अन्तत्तोगत्वा लिने बाटो त्यतै हो । अब कुन दल कसमा विलीन हुन्छ भन्ने नेपालको राजनीतिको उत्पत्तिमा साह्रै नै महत्त्वपूर्ण कुरा हुनेछ । जसले शान्ति अँगाल्छ, जसले आफ्नो क्याडरलाई सम्हाल्न सक्छ, जसले भविष्यका लागि अहिले अलिकति त्याग गर्न सक्छ, जो अरूको आलोचनाबाट तर्सिएर हिँड्दैनन् ( जसरी मदन भण्डारी तर्सी-तर्सी हिँड्नुहुनन्थ्यो) त्यही दल अगाडि पर्दछ । र, अर्को शक्ति उसको पछि-पछि लाग्दछ ।

**म समाजशास्त्री होइन, मदन भण्डारीबारे ज्ञाता पनि होइन र चिन्तक पनि होइन। तर, मैले के बुझेको छु भने आजको माओवादीको अवतरणको सन्दर्भमा सायद उहाँको दर्शनले हामीलाई अगाडि लैजाने नै छ।**

आजको सन्दर्भमा जल्दाबल्दा विषयहरूमा हामीले मदन भण्डारीले

फलानो गर्नुहुन्थ्यो होला भनेर पनि सम्झनुपर्ने आवश्यकता छ । उहाँको सिद्धान्त हेरेर वा उहाँको आफ्नै राजनीतिक उत्पत्तिलाई अवलोकन गरेर आजको सन्दर्भको पनि मूल्याङ्कन गर्नुपर्छ । जस्तै- वाममोर्चाको कुरामा उहाँको के विचार हुन्थ्यो होला ? हामी कोही-कोहीले हेर्दा अहिलेका लागि त त्यति सजिलो छैन । किनभने, एकताको घोषणा भए पनि नाङ्गो शक्तिको पकड त माओवादीले गरिरहेकै छ । त्यतिबेला सम्भव कुरा गर्ने कि असम्भव कुरा गर्ने ? साधारण एउटा नागरिकले पनि असम्भव मान्ने कुरालाई अघि बढाएर हिँड्ने ? त्यस्तै, लोकतान्त्रिक गणतन्त्र आठ पार्टीको घोषणाबाट अहिल्यै ल्याउने वा संविधानसभाको पहिलो बैठक बाट भन्नेमा मदन भण्डारी के भन्नुहुन्थ्यो होला ? अहिले मधेस र पहाडमा विद्वेष फैलिएको छ। समाज भड्खालोमा पर्ने यदि कुनै विषय छ भने त्यही छ । यसबारे मदन भण्डारी के भन्नुहुन्थ्यो होला ? उहाँको चश्माले यसलाई कसरी हेर्थ्यो होला ? अहिले यही सभामा पनि किन मधेसको चर्चा आवश्यक नठानिएको होला ? अहिलेको प्रमुख समस्या नै मधेसको मसस्या हल गर्ने र संविधानसभामा पुग्ने हो । यी दुईवटामा अहिले मदन भण्डारीको चश्मा लगाएर हेर्नुपर्ने हुन्छ । राजाको सरकारमा जाने विषयमा मदन भण्डारी के भन्नुहुन्थ्यो होला ? टायर बालेर आन्दोलन गर्ने विषयमा के भन्नुहुन्थ्यो होला ? यी कुरामा प्रस्ट हुनुपर्छ ।

अन्तमा, मदन भण्डारीलाई दासढुङ्गामा कैद गर्नु गलत हुनेछ, उहाँलाई छुटकारा दिनुपर्छ । ताकि उहाँको दर्शन पूर्ण र सशक्त ढङ्गले नेपाली जनतासामु आओस् ।

*(मदन भण्डारीको ५६ औं जयन्तीका अवसरमा आयोजित 'नयाँ नेपालका सन्दर्भमा मदन भण्डारी' विषय अन्तरक्रियामा प्रस्तुत विचार)*

# पुँजीवाद र समाजवादको दुरी धेरै टाढा छैन

**■ टङ्क कार्की, पूर्वअध्यक्ष, अनेरास्ववियु**

आजको विषयमा प्रवेश गर्नुअघि म मदनसँगका मेरा केही सन्दर्भहरू राख्न चाहन्छु । ०४७ सालको मङ्सिरको अन्तिम वा पुसको पहिलो सातातिर म र अरू केही साथीहरू एउटा नयाँ अभियानमा थियौं । प्रजातान्त्रिक जनमत बनाउने अभियानमा मदनसँग प्रदीप नेपालको डल्लुस्थित डेरामा भेट भएको हो । मसँग गोविन्द न्यौपाने पनि हुनुहुन्थ्यो । हामी जनमञ्च बनाउने पक्षमा थियौं । उहाँहरू 'तपाईंहरूको प्रयत्न सार्थक हुँदैन, यसको औचित्य छैन' भन्नुहुन्थ्यो । हामी विवाद गर्दै थियौं । मदनको तर्क थियो- 'भर्खरै जनआन्दोलनपछि प्रजातन्त्रको एक किसिमको अभ्यास सुरु भएको छ । जनताले दुईवटा शक्ति चिनेका छन् : एउटा, हँसिया-हथौडा बोकेको तपाईंसमेत भएको कम्युनिस्ट पार्टीको झन्डा र अर्को चारतारे झन्डा । यी दुईबाहेकको तेस्रो झन्डा जनताले रुचाउलान् भन्ने लाग्दैन । अहिलेको परिस्थिति के छ भने अबको केही महिनापछि चुनाव हुँदैछ, त्यो चुनावमा जित्ने नेपाली काङ्ग्रेसले नै हो, हामी विपक्षमै रहन्छौं । नेपाली काङ्ग्रेस जितेर आइसकेपछि त्यसको जुन चरित्र छ, जुन व्यवहार छ, धेरै समय हामीले सत्ता बाहिर रहनुपर्ने स्थिति हुँदैन । त्यसपछि, पालो हाम्रो आउनेछ । स्थितिको यथार्थ यही हो ।' पछि घटनाक्रम कस्तो भइदियो भने दुई-तीन वर्ष बित्दाबित्दै अल्पमतकै भए पनि नेकपा (एमाले) को सरकार स्थापित भयो ।

अर्को सन्दर्भ पनि म उल्लेख गर्न चाहन्छु । त्यतिखेरको विश्व परिवेशमा परिवर्तन आइरहेको थियो, भर्खरै शीतयुद्ध सिद्धिएको थियो । कम्युनिस्ट आन्दोलन विश्वव्यापी रूपमा नै इतिहासमा सायद अक्टोबर क्रान्तिपछाडि पहिलोपटक त्यति रक्षात्मक बनेको सायद त्यो नै कालखण्ड थियो होला । मदनले भन्नुभयो- 'यदि परिस्थिति झन्-झन् हाम्रा निम्ति प्रतिकूल रहिरह्यो भने सम्भवतः हामीले त्यतिखेर द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादलाई मात्रै आफ्नो विचार दर्शन मान्नुपर्ने र जानुपर्ने स्थिति हुनसक्छ । त्यसका निम्ति पनि हामीले आजैदेखि तयारी गरे हुन्छ । तर परिस्थिति त्यस्तो नरहन पनि सक्छ ।' त्यतिखेरको सन्दर्भको कुरा गरौं- फुकियामारु इतिहासको अन्त भयो भनेर भन्दै थिए । अब लिबरल डेमोक्रेसी (उदार प्रजातन्त्र) को विकल्प छैन । कम्युनिस्टमाथि उदारवादी प्रजातन्त्रले दिग्विजय हासिल गर्‍यो । अब त्यो वैचारिक विवाद सकिइसक्यो । नभन्दै यता सोभियत सङ्घ ढलिसकेको थियो । पुर्वीयुरोपका समाजवादी शासनहरू एकपछि अर्को गर्दै ढल्दै थिए । त्यस्तो अवस्थामा सायद त्यो हावा अझ बवण्डर रूपले मच्चिएको भए, अझ प्रतिकूल बन्दै गएको भएदेखि कम्युनिस्टहरूले कतिसम्म लचिलो बन्नुपर्छ र कम्युनिस्टहरूले द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादलाई मात्र सिद्धान्त मान्नुपर्ने हुन्छ भन्ने मदनको जुन अभिव्यक्ति थियो, त्यो बौद्धिकता, लचकता र उचाइलाई मैले अनुभूत गर्न सकिनँ ।

मसँग अलि सान्दर्भिक भएको अर्को प्रसङ्ग छ । ०३९ सालको आसआसमा नेकपा (एमाले) मा एउटा विवाद आयो- पार्टी स्वतन्त्रता र राजनीतिक स्वतन्त्रताको

बारेमा । त्यो विवाद करिब-करिब अनिर्णीत अवस्थामा नै रहयो । ०४७ सालको पार्टी केन्द्रीय कमिटीको एउटा निर्णय मैले पछि (म फेरि पार्टीमा पुनःप्रवेश गरेपछि) पाएँ । त्यहाँ उहाँले भन्नुभएको थियो- 'त्यतिबेला पार्टी स्वतन्त्रताको नारा उपयुक्त मात्र होइन, आवश्यक पनि रहेछ ।' इतिहासमा कतिपय थाँती रहेका प्रश्नहरूलाई कसरी पार्टीभित्र पनि निर्क्योल गरेर जानुपर्छ भन्ने प्रतिबद्धता र बौद्धिकता मदनले त्यहाँ पनि देखाउनुभएको छ । मेरा यी केही संस्मरणका कुराका अतिरिक्त अब मदनको योगदानका बारे उल्लेख गर्छु ।

सैद्धान्तिक जडसूत्रबाट मार्क्सवादलाई मुक्त गर्ने काम नेपालमा कसैले पहिलोपटक गऱ्यो भने मदन भण्डारीले नै गर्नुभएको हो । उहाँले मार्क्सवादको युगको आवश्यकता अनुरूप नयाँ भाषा मात्र प्रस्तुत गर्नुभएन, कार्यक्रम पनि दिनुभयो । जनताको बहुदलीय जनवाद मैले बुझेसम्म आर्थिक-सामाजिक कार्यक्रमको हिसाबले पुँजीवादी जनवादी क्रान्तिको कार्यक्रम र राजनीतिक प्रणालीको हिसाबले पुँजीवादी जनवादी क्रान्तिको र समाजवादी क्रान्तिको चरणको कार्यक्रम हो । उहाँले दुईवटा चरणको कार्यक्रम एकैपटक प्रस्तुत गर्नुभयो ।

आर्थिक-सामाजिक कार्यक्रममा उहाँले समाजवादको कार्यक्रममा धेरै हाल्नुभएको छ जस्तो मलाई लाग्दैन । खासगरी, पुँजीवादी जनवादी (नयाँ जनवाद भनिन्छ) क्रान्तिको कार्यक्रममा उहाँले बढी ध्यान दिनुभएको छ ।

कम्युनिस्ट आन्दोलनलाई खासगरी मार्क्सवादीकै लेखहरूमा/भाषाहरूमा जाने हो भने समाजवादी व्यवस्था आइसकेपछि कस्तो राजनीतिक व्यवस्था स्थापित गर्ने र कस्तो आर्थिक-सामाजिक व्यवस्था स्थापित गर्ने भन्नेबारेमा धेरै

> **सैद्धान्तिक जडसूत्रबाट मार्क्सवादलाई मुक्त गर्ने काम नेपालमा कसैले पहिलोपटक गऱ्यो भने मदन भण्डारीले नै गर्नुभएको हो । उहाँले मार्क्सवादको युगको आवश्यकता अनुरुप नयाँ भाषा मात्र प्रस्तुत गर्नुभएन, कार्यक्रम पनि दिनुभयो ।**

गहिरो अध्ययन भएन, मोटो कुराकानी मात्र भयो । अक्टोबर क्रान्तिपछि एक किसिमले रुसको सिको गर्ने काम गरियो । रुसमा सन् १९१७ को फरवरी क्रान्तिलाई पुँजीवादी जनवादी क्रान्ति भनियो । र, त्यसको पाँच/छ महिनापछि अक्टोबरमा आइपुग्दा नपुग्दै समाजवादी क्रान्ति भनेर अर्को क्रान्तिको परिभाषा दिने जुन कोसिस गरियो, सायद त्यो विकृतिको विरासत त्यसपछिका कम्युनिस्ट आन्दोलनले भोग्नुपऱ्यो । पाँच/छ महिनामा नै पुँजीवादी जनवादी क्रान्तिलाई समाजवादी क्रान्तिमा रूपान्तरण गर्न सकिन्छ कि सकिँदैन ? पछि गएर चीन र भियतनाममा पनि त्यसैको सिको गरियो । सन् १९४९ मा नयाँ जनवादी पुँजीवादी चिनियाँ क्रान्ति सम्पन्न भयो । त्यसको आर्थिक कार्यभार पनि छ/सात वर्षमा पूरा गर्ने भनियो । सन् १९५६ मा समाजवादको घोषणा नै गरियो ।

हुन त लेनिनले अक्टोबर क्रान्तिलाई समाजवादी क्रान्ति भने पनि सन् १९१८/१९ ताकाका उहाँका केही लेखहरूमा के विचार अभिव्यक्त गरिएको छ भने अक्टोबर क्रान्ति जुन समाजवादी, आर्थिक, सामाजिक, राजनीतिक संरचना निर्माण भए कि भएनन् भनेर हेर्ने हो भने त्यो समाजवादी भवनको गोली मार्नुस्, एउटा ईंटा पनि तयार भएको छैन भनेर करिब-करिब त्यसलाई पुँजीवादी जनवादी क्रान्तिकै चरणका रूपमा अभिव्यक्त गरेको पाइन्छ । अहिले क्रान्तिका सन्दर्भमा समाजले गुणात्मक फड्को मार्ने सन्दर्भमा भन्नुपर्दा, एउटा ऐतिहासिक चरणलाई उत्पादक शक्तिले तत्कालीन उत्पादन सम्बन्धलाई पूर्ण रूपले समायोजन नगरीकन यदि अध्यादेशको भरमा अर्को चरणमा जाने कोसिस गरियो भने त्यो पुनः फर्केर पहिलेकै ठाउँमा आउनुपर्दोरहेछ भन्ने घटनाक्रम स्वयम् सोभियत सङ्घ र चीनका अनुभवहरूले बताउँछन् ।

सोभियत सङ्घको अहिलेको गिर्दो अवस्थाले के कुरा देखाउँछ भने जब समाजवादमा प्रवेश गरियो भनियो, वास्तवमा सोभियत समाजले पुँजीवादको त्यो हदसम्म विकास गरेकै थिएन । चीनमा सन् १९५६ मा जब समाजवाद सुरु भयो भनेर घोषणा गरियो, त्यसले के देखाउँछ भने वास्तवमा त्यसले पाँच/छ वर्षमा पुँजीवादी जनवादी क्रान्तिका कार्यभार पूरा गरिसकिएको थिएन । त्यही कारण ९० वर्ष पछाडि फेरि सोभियत सङ्घ फर्केर त्यही फेब्रुअरी क्रान्तिको आसपासमा आएर जोडिएको छ । आजको चिनियाँ समाजवादलाई स्वयम् चिनियाँहरू समाजवादको प्रारम्भिक अवस्था भन्दछन् । प्रारम्भिक अवस्था भनेको पुँजीवादका केही लक्षणहरू रहेका छन् । यो नयाँ बालकमा पुरानो गर्भावस्थाका रगतका टाटा बाँकी रहेजस्तै हो । त्यसो भन्नुको अर्थ, पुँजीवाद र समाजवादको दुरी धेरै टाढा छैन ।

पुँजीवादी जनवादी क्रान्तिको जाल पनि हिजोको सोभियत सङ्घको सात/आठ महिनाको जस्तो वा चीनको पाँच/सात महिनाको जस्तो होइन रहेछ । यो धेरै ऐतिहासिक अभ्यास

रहेछ । सङ्क्रमणकाल लामो हुनुपर्छ भन्ने मदनको विचार नेपाली कम्युनिस्ट आन्दोलनको निम्ति ज्यादै गम्भीर विचार हो । ०६३ को जनआन्दोलनपछिका जुन परिणाम हो, त्यो परिणामलाई बुझ्नेबारेमा मैले एउटा समस्या देखेको छु, बौद्धिक तहमा पनि, राजनेताहरूमा पनि । ०६३ को जनआन्दोलनको चरित्रलाई लिएर कता-कता राजनीतिक चरित्रलाई निरपेक्ष आन्दोलनको रूपमा व्याख्या गर्ने गरिएको छ । जनआन्दोलन भाग-२ पनि भन्ने, नयाँ नेपाल निर्माणको सपना पनि राख्ने, युगान्तकारी परिवर्तन भयो पनि भन्ने गरिन्छ । यसको असली चरित्र चाहिँ के हो ? यो दुविधा रह्यो भने अगाडिका रणनीति-कार्यनीति निर्माण गर्न समस्या हुन्छ । ०६३ को जनआन्दोलन, नेपालमा अहिलेसम्म भएका तीनवटा प्रमुख परिवर्तनका घटनाक्रमहरू (००७, ०४६ र ०६३) लाई मूल्याङ्कन गर्दा, ००७ को परिवर्तनबाट सत्तामा वर्गीय स्वरूपको केही परिवर्तन भएको छैन । एउटा सामन्तबाट अर्को सामन्तवादी शक्तिमा सत्ताको हस्तान्तरण भयो । बुर्जुवाहरू सामेल थिए तर सामन्तहरूको नेतृत्वमा जुठोपुरोमा मात्र बसे । विश्वेश्वरप्रसाद कोइराला गृहमन्त्री भएका छन् तर प्रधानमन्त्री उही मोहन शमशेर ! ०४६ को आन्दोलन सामन्त र बुर्जुवाहरूबीचको सम्झौता हो । करिब-करिब राज्य निर्माण भएको छ । राज्य विभाजन भएको छ । सेना र राजा एकातिर, बाँकी आन्दोलनकारी शक्ति अर्कोतिर । ०६३ को परिवर्तन चाहिँ भिन्न खालको परिवर्तन हो । सम्झौता पनि छैन, उही वर्गको एकछत्र शासन पनि छैन । यसबाट चाहिँ नेपालको इतिहासमा पहिलोपटक नयाँ वर्ग (बुर्जुवा र सर्वहारा वर्ग) को हिस्सेदारी भएको राज्य व्यवस्था स्थापित भयो ।

क्रान्तिको प्रारम्भिक सर्त के हो भने सत्तामा वर्गीय परिवर्तन । त्यो काम पूरा भएको छ । क्रान्ति भनेको जार र उनका सन्तान नै समाप्त गरेपछि मात्रै या फ्रान्सेली परिवर्तनमा राजालाई जेल हालेपछि मात्रै, चीनमा च्याङ काइ सेकलाई लखेटेपछि मात्रै भन्ने एकथरी साथीहरूको धारणा छ । उनीहरू यसलाई घटनाका रूपमा बुझ्छन् । क्रान्ति घटना होइन, एउटा प्रक्रिया हो । राजनीतिक मूल काम त्यसले पूरा गरिसकेपछि क्रान्तिका केही अधूरा कामहरू हुन्छ । मूलरूपले आर्थिक-सामाजिक क्षेत्रमा रूपान्तरण गर्ने कामहरू हुन्छन् । यस सन्दर्भमा हेर्ने हो भने ०६३ को जनआन्दोलनले दिएको परिणामले जनक्रान्ति भन्ने सकिने आधारहरू प्रदान गरेको छ । क्रान्ति जस्ताको तस्तै दोहोरिँदैन । न अङ्ग्रेजी परिवर्तनको पुनः रूप फ्रेन्च क्रान्तिले लियो, न फ्रेन्च क्रान्तिको पुनः रूप फेब्रुअरी क्रान्तिले लियो न त अक्टोबर क्रान्तिको रूपमा चिनियाँ क्रान्तिले नै लियो । समय र मुलुक विशेषका भिन्नता हुन सक्छन् ।

फेब्रुअरी क्रान्तिका बारेमा लेनिनको अवधारणा उल्लेख गर्नु सान्दर्भिक ठानेको छु । फेब्रुअरी क्रान्तिलाई लेनिनले प्रस्ट भाषामा प्रजातान्त्रिक क्रान्ति, पुँजीवादी-जनवादी क्रान्ति भनेका छन् । त्यो पुँजीवादी-जनवादी क्रान्ति हो भने त्यहाँ त लेनिन राष्ट्रपति भएका छैनन् । न उनी सत्तामा हिस्सेदार नै भएका छन् । त्यहाँ त खाली बुर्जुवाहरूको सरकार बन्यो । त्यसले सत्तामा सामन्तहरूको ठाउँमा नयाँ बुर्जुवा वर्गलाई स्थापना गऱ्यो । त्यही कुरा आजको हाम्रो सन्दर्भमा पनि हेर्नु जरुरी छ ।

> मदनले तीनवटा कुरालाई अलग्याएर हेर्नुभएन: प्रजातान्त्रिक जनवाद, राष्ट्रियता र सामाजिक न्याय । यदि यी तीनवटामा कुनै एउटा वा दुईवटालाई छाडियो भने त्यो एक किसिमको विचलन हो, पथभ्रष्टता हो । राष्ट्रियता भन्नाले त्यसको भित्री रूपमा आज हामी बढी केन्द्रित भएका छौं ।

क्रान्तिका आजका हाम्रा अधुरा कामहरूको कुरा गर्दा संविधानसभाले पूरा गर्नुपर्ने राज्यको पुनःनिर्माणदेखि लिएर राजतन्त्रको भविष्य फैसला गर्नेसम्मका काम छन् । म राजतन्त्रको भविष्यको कुरा गर्दा मदनसँग गाँसिएर केही उल्लेख गर्छु । मदनले तीनवटा कुरालाई अलग्याएर हेर्नुभएन: प्रजातान्त्रिक जनवाद, राष्ट्रियता र सामाजिक न्याय । यदि यी तीनवटामा कुनै एउटा वा दुईवटालाई छाडियो भने त्यो एक किसिमको विचलन हो, पथभ्रष्टता हो । राष्ट्रियता भन्नाले त्यसको भित्री रूपमा आज हामी बढी केन्द्रित भएका छौं । बीपीले एकपटक भनेका थिए- 'अहिलेको नेपाल बढी प्रशासनिक जस्तो छ, राष्ट्र निर्माण भइसकेको छैन ।' हामीले त्यसको विरोध गऱ्यौं । आज हामी समावेशी लोकतन्त्रको कुरा गर्दछौं । यसको कुरा गर्दा प्रशासनिक नेपाललाई राष्ट्र निर्माण गर्ने, राष्ट्रको एकीकरण गर्ने, नयाँ प्रजातान्त्रिक मूल्य-मान्यतामा गर्नुपर्ने कुरा हो । साथै, यदि आर्थिक-सामाजिक आधारले प्रजातन्त्र र राष्ट्रियतालाई सम्पुष्टि गर्न सकिएन भने त्यो प्रजातन्त्र र राष्ट्रियता पनि टिकाउ हुन सक्दैन । त्यसैले आर्थिक-सामाजिक आधारमा पनि खासगरी तल्लो वर्गका जनताका हितहरूलाई सम्पुष्टि गर्ने खालका आधारहरू जस्तै- भूमिसुधार, प्राकृतिक सम्पदा व्यवस्थापन आदिलाई ध्यान दिनुपर्छ ।

*(मदन भण्डारीको ५६ औँ जयन्तीका अवसरमा आयोजित 'नयाँ नेपालका सन्दर्भमा मदन भण्डारी' विषय अन्तरक्रियामा प्रस्तुत विचार)*

# मदन : साहसिक राजनेता

■ शम्भु थापा

**पूर्वअध्यक्ष, नेपाल बार एसोसिएसन**

आजको विषयवस्तुमा एउटा कानुनभन्दा पनि मुद्दा खेपिरहेको व्यक्तिको पनि सहभागिता होस् भनेर मलाई बोलाइएको हो भन्ने लागेको छ । किनभने, विचार र दर्शनका लागि पार्टी नै छ । पार्टीमा लाग्नुभएका तमाम कार्यकर्ताहरू हुनुहुन्छ । त्यो विचार बोकेर हिँड्नेका अगाडि मैले धेरै कुरा भन्न सक्ने र धेरै कुरा राख्न सक्ने विषय बिल्कुल होइन । एउटा मूल्याङ्कन हो । र, आजको जुन परिवेश छ, त्यस परिवेशमा जे देखिन्छ, ती कुरा राख्नेसम्म धृष्टता गर्दछु ।

मेरा कुराहरू धेरै गलत पनि हुन सक्छन्, केही सही पनि हुन सक्छन् । समाज विज्ञान र समाजशस्त्रभित्र यही नै दर्शन सत्य भन्ने हुँदैन । त्यसैले विगतमा पनि एउटा निश्चित दर्शनले मात्र जित्दथ्यो । त्यही दर्शनले आधिपत्य जमाउँदथ्यो । त्यही दर्शनले आजका समस्या समाधान गर्नुपर्दथ्यो । त्यसकारण एउटै दर्शन मात्रै पनि सत्य होइन होला । फलतः दर्शनहरू जन्मिराखेका छन्, विचारहरू जन्मिराखेका छन् ।

मदन भण्डारीसँग मेरो भेटघाट र व्यक्तिगत सम्बन्ध थिएन । तर, ०४८ सालमा दुई/तीनवटा यस्तै विचारहरू सुन्ने क्रममा उहाँसँग म पनि सहभागी भएको छु । ०४८ सालमा उहाँले प्रस्ट रूपमा राख्नुभएको विचारबाट म सुरु गर्दछु । ०४८ मा नेकपा (एमाले) सरकार बनाउने रूपबाट प्रस्तुत भएको होइन । बुद्धिजीवीहरूसँग सम्बन्ध, सम्पर्क र छलफलमा यो कुरा उहाँले प्रस्ट रूपमा भन्नुभएको थियो । रत्नराज्य क्याम्पसमा भएको कार्यक्रममा उहाँले यो विचार पोख्नुभएको थियो । पछि बन मन्त्रालयलगायत विभिन्न ठाउँमा भन्नुभयो । त्यसकारण पार्टीले के कुरा जित्ने र के कुरा नजित्ने भन्ने कुरा प्रस्ट थियो । उहाँले नेकपा (एमाले) गठनको घोषणा गर्दा 'हामी प्रतिपक्षमै बस्ने हो' भन्ने दृष्टिकोण राख्नुभएको थियो ।

नेकपा (एमाले) वा वामपन्थी वा अन्य पार्टीहरूले संविधान बनिसकेपछि संविधानका त्रुटिहरूलाई औँल्याए । त्यो सम्झौता नै भए पनि पार्टीहरूले औँल्याए । त्यो उहाँकै नेतृत्वमा औँल्याइयो । तर, आज तपाईंहरूले औँल्याउनुभएन । आज सम्झौता माओवादीसँग गरिएको हो कि नेपाली काङ्ग्रेससँग गरिएको हो कि नेकपा (एमाले) सँग गरिएको हो ? आजका त्रुटिहरू चाहिँ के-के हुन् त ? आज कसैले पनि व्यक्त गरेको छैन ।

> म कानुनको विद्यार्थीका नाताले के भन्छु भने समाजशास्त्रभित्रको महत्वपूर्ण शास्त्र चाहिँ संविधान नै हो। त्यो विचारलाई संविधानभित्र राख्ने कि नराख्ने भन्ने चाहिँ महत्वपूर्ण प्रश्न हो। राख्ने हो भने त्यसका व्यावहारिक पक्षहरु उजागर हुनुपर्‍यो। व्यावहारिक पक्षहरुमा छलफल हुनुपर्‍यो।

म कानुनको विद्यार्थीका नाताले के भन्छु भने समाजशास्त्रभित्रको महत्त्वपूर्ण शास्त्र चाहिँ संविधान नै हो । त्यो विचारलाई संविधानभित्र राख्ने कि नराख्ने भन्ने चाहिँ महत्त्वपूर्ण प्रश्न हो । राख्ने हो भने त्यसका व्यावहारिक पक्षहरू उजागर हुनुपर्‍यो । व्यावहारिक पक्षहरूमा छलफल हुनुपर्‍यो । त्यस्तो छलफल भइरहेको अहिलेसम्म मैले देखिरहेको छैन, महसुस गरिराखेको छैन ।

अघि विषयबस्तुलाई उल्लेख गर्दा विकेन्द्रीकरण भनियो । यो महत्त्वपूर्ण सवाल हो । भारत र अरू धेरै देशमा पनि किन सङ्घर्ष भइरहेको छ भने साँच्चै जनताले संविधान बनाउन नपाएको कारणले भएको छ भन्ने नै अन्तिम निष्कर्ष हो । भारतको संविधानलाई संविधानसभाबाट बनाइएको भने पनि जनताले बनाएको संविधान भन्दैनन् । त्यसका केही पूर्वाधारहरू हेर्दा नेहरूले अहमता नलिएको भए पाकिस्तान नटुक्रिन पनि सक्थ्यो भन्ने पनि उहाँमाथि आरोप छ । त्यसभन्दा अघि काङ्ग्रेसले जसरी सीटहरू ल्याइरहेको थियो, त्यसभित्र उहाँले मुस्लिम लिगलाई पनि समावेश गराउन खोजेको भए सायद पाकिस्तान नबन्न सक्थ्यो ।

विकेन्द्रीकरणको कुरा गर्दा अहिले हाम्रा सामु सबैभन्दा महत्त्वपूर्ण सवाल स्थानीय निकाय बनेको छ । स्थानीय निकायलाई स्थानीय सरकार पनि भन्न सकिन्छ । स्थानीय सरकार कस्तो बन्नुपर्ने हो, त्यसको रूपरेखाबारे राम्रो छलफल नै भएन । नेपालका लागि स्थानीय सरकार नै प्रमुख हो । जनताले संविधान बनाउने हो भने स्थानीय संसद् (चाहे त्यो गाउँ विकास होस् चाहे नगरपालिका) को संरचना र त्यसलाई दिइने अधिकार महत्त्वपूर्ण अधिकार हो । त्यसमा किन घोत्लिनु जरुरी छ भने नेपालमा सङ्घात्मकतालाई स्वीकार गरिसकिएको छ । मोहनविक्रम सिंह

वा चित्रबहादुर केसीले भनेका कुरामा पनि मेरो लगाव छैन। नेपालमा सङ्घात्मक संरचना चाहिँ गम्भीर छ। यसको क्षेत्रको वितरण कसरी गर्नुहुन्छ ? धर्मको आधारले क्षेत्रलाई बाँड्नुहुन्छ ? सक्नुहुन्न। पाकिस्तान र भारत त धर्मको आधारमा बाँडिए। अर्को रोचक कुरा छ- पाकिस्तानमा रेडक्लिफ भन्ने अङ्ग्रेज दिल्लीमा थिए, उनले जे भने सकियो। उनीहरूले केही लिएनन्। जनघनत्व र लगानी मुस्लिमको बढी छ कि पाकिस्तानको बढी छ भन्नेमा जाँदा अन्तमा कराँची र कलकत्तामा विवाद भयो। महान्यायाधिवक्ता शितलवाद थिए। उनी कुनै विचारबाट प्रभावित थिएनन्। केही-केही काङ्ग्रेसलाई समर्थन गर्थे। उनी एक्लैले बहस गरे। पाकिस्तानको विवादमा वा सङ्घको विवादमा मुद्दाको छलफल/बहस नै भएको वकिल-वकिलबीच हो। उनीहरूले आफ्नो संस्कृति, लगानी र जातीयतालाई मरमग्दुर प्रस्तुत गरे। तर, दुःखको कुरा एउटा हिन्दू, एउटा मुश्लिम र एउटा अर्को गरेर तीनजनाको 'ट्राइब्युनल' कराँचीमा थियो। तर, उनीहरू निर्णायक थिएनन्। त्यहाँ उनीहरूले बहस सुन्थे, भोलिपल्ट प्लेनबाट कागजातहरू दिल्ली पठाउँथे, जो चाहिं रेडक्लिफले जे बोल्दथे, सकिन्थ्यो। तर हाम्रो त्यो अवस्था छैन। धर्मबाट पनि छैन, जातबाट पनि छैन, भाषाबाट पनि छैन, स्रोतबाट पनि छैन। हामीले जसरी सङ्घात्मकताको निर्माण भनेका छौं, यसको धमिलो पनि आकार आइरहेको छैन। के कालो र सेतो भनेर छुट्याउनु हुन्छ ? तराई र पहाडमा बसेको आधारमा ? थेप्चो र चुच्चे भनेर छुट्याउनु हुन्छ कि ? यदि नेपाललाई अखण्ड रूपले राख्ने मदन भण्डारी, नेकपा (एमाले) वा नेकपा (माओवादी) को पनि विचार हो भने मैले देखेको प्रमुख कुरा अधिकारसम्पन्नता हो। ३ सय ३० वा ४ सय २५ सीटमा ३५ जना दलितलाई पठाइदिएर दलितहरू अधिकारसम्पन्न हुँदैनन्। त्यो अधिकारसम्पन्नताको मापदण्ड होइन। जनता अधिकारसम्पन्न हुनका लागि चाहे विकेन्द्रीकरणको माध्यमले होस्, चाहे स्वशासनको माध्यमले होस्, स्थानीय सरकारको प्रत्याभूत गर्ने अधिकार नै मुख्य प्रश्न हो।

**कुनै पनि विचार, चाहे त्यो माओको विचार होस्, वा कसैको त्यो परिवर्तनशीनल चाहिँ हुन्छ, हुन्छ। त्यो समयले हुँदोरहेछ, अन्तर्राष्ट्रिय परिस्थितिले हुँदोरहेछ, अन्तर्राष्ट्रिय वादले हुँदोरहेछ। समाजशास्त्रको धरातलभित्र उही कुरा सधैंभरि उस्तै गरी अक्षरशः नै हुन्छ भनेर हामीहरू हिँड्यौं भने गन्तव्यमा पुग्न सक्दैनौं।**

भारतमा आरक्षणको प्रक्रियामा दलितलाई समावेश गरियो। त्यसरी जाँदा भारतले के पायो ? भारतको सर्वोच्च अदालतको 'टसल' (सङ्घर्ष) हेर्नोस् त ! भारतको सर्वोच्च अदालत र कार्यपालिकाको सङ्घर्ष हेर्ने हो भने त्यो संरक्षणहरूले अनुसूची ८ मा छुनै नपाउने भनेर राखियो। अनुसूचीमा राख्नेबित्तिकै छुन नपाउने भन्ने हुन्छ ? हामी त्यसमा सहमत छैनौं। त्यसमा पनि रोक आदेश हुन्छ भनियो। अहिले बालकृष्ण भन्ने प्रधानन्यायाधीश छन्, उनी अलि काङ्ग्रेसतिर ढल्किन खोजेका छन्। अरू न्यायाधीशहरू ढल्किन खोजिराखेका छैनन्। तिनी दलितबाट गएका हुन्। त्यो दलितलाई प्रतिनिधित्व गराउँदा दलित पनि उठेनन्, मुसलमान पनि उठेनन्। यो भारतको वास्तविकता हो।

कुनै पनि विचार, चाहे त्यो माओको विचार होस्, वा कसैको त्यो परिवर्तनशीनल चाहिँ हुन्छ, हुन्छ। त्यो समयले हुँदोरहेछ, अन्तर्राष्ट्रिय परिस्थितिले हुँदोरहेछ, अन्तर्राष्ट्रिय वादले हुँदोरहेछ। समाजशास्त्रको धरातलभित्र उही कुरा सधैंभरि उस्तै गरी अक्षरशः नै हुन्छ भनेर हामीहरू हिँड्यौं भने गन्तव्यमा पुग्न सक्दैनौं। त्यसकारण ०४७ को संविधानको सवालमा पनि हामीले आधारभूत मान्यताहरू अपरिवर्तनीय भनेर जुन राख्यौं, त्यो एकदमै गलत हो भन्ने त्यतिबेलाको विचार हो। मदन भण्डारीको त्यतिबेलाको विचार संवैधानिक दृष्टिकोणले हेर्दा सही थियो। संविधान परिवर्तनशील हुन्छ-हुन्छ भन्ने उहाँको विचार थियो, जसमा विश्वनाथ उपाध्याय पनि सहमत हुनुहुन्थ्यो। भन्नुपर्ने सङ्घात्मक तर हामीले अपरिवर्तनीय भनेर राखिदियौं भने भोलि गएर गलत सावित हुन सक्ला। धर्मका सम्बन्धमा कुरा गर्दा उहाँले धर्मनिरपेक्ष हुनुपर्छ भनेर नेपाली काङ्ग्रेसका चारवटा तासहरूलाई व्याख्या गर्दा धर्मनिरपेक्षतालाई छाड्यो भन्ने विचार पनि ल्याउनुभयो। अहिले त्यो देखियो पनि। धर्मनिरपेक्षता, समानतालगायतका चारवटा विचारमा काङ्ग्रेसमा समस्या देखियो। त्यो विचार त ल्याउनुभयो तर अहिले प्रश्न उठ्यो- धर्मको नाममा राजनीति हुन्छ भन्ने यथार्थ हामीले मान्यौं। धर्मनिरपेक्षकै ठाउँमा नेपाल सनातनदेखि चलिआएको विभिन्न किसिमका धर्महरू भएको विविध राष्ट्र हो भनिदिएको भए अलि हिर्काउँदैनथ्यो कि ? भारतमा त छ, सकियो। भारतमा छ, अब त्यो धर्मलाई समाप्त गर्दा मायावतीले होइनन् 'जुत्ते मारो यी सब ब्राम्हणको' भन्दा पनि उनको केही चलेन। आखिर एउटै मात्र समाजलाई बोकेर हिँड्दा पनि त भएन। २२ प्रतिशत जनसङ्ख्या भएको दलितलाई बोकेर हिँड्दा पनि त हुँदोरहेनछ।

सबैभन्दा ठूलो कुरा नेतागणहरूको अनुभव हो। यसपटक राहुल गान्धीले

उत्तरप्रदेशमा भयङ्कर भाषण गरे। केही सीट बढाए होलान्। तर, दुवै तयारी गरेको र अनुभवरहित भाषण गरे। उनी पाँच घण्टा ढिलो पुग्थे, माफी पनि माग्दैनथे। पटक्कै अनुभव नै थिएन। वीपीले एउटा दर्शन नेपाली काङ्ग्रेसलाई दिनुभयो- राजतन्त्र र प्रजातन्त्र सँगसँगै जानुपर्छ। तर, त्यो राजतन्त्र हटेपछिको प्रजातन्त्र के हुन्छ भन्ने दर्शन यहाँ आएको छैन। तपाईंहरूले गणतन्त्र-गणतन्त्र भन्नुभएको छ। कम्युनिस्टहरूको दर्शन पो गणतन्त्र। को-अर्डिनेसनको दस्तावेज, दाङको दस्तावेज, झापाको दस्तावेज, माले-एमाले, पाँचौं सबैको दस्तावेज हेरे पनि पहिलो लाइन गणतन्त्रबाट सुरु हुन्छ। तर, मोर्चा बनाउने सवाल कतिसम्म धर्मरिसकेको छ भने वामपन्थीसँग मोर्चा बन्नै सक्दैन भन्ने वीपीको दर्शन चाहिँ समाप्त भयो। राजतन्त्र र प्रजातन्त्र सँगसँगै जान्छ भन्ने दर्शन चाहिँ नेपाली काङ्ग्रेसबाट प्रतिस्थापन नगरी एकैचोटि गणतन्त्र घोषणा हुन्छ भन्नु चाहिँ बेकार हो। नेपाली काङ्ग्रेसको कुनै दर्शनशास्त्रीले आएर भनिदिनुपऱ्यो- अब नेपाली काङ्ग्रेसको लोकतन्त्र यसरी अगाडि जान्छ। स्वतन्त्र न्यायपालिका, मानवअधिकारजस्ता काङ्ग्रेस स्थापना हुँदाका चार/पाँचवटा सिद्धान्त अब मोटो कुरा भए।

नयाँ नेपाल निर्माणको सवालमा विदेशीहरूले लेखेको बढी हेर्न पनि जरुरी छ। 'नेपाली टाइम्स' मा पनि लगातार लेखहरू आइरहेका छन्। अहिले नेताहरूले सुन्नैपर्ने बेला छ रे! उहाँहरूले बोल्ने होइन। नेताहरूले यहाँ बसेका मानिसहरूको कुरा सुन्नुपर्छ। जस्तो 'रेसपोन्स' हुनुपर्ने हो, त्यो भइरहेको छैन भन्ने बाह्य अभिमत छ।

नयाँ नेपालमा न्यायपालिकाका बारेमा केही सोचिएकै छैन। म न्यायपालिकाका बारेमा केही छलफल गर्न सक्छु। म वर्गसङ्घर्षका हरेक विषयमा

> ●
>
> **मदन भण्डारी त्यसरी बोल्नु हुन्नथ्यो। एक ठाउँमा एउटा कुरा बोलिसकेपछि फेरि एसएलसी दिने भनेको पनि मलाई सम्झना छ। एसएलसी त एकचोटि पो पास होइन्छ, कति चोटी पास हुने ? आईए-बीए पढिसकेपछि एसएलसी बिर्सियो भनेर फेरि त्यतैतिर लागेर त हुँदैन भन्नुभएको पनि मलाई याद छ।**
>
> ●

छलफल गर्न सक्दिनँ। न्यायपालिकाको बारेमा त केही सोच नै छैन, के को नयाँ नेपाल ? हिजो पनि त्यही न्यायाधीश, आज पनि त्यही ! हिजो पनि त्यही डिभिजन बेन्च, आज पनि त्यही ! फेरि पनि त्यही पद्धति, के को नयाँ नेपाल ? जनतालाई केन्द्रविन्दू बनाएर न्यायपालिका कसरी जवाफदेही हुन्छ भन्ने छलफल नै भएको छैन। त्यसकारण विचार आउन नसक्ने त होइन। कुनै विचार खोटरहित त हुँदैन। स्वतन्त्र न्यायापालिका त भनियो, बहुदलीय जनवादमा पनि भनियो तर त्यसभित्र प्रवेश गरिएन। स्वतन्त्रता भनेर लेखिएको जवाफदेही हुनुपर्ने हो वा जस्तोसुकै मुद्दा भएपनि संसदमा उजुरी लागिहाल्ने व्यवस्था हो ? स्पष्ट छैन। त्यसकारण आजको दिनमा मदन भण्डारीप्रति वास्तविक श्रद्धाञ्जली के हुन्छ भने उहाँको सोचाइ नेपाल सिङ्गो मुलुक हो भन्ने हो। यो नेपालभित्र फुट्ने नेपाल होइन। लोकतन्त्रभित्र हामी बलियो हुने हो। हामीले जनजाति, दलित सबैको उन्मुक्तिको कुरा गऱ्यौं तर कार्यक्रम दिएका छैनौं। कुरा नै कार्यक्रम हो भन्ने हो भने सफल हुँदैन। कार्यक्रम ल्याउने कुरामा गृहकार्य भएको छ भन्ने मलाई लाग्दैन। त्यसकारण यो सङ्क्रमणकालीन अवस्थामा माग सबैले राख्छन्। तर, पार्टीहरूले ह्वीप लगाउनुपऱ्यो। पार्टीहरूले ह्वीप लगाउन सकछन् कि सक्दैनन् ? मागको सूची त कति छ कति ? यसलाई अन्त गर्न ह्वीप लगाउनु पर्ने कि नपर्ने ? माग त सबै जायज छन्। गर्न केही सकिँदैन, दिन केही सकिँदैन। त्यसकारण यी मागको कहाँ गएर अन्त गरिन्छ ? सङ्क्रमणकालीन अवस्थामा प्रहरी-प्रशासन कस्तो हुने ? त्यो पनि हामीहरूको विचार छैन। हिजोकै प्रहरी ऐन बोकेर हिँडेका छौं। अहिले त चुस्त प्रहरी ऐन चाहिन्छ। सुरक्षा ऐन अलिक भिन्न खालको हुनुपर्ने तर छैन। हामीले छलफल नै गरेका छैनौं।

धेरै बोल्ने होइन। अहिले नेताहरूलाई बोल्न भ्याइनभ्याई छ। मदन भण्डारी त्यसरी बोल्नु हुन्नथ्यो। एक ठाउँमा एउटा कुरा बोलिसकेपछि फेरि एसएलसी दिने भनेको पनि मलाई सम्झना छ। एसएलसी त एकचोटि पो पास होइन्छ, कति चोटी पास हुने ? आईए-बीए पढिसकेपछि एसएलसी बिर्सियो भनेर फेरि त्यतैतिर लागेर त हुँदैन भन्नुभएको पनि मलाई याद छ। नेतागणहरूले गृहकार्य गरिदिनुपऱ्यो। कार्यक्रम लिएर गयो भने जनता पछि लाग्छन्। बहुदलीय जनवादको पछाडि पनि लाग्छन्, लोकतान्त्रिक जनवादका पनि पछाडि लाग्लान्। कार्यक्रम नै केही भएन भने केको पछाडि लाग्नु ?

तपाईंहरूको एकता बनोस्, हामी असन्तुष्ट भइरहने कुरा छैन। एकता दर्शनमा बन्छ, सिद्धान्तमा बन्छ। केही पनि प्राप्त नहुने कुराको एकताको अर्थ छैन। संविधान लागू भएको र लोकतन्त्र आएको यति समय भइसक्यो। तर, मानवअधिकार आयोग पनि बनाउनुहुन्न, रजिस्टार पनि छैन। अरू धेरै त के गर्ने ? संविधानसभा त धेरै टाढाको कुरा हो।

*(मदन भण्डारीको ५६ औं जयन्तीका अवसरमा आयोजित 'नयाा नेपालका सन्दर्भमा मदन भण्डारी' विषय अन्तरक्रियामा प्रस्तुत विचार)*

# सैन्यवादी चिन्तनका महाविरोधी

■ सुशील प्याकुरेल
पूर्वसदस्य, राष्ट्रिय मानवअधिकार आयोग

'नयाँ नेपाल निर्माणको सन्दर्भमा मदन भण्डारी' भनेर हामीले सान्दर्भिक विषय राखेका छौं । हामीले जुन नयाँ नपालको कुरा गरिराखेका छौं, त्यो नयाँ नेपालको निर्माणमा मदन भण्डारीको विचार लिएर हामी कसरी अगाडि बढ्न सक्छौं भन्ने नै आजको छलफलको मुख्य विषयवस्तु होला ।

कनकजीले मदन भण्डारीसँग त्यति धेरै सहवास नभएकाले होला, आफूले भोगेका कुरा भन्न सक्नुभएन । तर, मेरो मदन भण्डारीसँग केही साक्षात्कार पनि भएको छ, कुराकानी भएको छ । सबैभन्दा बढी अहिले हामीलाई खड्किएको कुरा 'वन वे ट्राफिक' हो । नेताको काम शिक्षा दिने, जनताबाट नलिने भएको छ । मदन भण्डारीमा धेरै धैर्यता थियो, उहाँ कुरा सुन्नुहुन्थ्यो । त्यो मैले मदन भण्डारी भूमिगत हुँदाका कुरा गरेको होइन । भूमिगत हुँदा सबै नेताले सुन्छन् । किनभने, त्यो बाध्यता नै हुन्छ । सत्तामा नहुँदा धेरै अन्तरक्रिया हुन्छन्, चाहे त्यो आफ्नो कार्यकर्तासँग मात्र किन नहोस् । कार्यकर्ताले जनताको भावना भन्छन् र जनताको भावना लिएर कार्यकर्ताले नेतासित कुरा गर्छन् । त्यसैले, भूमिगत हुँदा पार्टीले अपेक्षाकृत बढी जनताको बीचमा जनताको भावना अनुसार काम गरेको हुन्छ । पछि, विस्तारै-विस्तारै ठूला हुँदै गएर सत्तामा पुगेपछि त्यो क्रम कम हुँदै जान्छ । किनभने, समय-सन्दर्भले नै त्यस्तै गराउँछ । अहिले प्रचण्डले नै त्यही भोगेको भनेर हालै मलाई एकजना माओवादीले नै सुनाएका थिए- 'पहिले-पहिले हाम्रा कुराहरू गर्नुहुन्थ्यो, छलफल हुन्थ्यो, भेट्नुहुन्थ्यो तर अब त दसौं हजारको भीडमा आएर उहाँले भाषण गर्नुहुन्छ । त्यसपछि जानुहुन्छ,

> नयाँ नेपालको कुरा गर्दा मदन भण्डारीले त्यतिबेला नै नयाँ नेपालको सपना देख्नुभएको थियो । दृष्टिकोण भएको नेताले सबैभन्दा पहिले सपना देख्छ । त्यसलाई आफ्नो वस्तुगत परिस्थितिमा कसरी अनुवाद गर्ने भन्ने अध्ययन गर्छ । यस सन्दर्भमा विश्वेश्वर पनि असफल भएका थिए, अरू नेताको त कुरै छाडौं ।

प्रचण्डको अनुहार हेर्न मात्र जाने हो ।' यो 'वन वे ट्राफिक' को स्थितिबाट मदन भण्डारीले भरसक संवादकै स्थितिमा राख्नुहुन्थ्यो ।

भर्खरै प्रजातन्त्र आउँदाको कुरा हो । त्यतिबेला चीनमा चिनियाँ सत्ताले तियानमेन स्क्वायरमा मेरो शब्दमा जनताको हत्या गऱ्यो । मानवअधिकारकर्मीको नाताले सहकर्मी प्रकाश काफ्लेलगायतका हामी चिन्तित भयौं । सत्ताले बुटको भरमा मान्छेका विचारहरू दबाउने प्रयत्न गऱ्यो । माओत्सेतुङ विचार मलाई मन पर्दैन भनेर कसैले भन्न पाउनुपर्छ भन्ने सोच भएका मानिसहरू र त्यो स्थितिप्रति आफ्नो सहमति-असहमति निशस्त्र रूपमा एउटा सार्वजनिक चोकमा बसेर व्यक्त गर्न पाउनुपर्छ भन्ने अधिकारकर्मीको हैसियतले मैले आफ्नो सीमाभित्र हेर्दा के देखें भने त्यो सत्ताले गरेको जनहत्या हो । त्यसैले हामी वक्तव्य निकाल्यौं । हामी दुबै जना त्यतिखेर माले पृष्ठभूमिका पऱ्यौं । समाजवादी सत्ता भनेपछि त्यसको विरोध नै गर्नुहुन्न र समाजवादी सत्ताले जे गऱ्यो, त्यो ठीक हुन्छ भन्ने त्यस स्थितिमा सुशील र प्रकाश भन्ने दुईवटा जन्तु यस्ता निस्किए, जसले बुटले कुल्चिएर, दमन गरेर हुँदैन भन्ने वक्तव्य दिए । त्यतिबेला वाईसीएल चाहिँ थिएन तर पनि हाम्रो दशा के भयो होला, विचार गर्नुस् । हामी छटपटिएर मदन भण्डारीलाई भेट्न गयौं । उहाँ नक्सालमा बस्नुहुन्थ्यो । हामीले 'मानवअधिकारकर्मीका नाताले वक्तव्य निकालेका हौं' भन्दा उहाँले स्याबासी दिनुभयो । 'तपाईंहरूले जे गर्नुपर्थ्यो, त्यही गर्नुभयो' भन्नुभयो । 'यदि हामीले ठीक भनेका छौं भने त्यही कुरा तपाईंहरूले किन नभनेको हो ?' भनेर मैले प्रश्न गरें । उहाँले भन्नुभयो- 'हेर्नुस् ! हामी राजनीतिक दल हौं । भोलि चुनाव हुन्छ, हामी सत्ताको कुरा गर्छौं, सरकार बनाउनुपर्छ । चीन ठूलो देश हो, छिमेकी देश हो । धेरै कुरा हेर्नुपर्छ । त्यसैले तपाईंहरूको र हाम्रो सीमा फरक पर्छ ।' उहाँको कुरा चित्त बुझ्यो । त्यतिबेला अरू केही नेताले मलाई 'विश्व कम्युनिस्ट आन्दोलन विकट अवस्थामा रहेको समयमा यत्रो समाजवादी सत्तालाई तपाईंले यसरी भनेर पुँजीवादीहरूलाई साथ दिनुभयो' पनि भने । मैले एउटा सन्दर्भ मात्र जोडेको हुँ । एउटा नेतामा हुनुपर्ने गुण मदन भण्डारीमा थियो ।

नयाँ नेपालको कुरा गर्दा मदन भण्डारीले त्यतिबेला नै नयाँ नेपालको सपना देख्नुभएको थियो । दृष्टिकोण भएको नेताले सबैभन्दा पहिले सपना देख्छ । त्यसलाई आफ्नो वस्तुगत परिस्थितिमा कसरी अनुवाद गर्ने भन्ने अध्ययन गर्छ । यस सन्दर्भमा विश्वेश्वर पनि असफल भएका थिए, अरू नेताको

त कुरै छाडौं । तर, त्यो दृष्टिकोण र अध्ययन क्षमता मदन भण्डारीमा थियो । नेपालमा सामन्तवादको अन्त गर्नका लागि सबै लागेका हुन् । मेरो विचारमा बीपीका साहित्यहरू र काङ्ग्रेसका विगतका लिखित प्रतिबद्धता पढ्ने हो भने ऊ सामन्तवादविरोधी पार्टी हो । त्यसैगरी टङ्कप्रसाद आचार्यदेखि पुष्पलालसम्मका सबै नेताको प्रयास नै सामन्तवाद निर्मूल गर्नु थियो । एउटा मात्र व्यक्ति वा दलले सामन्तवाद निर्मूल गर्न सक्दैन । त्यसैले अहिलेको परिस्थितिमा सामन्तवादविरोधीहरू अथवा प्रजातन्त्रका पक्षधरहरू सबै एक ठाउँमा उभिनुपर्छ, अनि मात्र राजासँग लड्न सकिन्छ । यो कुरा सबैले आत्मसात गरे पनि अनुवाद गर्न नसकिएको समयमा मदन भण्डारीले त्यसको आँट गर्नुभयो । उहाँले पहिले वाममोर्चा र पछि काङ्ग्रेससँग एकता गरेर जानुपर्छ भनेर प्रस्ताव राख्नुभयो र उहाँको नेतृत्वमा ०४६ को आन्दोलन सफल भयो ।

देशको वस्तुगत परिस्थितिलाई आत्मसात गरेर कसरी त्यसलाई अनुवाद गर्ने भन्ने उहाँको क्षमता प्रशंसनीय छ । त्यस्तै, उहाँ सैन्यवादी चिन्तनको महाविरोधी हुनुहुन्थ्यो । मैले सुने अनुसार उहाँलाई कोरियाबाट किम इल सुङले नेपालको उदीयमान नेता भनेर बोलाए, त्यो पनि किम इल सुङको जन्मदिनको बेलामा । मदन भण्डारीले कोरिया जाने इच्छा व्यक्त गर्नुभएन । मैले उहाँलाई नजानुको कारणबारे सोध्दा उहाँले भन्नुभयो- 'उनले आफ्नो जन्मदिनको बेला बोलाएका छन् । एउटा मिसनमा कुनै विषयमा छलफल गर्न भए पो जाने ! एक त उनले देशलाई एउटा सामन्तले भैँ चलाएका छन् । दोस्रो, सैनिक परेड हेर्न म जाने ?' त्यसैले मलाई त के लाग्छ भने मदन भण्डारी भइदिएको भए माओवादी जनयुद्ध नै यसरी आउने थिएन कि !

अहिलेको स्थितिमा हाम्रो देशमा सबैभन्दा पहिले एउटा दृष्टिकोण भएको नेताको खाँचो टड्कारो छ । हामी नयाँ नेपालको कुरा गर्छौं तर भएको नेपाल जलिरहेको छ । त्यो हाम्रो लागि एजेन्डा नै बनिरहेको छैन । नेता त्यो हो, जसले त्यतिखेरको स्थितिको विश्लेषण गर्न सक्छ । हाम्रा नेता र हामीले प्रतिक्रियात्मक राजनीतिक प्रशस्तै गर्‍यौं । ज्ञानेन्द्रले सत्ता लियो अनि हामी एक भएर लड्यौं । त्यति मात्र होइन, अहिले हामी सात पार्टी भनिरहेका छौं तर दिल्लीमा बसेर पाँच पार्टीको वक्तव्य आएपछि मात्र यहाँ सात पार्टीको कुरा आयो । प्रतिक्रियात्मक राजनीति मात्र गर्ने तर अगाडि हेर्न नसक्ने ! दुरदृष्टि अहिलेका नेतामा अलिकति पनि छैन । त्यसको प्रत्यक्ष उदाहरण के हो भने हामीले संविधान बनाएको सात दिन नबित्दै संविधान संशोधन हुनुपर्छ भन्यौं, एक महिना बित्दा-नबित्दै संविधानको संशोधनको घोषणा भयो । जबकि, मदन भण्डारीले 'संविधानमा यो-यो कुरा हुनुपर्थ्यो, भएन । तर पनि, हामीले यो स्थितिमा समर्थन गरेका हौं' भनेर जनतामाझ भन्ने आँट गर्नुभयो । अहिले कुनै पनि नेताले हामी यस्तो चाहन्थ्यौं तर यस्तो कारणले भन्न सकेनौं भन्ने हिम्मत गरेका छैनन् ।

हिजो हामी लोकतन्त्रका लागि लड्यौं, सबैलाई समान अधिकारका लागि लडाइँ लड्यौं । आजको नेपालको लडाइँ अलिक फरक छ । यो लडाइँ भनेको पहिचान (समावेशी) को लडाइँ हुँदैछ । अब नेपालको आन्दोलन पहिचानका लागि भएको छ । म पनि समाजशास्त्री त होइन तर यो आन्दोलन पहिचानकै लागि भएको छ । म कसरी नेपाली हुन्छु भनेर मधेसले खोजेको छ । त्यही कुरा जनजाति, दलित-उत्पीडित सबैले खोजेका छन् । त्यति मात्र हेइन, पहिचानसहितको राज्यका प्रत्येक निकायमा सहभागिताको अधिकार खोजेका छन् । त्यो कसैले दान दिने होइन । त्यो सबैको अधिकार हो, पहिचानको अधिकार । यो चुनौतीलाई अबको नेतृत्वले कसरी हेर्छ ? सङ्घीयतामा जाँदा देशै विघटन हुने हो कि ? समावेशीको कुरा गर्दा नेतृत्वमा बाहुन-क्षेत्रीहरू हुनाले छाड्नुपर्ने त आफूहरूले नै हुन्छ । संसद् बाहिर बसेर पनि राजनीति हुन्छ भन्ने बुझ्नुपर्छ । अब यो चुनौती हामीले कसरी बुझ्छौं ? नेतृत्व भनेको त्यो हो, जसले त्यतिबेलाको चुनौती स्वीकार्छ । त्यसैले मदन भण्डारीको पहिलो, संयुक्त वाममोर्चा बनाउने हिम्मत, दोस्रो, काङ्ग्रेससँग एकता गर्नुपर्छ भन्ने भनाइ र तेस्रो परिवर्तनपछि तत्काल पार्टी अब खुला गर्नुपर्छ भन्ने जुन दुरदृष्टिकोण थियो, त्यसको आज कमी छ । आज आठदलको बैठक किन बस्न नसकेको भन्ने पनि थाहा छैन । अर्को कुरा, बाह्र बुँदेदेखियताको एकता केका लागि ? संविधानसभाको चुनाव नहुने हो भने हामीले केही पनि पाउँदैनौं, हामी अगाडि बढ्न सक्दैनौं । यो हामी सबैलाई थाहा छ । तर, संविधानसभाको चुनावलाई संसदीय चुनावको रूपमा लिने मानसिकता देखाइयो । त्यसैले यस्तै सोचले एकता टुट्न आँटेको छ । यहाँनेर मदन भण्डारी भइदिएको भए उहाँले पहिचानको लडाइँ पनि बुझ्नुहुन्थ्यो, समावेशी पनि बुझ्नुहुन्थ्यो र संविधानसभा भनेको नेपाली जनतालाई साँच्चिकै सार्वभौम अभ्यास गर्न सक्ने बनाउने भएकाले एकता टुटाउन हुन्न भन्ने कुरामा जानुहुन्थ्यो होला ।

एउटा नेताको बहुआयाम हुन्छ । मैले जसरी मदन भण्डारीलाई चिनें, त्यो मात्रै राखेको हुँ ।

*(मदन भण्डारीको ५६ औं जयन्तीका अवसरमा आयोजित 'नयाा नेपालका सन्दर्भमा मदन भण्डारी' विषय अन्तरक्रियामा प्रस्तुत विचार)*

# संयुक्त जनआन्दोलन र यसबाट गरिएका अपेक्षाहरू

आज हामी जननेता मदन भण्डारीको ५४ औं जन्मजयन्तीको सन्दर्भमा आयोजित विचारगोष्ठीमा सहभागी भइरहेका छौं। देश, जनता, प्रजातन्त्र र सामाजिक अग्रगतिका लागि समर्पित शताब्दीनायक मदन भण्डारीको जन्मजयन्तीको सन्दर्भमा उहाँलाई सम्मान र श्रद्धाका साथ स्मरण गरिरहेका छौं र अझ प्रजातन्त्र खोसिएको, शान्ति खल्बल्याइएको, स्वतन्त्रताका हकहरू अपहरण गरिएको र मानवअधिकारको गम्भीर रूपमा उल्लङ्घन भइरहेको वर्तमान अवस्थामा यस्तो विचारगोष्ठीको आयोजना अत्यन्तै महत्त्वपूर्ण र सामयिक छ भन्ने म ठान्दछु। हामी सबैले यतिबेला जननेताबाट शिक्षा लिँदै उहाँबाट प्रेरणा प्राप्त गर्दै र उहाँले देखाएको बाटोमा दृढतापूर्वक अघि बढ्दै देश र जनताले भोगिरहेका समस्या समाधानका निम्ति आत्मविश्वासका साथ अघि बढ्नुपर्ने आवश्यकता रहेको छ। यतिबेला सशक्त संयुक्त जनआन्दोलन अघि बढाएर त्यसलाई सफल नपारी हामी यो उद्देश्य प्राप्त गर्न सक्तैनौं। त्यसैकारण सातवटा राजनीतिक दलहरूले साझा एजेन्डामा सहमत भई संयुक्त जनआन्दोलन अघि बढाएका छन् र विभिन्न सङ्घसंस्था र नागरिक समाज पनि आ-आफ्नो ढङ्गले यस आन्दोलनमा सरिक भइरहेका छन्। यस्तो अवस्थामा 'चालू संयुक्त जनआन्दोलन र यसबाट गरिएका अपेक्षाहरू' विचारगोष्ठीको विषय राखिनु अत्यन्तै सान्दर्भिक छ र यस आयोजनाका लागि म मदन भण्डारी फाउन्डेसन र मदन भण्डारी स्मृति प्रतिष्ठान, उर्लाबारीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु। अब जननेता मदन भण्डारीप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै आयोजक संस्थाहरूले गोष्ठीमा छलफलका लागि विषयवस्तु प्रस्तुत गर्न जुन जिम्मेवारी मलाई दिनुभएको छ, म त्यसमा प्रवेश गर्न चाहन्छु।

समयको वचतका लागि आफूले भन्नुपर्ने कुराहरू मैले बुँदागत रूपमा लिपिबद्ध गरेर ल्याएको छु र यहाँहरूसमक्ष धेरै लामो व्याख्याबिना प्रस्तुत गर्न चाहन्छु। मैले आजको छलफलको विषयको सन्दर्भमा त्यसलाई चार भागमा बाँडेर प्रस्तुत गर्न चाहेको छु। वर्तमान परिस्थित, चालू संयुक्त जनआन्दोलन र जनआन्दोलनबाट जनताले गरेका अपेक्षाहरू गरी तीन भागमा विषय प्रस्तुत गर्ने छु र अन्त्यमा संक्षेपमा निष्कर्ष प्रस्तुत गर्ने छु।

**१. वर्तमान परिस्थिति**

(क) आश्विन १८, २०५९ बाट प्रारम्भ भएर माघ १९, ०६१ मा उत्कर्षमा पुगेको प्रतिगामी सत्तापलट खुलेआम नेपाल अधिराज्यको संविधान, ०४७ को विरुद्ध छ। जुनसुकै धारा, उपधाराको उल्लेख गरिएको भएता पनि उक्त कदम संविधानको कुनै पनि धारासँग सरोकार नभएको सैन्यबलको आडमा बलजफ्ती गरिएको असंवैधानिक कदम हो। यो कदम स्पष्ट रूपमा जनताका हकअधिकारहरू खोस्ने, राजसंस्थालाई निरङ्कुश बनाउने, राजालाई सक्रिय र शासक राजा बनाउने र प्रजातन्त्र मास्ने उद्देश्यअन्तर्गत चालिएको स्वेच्छाचारी कदम हो। यस कदमबाट मुलुकलाई निरङ्कुश शासनको अन्धकार युगतर्फ धकेल्ने प्रयास भएको छ। ती उद्देश्यहरूलाई अघि बढाउन एकपछि अर्को गर्दै जनताका अधिकारहरू खोस्दै जाने काम भइरहेको छ।

(ख) आतङ्क र हिंसाका विरुद्ध भनिए पनि शान्ति प्रक्रियालाई अस्वीकार गर्ने, शान्ति प्राप्त गर्न शान्तिपूर्ण बाटो, माध्यम र विधिलाई अस्वीकार गर्ने नीति र व्यवहारबाट जनताको शान्ति प्राप्तिको चाहनालाई अझ बढी कठिन र असम्भव बनाइदिएको छ।

(ग) राजनीतिक दल र नेताहरूलाई बदनाम गर्न तथा जनता र अन्तर्राष्ट्रिय समुदायमा भ्रम उत्पन्न गर्नका लागि भ्रष्टाचार नियन्त्रण, सुशासन, नगरहरूको निर्वाचन आदि अनेक प्रकारका कलाविहीन भद्दा नाटकहरूको असफल मञ्चन भइरहेको छ। जसमा जनता अल्मलिनु आवश्यक छैन। त्यस्ता कुराहरू र तानाशाहीकरणका अनुचित प्रयासहरूबाट मुलुकको समयको बर्बादी मात्र भइरहेको छ। यसले मुलुकलाई अग्रगतिमा लान वा समस्याको समाधान दिन सक्तैन।

(घ) यस कदमबाट मुलुकको अन्तर्राष्ट्रिय छवि धमिलिएको छ। राष्ट्रको प्रतिष्ठामा गम्भीर आँच पुगेको छ। राज्यको तर्फबाट समेत मानवअधिकारको उल्लङ्घन गरिने, राज्यले खुदै आफ्ना प्रतिबद्धताहरूको पालना नगर्ने, अन्तर्राष्ट्रिय कानुनको वास्ता नगर्ने, प्रजातन्त्र मास्ने र तानाशाहीकरणतर्फ जान चाहने, आजको यस एक्काइसौं शताब्दीमा एउटा व्यक्ति, परिवार वा पारिवारिक संस्थाले सारा जनताका अधिकार खोसेर देशलाई मध्ययुगीन अवस्थातर्फ फर्काउन खोज्ने मुलुकको रूपमा देशको चित्रण हुन थालेको छ।

(ङ) एकातिर निरङ्कुशतातर्फको प्रयासमा 'माघ १९' को कदम र त्यसयता सञ्चार क्षेत्रमाथि दमन गर्ने, शिक्षा क्षेत्र र प्रशासन आदिलाई निरङ्कुशताले थिच्दै जाने कामहरू भइरहेका छन् भने नेपाली जनताले 'माघ १९' को कदमलाई त्यतिबेलैदेखि अस्वीकार गरिरहेका छन्। अस्वीकार र विरोधलाई तीव्रता दिने प्रतिबद्धता देखाएका छन्। वास्तविक राजनीतिक पार्टीहरू, यहाँ राजनीतिक

पार्टीहरूको अगाडि मैले वास्तविक भन्ने शब्द किन जोड्नुपर्‍यो भने अहिले विभिन्न नाममा निरङ्कुशतालाई समर्थन गराउन नक्कली पार्टीहरू पनि जडान गरिएका छन्, अँ, वास्तविक राजनीतिक पार्टीहरू, सङ्घसंस्थाहरू र व्यापक जनताबाट 'माघ १९' को असंवैधानिक शाही कदमलाई स्पष्टत: अस्वीकार र विरोध गरिएको छ। त्यसको आलोचना, विरोध र प्रतिरोध भएको छ। सात पार्टीहरूले साझा एजेन्डाका साथ संयुक्त आन्दोलनको घोषणा गरेका छन्। मागहरू, नाराहरू, उपाय र तरिकाहरूसमेतमा आफ्ना सहमतिका कुराहरू प्रस्तुत गर्दै प्रजातन्त्रको प्राप्तिबिना नछोड्ने सङ्कल्प व्यक्त गरेका छन्। अन्य सङ्घसंस्थाहरू र बौद्धिक जगत्‌बाट पनि 'माघ १९' को शाही कदम र त्यसलाई सफल पार्न त्यसपछि चालिएका अनेक प्रतिगामी कदमहरूको विरोध, असहमति र आलोचना भएको छ।

अन्तर्राष्ट्रिय समुदायबाट प्रजातन्त्रविरुद्धको कदमप्रति स्पष्ट विरोध र प्रजातान्त्रिक आन्दोलनप्रति स्पष्ट समर्थन पनि यसबीचमा प्रकट भएको छ।

(च) यसबीचमा जनताको चेतनाको स्तर काफी माथि उठेको पाइयो। पहिले राजनीतिक पार्टीहरूको जुन अग्रसरता हुन्थ्यो, त्यसमा जनताको सहभागिता हुन्थ्यो। अहिले राजनीतिक पार्टीहरूको मात्रै मुख ताक्ने नभएर नागरिकका विभिन्न प्रकारका संस्थाहरूले प्रजातन्त्र आफ्नै विषय भएको र आफ्नो अधिकारका निम्ति आफूसँग सरोकारका विषयहरूमा आफैं आन्दोलनमा जाने, आफ्नै स्वतन्त्र कार्यक्रमका साथ प्रजातन्त्र, स्वतन्त्रता र मानवअधिकारको पक्षमा आफैं उत्रिने कुराले जनताको चेतनाको स्तर उल्लेख्य रूपमा वृद्धि भएको स्पष्ट हुन्छ।

(छ) अहिलेको राष्ट्रिय परिस्थितिको सन्दर्भमा चर्चा गर्दा हामीले माओवादी हिंसाको सन्दर्भमा पनि ध्यान पुऱ्याउनैपर्ने हुन्छ। १० वर्षअघिदेखि वस्तुगत अथवा बाध्यकारी स्थितिको कारणले नभई, शान्तिपूर्ण वा वैधानिक बाटोबाट अघि बढ्ने सम्भावना नभएका कारणले नभई आफ्ना आस्थागत वा आफ्ना विचारगत वा मनोगत आग्रहहरूका आधारमा माओवादीहरूले १० वर्षअगाडिदेखि सुरु गरेको दिशाहीन हिंसात्मक क्रियाकलाप अहिलेसम्म पनि यथावतै छ। माओवादी हिंसाकै आडमा आश्विन १८, २०५९ मा राजाबाट निर्वाचित प्रधानमन्त्रीलाई अपदस्थ गरी 'हामीबाट प्रयोग भई आएको राजकीय सत्ता' प्रयोग गरेको भन्दै जुन कदम चालिएको थियो, बीचको सात महिनाबाहेक त्यसयताको पाँच महिनाको अवधिसमेत राजाको मनोनीत सरकार र अझ आफ्नै अध्यक्षताको प्रत्यक्ष शासनको अवधि रहेको छ। यस सिङ्गो अवधिमा माओवादी समस्या यथावत् रहेको र अझ गम्भीर बन्दै गएको छ। सुरक्षास्थितिमा सुधारको सत्तापक्षीय दाबी झूटो तर्कबाहेक केही होइन भन्ने कुरा विभिन्न तथ्यहरूले देखाएका छन्। यद्यपि सूचना सम्प्रेषणमा रोकजस्ता कुराहरूले कतिपय तथ्यहरू जस्ताको तस्तै बाहिर आउन नसके पनि बाहिर आएका सीमित तथ्यहरू मात्रैले पनि स्थितिमा सुधार नआएको र परिस्थिति अझ तीव्र गतिमा जटिल र गम्भीर बनेको स्पष्ट देखिन्छ।

(ज) यस अवस्थामा मूलधारका राजनीतिक शक्तिहरू उनीहरूलाई सुधार्नुपर्दछ, सुधारेर उग्रपन्थी दिशाहीन सोचबाट, जनता र राष्ट्रलाई पीडा दिइरहेको असामयिक र असान्दर्भिक सोचबाट तथा प्रतिगामी शक्तिलाई बहाना र मौका मिल्ने खालका परिस्थिति निर्माण गर्ने सोचबाट मुक्त गरी हिंसाको बाटो छोडाएर शान्तिपूर्ण बाटोमा ल्याउन चाहन्छन्। त्यसअनुसारको प्रयास गरिरहेका छन्। माओवादीहरू जबसम्म हिंसात्मक बाटो परित्याग गर्दैनन्, जबसम्म उनीहरू राजनीतिक आचरणमा आउँदैनन्, जबसम्म उनीहरूमा राजनीतिक दलको स्तरमा सुधार आउँदैन अथवा जबसम्म उनीहरू सप्रिदैनन्, तबसम्म उनीहरूसँग कुनै प्रकारको सहमति वा सहकार्य हुन सक्तैन। मैले एउटा विचारगोष्ठीमा विचार व्यक्त गरेको थिएँ कि हामीले माओवादीहरूलाई औंसी र एकादशीमा मांसहारीले मासु नखाएझैं वा बगरेले काटमार नगरेझैं औंसी र एकादशी बार्न आग्रह गरेका होइनौं। उनीहरूलाई समग्रतामा हिंसात्मक गलत बाटो छोड्न आग्रह गरेका हौं। माओवादीले औंसी र एकादशी बारेझैं गरेर सहमति र सहकार्य हुँदैन। माओवादीहरूले एउटा कुरा भन्दै गरेका हुन्छन् तर काम ठीक विपरीत भइरहेको हुन्छ। यसपल्ट सात पार्टीहरूले माओवादीहरूलाई राजनीतिक चरित्र देखाएर आउन अनुरोध गरे र प्रत्युत्तरमा माओवादीको सकारात्मक वक्तव्य आयो। तर, व्यवहार यथावत् रहेको पाइयो। राजनीतिक पार्टीहरूले, सबै सचेत नगरिक समुदायले वा नेपाली जनताले चाहेको कुरा माओवादीहरूले बितन्डाकारी गलत प्रवृत्तिहरू छोडून् र आफूलाई सच्याऊन् भन्ने हो। माओवादीहरू जुन बाटोबाट अगाडि बढ्दैछन्, त्यस बाटोबाट उनीहरूले जित्नु सम्भव छैन।

(झ) अहिलेको वर्तमान राष्ट्रिय परिस्थितिको चर्चा गरिरहँदा राष्ट्र एउटा असहमतिको स्थितिमा रहेको कुरा पनि बिर्सनु हुँदैन। सहमति केवल सात दलको बीचमा छ, प्रजातन्त्र र शान्ति चाहने सङ्घसंस्था र जनताका बीचमा छ। त्यसबाहेक नेपाली जनता र राजसंस्थाका बीचमा ०४६ सालको जनआन्दोलनको समाप्ति र नेपाल अधिराज्यको संविधान, ०४७ जारी हुँदाका बखत गरिएको देशमा बहुदलीय प्रजातान्त्रिक शासन प्रणाली एवम् सार्वभौमसत्ता, राजकीय सत्ता र शासनाधिकार नेपाली जनतामा रहने एवम् राजकीय शक्तिका स्रोत नेपाली जनतामा हुने र राजसंस्था संवैधानिक हैसियतमा रहने जुन सहमति भएको थियो, 'माघ १९' को कदमबाट त्यो सहमति एकतर्फी रूपमा बलजफ्ती तोडिएको छ। त्यसरी अब नेपाली जनताको राजसंस्थासँग कुनै सहमति कायम रहेको छैन।

(ञ) यसैगरी माओवादीसँग पनि राजनीतिक दलहरू र नेपाली जनताको कुनै सहमति र सहकार्यको स्थिति छैन। यथास्थितिमा त्यसको सम्भावना पनि छैन। तर, माथि भनिएझैं राजनीतिक दलहरूका बीचमा वा जनताको बीचमा प्रजातन्त्र,

शान्ति, स्वतन्त्रता र मानवअधिकार प्राप्तिका लागि घोषित र अघोषित रूपमा एउटा गम्भीर सहमतिको स्थिति बनेको छ। यो एउटा राम्रो र सकारात्मक कुरा हो।

(ट) नेपाली जनताले प्रजातन्त्र, शान्ति, स्वतन्त्रता र मानवअधिकारको मागलाई प्रमुख विषय बनाएका छन्। यी चारवटा मूल मागहरूमा आधारित रहेर तिनको प्राप्ति निम्तिको जनताको माग, अडान र आन्दोलनमा व्यापक अन्तर्राष्ट्रिय सहमति र समर्थन प्राप्त भएको छ। यो पनि एउटा सकारात्मक कुरा हो। निरङ्कुशतातर्फका कदमहरूमा समर्थन खोज्ने, त्यस समर्थनका निम्ति दौडधुप र अनुनय-विनय गर्ने तर त्यसो भएन र नागरिक हकअधिकार र प्रजातान्त्रिक व्यवस्थाप्रति एवम् जनान्दोलनप्रति अन्तर्राष्ट्रिय सहयोग र समर्थन देखियो भने त्यसलाई आन्तरिक मामिलामा हस्तक्षेप ठान्ने पाखण्डी मनोवृत्तिका जुन कुराहरू देखिएका छन्, तिनका पछाडि कुनै तुक छैन।

(ठ) शासन नछोडी राजासँग र हिंसा नछोडी माओवादीसँग अर्थात् प्रजातन्त्र नमानेसम्म राजासँग र शान्तिपूर्ण बाटो स्वीकार नगरेसम्म माओवादीसँग सहमतिको सम्भावना छैन। यस्तो सहमतिरहित अवस्थामा आन्दोलनबाहेक जनताका अगाडि अर्को विकल्प रहँदैन। यस्तो परिस्थितिमा प्रजातन्त्र, शान्ति, स्वतन्त्रता र मानवअधिकार चाहने तथा मुलुकका अन्य सामाजिक-आर्थिक समस्या समाधान गर्दै अघि बढ्न चाहने प्रजातान्त्रिक शक्ति र जनताका अगाडि सशक्त, संयुक्त जनान्दोलनको सिर्जना गर्दै अघि बढ्नुबाहेक अर्को विकल्प छैन। वर्तमान अवस्था भनेको देश, समय र जनताले सशक्त आन्दोलनको माग गरेको अवस्था हो।

२. **संयुक्त जनआन्दोलन**

- सात दल साझा माग, नारा र आन्दोलनको सहमत स्वरूपका साथ अर्थात् साझा एजेन्डा लिएर संयुक्त आन्दोलनमा उत्रिएका छन्।
- तर, यो आन्दोलन सात दलको मात्र होइन, यो प्रजातन्त्र, शान्ति, स्वतन्त्रता र मानवअधिकारको पक्षमा रहेका तमाम सङ्घसंस्था, विभिन्न पेसा-व्यवसायमा संलग्न सङ्गठन र सचेत जनताको साझा आन्दोलन हो।
- सात दल राजाको स्वेच्छाचारी कदम, निरङ्कुश शासक हुने आकाङ्क्षा र कार्यहरूका विरुद्धमा छन्। सँगसँगै जनताको कुनै हिस्सामाथि गरिने कुनै पनि दमनको विरुद्धमा छन्। यी कुराहरूभित्र राजाको 'माघ १९' को प्रजातन्त्रविरुद्धको असंवैधानिक कदम, त्यस कदमसँगै अपनाइएका दमनकारी कामहरू, अझैसम्म पार्टी नेताहरू, मानवअधिकारवादीहरूलाई थुनामै राखिएका कुरा, असंवैधानिक रूपले हुकुमबाट गठित एवम् स्पष्टतः राजनीतिक उद्देश्यमा प्रयोग भइरहेको देखिएको तथाकथित भ्रष्टाचार नियन्त्रण आयोग र त्यसका तर्कहीन कार्यहरू, प्रेस नियन्त्रणका लागि ल्याउन लागिएको अध्यादेश, शिक्षा क्षेत्रमा लाद्न खोजिएको स्तुतिवादी नीति, अदालतका आदेशको अवज्ञाको शृङ्खला, तानाशाहीकरणको सिलसिलामा गरिएका पञ्चायतमुखी नियुक्तिहरू र यस्ता 'माघ १९' को कदम र त्यसको निरन्तरताको दिशामा भए/गरिएका तमाम असंवैधानिक र प्रजातन्त्रका विरुद्धमा लक्षित सबै कुराहरू पर्दछन्।
- आजका सचेत जनता 'माघ १९' को कदम संविधान, तर्क, आवश्यकता र औचित्यको आधारमा नभई सैन्य बलका आडमा चालिएको यथार्थलाई बुझ्दछन्। आजको २१ औं शताब्दीमा राष्ट्रिय सेना कुनै व्यक्ति, परिवार वा संस्थाको निजी स्वामित्वको सम्पत्ति हुन सक्तैन र त्यस्तो सीमित स्वार्थमा प्रयोग गर्न पनि मिल्दैन। त्यो जनताको करबाट धानिएको, देश र जनताको सुरक्षानिम्ति गठित राष्ट्रको साझा उपकरण हो। सैन्य बलको प्रत्यक्ष वा परोक्ष प्रयोग पनि त्यही बृहत् उद्देश्यका निम्ति, संविधानबमोजिम मात्रै र जनताबाट अधिकारप्राप्त जनप्रतिनिधिद्वारा मात्र हुनुपर्दछ भन्ने कुरालाई मान्दछन्।
- अहिले जनताका अधिकार खोसिएको सन्दर्भमा यस प्रश्नको स्पष्ट निरूपण हुनैपर्ने कुरा अब अनिवार्य भएको छ।
- अहिले निरङ्कुशतालाई सबल पार्न असंवैधानिक हस्तक्षेपद्वारा राज्यलाई आफ्नो अनुकूलको निरीह र दमनकारी संयन्त्रको रूपमा परिणत गर्न चौतर्फी प्रतिगामी प्रयासहरू जुन भइरहेका छन्, तिनले त्यसो गर्न विभिन्न क्षेत्रमा जनताका मौलिक र नागरिक हक एवम् स्वतन्त्रतामाथि हमला गर्नैपर्ने हुन्छ। अहिले विभिन्न क्षेत्रमा भइरहेका दमनहरू त्यही प्रतिगामी उद्देश्यका व्यावहारिक प्रकटीकरण मात्रै हुन्। जसका विरुद्ध जनताको कडा प्रतिरोध भइरहेको छ र सात दलहरू दमनको विरोध र प्रतिरोधको सम्मान तथा त्यसलाई समर्थन र सहयोग गर्दछन्।
- सात राजनीतिक दलको चालू संयुक्त आन्दोलनका मुख्य माग र एजेन्डा प्रजातन्त्र, शान्ति, स्वतन्त्रता र मानवअधिकार हुन्। यी कुराहरूको प्राप्तिबिना कसैसँग पनि कुनै सम्झौता र सहकार्य हुनै सक्तैन।
- माओवादीहरूलाई हिंसात्मक बाटोबाट अलग्याएर शान्तिपूर्ण बाटोमा ल्याउन आवश्यक छ। त्यसका निम्ति प्रयास गरिनुपर्दछ। तर, उनीहरू हिंसात्मक बाटो परित्याग गरेर शान्तिपूर्ण राजनीतिको मूलधारमा र दिशाहीन हिंसात्मक बितन्डा छाडेर राजनीतिक चरित्र अँगालेको राजनीतिक शक्तिमा रूपान्तरित भई सच्चिएर नआएसम्म उनीहरूसँग कुनै सम्झौता र सहकार्य हुन सक्तैन।
- चालू संयुक्त जनआन्दोलनको न्यूनतम् लक्ष्य निरङ्कुशतन्त्रको अन्त्य र प्रजातान्त्रको स्थापना, हिंसाको अन्त्य र शान्तिको स्थापना, स्वतन्त्रताका हकहरू खोसिने स्थितिको अन्त्य र हकहरूको प्राप्ति र सुरक्षाको ग्यारेण्टी एवम् मानवअधिकारको उल्लङ्घनको अन्त्य र मानवअधिकारको ग्यारेण्टी नै हुन्।
- अर्को शब्दमा भन्ने हो भने, सार्वभौमसत्ता र राजकीय सत्ता जनतामा, राज्यशक्तिका स्रोत नेपाली जनता र शासनाधिकार जनतामा यस चालू आन्दोलनका न्यूनतम् लक्ष्य हुन् अर्थात् अब नेपाली जनता शासक हुने राजा, शासन सञ्चालन गर्ने राजा, जनताका

अधिकार खोस्ने राजा मान्न तयार छैनन् । जनता आफैं शासक हुन चाहन्छन् । आफैं शासन सञ्चालन गर्न चाहन्छन् ।

- हुन त यस धरतीमा अब लामो भविष्यसम्म राजतन्त्रहरू रहनु सम्भव छैन । अबको जनताको चेतनाले कुनै व्यक्ति वा परिवारको जन्मसिद्ध श्रेष्ठता स्वीकार्न मान्दैन । सबै राजतन्त्रहरू जान्छन् नै तर जानेमा कुन पहिलो हुने र कुन अन्तिम हुने यो कुरा भने सम्बन्धित राजसंस्थाहरूका आफ्नै व्यवहारबाट तय हुने हो । जनताको सर्वोच्चतालाई नमान्ने, जनताको इच्छाअनुसार नचलेर त्यसविरुद्ध चल्ने तथा जनताका अधिकारहरू खोस्ने र त्यसरी निरङ्कुश शासक भएर जनतासँग बैरभाव मोल्ने राजतन्त्रहरू अस्ताउनेमा पहिला हुनेछन् ।

**३. आन्दोलनबाट जनताले गरेका अपेक्षाहरू**

(क) पार्टीहरूले आह्वान गरेका हरेक निर्णायक आन्दोलनहरूमा जनताले भरपुर साथ दिँदै आएका छन् र त्यसैकारणले २००७ र ०४६ का जस्ता महत्त्वपूर्ण आन्दोलनहरू सफल र दूरगामी महत्त्वका उपलब्धिहरू पनि भएका छन् ।

(ख) तर, ती हरेक सफल आन्दोलनपछि समयक्रममा ती आन्दोलनका मूल उपलब्धिहरू खोसिएका पनि छन् । उपलब्धि जोगाउन नसकेकोमा दलहरूप्रति जनताको कडा आलोचना पनि छ ।

(ग) जनता फेरि पनि दलहरूको आह्वानमा आन्दोलनमा होमिन तयार छन्, हुन्छन् । किनभने दलहरूले उपलब्धिको रक्षा गर्न नसक्ने कमजोरी देखाएका भए पनि जनताका अधिकार खोस्ने अपराध गरेका होइनन् भन्ने कुरा जनतालाई राम्ररी थाहा छ । जनता दलहरूका साथमा छैनन्, हुँदैनन् भन्ने भ्रम कतै परेको भए वा पर्छ भने त्यो नितान्त भ्रम मात्रै हो ।

(घ) तर, जनता अबको आन्दोलनबाट प्राप्त उपलब्धिहरू नखोसिऊन् वा खोस्न नसक्ने अवस्थाको सिर्जना गरिने कुराको ग्यारेण्टी होस् भन्ने चाहन्छन् ।

(ङ) जनता अबको आन्दोलनलाई प्रजातन्त्रको पुनःस्थापनाजस्तो राजनीतिक परिवर्तनमा मात्र सीमित राख्न चाहँदैनन् अथवा यसलाई अझ अगाडि बढाएर शान्ति स्थापनासम्मको राजनीतिक परिवर्तनको दायरामा सीमित राख्न चाँहदैनन् । बरु त्यस राजनीतिक परिवर्तनसँगै आर्थिक पछौटेपन र सामाजिक भेदभाव एवम् असमानता समेत समाप्त पार्ने व्यापक प्रजातन्त्र वा समानतायुक्त, सहभागितामूलक एवम् समावेशी प्रजातन्त्रसम्म अघि बढाइनुपर्छ भन्ने माग गरिरहेका छन् । त्यो कुरा जनताको सचेतनताको द्योतक र सामाजिक अग्रगतिका लागि सकारात्मक कुरा हो ।

(च) चालू संयुक्त जनआन्दोलनबाट जनताले छोटकरीमा भन्नुपर्दा फेरि गुम्न नसक्ने सुदृढ प्रजातन्त्र, खल्बलिन नसक्ने दिगो शान्ति, अपहृत हुन नसक्ने स्वतन्त्रताका हक र मानवअधिकार तथा सामाजिक द्वन्द्वहरूसमेतको समुचित व्यवस्थापन एवम् सिङ्गो राष्ट्रको अग्रगतिको ढोका खोल्ने निष्कर्ष खोजेका छन् । अरू प्रक्रियागत प्रश्नहरू यी माग र चाहनाहरूअन्तर्गतका विषयहरू हुन् ।

**४. निष्कर्ष**

अहिले हामी राजसंस्थाले संवैधानिक भएर रहन अस्वीकार गर्दै संविधान कुल्चिएर प्रजातन्त्रका विरुद्ध आक्रमण गर्ने, राजनीतिक दलहरूलाई नजरन्दाज र बदनाम गर्ने, जनताका स्वतन्त्रताका हकहरू खोस्ने र आफैं सक्रिय र शासकको रूपमा प्रस्तुत हुने काम गरिरहेको माघ १९, ०६१ पछिको गम्भीर अवस्थाबाट गुज्रिरहेका छौं । १० वर्षदेखिको माओवादी हिंसा कायम रहेको र राज्यको तर्फबाट समेत शान्ति प्रक्रिया अस्वीकार गरेर अझ जटिल बनेको अवस्था र यी कुराहरूले समाजका सबै पक्ष र क्रियाकलापहरूलाई नराम्ररी प्रभावित गरिरहेको अवस्थामा छौं । यस्तो अवस्थामा प्रजातन्त्र र शान्तिको स्थापनाको जनआकाङ्क्षा परिपूर्तिका लागि प्रजातन्त्र प्राप्तिको सवाल प्रमुख, प्राथमिक र ज्वलन्त बनेको छ । किनभने प्रजातन्त्रबिना शान्ति स्थापना सम्भव छैन ।

प्रजातन्त्र प्राप्तिका लागि सङ्घर्षबाहेक अर्को विकल्प छैन । यस्तो बेलामा सात पार्टीहरूले थालेको साझा एजेन्डासहितको संयुक्त जनआन्दोलन एउटा महत्त्वपूर्ण उपलब्धि र सुन्दर सम्भावनातर्फको प्रस्थानविन्दु हो । समग्रतामा प्रतिगमनलाई र जनअधिकार खोस्दै र दमन गर्दै जाने कुरालाई नेपाली जनताको हरेक हिस्साले गरिरहेको विरोध र प्रतिरोध अर्को महत्त्वपूर्ण सकारात्मक कुरा हो । अन्तर्राष्ट्रिय समुदायको खुला समर्थनले प्रजातान्त्रिक आन्दोलनलाई अझ बल पुऱ्याएको छ । यी कुराहरूले प्रजातन्त्रको विजयको दिन टाढा छैन भन्ने स्पष्ट गर्दछन् । यस्तो बेलामा राज्य र माओवादीहरूको तर्फबाट दलहरूलाई बदनाम गर्न लगाउने गरिएका अलोकप्रियता र अयोग्यताका निराधार आरोपहरूमा नअल्झी दलहरू सक्रियतापूर्वक जनताका बीचमा जाने र दृढतापूर्वक आन्दोलन अघि बढाउने काम गर्नुपर्दछ । ऐतिहासिक भूमिका र पटक-पटकका लोकप्रिय जनमतबाट जनसमर्थनको पुष्टि पाएका प्रजातान्त्रिक आन्दोलनका नायक दलहरूले जनताको अभिमतलाई कुल्चिएर बन्दुकको बलको आधारमा उछालिएका त्यस्ता निराधार कुप्रचारको अलमलमा पर्नु आवश्यक हुँदैहुन्न । जनताको अभिमतको स्पष्ट पृष्ठपोषणबिना कसैले पनि त्यस्ता आरोपहरू ओकल्ने हैसियत राख्तैन भन्ने तथ्यलाई बिर्सनु हुन्न । र, अबको आन्दोलनलाई बिसाउने र टुङ्ग्याउने हतारो होइन, सही निष्कर्षमा पुऱ्याउने दृढताका साथ अघि बढाइनु पर्दछ । आन्दोलनका उद्देश्यमा सहमत सबैलाई एकताबद्ध पार्दै, सङ्घर्षमा सामेल गर्दै व्यापक जनआन्दोलनको सृष्टि गर्नुपर्दछ, जसले यी तमाम जटिल समस्याहरू समाधानको ढोका खोल्नेछ ।

*(जननेता मदन भण्डारीको ५४ औं जन्मजयन्तीको सन्दर्भमा मदन भण्डारी फाउन्डेसन तथा मदन भण्डारी प्रतिष्ठान, उर्लाबारीद्वारा १४ असार, २०६२ मा आयोजित 'चालू संयुक्त जनआन्दोलन र यसबाट गरिएका अपेक्षाहरू' विषयक विचारगोष्ठीमा केपी ओलीद्वारा प्रस्तुत आधारपत्र)*

# संविधान कार्यान्वयनका चौध वर्ष र मदन भण्डारीका विचारहरू

*यो कार्यक्रम अगाडि बढाउँदै आजको कार्यक्रम कस्तो छ भन्ने कुरा म यहाँहरूलाई निवेदन गर्न चाहन्छु । यो कार्यक्रम मदन भण्डारी फाउन्डेसनद्वारा पन्ध्रौं संविधान दिवसका सन्दर्भमा आयोजना गरिएको हो । त्यसैले हामीले यो कार्यक्रमको विषय 'संविधान कार्यन्वयनका चौध वर्ष र मदन भण्डारीका विचारहरू' राखेका छौं । नेपालको संविधान २०४७ लागू भएको बखत र त्यसयता कस्ता खालका प्रश्नहरू उठेका छन् ? अहिले उठेका प्रश्नहरू नयाँ अविष्कार हुन् कि संविधान जारी गरिएका बखत नै ती प्रश्नहरू उठेका थिए ? तिनलाई सार्थक बनाउनका लागि राजनीतिक नेतृत्वले प्रयास गर्नुपर्थ्यो । मदन भण्डारीले राखेका आलोचना वा सुझावलाई कसरी ग्रहण गरियो ? ती सुझावहरू अहिले कति सान्दर्भिक छन् ? यसै विषयमा छलफल गर्नका लागि पन्ध्रौं संविधान दिवसको सन्दर्भमा यो कार्यक्रम गर्न लागिएको हो ।*

*आज संविधान करिब निष्प्रभावी भइसकेको छ र संविधानको त्यान्द्रो समातेर शासन सञ्चालन गर्ने प्रयास सत्ता पक्षवाट भइराखेको छ । कानुन बनाएर त्यसैलाई संविधानको अनुभूत दिलाउने कोसिस भइराखेको छ । संविधानमाथि चारैतिरबाट आक्रमण भइराखेको छ । यसलाई अस्वीकार गर्दै आफ्नै ढङ्गको परिभाषा र आफ्नै ढङ्गको, कानुनको परिपालना गराउने कोसिस भइराखेको छ । हाम्रो देशमा भएका राजनीतिक दलहरूको विचार यहाँ अविव्यक्त हुन सकोस् भन्ने हिसावले हामीले यो कार्यक्रमको आयोजना गरेका छौं । हामीले वक्ताहरू पनि त्यसरी राखेका छौं । 'मदन भण्डारी फाउन्डेसन' को निमन्त्रणालाई स्वीकार गरी उपस्थित हुनुभएका सम्पूर्ण आदरणीय व्याक्तित्वहरूलाई म विद्या भण्डारी फाउन्डेसनका तर्फबाट हार्दिक स्वागत गर्दछु । र, पन्ध्रौं संविधान दिवसको सन्दर्भमा शुभकामना पनि व्यक्त गर्न चाहन्छु- हाम्रो देशमा संविधान र कानुनको उल्लङ्घन रोकियोस् ।*

**– विद्यादेवी भण्डारी, अध्यक्ष मदन भण्डारी फाउन्डेसन**

# संशोधन प्रस्ताव किन आएन ?

■ नरहरि आचार्य
केन्द्रीय सदस्य, नेपाली काङ्ग्रेस

आज मदन भण्डारी फाउन्डेसनको आयोजनामा भइरहेको यस कार्यक्रममा उपस्थित भएर यस अन्तरसंवादमा सहभागी हुन पाउँदा खुसी लागेको छ । यसका लागि म फाउन्डेसनलाई धन्यवाद दिन चाहन्छु ।

वास्तवमा संविधान कार्यान्वयनका चौध बर्षका बारेमा हामी सबै भुक्तभोगी छौं । संविधान कसरी कार्यान्वयन भयो र कुन अवस्थामा आइपुगेको छ भन्ने बारेमा मूल्याङ्कन भइरहेको विषय हो । त्यसमा केही मात्रात्मक भिन्नता हुन सक्छ । विभिन्न ढङ्गवाट यसलाई हेर्न खोज्दा, बुझ्दा र छान्दा मान्छेहरूको अनुभव केही भिन्नै पनि हुन सक्छ । तर पनि,

> संविधान कसरी कार्यान्वयन भयो र कुन अवस्थामा आइपुगेको छ भन्ने बारेमा मूल्याङ्कन भइरहेको विषय हो। त्यसमा केही मात्रात्मक भिन्नता हुन सक्छ। विभिन्न ढङ्गवाट यसलाई हेर्न खोज्दा, बुझ्दा र छान्दा मान्छेहरूको अनुभव केही भिन्नै पनि हुन सक्छ।

मोटामोटी रूपमा यो संविधान गम्भीर सङ्कटमा आइपुगेको छ र यसलाई यसबाट उतार्न खोज्दा यो सबुत उत्रिन्छ कि उत्रिँदैन भन्ने कुरा बडो विवेचनाको विषय बनेको छ । त्यसैले भिन्नाभिन्नै रूपमा यसलाई हेर्न खोज्नेहरूबीच पनि यो गम्भीर सङ्कटमा पऱ्यो भन्ने कुरामा मतभेद छैन होला । यो किन सङ्कटमा पऱ्यो भन्ने कुरा बुझ्नका लागि यसको निर्माणको पृष्ठभूमि बुझ्नेहरूका लागि त्यसले केही सुत्रहरू दिन्छ । आफैं सक्रिय भएर निर्माण गरेको संविधान किन सङ्कटमा पऱ्यो ?

आदरणीय दमन ढुङ्गाना यहीं मञ्चमा हुनुहुन्छ । संविधान निर्माण हुँदा पहिला संविधान सुधार सुझाव

आयोग बन्यो । तर, यो मान्य भएन । नेपाली काङ्ग्रेसले नै मानेन, वाममोर्चाले मानेन र त्यसमै संलग्न रहेका व्यक्तित्वहरूले पनि त्यस किसिमले काम गर्न कठिनाइ हुन्छ भनेर असहमति र अस्वीकृति जनाउनुभयो । त्यस परिस्थितिमा फेरि दोस्रो पटक आयोग बनेको थियो, जसलाई 'सुधार' शब्द हटाएर संविधान सुझाव आयोग बनाइयो । त्यसपछि बल्ल त्यसबेलाको अन्तरिम सरकारले आफ्ना तर्फबाट नामहरू प्रस्तावित गर्‍यो र नयाँ स्वरूपबाट आयोग बनेको थियो । आयोग बनेपछिका पनि कठिनाइहरू छन्, मस्यौदा तयार भइसकेपछिका कठिनाइहरू छन् र हुँदा-हुँदा घोषणा हुने दिनसम्म पनि यसले यथावत् रूपले गर्न पाएन । त्यसबेलामा चर्चा भए अनुसार र निर्माताहरूले भने अनुसार यसको प्रस्तावना नै पढेर संविधान घोषणा गर्ने समझदारी भए पनि त्यसको उल्लङ्घन भयो र संविधान क्रियान्वयनको उलङ्घन गर्ने परम्परा प्रारम्भ भयो । ०४६ कात्तिक २३ गते विहान ११ नबज्दै संविधानको घोषणासँगसँगै त्यसको उल्लङ्घन गर्ने प्रक्रिया प्रारम्भ भयो । प्रस्तावनालाई पढ्न किन मानिएन भने त्यसले एउटा व्यहोरा भनेको थियो । यद्यपि, त्यसमा केही अस्पस्टताहरू थिए । आयोगले नै प्रस्तावित गरेका प्रस्थावनामा केही संशोधन पनि गरिएको थियो । जुन प्रस्तावना प्रस्तुत गरियो, त्यही प्रस्तावनालाई अन्तिम बनाउन सकिएको थियो । तर, त्यही परिवर्तित र समझदारी गरिएकै व्यहोरा पनि पढ्न मानिएन ।

लामो सङ्घर्षको पृष्ठभूमिमा समझदारीबाट मुलुक अगाडि बढाउनुपर्छ मान्यतालाई अगाडि बढाइसकेको परिप्रेक्ष्यमा यसलाई विकसित गर्न सकिन्छ भन्ने

> मदन भण्डारीको विचार यस विषयमा हामीले जोडेका छौं। मलाई लाग्छ- त्यहींनेर आएर उहाँका विचारको महत्त्व र उहाँको दृष्टिकोणको गाम्भीर्यलाई बुझ्न सकिन्छ । किन भने आयोगले प्रस्तुत गरेको संविधान यथावत् आउने परिस्थितिमा ती विचारहरूलाई स्थगित गरिएको थियो।

आत्मविश्वासका साथ ती कुराहरूलाई सम्भवतः स्वीकार गरिएको थियो, सहिएको थियो । मदन भण्डारीको विचार यस विषयमा हामीले जोडेका छौं । मलाई लाग्छ- त्यहींनेर आएर उहाँका विचारको महत्त्व र उहाँको दृष्टिकोणको गाम्भीर्यलाई बुझ्न सकिन्छ । किन भने आयोगले प्रस्तुत गरेको संविधान यथावत् आउने परिस्थितिमा ती विचारहरूलाई स्थगित गरिएको थियो । तर, आयोगले प्रस्तुत गरेको संविधान यथावत् नआउँदा वा नआउने परिप्रेक्ष्य सार्वजनिक भइसकेपछि त्यसमा केही विचारहरू भनेर मदन भण्डारीले २७ बुँदा अगाडि सार्नुभएको थियो । हुन त पछिल्लो चरणमा त्यो नेकपा (एमाले) को विचार हो कि मदन भण्डारीको विचार हो भन्नेबारेमा विवाद पनि भएको छ । उसो त उहाँ त्यसबेला सार्वजनिक रूपमा तत्कालीन नेकपा (माले) को प्रवक्ता हुनुहुन्थ्यो । पार्टीको प्रवक्ताको हैसियतले ती कुरालाई अगाडि सारेको हुनाले तत्कालीन मालेको विचारका रूपमा यसलाई बुझ्न सकिन्छ । तर, त्यसभन्दा पछाडि ती विचारलाई लिएर नेकपा (एमाले) ले पार्टीगत रूपमा अहिलेसम्म छलफल, चर्चा र बहस गरेको मलाई थाहा छैन । मेरो जानकारीमा नरहेर त्यस्तो भएको हुन सक्छ । तर, सार्वजनिक रूपले त्यस किसिमबाट बहस भएको मलाई जानकारी छैन । आज हामीले मदन भण्डारीको विचारका सन्दर्भमा संविधान कार्यान्वयनका चौध वर्षलाई हेर्न खोजिरहेका छौं ।

मैले अघि नै घोषणा गर्दाको प्रसङ्ग यो कार्यान्वयनको कठिनाइ कहाँबाट प्रारम्भ भयो भन्ने कुरालाई सङ्केत गर्नका लागि उल्लेख गरेको हुँ । स्वाभाविक रूपमा कार्यान्वयनमा अरू पक्षहरू राजनीतिक दलहरू, निर्वाचित संसद् र त्यस संसद्ले निर्माण गरेको सरकारका आफ्ना कमजोरीहरू पनि प्रशस्त मात्रामा रहेका छन् । जुन विन्दुबाट संविधान निर्माण भएको थियो, त्यसबाट विकसित गराउन सकिन्छ भन्ने एउटा सम्भावना र आत्मविश्वास प्ररम्भमा प्रकट गरिएको थियो । ती कुरालाई कात्तिक २३ गते पछि सम्झनामा राखिएन । एक प्रकारले के भनियो भन्देखिन हामीले सम्पूर्ण काम गर्‍यौं भन्ने मानसिकता त्यसबेलामा बोकियो । यसले गर्दा संसद् निर्वाचित भइसकेपछि संसोधन, परिमार्जन र विकास गर्ने प्रयत्नका निमित्त कुनै गहकिलो प्रस्ताव संसद्मा आएन । त्यसवेला नेपाली काङ्ग्रेस बहुमतमा भएका कारणले सरकारका तर्फबाट कुनै संसोधन प्रस्ताव आएन, जुन हामी सबैलाई थाहा छ । तर, सँगसँगै नेकपा (एमाले) का तर्फबाट पनि कुनै संसोधनको प्रस्ताव आएन । केवल एउटा प्रताव आयो, त्यो पनि राष्ट्रियसभामा भिक्षु अश्वघोषले ल्याउनुभयो, जसलाई एमालेले आफ्नो सदस्यभन्दा पनि अल्पसङ्ख्यक धार्मिक समुदायको प्रतिनिधिका रूपमा प्रतिनिधित्व गराइएको भनिरहेको थियो । त्यसबाहेक गम्भीर ढङ्गले नेकपा (एमाले) ले पनि प्रतिनिधिसभामा प्रस्ताव राखेन । त्यसले गर्दा यी जुन २७ बुँदा छन्, तिनलाई एमालेले राम्ररी बोक्न

सकेन । मलाई लाग्छ, २७ बुँदा उहाँकै मात्रै बुँदा रहेछन् कि भन्ने लाग्छ । किनभने, पछिल्लो पटक जब एमालेले संविधान संशोधन गरी अग्रगामी ढङ्गले अगाडि बढ्ने भनेर २२ बुँदे प्रस्ताव ल्यायो, त्यसमा २७ बुँदा कतै पनि प्रतिबिम्बित हुँदैनन् ।

नेकपा (एमाले) ले संविधान घोषणा हुँदा आलोचनात्मक समर्थन भन्ने शब्दको प्रयोग गरेको थियो । त्यसलाई विभिन्न ढङ्गवाट व्याख्या गर्ने प्रयत्न गरियो । मदन भण्डारीले प्रस्तुत गरेका विचारकै परिप्रेक्ष्यमा त्यसलाई 'आलोचनात्मक समर्थन' भनिएको थियो । 'केही आलोचनाका बुँदाहरू पनि छन् । तर, हामी यस संविधानलाई समर्थन गर्छौं' भन्ने आसयमै सम्भवत: आलोचनात्मक समर्थन भनिएको थियो । त्यस शब्दावलीलाई लिएर पनि विवाद नभएको होइन । विवादको एउटा कारण हुन सक्छ- नेकपा (एमाले) कम्युनिस्ट पार्टीका रूपमा प्रस्तुत भएको थियो । कम्युनिस्ट सिद्धान्तको जुन वैचारिक र दार्शनिक पृष्ठभूमि छ र जुन किसिमका अभ्यास अरू मुलुकमा, खासगरी सोभियत सङ्घ र चीनमा भएको छ, त्यस परिप्रेक्ष्यमा एकदलीय अभ्यासमा रहेका कारणले उसको प्रजातान्त्रिक प्रतिवद्धतामाथि प्रश्न उठाएको थियो । सम्भवत: त्यस परिप्रेक्ष्यमा आलोचनात्मक समर्थन प्रतिवद्धतामाथिको एउटा कसीका रूपमा त्यसलाई हेर्न खोजिएको थियो । कतिपयले त्यसरी पनि व्याख्या गरेका थिए । सम्भवत: मदन भण्डारीले त्यसलाई बेग्लै किसिमले व्याख्या र प्रस्ट्याउने प्रयत्न गर्नुभएको थियो कि संविधान हामीले एउटा सन्दर्भमा निर्माण गर्‍यौं यो संविधान न महाराजधिराजको इच्छा अनुसार बनेको छ न त हामीले अगाडि बढाएका विचार अनुसार नै ।

सबै विचारलाई एक ठाउँमा लिएर आउने प्रयत्न र समझदारीको दस्तावेज

पहिला नै यति कुराहरु ल्याइसकेको पार्टीले ती कुरालाई त्यही हिसावमा अगाडि बढ्न सकेनन्। उहाँको अनुपस्थिति र अभाव भइसकेपछि ती कुराहरुलाई त्यसरी अगाडि बढाइएन। स्वाभाविक रुपमा ती विचारहरु पछिल्लो चरणमा देखिएनन्।

बनाउने प्रयत्नमा यो बनेको छ । त्यसैले सबैका आफ्ना ढङ्गका आलोचना हुन सक्लान् । त्यसैले यसलाई आलोचना पनि छ र समर्थन पनि छ भन्न खोजिएको हो । तर, त्यो व्याख्याभन्दा जुन विचार र दर्शनका पृष्ठभूमिमा उहाँहरूको पार्टी बनेको थियो, त्यस आधारमा यसलाई हेर्न खोजियो । र, त्यस शब्दमाथि विवाद पनि भएको छ- नेकपा (एमाले) ले 'आलोचनात्मक समर्थन' किन भन्यो ? पहिला नै यति कुराहरू ल्याइसकेको पार्टीले ती कुरालाई त्यही हिसावमा अगाडि बढ्न सकेनन् । उहाँको अनुपस्थिति र अभाव भइसकेपछि ती कुराहरूलाई त्यसरी अगाडि बढाइएन । स्वाभाविक रूपमा ती विचारहरू पछिल्लो चरणमा देखिएनन् । समस्या के हो भने अप्ठ्यारोमा परेका सबै बुँदा, लागू हुन नसकेका वा मुख्य भावभन्दा बाहिर गएर अगाडि बढ्न खोजेका कुराहरूलाई संशोधन गर्न त्यसबेलामा नेपाली काङ्ग्रेस र नेकपा (एमाले) का बीचमा समझदारी हुन नसक्नु सम्भवत: यो संविधान विकास हुन सक्ने सम्भावनाको एउटा नराम्रो दुखान्त वा दुर्घटना हो भन्ने मलाई लाग्छ । काङ्ग्रेस र एमाले गरेर दुई तिहाई बहुमत हुँदाहुँदै पनि त्यसमा सही ढङ्गबाट प्रयत्नहरू भएनन्, जसले गर्दा त्यो काम हुन सकेन । हिजो संविधान संसोधन गर्न हुँदै हुँदैन भन्ने मान्छेहरू आज संशोधन गरेर भए पनि यसलाई जोगाउनुपर्छ भन्नेमा आइपुगेका छन् । तर, अब संशोधन गरेर यसलाई जोगाउन सकिन्छ कि सकिँदैन ? अब यसलाई क्रियान्वयन गर्ने वा अगाडि बढाउन सकिन्छ कि सकिन्न भन्ने कुराको खोजी गर्नु जरुरी छ । अहिले यो अत्यन्त कठिनाइमा पुगिसकेको छ ।

मैले बारम्बार भन्ने गरेको छु- असोज १८ गते राजनीतिक रूपमा यो संविधानको मृत्यु भएको छ । कानुनी रूपमा यो अझै जीवित छ । तर, राजनीतिक रूपमा यसको मृत्यु भइसकेको छ । यी सबै कुराहरूलाई हामीले इमानदारीपूर्वक विश्लेषण गर्न सक्यौं भने मात्र हामीले कार्यान्वयनका कठिनाइहरू किन आए भन्ने कुरा बुझ्न सक्छौं । सँगसँगै मदन भण्डारीका विचारहरू उहाँको आफ्नै पार्टीमा उपेक्षित भयो । किन त्यसलाई पुनरावलोकन गरिएन ? किन २७ बुँदाको गम्भीरतापूर्वक अवलोकन भएन नेकपा (एमाले) भित्र ? यी कुराहरूतर्फ ध्यान दिइयो भने मात्र छलफल गर्न सजिलो हुन्छ भन्ने मलाई लाग्छ ।

आज मदन भण्डारी फाउन्डेसनले संविधान यो अवस्थामा आइपुगिसकेपछि पनि यस विषयलाई अगाडि बढाएर आगमी दिनमा संविधान निर्माण गर्दा हामीले समात्नुपर्ने बाटोका लागि एउटा आधार तयार गर्न यस्तो बहस र छलफल गर्न उत्प्रेरित गरेको छ ।

*(मदन भण्डारीको ५४ औं जयन्तीका अवसरमा आयोजित 'संविधान कार्यन्वयनका चौध वर्ष र मदन भण्डारीका विचारहरू' विषयक कार्यक्रममा प्रस्तुत विचार)*

# सङ्कट र अवसर साथसाथ छन्

■ **स्वनाम**

**प्रवक्ता, नेकपा (एकताकेन्द्र-मसाल)**

आज हामी २०४६ सालको आन्दोलनले उपलब्ध गराएको संविधानमा के कुराले चलिरहन बाधा भयो भन्ने विषयमा सल्लाह गर्न बसेका छौं । आजको दिन चाहिँ हाम्रा लागि यो सल्लाह धेरै महत्त्वपूर्ण घडी हो । हामी जहाँ उभिभएका छौं, जुन स्थितिमा उभिएका छौं, जुन परिस्थिति हाम्रो सम्मुख छ, बहुतै उचित बेलामा यो कार्यक्रम भएको छ । त्यति मात्रैमा हामी आफ्नो सल्लाह सीमित गरौं कि त्यसभन्दा बाहिरको फेरोमा पनि जान आवश्यक छ भन्ने बिषय मनन गर्नु योग्य नै हुने जस्तो लाग्छ । मभन्दा अगाडि बोल्नुहुने वक्ताहरूका मूल कुराहरूसँग म सहमतै छु ।

नेपालका जननेता कमरेड मदन भण्डारीज्यूले संविधान निस्किसकेपछि प्रस्तुत गर्नुभएको आलोचनात्मक समर्थनका बुँदालाई हामी कसैले इन्कार गर्नुपर्ने जरुरी छैन । त्यो एउटा सम्झौताको दस्तावेज थियो । समय अहिले यहाँ आइपुगेको छ । त्यसलाई कार्यन्वयन हुन नदिनमा को दोषी भयो भन्दा मेरो एउटा अनुरोध छ : अरूलाई औला ठड्याएर देखाउँछौं- 'तँ फलानो' भन्दा तीनवटा औँला त आफैंतिर फर्केका हुन्छन् । हामी आफू कति जिम्मेवार रह्यौं ? म अहिले जुन पार्टीमा छु, त्यो पार्टीको एउटा घटकले 'कालो संविधान' भनेर जलाएको थियो । अहिलेको नेकपा (माओवादी) समेत त्यतिखेर हामीसँगै थियो । 'यो एक कदम अगाडिको संविधान हो' भनिएको थियो । त्यसको अर्थ आलोचनात्मक समर्थन नै हो । किनभने, यो पञ्चायती संविधानभन्दा राम्रो संविधान हो । त्यसैले हामीले आफूलाई फर्केर हेर्न बहुत जरुरी भयो । आजको घडीमा नेपाली जनताको अदालतमा हामी सबै उभिएका छौं र जनताको अदालतप्रति जवाफ दिनुपर्ने भएको छ । संविधान राम्रो हुँदामा केही पनि हुँदैन । धेरै राम्रो संविधानहरू बन्न सक्छन् । तर, त्यसलाई कार्यान्वयन गर्ने मान्छेको भूमिका के रहन्छ भन्ने कुरा धेरै महत्त्वपूर्ण हुन जान्छ । विगतका हाम्रा गतिविधिहरू जे रहे, चाहे हामी सत्तामा गएका हौं, चाहे सत्ताहीन भएका हौं, नेपाली जनताले हाम्रा गतिविधिलाई त्यति खुसीराजीले माया गरेको पाइँदैन । हामी सबैका आन्दोलनहरू, चाहे कसैलाई प्रतिगमनका खेताला भनौं, चाहे अनिर्णयका बन्दी भनौं, सबै सत्तामा गएका हुन् वा अहिले सत्ताविहीन भएका हुन्, सबैलाई जनताले राम्रो आँखाले हेरेको देखिँदैन । हाम्रा कार्यकर्ताहरू हुनुहुन्छ, त्यो बहुत ठूलो बल हो, ठूलो ताकत हो । तै पनि, आमजनताको धेरै ठूलो दोष के रह्यो भने हामी जनमुखी भएनौं, सत्तामुखी भयौं । यसभन्दा ठूलो विराम केही पनि थिएन ।

असोज १८ गतेको घटनाका लागि त धन्यवाद दिनुपर्छ । किनभने, जुन २७ बुँदामा मदन भण्डारीले उठाउनुभएको थियो, यस्तो हुन्छ भन्ने त त्यही बेला नै थाहा थियो । यो देशमा यथार्थ रूपमा जनता सार्वभौम भइसकेका छैनन् भन्ने कुरा प्रमाणित भएको छ । थ्याङ्क यु, ज्ञानेन्द्र सरकार धन्यवाद छ ! तपाईंले प्रमाण दिनुभयो । हामी अब सचेत हुनेछौं । अब के गर्ने भन्ने हामी सोच्न सक्छौं । ००७ सालदेखि नै जनताले प्रजातन्त्रको आवाज उठाएका थिए । हाम्रो सङ्घर्ष अपूर्ण छ । क्रमशः हामीले केही-केही हासिल गर्दै गएका छौं । आजको यो क्षण, यो अवधि र सिङ्गो दिनमा नेपाल कोल्टो फेर्ने चरणमा गएको छ । हामी एउटा क्रान्तिमा छौं । कृपया नडराउनुहोला, मैले कुनै समाजवादी क्रान्तिको कुरा गरेको छैन, नयाँ जनवादी क्रान्तिको कुरा गरेको छैन । ००७ सालमा जनताले उठाएको जुन प्रजातन्त्रको क्रान्ति छ, त्यो अपूर्ण छ । त्यही क्रान्तिलाई पूर्णता दिने चरणमा अहिले हामी छौं वा छैनौं ? तपाईं कसरी हल गर्नुहुन्छ मामिला ? यो संविधानलाई क्रियाशील बनाउन चुनाव हुनुपर्‍यो । त्यसको वातावरण छैन । जब प्रतिनिधिसभा क्रियाशील हुँदैन, तब संविधान संशोधन गर्ने उपाय पनि छैन, कुनै बाटो पनि छैन । पूर्ववक्ताले नै भनिसक्नुभयो- हामीले यसको पहलकदमी पनि गरेनौं ।

हाम्रा समस्या अब ठूला भइरहेका छन् । महिलाहरूले दावी गर्न थाल्नुभएको छ- संसद्मा आधा महिला किन नहुने ? के नेपालमा एक जना महिला पनि छैनन्, जसले नेपालको नियम बनाउन सक्छन् ? संसद्मा आधा महिला, गाविसमा आधा महिला किन नहुने ? जनजातिहरूले आवाज उठाइरहेका छन्- समानुपातिक प्रतिनिधित्व किन नहुने ? उनीहरूले जातीय स्वायत्तताको कुरा उठाइरहेका छन् । तपाईं-हामीले ख्याल राखेनौं भने यी कुराहरू भोलि ठूलो भएर आउँछन् । माओवादी समस्या ठूलो भएर आयो । हामी अलि दूरदृष्टियुक्त पनि हुनुपर्छ कि भन्ने नेपाली जनताको माग हो । मदन भण्डारीले बहुत राम्रोसँग अगाडि नै इङ्गित गर्नुभएको थियो । अब हामीसँग अर्को व्यवस्था छैन, अर्को तरिका छैन । चुनाव भइदिएको भए हामी संविधान संशोधन गर्न सक्थ्यौं, यो संविधानलाई पुनःजीवन दिन सक्थ्यौं । स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित वातावरणमा चुनाव हुन सक्ने देखिँदैन । त्यसैले हामीले अर्को विकल्प सोच्नुपर्ने देखिन्छ । नत्र भने यसलाई क्रियाशील बनाउन हामीसँग के आधार छ ? दुई

वर्ष भइसक्यो प्रतिनिधिसभा छैन, स्थानीय निकायहरू छैनन् । त्यसैले गम्भीर विषय भएको छ र यसलाई गम्भीरतापूर्वक सबैले लिनुपर्ने हुन्छ । मलाई दुःख के कुरामा लाग्छ भने हामी प्रजातन्त्रवादी त भयौं तर धेरै प्रजातान्त्रिक चाहिँ हुन सकेनौं । ११-१२ वर्ष सत्तामा बस्दा हामी श्री ३ जङ्गबहादुरभन्दा कम भएजस्तो लागेन । एउटा बाधक त्यो पनि हो । जनतालाई सार्वभौमसत्तासम्पन्न मानेका छौं । कागजमा त्यो ठूलो उपलब्धि हो भन्नेछ । तर, यथार्थ त्यस्तो छैन । राष्ट्रिय तहका मुख्य कुराहरूमा जनताले फैसला गर्न पाउने कि नपाउने ? यहाँको सांसदहरूले दुई तिहाई मतले नेपाललाई भारतमा मिलाउनुपर्छ भनेमा त्यो लागू हुने कि नहुने ? भलै सांसदहरू त्यस्ता हुनुहुन्छ भन्ने मेरो भनाइ होइन र उहाँहरूले त्यसो गर्नुहोला भन्ने म आशा पनि राख्दिनँ । तर, मुख्य कुरा नेपाली जनताले फैसला गर्न पाउने कि नपाउने भन्ने नै हो । राजालाई कति अधिकार दिने वा नदिने ? त्यो नेपाली जनताले फैसला गर्न पाउने कि नपाउने ?

०४६ सालको आन्दोलनको कार्यन्वयनका क्रममा लेखिएको संविधानमा अपरिवर्तनीय धारा राखिएको छ । हो, सार्वभौमसत्ता अपरिवर्तनीय हुन सक्छ । त्यसबाहेक अपरिवर्तनीय भन्ने कुरा केही हुन सक्छ ? जो सार्वभौम छ, उसको खुसीको कुरा हो । त्यसलाई बदल्न पाइने कि नपाइने ? हिजो मञ्जुर भयो । किनभने, त्यतिबेला हाम्रो बुता पनि कमै थियो । अहिले हामी धेरै सवल स्थितिमा छौं । महिला, दलित र जनजातिहरूले आवाज उठाइरहेका छन् । जनता पहिलेभन्दा वलिया भएका छन् । अब पुरानै कुरा मान्न गाह्रो छ । जनता सार्वभौम हुन् भने जनताले बदल्न पाउनुपर्छ, फेर्न पाउनुपर्छ । उनीहरूलाई ठीक लागेका कुरा गर्न पाउनुपर्छ र अरूले त्यसलाई स्वीकार्नुपर्छ । जनताभन्दा माथि कोही पनि छैनन् ।

हामी बहुत सङ्कटको स्थितिमा छौं । तर, एउटा मजाको कुरो सङ्कट भनेको अवसर पनि हो । हामीसँग सुन्दर, नयाँ र आधुनिक नेपाल बनाउने राम्रो अवसर छ । राजनीतिक दल, हामी सबै कार्यकर्ता र जनता मिलेर यो अवसर उपयोग गर्न सक्छौं भने मलाई लाग्छ । जननेता मदन भन्डारीको उन्नत विचारलाई हामीले धेरै रूपमा, धेरै ठाउँमा र धेरै किसिमले सिर्जनात्मक प्रयोग गर्न सक्छौं । सुकुम्बासीका घरमा वार्षिक १० हजारको बचत गराउन सक्छौं । नेपाललाई धेरै राम्रो बनाउन सक्छौं । स्वनामका सानातिना कुरा सुनिदिनुभएकोमा बहुत धन्यवाद !

*(मदन भण्डारीको ५४ औं जयन्तीका अवसरमा आयोजित 'संविधान कार्यन्वयनका चौध वर्ष र मदन भण्डारीका विचारहरू' विषयक कार्यक्रममा प्रस्तुत विचार)*

# सडकले तपाईंहरूलाई खोजिरहेको छ

## ■ हृदयेश त्रिपाठी

**पूर्वमन्त्री**

मदन भण्डारीज्यूको सार्वजनिक जीवन धेरै छोटो थियो तर प्रभावकारी थियो । यसमा दुईमत छैन । उहाँको संसद्को उपस्थितिका बेला विशेषतः हामीले उहाँलाई जान्ने अवसर पाएका हौं । उहाँको जीवन छोटो भए पनि निकै प्रभावकारी थियो । हामीले उहाँलाई स्पष्टवक्ता र चिन्तनशील व्यक्तित्वका रूपमा मूल्याङ्कन गरेका थियौं । मलाई लाग्छ, उहाँको सबैभन्दा ठूलो देन भनेको परम्परागत कम्युनिस्ट पार्टीलाई बहुदलीय प्रतिस्पर्धामा लैजानु नै हो । फेरि पूर्ण प्रतिबद्धताका साथ, चाल वा रणनीतिका रूपमा होइन कि एउटा लोकतान्त्रिक व्यवस्थाको अभिन्न अङ्गका रूपमा कम्युनिस्ट पार्टीले आफूलाई परिणत गर्न सक्छन्, ढाल्न सक्छन् भन्ने उदाहरण उहाँले देखाउनुभयो । यद्यपि, यात्रा माले, एमाले हुँदै धेरै लामो थियो, विभिन्न अनुभवहरू थिए । तर, मलाई लाग्छ-स्व.मदन भण्डारीको सबैभन्दा ठूलो देन परम्परागत कम्युनिस्ट पार्टीलाई चिन्तन, विचार र दर्शनले नै प्रजातान्त्रीकरण गर्न उहाँ सफल हुनुभयो । यद्यपि, २७ बुँदा उहाँको हो कि पार्टीको हो ? त्यो हामीले निरूपण गर्ने विषय होइन ।

तत्कालीन परिस्थितिमा तीन पक्ष बीचको सम्झौताका रूपमा संविधान आएको थियो । अरू पनि शक्तिको आवाज ग्रहण गरेको भए संविधान यति विकृतिपूर्ण ढङ्गले आउँदैन थियो होला । चित्रबहादुर केसीले कहिलेकाँही संसद्मा भन्नुहुन्थ्यो- 'हेर्दाहेर्दै भाउजू राँडी भइन् ।' त्यस्तै हेर्दाहेर्दै यो संविधानको असामयिक अवसान भयो । नरहरिजीसँग म के सहमत छु भने यो मृत भइसकेको संविधानलाई कसले घोषणा गर्ने भन्ने भय मात्र व्याप्त छ । घोषणा गर्नुका पछाडि पनि विभिन्न भयहरू छन् । राजाको आफ्नै भय छ, राजनीतिक दलको आफ्नै भय छ । यो शवदाहगृहमै छ तर पोस्मार्टम रिपोर्ट कार्ड पाएको छैन । त्यति मात्रै हो । सबका भयका पछाडि राजाले गर्दा नयाँ ध्रुवीकरण सुरु हुन्छ । राजालाई अरूले गैरसंवैधानिक प्रमाणित गर्लान् भन्ने डर छ । काम चाहिँ गर्ने, प्रधानमन्त्री बनाउने अनि घोषणा गर्न डराउने काम भएको छ । नत्र धारा १२७ अनुसार प्रधानमन्त्री बर्खास्त र नियुक्ति गर्ने व्यवस्था कहाँ छ ? एमाले पनि आंशिक रूपले प्रतिगमन स्वीकार गरेर गयो १२७ अनुसार । मैले भन्न खोजेको के भने नेपालका हरेक परिवर्तनहरू मात्र संवैधानिक परिवर्तन भएका छन् । शक्ति सन्तुलनका आधारमा राज्यको चरित्र र स्वरूप कहिले पनि परिवर्तन भएन । सुविधा अनुसार तत्कालीन राजनीतिक शक्ति जो हावी

भयो, उसैले आफ्नो ढङ्गको संविधान निर्माण गऱ्यो । राजा हावी भएको बेला संविधान राजाले आफैं दिएको संविधान खाइदिने विचित्रको मुलुक हो यो । राजालाई आफैंले दिएको संविधान पनि चित्त बुझ्दैन । ०१५ सालको संविधान राजा महेन्द्रलाई नै चित्त बुझेन । सबै अतृप्त आत्माजस्ता कहिले पनि तृप्त हुन नसकेको यो अवस्थामा राज्यको चरित्र र स्वरूपमा कहिले पनि परिवर्तन भएन । ०४६ सालको आन्दोलनपश्चात भएन । हामी निर्दलीयताबाट बहुदलीयतामा मात्र प्रवेश गऱ्यौं । तर, अन्य विषयमा राज्यको चरित्र त्यही रह्यो, स्वरूप त्यही रह्यो, पात्र र कलाकार मात्र फेरिए । अहिलेको अवस्थामा आउँदासम्म हामीले के देख्छौं भने मुलुकले संविधानको खोजी गर्दैछ ।

आयोगले बनाएको वा राजनीतिक शक्तिको अंशवण्डाको संविधानलाई अब जनताले पत्याउँदैनन् । अब जनताले आफ्नै निर्वाचित प्रतिनिधिद्वारा संविधान बनेको हेर्न चाहन्छन् । किनभने, सम्पूर्ण प्रयोगहरू असफल भइसके । गुड्डी हाक्ने काम छैन, आफ्नै पिठ्युमा आफूले स्यावासी दिने काम पनि छैन । राजनीतिक शक्तिहरू तीव्र ढङ्गले विभाजित छन् । यस्तो बेलामा जनतामा जानुभन्दा अर्को विकल्प रहँदैन । जनता नै अन्तिम निर्णयक हुन् । राजनीतिक भाषामा भन्ने हो भने जनार्दन हो जनता । त्यसकारण नयाँ संविधान निर्माणका लागि जनतामा जाऔं, संविधानसभा निर्माण गरौं । राजनीतिक पार्टीहरू जनताकै लागि राजनीति गर्ने हो । जनता नै राजनीतिक शक्तिका स्रोत हुन्, राजनीतिक दलहरूका लागि । राजा र राजदरवारले पनि लोकसम्मतिलाई नै शासनको आधार भन्दै आएको छ । हामीले आमूल परिवर्तन खोजिरहेका छौं । यस अवस्थामा जनताद्वारा निर्वाचित संविधानसभाद्वारा नयाँ संविधानको निर्माण गर्नुबाहेक अर्को विकल्प छैन ।

म बुद्धिजीवी मित्रहरूसँग एउटा प्रश्न बहसका लागि छोड्न चाहन्छु : सार्वभौमसत्ता जनतामा निहित भएर नपुग्नेरहेछ, राजकीय सत्ताको खोजी गर्नुपर्नेरहेछ, त्यसको निरूपरण हुनै पर्नेरहेछ । सार्वभौमसत्ता संविधानमा लेख्नेवित्तिकै जनता सार्वभौमसत्तासम्पन्न नहुँदा रहेछन् । राजकीयसत्ता जसको हातमा छ, त्यसैले खेलाइदिँदो रहेछ । त्यसकारण राजकीय सत्ता पनि जनतामा स्थापित नभएसम्म नेपालको लोकतान्त्रिक भविष्य सधैं अन्धकारमै रहने हाम्रो निष्कर्ष छ ।

अहिलेको सन्दर्भमा मलाई एउटा कुरा आश्चर्य लागेको छ । संसद्मा आतङ्ककारी विद्येयक आउँदा एमाले प्रतिपक्षमा थियो । काङ्ग्रेसले ९० दिन नजरबन्दमा राख्ने भनेर मस्यौदा ल्याएको थियो । प्रतिपक्षवाट ६० दिन नै पर्याप्त हुन्छ अझ १५ दिन भए पुग्छ, यसलाई घटाउनुपर्छ भनेर ठूलो कसरत भयो समितिमा पनि, सदनमा पनि । १५ दिन पर्याप्त हुन्छ भनेर एमालेका कतिपय नेताहरूले बोलेको रेकर्ड अहिले पनि संसद् सचिवालयमा मौजुद होला । तर, आश्चर्यजनक ढङ्गले अहिले एक वर्ष नजरबन्द गर्ने अध्यादेश आएको छ ।

सबैभन्दा अप्ठ्यारो र दुःख के लाग्यो भने एमाले सरकारमा छ । एमालेले कसरी स्वीकार गऱ्यो ? राजदरवार खर्चकै बिषयमा सवभन्दा बढी भाषण दिने भरतमोहन अधिकारी हो । उहाँलाई हामीले प्रतिपक्षको अर्थमन्त्री नै मानेका थियौं । सुरुदेखि अर्थसम्बन्धी उहाँकै विश्लेषणलाई अन्तिम निष्कर्षका रूपमा सबै प्रतिपक्षीहरूले हेर्थ्यौं । अनि सत्तामा गइसकेपछि उहाँले नै दरबारको खर्च बढाइदिनुभयो । विद्याजी, केपीजी यहीं हुनुहुन्छ- आजैका मितिदेखि सरकारबाट फर्कनुहोस् । अरू कुनै धन्दा बाँकी छ भने मेरो भन्नु केही पनि छैन । तपाईंहरूको पार्टीमा आन्तरिक कुरा केही छ भने बेग्लै कुरा हो । नत्र एमाले जस्तो राजनीतिक पार्टी गएर यस प्रकारको बदनामी र जनविरोधी काममा लिप्त हुने ? साक्षी किनारा बसेको हो कि अगुवाई गरेको हो ? सरकारमा गएपछि उहाँहरूकै एकजना मन्त्रीले भन्नुभयो- 'सरकारमा गएपछि धेरै बाध्यताहरू हुँदारहेछन् ।' मैले भनें- 'त्यस्तो बाध्य हुने ठाउँमा किन जानुहुन्छ ? त्यस्तो बाँधिनुपर्ने ठाउँमा किन जानुहुन्छ, जहाँ आफ्नो विवेक, विचार, दर्शन र अडानहरू राख्न पाइँदैन ?

माओवादी मात्रको आन्दोलनले संविधानसभा हुँदैन । किनभने, राज्यले जुन किसिमले आतङ्ककारीका रूपमा परिभाषित गरेको छ, त्यसले गर्दा संविधानसभा हुनेवाला छैन । त्यसका लागि सडकमा शान्तिपूर्ण आन्दोलनको आवाश्यकता छ, खाँचो छ । हामी जति ढिलो गर्दै जान्छौं, नेपालका राजनीतिक दलहरूले आफ्नो भूमिकालाई झन् 'मार्जिनलाइज्ड' भएको हेर्न पाउँछन् । अहिले त हामीले गोष्ठी र कार्यकर्ता सम्मेलन गरेर आफ्नो उपस्थिति दर्ज गराइरहेका छौं । 'मार्जिनलाइजेसन' को प्रक्रिया अगाडि बढ्दै जाँदा त्यो पनि नगर्ने स्थितिमा पुगिएला । दुइटा हतियारले 'स्पेस' कम गर्दै आइरहेका छन् । त्यसपछि हामी हामी 'स्पेस' को खोजी गर्दागर्दै हैरान हुन्छौं । त्यसकारण समय रहँदै मेरो त एमालेको नेताहरूसँग विनम्रतापूर्वक के आग्रह छ भने आंशिक प्रतिगमन सच्चिएको वाहनामा सरकारमा जानुभयो । बरु, छिटो सडकमा आउनुपऱ्यो । सडकले तपाईंहरूलाई खोजिरहेको छ । एमाले सरकारमा गएपछि सडक सुनसान भएको छ । तपाईंहरू सरकारमा गएपछि पेट्रोलको मूल्य बढेर जनता झन् दिकदार भएका छन् । एक एक वर्ष नजरबन्द गर्ने अध्यादेश यहाँहरूकै उपस्थितिमा हुदाँ जनता आहत भएका छन्, निरास भएका छन् । त्यसले तुरुन्तै यहाँहरू आउनुपऱ्यो र सही अर्थमा मदन भण्डारीलाई सम्झनुपऱ्यो । मदन भण्डारीलाई सत्तामा पुग्ने भऱ्याङका रूपमा मात्रै प्रयोग गरिदिनुभएन । भऱ्याङबाट गडबड हुँदोरहेछ । सबैले भऱ्याङ भनेको चढ्ने देख्दोरहेछ । तर, ओर्लिने पनि त्यही हो, भऱ्याङले नै ओराल्छ ।

*(मदन भण्डारीको ५४ औं जयन्तीका अवसरमा आयोजित 'संविधान कार्यन्वयनका चौध वर्ष र मदन भण्डारीका विचारहरू' विषयक कार्यक्रममा प्रस्तुत विचार)*

# मौजामा सरकार बनाउन पाइँदैन

■ दमननाथ ढुङ्गाना
पूर्वसभामुख

कुनै पनि संविधान निर्माण वा खारेज गर्ने धेरै विधिहरू छन् । घोषणा नगर्दासम्म संविधान जीवित नै मानिन्छ, मृत मानिँदैन । संविधानलाई मृत घोषणा गर्ने विधि के हो ? चिकित्सशास्त्रमा उल्लेख छ- मान्छे मृत कहिले घोषणा हुन्छ ? मृत्यु-प्रमाणपत्र कहिले दिइन्छ ? हाम्रो गाउँघरमा चिकित्सक पनि चाहिँदैन, हामी मान्छे मऱ्यो भनेर घोषणा गर्छौं । तर, एउटा संविधान मऱ्यो भने 'डेथ सर्टिफिकेट' कहिले दिने ? टाउको मऱ्यो भने मान्छे मर्छ कि मुटु मऱ्यो भने मर्छ भन्ने किसिमको छलफल हुन्छ । मुटु त मर्नैपर्छ । कहिलेकाहीँ टाउको पनि मरिसकेको हुन्छ, मुटु पनि मरिसकेको हुन्छ । तर, मान्छे पूर्णरूपमा मरेको हुँदैन । मलाई लाग्छ, जुन यसको मूल भावना हो, आन्दोलनको इतिहास हो र जुन उदेश्यका लागि संविधान बनेको हो, त्यसमा फर्किन सकिँदैन, त्यो सन्तुलन भङ्ग भयो र त्यो वडापत्र तोडियो भने त्यो संविधान कसैले मऱ्यो भन्नुपर्दैन । किनभने, यो आन्दोलनले ल्याएको संविधान हो, जनताले ल्याएको संविधान हो । जनता मर्दैनन्, जनताले आफ्नो अधिकार खोज्ने आन्दोलन मर्दैन । त्यसकारण एउटा दस्तावेजमा जनताको अधिकार र आन्दोलन अड्दैन । राजाबाट अधिकार खोस्नका लागि ०४६ सालको संविधान बनेको हो । राजाले खुसीले बहुदल दिएको होइन । यसमा दुविधा हुनुपर्दैन । हाम्रो राजनिति किन बिग्रियो भने संविधानमा हामीले सार्वभौमसत्ता जनतामा लेख्यौँ तर हाम्रा दल र नेताहरूले ०१९ सालको संविधानमा झैँ त्यो नारायणहिटी दरवारमै छ भन्ने बुझे ।

धारा १२७ को दुरूपयोग गरेर राजाले असोज १८ गते मार्फत संविधानको दुरुपयोग गरे । यद्यपि, राजाले ठूलो ढोका मात्रै खोलेको हो, सानो ढोका दलहरूले नै खोलिदिएका हुन् । यो संविधान व्यावहारिक रूपमा तब मऱ्यो, जुन दिन निर्वाचन सार्ने सिफारिश भयो । जुन दल र नेता बसेर र मिलेर एउटा साजिसमा सामेल भएका छन् अथवा टाढा सम्म हेर्न नसकेर उनीहरूले त्यसो गरेका छन् वा असल मनशाय भए पनि र जुन दिन निर्वाचन सम्पन्न हुँदैन भनिएको छ, त्यही दिन निर्वाचित संसद्को विश्वासप्राप्त प्रधानमन्त्रीलाई असक्षम भनेर फालिएको छ । यो संविधानलाई त असोज १८ गते नै घोषणाबाट विदा दिई सकिएको छ । खाली राजाले पर्खिरहेका छन् । परिस्थिति बनेन भने उनी या ०४६ साल अगाडि जान्छन् या त ०१७ सालमै जान्छन् । राजाले धेरै विकल्प खोलेर बसेका छन् । उनलाई परिस्थितिको आभाष छैन । त्यसकारण ०४७ सालमा जानुपऱ्यो भने जाउँला वा ०१७ सालमा जानुपऱ्यो भने जाउँला वा अथवा संसद्भित्र सर्वथा बस्नुपऱ्यो भने पनि बसौँला भन्ने मानसिकताका साथ बसेका छन् । जबसम्म हामी निर्वाचनमा जान सक्दैनौँ र निर्वाचित संसद् गठन गर्न सक्दैनौँ, तबसम्म संविधान ठीक ठाउँमा आउन सक्दैन । मलाई लाग्दैन निर्वाचन भएर अब सार्वभौमसत्ता जनतासँग रहन्छ । त्यो कसैले दिने पनि होइन, लिने पनि होइन । तर, के हो भने यसका केही संरचनात्मक कुराहरू हुन्छन्, विधि हुन्छ । त्यो मात्रै हो । जनताको सर्वोच्चता सधैँ रहन्छ, त्यो सारभूत कुरा हो ।

राजतन्त्र भएको मुलुकमा सय वर्षअगाडिको तपाईं कल्पना गर्नुहोस् : युरोपमा पनि राजतन्त्र थियो, जर्मनीमा थियो, फ्रान्समा थियो । तर, के भयो भने जुन देशमा जनताको आन्दोलनका दौरानमा त्यहाँको राजतन्त्र संसद्मा सर्वथा आउन तयार भयो, संसद्को सर्वोच्चता स्वीकार गऱ्यो, त्यस राजतन्त्रलाई जनताले फालिसकेर पनि बेलायत जस्तो पुनःस्थापना गरेका छन् । वास्तवमा त्यहाँ राजसंस्था संसद्मा बस्न आएको हो र उसको अङ्ग सेना पनि संसद्अन्तरगत नै बस्न आएको हो । जनताले पूर्ण अध्ययन गरेर र फेरि त्यस्तो धोखा भविष्यमा हुँदैन भन्ने विश्वास भएपछि संवैधानिक राजतन्त्रलाई वास्तवमा संसद्मा राखेका छन् । त्यसको एउटा ज्वलन्त उदाहरण बेलायत नै छ र स्वीडेन, डेनमार्क, नर्वेहरू पनि छन् । हामी बेलायतका कुरा गर्छौं । तर, बेलायतको संसद्सँग उत्तराधिकारी चयनको कति अधिकार छ, विचारणीय कुरा छ । राजाका जुनसुकै छोरा राजा हुने भन्ने होइन । भए भने यस्तै हुन्छ । जनतासँग मतलव हुँदैन र छिद्र खोजेर १२७ लगाएर न निर्वाचन हुने, न निर्वाचित संसद् हुने अवस्था सिर्जना गरिन्छ । र, आफूले जसलाई चाह्यो, त्यसैलाई प्रधानन्त्री बनाउने वातावरण बनाइन्छ । आफ्नो मौजाको सरकार बनाइन्छ । टेन्डरमा प्रधानमन्त्री बोलाइन्छ ।

आज हामी मदन भण्डारीलाई किन सम्झन्छौँ भन्नेमा म विवाद गर्न चाहन्न । उहाँको जुन दस्तावेज छ, त्यो पनि संविधान निर्माणका दौरान वाममोर्चाका सदस्यहरू माधव नेपाल, भरतमोहन अधिकारी र निर्मल लामाले पनि उठाउनुभएको थियो । उहाँहरूले त्यो उठाउनुभयो, छलफल भयो र संविधान मस्यौदा भयो । तर, मन्त्रिपरिषद्मा गएर धेरै नै रेट्ने काम भयो । त्यहाँ जनमतसङ्ग्रहको व्यवस्था थियो । अझै चार खण्डको तीन खण्ड जनताले चाहेमा राजतन्त्रलाई फाल्न

सकिने समेत मस्यौदा थियो । त्यो मस्यौदामा विवाद भयो र हामीले सच्याएका थियौं । अन्तमा जनमतसङ्ग्रहसहितको मस्यौदा हामीले मन्त्रिपरिषद्मा पठाएका थियौं । त्यसकारण यो अफठ्यारो बुझ्नुहोस्- कृष्णप्रसाद भट्टराईलाई पनि अफठ्यारो पऱ्यो होला, जनआन्दोलनको त्यत्रो ठूलो नेताले सायद जनतालाई सार्वभौम बनाउन खोज्दा निर्वाचनमा हार्नुपऱ्यो । त्यतिबेला एमालेका साथीहरू छलफलमा मदन भण्डारीले भनेकै २७ बुँदाका कुराहरू भन्नुभएको थियो । तर, उहाँहरूलेछलफलपछि आलोचनात्मक समर्थन गर्छौं भन्नुभयो र दस्तावेजमा सही नगर्ने काम भयो । उहाँहरूले छुट्टै लेखेर दिनुभयो । कति अफठ्यारो परिस्थिति रहेछ भन्ने बुझ्नुहोस् । किन उहाँहरूले आफ्नो कुरा परेन भनेर पहिला अलग मत जनाउनुभएन ? किन पहिला सही गर्नुभयो ? त्यो दस्तावेज औपचारिक रूपमा तयार भएपछि उहाँहरूलेछुट्टै लेखेर दिनुभयो । हामी यो बुझ्नुपर्छ- यस्ता अफठ्याराहरू हाम्रो पार्टीमा किन हुन्छ ?

अहिले नै एमालेको कुरा गरौं न ! एमालेले 'संविधानसभाको हदसम्म हामी लचिलो हुनसक्छौं' भन्छ । म पार्टीका नेताहरूलाई धन्यवाद दिन चाहन्छु- ओलीजी र अरू नेताहरूले बारम्बार संविधानसभाका कुरा उठाउनुभएको छ । तर, सरकारमा जाने त्यही पार्टीका नेताहरूलाई हेर्नुहोस् त ! उनीहरूले संविधानसभाका कुरै उठाउँदैनन् । त्यसकारण हामी जनताले सोध्नुपर्छ- यो पर्छ सरकार कसको हो ? ठीक छ, सडकमा प्रतिगमन भन्ने उहाँहरू सच्याउन सकिन्छ भनेर सरकारमा जानुभएको छ । हामीले पनि आफ्नो आँखा ठूल्ठूलो पारेर, च्यातेर हेरिरहेका छौं- कहाँ सच्चिदैछ ? एक वर्षसम्म नजरबन्दमा राख्ने जुन कानुन आएको छ, त्यहाँ गएर सच्चिएको हो कि ? हामी प्रमाण खोज्दैछौं- कहाँ सच्चियो प्रतिगमन भनेर ? हामीजस्ता मान्छेलाई त के लाग्छ भने यो प्रतिगमनको सरकार हो, यसले खालि शाही शान्तिको काम गर्छ । यो सरकार वास्तवमा कसको सरकार हो ? अधिकार जोसँग छ, सरकार त्यसैको हुन्छ । यस सरकारलाई शान्ति चाहिएको छैन, हिंसा बन्द गर्नुपरेको छैन । उसले जनताका अधिकार यही संविधानमार्फत खोस्न सकेको छ भने त्यसलाई स्थायित्व पनि यसैबाट दिन चाहन्छ । प्रतिगमनविरोधी आन्दोलनले ल्याएको १८ बुँदा होस् वा अहिले संविधानसभा विषय होस्, मलाई लाग्छ- अब बन्ने संविधानमा नेपालका श्री ५ महाराजधिराजले यदि राजसंस्थाको निरन्तरता चाहने हो भने सर्वथा बेलायत, जापान, स्वीडेन र नर्वेमा जस्तो संसद् अन्तर्गत बस्ने हो भने हाम्रो आन्दोलन छिटो सकिन्छ । हिंसा पनि सकिन्छ, प्रजातन्त्र पनि अगाडि बढ्छ ।

मलाई लाग्छ- बल अहिले राजाको कोर्टमा छ । यदि राजा संसद्मा नआउने हो भने यो सङ्घर्ष लामो हुन्छ र जनताले धेरै मूल्य चुकाउनुपर्छ । मदन भण्डारीले त्यतिबेलै राजा संसद् अन्तर्गत आउनुपर्छ भन्नेमा बारम्बार जोड दिनुभएको पाइन्छ । उहाँ नेता हुनुहुन्थ्यो, चिन्तक हुनुहुन्थ्यो । संसद्मा पनि उहाँको प्रस्तुति र भूमिका बडो बजनदार थियो । चुनावमा पनि उहाँले भन्नुभएको थियो- 'राजनीति गर्ने हो भने तिमीले दलमाथि खेलवाड नगर, श्रीपेच फुकालेर आऊ ।' उहाँले धेरै दिन राजनीति गर्ने मौका पाएको भए त्यो परीक्षामा उहाँ उत्तीर्ण हुन सक्नुहुन्थ्यो कि सक्नुहुन्नथ्यो ? भारतमा पनि भनिन्छ- नेहरूपछि नेतै आएन । नेपाली काङ्ग्रेसमा प्रजातन्त्रवादी सस्कार र पृष्ठभूमि भएका हामीहरू पनि भन्छौं- वीपीपछि नेतै आएन । नेपाली काङ्ग्रेस बिग्रियो । किनभने, वीपीको नीति र दर्शन तिनीहरूले अनुशरण गर्नै सकेनन् । त्यस्तै एमालेका मान्छेहरू भनौंला- मदन भण्डारीका नीति र दर्शन अनुशरण गरिएन । २७ बुँदामा तपाईंहरू हेर्न सक्नुहुन्छ- मदन भण्डारीले एक ठाउँमा यदि राजाबाट संविधान बमोजिम काम भएन भने महाअभियोग लगाउनुपर्छ भन्नुभएको छ । ०४७ सालको संविधान संसदीय संवैधानिक राजतन्त्रतात्मक पद्धतिमा बनेको छ । तर, नेपालको राजदरबारलाई जनताको अधिकार छोड्ने मन छैन । त्यसबेला आन्दोलनको करबल पऱ्यो, बाध्यता पऱ्यो, छोडदियो र संविधान बन्यो । जब उसले परिस्थिति आफ्नो अनुकूल बनायो वा हाम्रा कारणले त्यस्तो बन्यो, फेरि अधिकार विस्तारै-विस्तारै लिन थाल्यो । यसको चरमोत्कर्ष मात्रै असोज १८ गते हो ।

हामीले निर्णय गर्नुपर्ने हुन्छ- नेपालको राजसंस्था शासन गर्ने राजा संस्था हुने कि शासनाधिकार सम्पूर्ण जनप्रतिनिधिलाई सुम्पेर कुनै कार्यकारिणीमा हात नहालेर बेलायतको जस्तै भएर बस्ने ? मलाई लाग्छ- यही प्रश्न निरूपण नभएर माओवादीले हतियार उठाउन पाएका हुन् । त्यसकारण मलाई लाग्छ- यो संविधान मऱ्यो कि बाँचेको छ भनेर चिन्ता नगरौं । यो औपचारिकताको प्रश्न छ । अबको संविधान कि राजालाई संसद्मा ल्याएर राख्ने संविधान हुनेछ कि त नेपालमा राजा नरहने संविधान हुनेछ । त्यसभन्दा दोस्रो-तेस्रो तस्वीर हामी खिच्नै सक्दैनौं । त्यसकारण अब लरबरे कुरा छैन, मोही माग्ने ढुङ्ग्रो लुकाउने कुरै छैन । हामीले सबैभन्दा प्रस्ट भाषामा राजालाई भन्न सक्नुपर्छ- संसद्मा आउने कि नआउने ? म मदन भण्डारीलाई यस सन्दर्भमा विशेष सम्झिन चाहन्छु । उहाँले यस्तो कल्पना गरेरै महाअभियोग लगाउनुपर्छ भन्नुभएको थियो । उहाँ यति दूरदर्शी हुनुहुँदो रहेछ !

*(मदन भण्डारीको ५४ औं जयन्तीका अवसरमा आयोजित 'संविधान कार्यान्वयनका चौध वर्ष र मदन भण्डारीका विचारहरू' विषयक कार्यक्रममा प्रस्तुत विचार)*

# राजतन्त्र नै जनता र राष्ट्रको मुख्य शत्रु हो

■ मदन भण्डारी



शाहवंशी राजतन्त्र नेपालका निम्ति वरदान हो भन्ने प्रचार २००७ सालपछि अत्यन्त धेरै भइरहेको छ। राजनीति, साहित्य, इतिहास, पाठ्यपुस्तक र पत्रपत्रिकाहरू-सर्वत्र त्यसको निम्ति होड चलेको छ। शिक्षा, संस्कृति र साहित्यमा सरकारी नियन्त्रण चर्को भएको हुनाले अरू अनेकौँ विषयहरूमा जस्तै राजतन्त्रको बारेमा पनि तथ्यको आधारमा अध्ययन अनुसन्धान हुन सकेको छैन। राजतन्त्रको वृत्तिमा पालिएका नियन्त्रित विद्वान्हरू ईशारा गरिए अनुसार लेख्छन् र तुलनात्मक रूपमा स्वतन्त्रतापूर्वक अघि बढ्न खोज्नेहरू पनि बिक्री भएर संशोधन रूपमा सरकारी संस्करण भएर एउटै धारमा गाँसिन पुगेका छन्। सरकारी योजना अन्तरगत निर्माण सञ्चालन भएका अनेकौं शैक्षिक, सांस्कृतिक र साहित्यिक संस्थानहरूले करोडौं खर्च गरेर मुलुकको बौद्धिक, प्राज्ञिक क्षेत्रलाई एक्कामा जोतिएको घोडा बनाएका छन्। प्रज्ञा प्रतिष्ठान यी सबै कुराहरूको निम्ति गुरू सङ्गठन बनेको छ। राजतन्त्रका बारेमा कायम गरिएको यस्तो वर्षादी कुइरो पन्छाएर स्वतन्त्र, सही र तथ्यपूर्ण धारणा बनाउनु सजिलो कुरो होइन।

**राजतन्त्रसम्बन्धी धारणाहरू**

नेपाली जनताको आध्यात्मिक चेतना वेद, पुराणहरूद्वारा निर्मित भएको छ। हिन्दू संस्कृतिको प्राचीन साहित्यले नेपाली जनताको जीवन र जनतालाई हेर्ने चेतना र दृष्टिकोणलाई नै नियन्त्रित गरेको छ। जनतालाई आधुनिक शिक्षाबाट सर्वथा बञ्चित राख्ने शासकहरूको निरङ्कुश प्रयत्न कायम रहेको हुनाले आधुनिक दुनियाँको बारेमा यथार्थ ज्ञान जनतालाई नहोस् भनेर मुलुकलाई पुराणकालीन चेतनाको एकान्त कोठामा कैद गरियो। वेद र पुराणमा वर्णित विश्वसम्बन्धी मिथ्या धारणाहरूको साम्राज्य जनताको चिन्तनमा अहिले पनि भत्किसकेको छैन। विश्वको राजनीतिक, आर्थिक विकास एउटा नयाँ चुलीमा पुगेपछि, विश्व नै एउटै एकाइ बन्ने प्रक्रिया विकसित हुँदै गएपछि राणाकालको उत्तरार्द्धमा मात्र शैक्षिक, सामाजिक हिसाबले नेपाल बाहिरी मुलुकहरूको सम्पर्कमा पुग्न सक्यो। विदेश गएर पढ्ने र क्रमशः स्कुल-कलेजहरूको स्थापना गर्ने कुरा बल्ल हुन थाल्यो। सामन्ती शासकहरूको नियन्त्रण क्षमताभन्दा बाहिर भएको हुनाले नै बिस्तारै आधुनिक शिक्षाले प्रवेश पायो। २००७ सालपछि मात्र यसले तुलनात्मक रूपमा गति लिन सकेको छ। त्यसकारण मुलुकको राजनीति, अर्थतन्त्र, संस्कृति, साहित्य, इतिहास, दर्शन, कला र कानुनजस्ता विषयहरूमा स्वतन्त्र, आधुनिक र वैज्ञानिक दृष्टिकोणले केलाउने तथा विश्लेषण गर्ने काम भएको छैन। यस्तो स्थितिमा जनताहरूमा राजतन्त्रलाई हेर्ने दृष्टिकोण पनि पुरानै चिन्तन परम्परामा आधारित छ। 'शासन गर्ने दैवी अधिकार प्राप्त विष्णुको औतार', 'राजा नभएको देश सभ्य, अनुशासित र कानुनी राज हुन सक्दैन', 'राजाले स्वेच्छाले शासन गर्नु र प्रजाले त्यसलाई स्वीकार गर्नु नियतिले नै निर्देश गरेको नियम हो, उल्लङ्घन हुन सक्दैन' भन्ने खालका भ्रमपूर्ण मिथ्या धारणाहरू जनतामा विद्यमान छन्। वर्तमान सरकारी साहित्यले 'मुलुकको एकीकरण गरिदिनु' र 'त्यसको स्वतन्त्रता र क्षेत्रीय अखण्डताको रक्षा गरिदिनु शाहवंशी राजाहरूका नेपाली जनताहरूमाथि कृपापूर्ण देन हुन्' र 'उनीहरू नभएका भए यो मुलुक यस्तो एकीकृत र स्वतन्त्र हुनै सक्ने थिएन तथा अब पनि शाहवंशी राजा नरहे यो स्थिति कायम रहन सक्दैन' भन्ने प्रचारको पहाड खडा गरेको हुनाले पनि राजा र राष्ट्रियतालाई अलग गर्नै नसकिने वस्तुका रूपमा जनतामा छाप परिरहेको छ। नेपाली काङ्ग्रेस र अरू बुर्जुवा राजनीतिक सङ्गठनहरूले पनि सुनियोजित तथा सुविचारित आफ्नो प्रतिक्रियावादी धारणाले गर्दा 'राजतन्त्रको अस्तित्व देश र जनताको निम्ति बरदान हो' र 'इतिहासमा राजतन्त्रले देशलाई अनेकौं बिनाशकारी सङ्कटबाट जोगाएको छ, भविष्यमा पनि राजतन्त्रकै नेतृत्वमा मात्र मुलुकको प्रगति र स्थायित्व हुन सक्छ' भन्ने प्रचार गरिरहेका छन्। तिनीहरू एकातिर वर्तमान विसङ्गतहरूको विरोध र

आलोचना गर्दछन् र सुधारको आवश्यकताको प्रचार गर्दछन् । यस्तो कुराले राजनीतिक चेतना पलाएको जनमत पनि राजतन्त्रको बारेमा एक खालको भ्रम र अन्यौलको शिकार छ । यसबाहेक मार्क्सवाद-लेनिनवादको मार्गदर्शन र कम्युनिस्ट पार्टीको नामपाटी टाँगेर सङ्गठित भएका कतिपय समूहहरू पनि कपटपूर्ण अथवा कायरतापूर्ण ढङ्गले राजतन्त्रप्रति सकारात्मक दृष्टिकोणको प्रचार गर्दछन् र यस्तो क्रियाकलापले जनतालाई राजतन्त्र अजेय र आदरणीय छ भन्ने प्रचार गर्दछन् र यसको अघिल्तिर निहुरेर शिष्टाचार व्यक्त गर्दछन् । तिनीहरूको यस्तो क्रियाकलापले जनतालाई राजतन्त्र अजेय र आदरणीय छ भन्ने प्रभाव पारिरहेका छन् । अझ अरू कतिपय समूहहरू राजतन्त्रप्रति रिस र घृणाले भरिएर ठाडो खण्डन मात्र गरिरहेछन् । दुनियाँमा राजतन्त्रको इतिहास र परिणामबाट शिक्षा लिएर एकैचोटि निष्कर्ष मात्र बोल्ने तरिकाले पनि जनतालाई आतङ्कित पार्ने, क्रान्तिकारीहरूप्रति जनतामा गलत धारणा पैदा गर्ने वा क्षणिक उत्तेजनामा ल्याउनेभन्दा बढी काम गरेको छैन । राजतन्त्रको बारेमा यस्ता विविध खाले भ्रमहरू विद्यमान छन् । नेपाली जनताको चिन्तन परम्परामा आधारित भएर वर्तमान अवस्थालाई ठीक ढङ्गले बुझ्दै क्रान्तिकारी दृष्टिकोण अनुसार राजतन्त्रको बारेमा गम्भीर र व्यापकताका साथ खोजीनीति र प्रचार नगर्ने हो भने वर्तमान चक्रव्यूहलाई तोडेर अघि जाने आशा गर्न सकिन्न । अनि राजतन्त्रको बारेमा यस्ता भ्रमहरू र गर्नुपर्ने अपार वैचारिक कामहरू देखेर कतिपय समूहहरू भने मन-मनमा सही धारणा राख्ने तर काममा भने विस्तारो मात्र अघि बढ्ने दृष्टिकोण लिन पुग्छन् । यस्ता सबै भ्रम, अन्यौल, उग्र र लुते विचारहरू क्रान्तिकारी शक्तिले नेपाली जनजीवनमा राजतन्त्रको अस्तित्व, प्रभावलाई, त्यसको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र ऐतिहासिक क्षेत्रमा रहेको प्रभाव र असरलाई ठीक ढङ्गले खण्डन र भण्डाफोर गर्न नसक्नुको कारणले अस्तित्ववान् छन् ।

**शाहवंशी राजतन्त्रको बारेमा अध्ययन कसरी गर्ने ?**

जुनसुकै विषयलाई पनि अध्ययन गर्दा विवरणात्मक तरिका मात्र प्रयोग गर्नु, बहुप्रचारित कुराहरूमा बग्नु तथा उपलब्ध तथ्यहरूलाई सरसर्ती दोहोऱ्याउनु मात्र मनग्य हुँदैन । तथ्यहरूका आधारमा सम्बन्धित समग्र पक्षहरूका बारेमा गम्भीर विश्लेषण र चिन्तन-मनन गर्नु आवश्यक हुन्छ । उद्देश्य निश्चित नगरी र सही तरिका प्रयोग नगरी भवसागरमा हामफालेर पनि केही प्राप्त हुँदैन । वर्तमान राजतन्त्रका बारेमा अध्ययन गर्दा पनि हामीले यस कुरालाई उत्तिकै ख्याल राख्नु जरूरी छ ।

वर्तमान राजवंशी राजतन्त्र भनेको एकीकृत सामन्ती राज्य निर्माण गर्न थालेयताको करिब २५० वर्षको अखण्ड राजतन्त्र हो । यत्रो लामो इतिहासको अध्ययन गर्दा विश्व परिस्थिति र राष्ट्रिय परिस्थितिमा भएका साना-ठूला अनगीन्ति हेरफेरहरूले अनिवार्य रूपमा जटिलता पैदा गरिदिन्छन् । हरेक बेलामा सामाजिक-आर्थिक समस्याहरूका सामुन्नेमा त्यसबेलाका शक्तिहरूको भूमिका र चरित्रलाई सापेक्ष रूपमा नै निरूपण गर्नुपर्छ । खासगरीकन शक्तिहरूको भूमिका निर्क्योल गर्दा विचार र कामको एकरूपता, सिद्धान्त र व्यवहारको मेल र समग्र सामञ्जस्यताबारे ख्याल गर्नुपर्दछ । शाहवंशी राजतन्त्रको यो २५० वर्षको अवधि पनि स्वाभाविक रूपमा एकनाशको रहेको छैन । पृथ्वीनारायण शाहको पालादेखि गीर्वाणयुद्धविक्रमको केही अवधिसम्मको राज्य विस्तार गर्ने महत्त्वाकाङ्क्षा प्रेरित अवधि, त्यसपछि राजेन्द्रविक्रमको पालासम्मको भोगविलास, लम्पट प्रवृत्ति र आन्तरिक षड्यन्त्रको अवधि, सुरेन्द्रको पालादेखिको निठल्लापन, भोगविलास र पछि क्रमशः राजकीय सर्वाधिकार पुनः फिर्ता गर्ने प्रयत्नको अवधि, ००७ सालदेखि निरङ्कुश सत्ता स्थापना गर्न बाधा पार्ने परिस्थितिलाई समाप्त गर्न प्रयत्न गरेको अवधि र ०१७ सालयताको हुकुमी निरङ्कुशताको चालू अवधिजस्ता विशिष्टताहरू यसभित्र समावेश छन् । यिनीहरूलाई समग्रताबाट बिल्कुल अलगथलग गरेर प्रत्येकमा बेग्लाबेग्लै मान्यतामा पुग्न पनि सकिन्न र सबैलाई एकै ठाउँ गाँसेर एउटै र उस्तै सरल मान्यता पनि बन्दैन । वस्तु, परिस्थिति र घटनामा भएका विविधतालाई पनि हेर्नुपर्दछ र तिनीहरूको आधारभूत चरित्र र विकासको दिशामा भएको एकरूपतालाई पनि देख्नुपर्दछ । यसरी मात्र हामीहरू शाहवंशी राजतन्त्रका बारेमा अपेक्षाकृत पूर्ण र सही निष्कर्षमा पुग्न सक्छौं । २५० वर्षको राजतन्त्रको सिङ्गो इतिहासलाई यो छोटो लेखमा विश्लेषण गर्नु सम्भव छैन, त्यसको निम्ति सिङ्गै ग्रन्थको आवश्यकता पर्दछ । यद्यपि, वर्तमानलाई इतिहासको पृष्ठभूमि र परिवेशबाट पूर्णतः अलग्याउन सकिन्न । फेरि पनि यहाँ खाली वर्तमानलाई केन्द्रविन्दुमा राखेर विगतलाई आवश्यक रूपमा मात्र चर्चा गरिनेछ । किनभने, वर्तमान नै हाम्रा क्रान्तिकारी क्रियाकलाप र कार्यपरिस्थितिको केन्द्र हो ।

**त्रिभुवनको बारेमा प्रचारित मिथ्या प्रशस्तिहरू**

राजा त्रिभुवनलाई 'राष्ट्रपिता' 'प्रजातन्त्रको जन्मदाता' 'महान् त्यागी, तपस्वी, आत्मबलिदानको भावना भएको महान् राजा', 'निःस्वार्थ भएर देश र जनताको निमित्त मरिमेट्ने' भनेर प्रशंसाको चुलीमा चढाइएको छ । 'राणाहरूको १०४ वर्षे निरङ्कुश शासनका विरूद्ध साहसिक ढङ्गले सङ्घर्षको सुरूवात गर्ने र विजयसम्म नेतृत्व गर्ने नेता' जस्ता अनेकौं विभूषणहरू जानेसम्म पहिराइएका छन् । के वास्तविकता प्रचारको अनुकूल छ ? ती कुराहरू अलिकति पनि सत्यताको नजिक छन् ? तथ्यहरूका आधारमा यी कुराहरूलाई केलाउनुपर्दछ । वर्तमानलाई विश्लेषण गर्न न्यूनतम रूपमा पनि

त्रिभुवनका ती क्रियाकलापहरूको, खासगरीकन राणाशासनको विरूद्ध सङ्घर्ष र कथित प्रजातन्त्रको निर्माणको निम्ति त्रिभुवनको योगदान सम्बन्धमा विस्तृत चर्चा नगरी वर्तमानलाई राम्ररी बुझ्न सकिन्न । सरकारी साहित्यद्वारा भाट विद्वान्हरूद्वारा अन्धाधुन्ध प्रचार गरिएका विशेषणहरूको धुमावरणमा शाहबंशी राजतन्त्रको साँचो अनुहारलाई लुकाएर पेस गरिएको छ ।

**राणाशासनको विरोध गर्ने पहिलो राजा त्रिभुवन हो ?**

राणाशासनको विरोध गर्ने पहिलो राजा त्रिभुवन हो भनेर इतिहास नै विरानो लाग्नेगरी गरिएको प्रशंसा अनायास र निरर्थक होइन । जनताको प्रजातान्त्रिक आन्दोलनको उदय भइसकेको हुनाले त्यसलाई आफ्नो घोडा बनाउन र जनतालाई गुमराह पार्नको निम्ति योजनाबद्ध ढङ्गले गरिएको षड्यन्त्र हो । हामी अलिकति विगतदेखि कुरा सुरु गरौं ।

सुगौली सन्धिपछि राज्यविस्तारको महत्त्वाकाङ्क्षा सदाको लागि समाप्त भयो । यसपछि शाह राजाहरू विजित राज्यहरूको लुटद्वारा जम्मा गरिएको ऐश्वर्यभोगमा तल्लीन भएन । भोगविलास, लम्पट प्रवृत्ति र सत्ता षड्यन्त्रमा शाहवंश डुब्दै गयो । यसको परिणाम स्वरूप राजेन्द्रविक्रमकै पालामा ठूला-ठूला हत्याकाण्डहरू र रक्तपात भयो । राजाकै षड्यन्त्रबाट भीमसेन थापाजस्ता महान् देशभक्त मारिए । कोतपर्व र भण्डारखाल पर्वहरू नितान्त सत्ता षड्यन्त्रका त्यस्तै चरम अभिव्यक्तिहरू मात्र हुन् । यस्ता काण्डहरूबाट राणाहरूको उदय भएको हो । राणाहरूद्वारा ब्रिटिस साम्राज्यवादको दलाली गरी विश्वास प्राप्त भएपछि सत्ता राणा परिवारभित्र स्थिर हुँदै गयो । यता राणा प्रधानमन्त्रीलाई शासनको सम्पूर्ण कार्यभार सुम्पिएर राजाहरू भने मोजमस्तीमा संलग्न भए । राजेन्द्रविक्रमले मुलुकी खानाबाट १२ लाख रू. लिएर भारत पसेको थियो । तर, राणाहरूद्वारा मुलुकको सम्पूर्ण आय-व्यय र राज्यशक्ति तथा सम्पत्तिमा एकाधिकार हुँदै गएपछि शाहहरूले राज्यको सम्पत्तिबाट आफू बञ्चित भएको महसुस गर्न थाले । जङ्गबहादुर र उसका भाइहरू धन कुवेर हुँदै गए । यसरी चाँडै नै शाहहरूलाई राणा प्रधानमन्त्रीलाई पञ्जापत्र गरेर सर्वाधिकार सुम्पिएको कुरा खड्किन थाल्यो । फलस्वरूप पुनः अधिकारमा फिर्ता आउनका निमित्त विभिन्न प्रयत्नहरूमा पनि लाग्न थाले । राणाहरूसँगको रहेको सर्वाधिकार फिर्ता गर्नको निम्ति त्रिभुवनको भन्दा व्यक्तिगत रूपमा बढी शौर्य र जोखिम अङ्ग्रेजहरूले नै उठाएका थिए । जङ्गे प्रधानमन्त्री भएपछि स्वनिर्वासित भएको राजेन्द्रले सर्वप्रथम सन् १८४७ मा जङ्गेको हत्या गर्न भनी आफूले सङ्गठित गरेको दुई सैनिक जवानहरूलाई गुप्तरूपमा लालमोहर पत्र दिई पठाएको थियो । तिनीहरूलाई पक्राउ गरी सैनिक र भाइभारदारहरूको सामु पेस गरेर जङ्गबहादुरले आफूमाथि झन् बढी सहानुभूति थप्यो । राजेन्द्रको भर्त्सना गर्दै ३५० सैनिकद्वारा सही गरेर पत्र पढाइएको थियो । त्यसबाट असफलता हात लागेपछि राजेन्द्रले गुरूप्रसाद चौतरिया र रङ्गनाथको अगुवाइमा ३ हजार सेना सङ्गठित गरी आक्रमण गर्ने तयारी गऱ्यो । १८४७ को जुलाईमा जङ्गबहादुरको सेना र राजेन्द्रको सेनाबीच अलौमा मुठभेड भएको थियो । यसलाई इतिहासमा 'अलौ पर्व'को नामले याद गरिन्छ । खाली राजा सुरेन्द्र-जो जङ्गेद्वारा विशेष उपकृत थियो, ले मात्रै प्रधानमन्त्रीलाई सर्वाधिकार र 'श्री ३ महाराज'को उपाधि दियो । साथै, कहिल्यै पनि राणाहरूको हातबाट अधिकार फिर्ता लिएर आफू सक्रिय हुने कोसिस गरेन । तर, सुरेन्द्रकै राज्यकालको बेलामा पनि अरूबाट त्यस्ता प्रयत्नहरूको कमी भएन । सन् १८५१ मा राजा सुरेन्द्रको भाइ उपेन्द्रविक्रमले बद्रीनरसिंह, करवीर खत्री र जयबहादुरहरूको अगुवाइमा जङ्गेविरोधी दल खडा गरेको थियो । सुरेन्द्रको छोरा त्रैलोक्यविक्रमले सुब्बा होमनाथ, जगत्जङ्ग, वमविक्रम र अरू अनेकौं थापा, पाण्डे, बस्नेत, विष्ट, राजभण्डारी, खवास जातजातिका राणाविरोधी भारदारलाई सङ्गठित गरेको थियो । पछि स्वयम् त्रैलोक्य पनि मन्द विषको प्रयोगबाट समाप्त भयो । त्रैलोक्यको भाइ नरेन्द्रविक्रमले सन् १८८१ मा ५२ जनाको सङ्गठन बनाएको थियो र गुप्तरूपले प्रहारको योजना बनाउने, घात लाउने काम गरेको थियो । पछि त्यसको भेद थाहा पाएर राणाहरूले ४१ जनाको हत्या र १० जनालाई जातिच्यूत गरेका थिए । १८८६ मा सुब्बा होमनाथको नेतृत्वमा पनि सेना सङ्गठित गरेर राणाशासनमाथि हमला भएको थियो । राजा पृथ्वीवीर विक्रमले पनि त्यस्तो गुप्त दल बनाएर प्रयत्न गरेको थियो । यी इतिहासका केही सङ्क्षिप्त झलकहरू मात्र हुन् । श्री ३ राणा र उसका भाइभतिजाहरूले मुलुकको शोषणबाट अपार ऐश्वर्य राशि जम्मा गरेको र शाहहरू त्यसबाट बञ्चित रहेका हुनाले नै शाहहरूले सुरुदेखि नै राणाशासनविरोधी षड्यन्त्रहरू सङ्गठित गर्दै रहेका हुन् । तर, शक्ति राणाहरूको हातमा केन्द्रित भएको थियो । शाहहरू पराजित हुनु स्वाभाविक थियो, हमेशा असफल भए । त्यस्ता शाही षड्यन्त्रकारी प्रयत्नहरूमा जनताको दुःख र राष्ट्रको प्रगतिको स्वार्थ अलिकति पनि नभएर बिल्कुल निजी स्वार्थको निम्ति मात्र थियो भन्ने कुरा प्रस्ट छ । जनता र राष्ट्रकै स्वार्थबाट चिन्तित र पीडित भएर मात्र त्रिभुवनले चाहिँ ज्यानको बाजी राखेर राणाशासनविरोधी सङ्घर्ष गरेको भन्ने आत्मप्रशंसा तथा भाटहरूद्वारा गरिएको उक्त गुणगानहरू फगत एउटा कुपमण्डुकता र जनता झुक्याउने चाल मात्र हुन् । नयाँ विश्व परिस्थितिमा राणाशासनको विरूद्ध जागृत भएको जनताको प्रजातान्त्रिक आन्दोलनको बुई चढेर त्रिभुवनको पालामा शाहहरूले आफ्नो चिर आकाङ्क्षा सफल पार्न सके । तर,

जनताहरू भने आफ्नो राजनीतिक सुझबुझको कमी र सोझोपनले गर्दा ठगिएका छन् र अझ पनि आफ्ना ध्येय उद्देश्यहरूलाई सफल बनाउन सकेका छैनन् ।

**राणाशासनविरोधी प्रजातान्त्रिक आन्दोलन कसरी चल्यो ?**

सन् १९१७ को रूसी अक्टोवर क्रान्तिले विश्व परिस्थितिमा आमूल परिवर्तन ल्यायो । त्यसले विश्वको पुँजीवादी प्रतिक्रियावादी खेमामा खैलाबैला मच्चियो । जनता र उत्पीडित राष्ट्रहरू भने उत्साह र आशावादले ओतप्रोत भएर युरोप, एसिया, अफ्रिका र ल्याटिन अमेरिकाका अनेकौं मुलुकहरूमा मुक्ति आन्दोलनहरू, राष्ट्रिय मुक्ति आन्दोलनहरूमा डढेलोझैं अघि बढ्न लागे । एसियाका दुई ठूला र नेपालका छिमेकी मुलुकहरू भारतमा ब्रिटिस उपनिवेशवादको विरूद्ध र चीनमा साम्राज्यवाद र सामन्तवादको विरूद्ध जनताका व्यापक सङ्घर्षहरू बढ्दै गए । यस्ता विश्वव्यापी सङ्घर्षका लहरहरूले खासगरीकन दुई छिमेकी मुलुकहरूमा भएका जनआन्दोलनका लहरहरूले क्रमशः नेपाली जनताको अधिकार चेतनालाई पनि ब्युँझाउन मद्दत गरे । छिमेकको जनआन्दोलनको असर नेपाली जनतामा पनि पर्ला कि भनी राणाहरू भने थर्कमान थिए । त्यसैले सानातिना साहित्यिक अभिव्यक्ति र सामान्य व्यवहारहरूमाथि पनि शङ्का गरी कठोर व्यवहार गरिरहेका थिए । तर, नेपाली जनताको प्रजातान्त्रिक चेतना र गतिविधिले स्वतन्त्र आकार ग्रहण गरिछाड्यो । खासगरी चन्द्रशमशेरको मृत्युपछि राणाशासनविरोधी जनताको गतिविधिमा तेजी आयो । भीमशमशेर प्रधानमन्त्री भएको बेलामा 'प्रचण्ड गोरखा' पहिलो राजनीतिक सङ्गठन देखापऱ्यो । त्यसका सङ्गठनकर्ता खड्गमान, खण्डमान, मैनाबहादुर र रङ्गनाथहरू पक्राउ परे । तिनीहरूमाथि कठोर दण्ड गरियो । तर, आन्दोलनकारीहरू गलेनन्, आत्मसमर्पण गरेनन् । यस्ता क्रियाकलापहरूले अरू सचेत हुँदै गएका व्यक्तिहरूलाई साहसपूर्वक अघि बढ्न प्रेरित गर्नु स्वाभाविक हो । खासगरी जुद्धशमशेर प्रधानमन्त्री भएको बेलामा पहिलोपटक जनस्तरमा राणाशासनको विरूद्ध सङ्गठित रूपमा व्यापक गतिविधि देखापऱ्यो । प्रजापरिषद् त्यस्तो राजनीतिक गतिविधि सङ्गठित गर्ने जेठो सङ्गठन हो । त्यसले राणाविरोधी प्रचारात्मक सङ्घर्षलाई व्यापक रूपमा जनस्तरमा सङ्गठित गरेको थियो । यस सिलसिलामा राणाशासकहरूले राजधानीमा ठूलो श्वेत-आतङ्क खडा गरे, सामान्य जनसमुदायलाई चरम दुःख दिएर ४०० जनालाई पक्राउ गरे । तिनीहरूको बारेमा विशेष अदालत खडा गरी दुई महिनासम्म लगातार मुद्दा चलाइयो । त्यहीँबाट अनेकौँलाई फासी, मृत्युदण्ड, जन्मकैद, २० वर्ष, १२ वर्ष र ६ वर्ष कैदको सजाय सुनाइयो । चार जनालाई फाँसी र गोलीद्वारा हत्या गरे । तिनीहरू नै आजका सुपरिचित चार सहिदहरू हुन् । सार्वजनिक रूपमा राणाहरूको चाहनाको उल्टो त्यसले जनतामा त्रास बढाउनुभन्दा प्रतिशोधको भावनालाई दन्काइदियो । मुलुकमा व्यापक चाखचासो, चहलपहल, र चर्चा-परिचर्चा बढ्यो । यसरी राणाहरूले प्रकट आन्दोलनलाई दमन गरे पनि त्यसपछि नै देशका विभिन्न भाग र प्रवासमा समेत राणाविरोधी राजनीतिक गतिविधिहरू व्यापक रूपमा सङ्गठित हुन थालेका हुन् । छिमेकी देशमा बढिरहेका विजयी आन्दोलनका प्रभावले पनि नेपालीहरूलाई झन् बढी उत्साहित गर्दै लग्यो ।

चारजना सहिदहरूले हाँसी-हाँसी मृत्युवरण गर्नु र अरू कसैले पनि राणाशासनको अघि घुँडा नटेक्नु र शिर नझुकाउनु राणाहरूले चिताउन सक्ने कुरा होइन । यो बलिदानी सङ्घर्ष कायर पद्मशम्शेरका निम्ति मुटु थर्काउने घटना थियो । उसले अब विस्तारै सुधारहरू गर्दै नजाने हो भने जनताहरूले राणाशासन उखेलेर फयाक्नेछन् भन्ने देख्न थाल्यो । त्यसकारण पद्मशम्शेरले आफू प्रधानमन्त्री भएपछि सुधारात्मक रवैया देखाउन वाध्य भयो । प्रेमबहादुर कंसाकारलाई ९० जनासम्म साधारण सदस्य भएको 'सेवा समिति' बनाउने अनुमति पद्मशम्शेरले दिएको थियो । त्यसपछि त्यसका ५०० सदस्य पुगिसकेका थिए । गोपालप्रसाद रिमालहरूलाई 'नाट्य समिति' बनाउन र नाटकहरू प्रदर्शन गर्न अनुमति दिएको थियो । नाटक प्रदर्शन गर्दा हमेशा दर्शकहरूतिर भावपूर्ण मुद्रामा हेरेर उनीहरू एउटा जागरण गीत गाउँथे । अहिलेसम्म पनि त्यसले आफ्नो विशिष्ट अर्थ बोकेकै छ ।

*'जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्*
*बल्दो रगतसरीको फर्कोस् निशान हाम्रो'*

तर यस्ता सुधारहरू मोहनशमशेर फुटेका आँखाले हेर्न सकिरहेको थिएन । उसको दवावमा उक्त सङ्घ, समितिहरू बन्द गरिए र सहभागीहरूलाई दण्डित गरियो ।

राणाशासनको विरूद्ध सडकमा उत्रिएर जनआन्दोलन चलाउने प्रथम शक्ति विराटनगरका मजदुरहरू हुन् । मनमोहन अधिकारीको नेतृत्वमा यो आन्दोलन ४ मार्च १९४७ (२००३) मा सुरु भएको थियो । प्रत्येक दिने जुलुस, नारा र गेटमिटिङ्गहरू गरी आन्दोलनलाई मजदुरहरूले निरन्तर अघि बढाउँदै लगे । राजनीतिक महत्त्व ग्रहण गर्दै गएको उक्त मजदुर आन्दोलनमा आफ्नो अनुवर्ती नेपाली राष्ट्रिय काङ्ग्रेसले हात नहालेकोमा भारतीय सोसलिस्ट निकै रूष्ट भए । त्यसका नेता राममनोहर लोहियाले गम्भीर आलोचना गरी वीपी कोइरालालाई निर्देशन पठायो । त्यसपछि मात्र वीपीले २३ मार्चमा विराटनगर आएर मजदुर सङ्घर्षको समर्थनमा भाषण गरे । २४ मार्चमा काठमाडौंदेखि थप राणा सैनिक विराटनगर आइपुगेको हुनाले धरपकड सुरु भयो । मनमोहन, वीपी र अनेकौं व्यक्ति पक्राउ परे । तर, जनताहरू आतङ्कित भएर चुप लागी बसेनन् । त्यस्तो धरपकड र दमनको विरूद्ध १३ मार्चदेखि जनकपुरमा, २० अप्रिपलदेखि उपत्यकामा र १ मईदेखि इलाममा समेत आन्दोलन फैलिँदै गयो ।

जुलुश, आमसभा र भाषणहरू हुन थाले । मजदुरहरूबाट सुरु भएको यो आन्दोलन क्रमशः किसान, व्यापारी, बुद्धिजीवी, महिला र विद्यार्थीहरू पनि समावेश हुँदै व्यापक बन्दै गयो । २ मईमा काठमाडौंमा विद्यार्थीहरू पनि स्वतन्त्रतापूर्वक आन्दोलनमा उत्रिए । राणाशाहीको दमनलाई चिर्दै विद्यार्थीहरूद्वारा ६ मईमा काठमाडौंमा भएको जुलुस र विरोध प्रदर्शन सबैभन्दा ठूलो थियो । त्यसमा सम्पूर्ण जनसमुदायले भाग लिएका थिए । २५/३० हजारको सङ्ख्याको त्यो प्रदर्शन राणाशासनको विरूद्ध त्यसबेला अपूर्व प्रदर्शन नै थियो । यो आन्दोलनलाई निर्ममतापूर्वक दमन गरेर मोहनशमसेर ज्यान सक्दो लागिरहेको भए पनि दमनले आन्दोलन दब्ने तर कुरै छाडौं, शिथिलसम्म पनि भएको थिएन । उता भारतमा पनि अङ्ग्रेजहरू परास्त हुँदै गएका थिए । आफ्ना मालिकहरूको पनि त्यस्तो चिन्ताजनक स्थिति र सङ्घर्षपूर्ण आन्तरिक स्थितिले गर्दा राणाशासनको विजोक बनिरहेको थियो । राणाहरू भिजेको विरालो जस्तो लुत्रुक्क परेका थिए । दमनद्वारा स्थिति नसम्हालिएपछि पद्मशमसेरले आन्दोलनकारीहरूसँग राजनीतिक वार्ता गर्न बाध्य हुनुपर्‍यो । नागरिक अधिकार प्रदान गर्ने, राजबन्दी रिहाइ गर्नेसम्बन्धी सुधारहरू १२ दिनभित्र गर्ने घोषणा गर्न पद्म शमसेरले कबुल गर्नुपर्‍यो । यसरी एकस्तरको सफलता हासिल गरेर मात्र जनताले सास फेरे ।

तर, आन्दोलनबाट अस्थायी रूपमा राहत प्राप्त भएपछि अङ्गेज मलिकहरूको नाजुक स्थितिबाट निराश भएका राणाहरू मालिक बदलिएर जीवित रहने व्यर्थको कोसिसमा लागे । जुन १९४७ मा केशरशमशेरले अमेरिकासँग मित्रताको प्रस्ताव बोकेर वासिङ्गटन गएको थियो । चीनमा च्याङ्काई सेकको अन्तिम पराजय र कम्युनिस्ट पार्टीको अन्तिम विजय हुँदै गएको देखेर अमेरिका पनि त्यसबेला आतङ्कित नै थियो । यस्तो बेलामा चीनसँग उत्तरी सिमाना जोडिएको नेपालमा आफ्नो स्थिति अनुकूल बनाउने मौका पाउनु एसियामा चीनमार्फत बढ्न सक्ने कम्युनिस्ट प्रभाव रोक्नका निम्ति अमेरिकालाई ढुङ्गो खोज्दा देउता मिल्ने बराबर थियो । अमेरिकीहरूले केशरशमसेरलाई राम्रो स्वागत-सम्मान गरे । अर्को वर्ष मई १९४८ मा हेनरी ग्रेडीको नेतृत्वमा एउटा अमेरिकन मिसन पनि नेपाल आयो । त्यसको राणाहरूले भव्य स्वागत गरे । अमेरिकी सहयोगबाट राणाशासनको आयु लम्ब्याउन सकिन्छ भन्ने कुरामा मोहनशमशेर बढी विश्वस्त थियो । आफ्नो प्रधानमन्त्री बन्ने पालो मुखमा आइपुगेको बेला कुनै पनि खाले सुधारद्वारा स्थिति नबिग्रियोस् भन्ने ध्याउन्नमा डुबेको मोहनशमसेर तरवारकै बलमा शासन टिकाउन सकिन्छ भन्ने मुढेबलमा अडिएको थियो ।

पद्मशमसेरले कुनै सुधार पक्कै गर्नेछ भन्ने स्थिति देखिएपछि त्यस्तो बेलामा वीपीजस्तो भारतीय स्वार्थको प्रथम प्रवक्ता व्यक्ति जेलमा र राष्ट्रिय काङ्ग्रेसको नेतृत्व भने भारतद्वारा सोभै परिचालित हुन नचाहने डिल्लीमरण रेग्मीको हातमा रहँदा आफ्नो निम्ति लाभ नहुने देखेर भारतीय सोसलिस्टहरू आतुर भए । त्यसकारण वीपीलाई तुरुन्त रिहाइ गर्न भारतीय दवाव बढ्यो र जसरी पनि निस्कन कोसिस गर्ने निर्देशन वीपीलाई जेलमा पुग्यो । आखिर पद्मशमशेरसँग गुप्त सम्झौता गरी साथीहरूलाई जेलमै बसेर वीपी एक्लै जेल बाहिर आए पनि । आउनेवित्तिकै निर्धारित पूर्वयोजना अनुरूप उनले राष्ट्रिय सम्मेलनले छानेको वैधानिक नेतृत्व रेग्मीको ठाउँमा आफैं काङ्ग्रेसको स्वघोषित अध्यक्ष भएको घोषणा पनि गरे । यस्तो भएपछि सुधारको सिलसिलामा पार्टी नेताको हैसियतले पद्मशमसेरसँग र अरू आवश्यक ठाउँमा वार्तामा जान तथा उपलब्धि आफ्नो हात पार्न सकिन्थ्यो भन्ने वीपीको आशय हो । यहाँदेखि पार्टी फुटेर कोइराला काङ्ग्रेस र रेग्मी काङ्ग्रेसको रूपमा विभाजित भयो । यो भारतीय सोसलिस्टहरूको नियन्त्रण र वीपीको औसरवाद तथा विश्वासघातको एउटा भद्दा अभिव्यक्ति मात्र हो ।

पद्मशमशेरले भारतबाट कानुनी सल्लाहकारहरू मगाएर लामो समयसम्म सोचविचार र छलफल गरी २००५ साल वैशाखदेखि लागू हुने गरी २००४ माघ १३ गते सुधारको घोषणा गर्दै 'नेपाल सरकार वैधानिक कानुन' जारी गर्‍यो । यस कानुनमा जनताका मौलिक हक-अधिकारहरू, राजनीतिक हक-अधिकारहरू तथा न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकासम्बन्धी वैधानिक प्रावधानहरू थिए । पद्मशमसेरको त्यो विधान र त्यसपछिका राजाहरूद्वारा प्रदान गरिएका विधानहरूमा जनताका अधिकारसम्बन्धी त्यस्तो मौलिक र गुणात्मक भिन्नता छैन । तर, त्यसमा संविधानको स्रोत र राज्यको सबै अङ्गको सर्वाधिकार श्री ३ राणा प्रधानमन्त्रीमा निहित थियो । त्यसले शाह राजाहरूको स्थितिमा भने कुनै परिवर्तन ल्याएको थिएन । जनताको राणाविरोधी सङ्घर्षको यो एउटा महत्त्वपूर्ण उपलब्धि थियो । तर, पद्मशमशेरको दब्बु स्वभाव र मोहनशमसेरको सुधारविरोधी उग्रस्वभावको कारणले त्यो वैधानिक कानुन पनि पूर्णरूपमा लागू हुन सकिरहेको थिएन । यस्तै बेलामा २००५ सालमा पद्मशमसेर भारत गएको बेला उसलाई अपदस्थ गरी मोहनशमसेर प्रधानमन्त्री बन्यो । पूर्खाहरूकै जस्तो शक्ति र ऐश्वर्यको दीर्घ सुखभोग गर्ने लालसाले मोहनशमसेरले सुधारलाई कार्यान्वित गर्न आलटाल, ढिलढाल गर्ने र विधानले दिएका मौलिक हकहरूलाई पनि बन्देज गर्ने वा नियन्त्रित गर्ने एउटा कानुन २००६ मा जारी गर्‍यो । मोहनशमसेरको यस्तो रवैया र सुधारविरोधी नीति तथा विश्वासघातले जनतामा फेरि क्रमशः असन्तुष्टि चुलिँदै जानु एकदम स्वाभाविक थियो । अर्कोतिर पद्मशमसेरको सुधारबाट जनताहरू श्री ३ कै मातहतमा उक्त विधान अनुरूप सन्तुष्ट हुने हुन् कि तथा शाहहरूलाई ऐश्वर्य भोग गर्ने लुटको साम्राज्य नमिल्ने

हो कि भन्ने चिन्ताले त्रिभुवनलाई सताइरहेको थियो, पोलिरहेको थियो। यस्तो स्थितिमा मोहनशमसेरको सुधारविरोधी दमनकारी निरङ्कुशता बढ्दै जानु र जनताहरू चिढिँदै जानुले त्रिभुवनलाई पनि आशाको ज्योति पिलपिलाउन थालेझैं हुँदै गयो। जनताको आन्दोलन न त सुधारको कागजी घोषणाले, न तरवारको दमनले नै रोकिन सक्थ्यो। फलस्वरूप जनताको गुप्त राजनीतिक गतिविधि, सङ्गठन निर्माण र क्रान्तिकारी चेतना पनि बढ्दै गयो। यसलाई उपयोग गर्न राजा आतुर थियो। अर्कोतिर जनताको असन्तुष्टि र विद्रोहबाट राजा त्रिभुवन र युवराज महेन्द्रले फाइदा उठाउन सक्ने सम्भावना देखेर मोहनशमसेर पनि तिमीहरूलाई विभिन्न ढङ्गले किनारा लगाएर नाबालक वीरेन्द्रलाई श्री ५ महाराजा बनाउने र त्यो खतरा टार्ने तथा त्यसपछि जनतासँग हिसाबकिताब गर्ने सुरमा थियो। २००६ सालको ईन्द्रजात्रको दिनको घटनापछि उसले आफ्नो योजना तीब्र पनि पार्‍यो। यस्तो स्थिति र षड्यन्त्रको सुइँको पाएर त त्रिभुवन अझ बढी थर्कमान र आतुर हुँदै गयो। भारतबाट अङ्ग्रेजहरू हटिसकेपछि आफ्नो विरूद्ध भएको नयाँ भारत सरकारलाई आफ्नो पक्षमा पार्नु र सन्तुष्ट राख्नु मोहनशमसेरको निम्ति अनिवार्य बनेको थियो। मोहनशमसेरले नेहरूलाई भेट्न २०० जना अनुवर लिएर दिल्ली जाने र त्यहाँ पुग्दा भारतले २१ तोपको सलामी देओस् भन्ने माग गरेको थियो। सुरुमा भारत त्यति प्रतिनिधि र सलामीका निम्ति तयार नभए पनि अन्त्यमा भारतीय दाउ पूरा गर्ने कुटनीतिक चाल सोचेर त्यो सबै गर्न सहमत भयो। त्यस अनुसार मोहनशमसेर २००६ फागुनमा दिल्ली गयो। वार्तामा नेहरूले एकातिर मोहन शमसेरलाई सहयोग गर्ने आश्वासन दियो भने अर्कोतिर कथित 'शान्ति मैत्री सन्धि' र 'वाणिज्य सन्धि'को मस्यौदा थमाएर पठायो। त्यसैअनुसार औपचारिक रूपमा पछि २००७ साल श्रावण १६ गते तदनुसार १९५० जुलाई ३१ मा 'शान्ति मैत्री सन्धि' र 'वाणिज्य सन्धि' मोहन शमसेरले गर्‍यो। त्यसपछि भारतबाट अपेक्षाकृत ढुक्क भएर मोहन समशेर आफ्नो शासन कसिलो पार्न र षड्यन्त्रलाई तेज गर्न थाल्यो। यसरी १९५० मा मोहन शमसेरले राणाशासन कायम राख्नु मुलुकको सार्वभौमिकता र बन्द व्यापार भारतलाई सुम्पिने राष्ट्रघाती काम गरेको थियो।

**सात सालको राणाविरोधी आन्दोलन**

भारतले दोहोरो पाठ खेलिरहेको थियो- एकातिर ढल्न लागेको राणाशाहीसँग बढीभन्दा बढी असमान सन्धि-सम्झौताहरू गरी नेपाललाई आफ्नो अर्धउपनिवेश बनाउने, प्राकृतिक सम्पदा हात पार्ने र नेपालमा आफ्नो विशेषाधिकार स्थापित गर्ने, अर्कोतिर राज्य अधिकार पुनः प्राप्तिको आशामा आतुर भएर भारतको गुहार मागिरहेको त्रिभुवनसँग मोलतोल गर्ने र राणाहरूको भन्दा पनि बढी भारतीय दासता स्वीकार गर्न सहमत बनाएर त्रिभुवनको चाहनालाई सहयोग गर्ने। देशभित्र फेरि विस्तारै वातावरण तातिरहेको र सङ्घर्षको परिस्थिति अनुकूल भइरहेको बेलामा भारतीय ईशारा, योजना र सुरक्षा प्रबन्धमा राजा त्रिभुवन तीन पुस्ते परिवारका साथमा २१ कार्तिक २००७ मा भारतीय शरणमा पुग्यो। राणाशासनप्रति सद्भाव समाप्त भइसकेको र तिनीहरूद्वारा आफ्नो स्थायी स्वार्थलाभ नहुने तथा नेपाली जनताले पनि समर्थन नगर्ने तर त्रिभुवनद्वारा भने अझ बढी फाइदा लिन सकिने, नेपाली जनताको पनि सद्भाव र समर्थन प्राप्त हुने तथा विश्व जनमतसामु आफू प्रजातन्त्रवादी पनि देखिने हुनाले भारत आन्तरिक हिसाबले शाह राजाहरूको पक्षमा थियो। त्रिभुवनको सपरिवार पलायनपछि राणाहरूले कार्तिक २२ गते ज्ञानेन्द्रलाई श्री ५ महाराजा बनाएर अन्तर्राष्ट्रिय समर्थनको आशा गरे। तर, भारतलगायत कुनै पनि मुलुकले ज्ञानेन्द्रलाई मान्यता दिएनन्। अर्कोतिर पूर्वयोजना अनुरूप नेपाली काङ्ग्रेसले कार्तिक २५-२६ देखि आन्दोलन सुरु गर्‍यो। हवाईजहाजद्वारा राणाविरोधी पर्चा छरियो र वर्माबाट प्राप्त हतियारद्वारा सशस्त्र आक्रमण पनि सुरु भयो। नेपाली काङ्गेसको यो आन्दोलनमा भारतीय सहयोग पनि रहेको थियो। सशस्त्र आक्रमण र अरू खालका आन्दोलनहरू तेज भएपछि आक्रमणकारीहरूलाई भारत सरकारले आफ्नो भू-भाग उपयोग गर्न र अन्य सहयोग गरी श्रावणको सन्धिविपरीत काम गरेकोमा राणा सरकारले विरोध जनायो। त्यसपछि देखाउनका निम्ति भारतले त्यस्तो सहयोग नदिने भनी विश्वास दिलाउँदै सीमा सुरक्षालाई केही कडा पनि गरेको थियो। तत्कालीन भारतीय गृहमन्त्री लालबहादुर शास्त्रीले नेपालसँग सीमाना जोडिएका ११ जिल्लाहरूमा यस्तो कडा व्यवस्था गरिएको जानकारी पनि दिएको थियो। अल इन्डिया रेडियोले पनि मङ्सिर १ गते उत्तर प्रदेश र बङ्गाल सरकारलाई कडा निर्देशन दिएको समाचार प्रसारित गरेको थियो।

मङ्सिर ८ गते भारतले ज्ञानेन्द्रलाई मान्यता नदिएको समाचार प्रसारित गर्‍यो। यसले गर्दा तात्कालिक समस्या र परिस्थितिलाई दमनद्वारा समाप्त पार्न नसकेपछि भारत सरकारसँग वार्ता गर्न भनी राणासरकारको प्रतिनिधिमण्डल मङ्सिर ११ मा दिल्ली गयो। यसले तीनवटा प्रस्ताव लगेको थियो। (क) चाँडै राजनीतिक सुधार गर्ने (ख) जनप्रतिनिधिहरूलाई सरकारमा संलग्न गराउने, र (ग) नेपालको राजा ज्ञानेन्द्रलाई नै मान्ने। तर, वार्तामा भारतले त्यसलाई स्वीकार गरेन। भारतद्वारा पेस गरिएको पाँच सूत्रीय प्रस्ताव (क) बालिग मताधिकारको आधारमा आमचुनाव गरी विधानसभा बनाउने र त्यसले विधान तयार गर्ने (ख) राणा प्रधानमन्त्रीको नेतृत्वमा जनप्रतिनिधिसहतको नयाँ सरकार गठन गर्ने (ग) त्रिभुवनलाई नै नेपालको राजा मान्ने (घ) सबै राजबन्दीहरू मुक्त गर्ने र (ङ) राजनीतिक सङ्गठन खोल्ने अधिकार दिने- कुराहरू लिएर प्रतिनिधिमण्डल मङ्सिर २२ मा काठमाडौँ फर्कियो। राणासरकारले

छलफल गरी दोस्रोपटक प्रतिनिधि पठाएर त्रिभुवनलाई राजा मान्ने कुरामा सुधार गर्ने अनुरोध गऱ्यो । तर, भारत तयार भएन । मोहन शमसेर र त्रिभुवनबीचको समस्यालाई भारत सरकारले समाधान गर्न प्रयत्न गर्ने दौरानमा नेपाली काङ्ग्रेसलाई बीचमा कुनै व्यवधान खडा नगरोस् भनी नेहरूले कार्तिक २० मा नै बताइसकेको थियो । त्यसैले सबै सवालमा भारत स्वतन्त्रतापूर्वक पहलकदमी लिइरहेको थियो । त्यसपछि नेहरूले पौषको दोस्रो हप्तामा 'नेपालको हितको निम्ति तुरून्त सुधारको व्यवस्था होस्' भन्ने कुरा राणासरकारसँग धम्की दिँदै 'माग' गऱ्यो । भारतीय दवावबाट विवश भएर राणाशासनको भारदारीसभा र संसद्ले पास गरी भारत सरकारलाई निम्न समाचार पठाए- 'आफ्ना महान् छिमेकी भारत सरकारको मित्रतापूर्ण सल्लाहमा धन्यवाद दिँदै चाँडो यसै महिनाभित्र नेपालमा सुधार गरी प्रजातान्त्रिक राज्य सङ्गठित गर्नेछौं ।' यसको जानकारी नेहरूले भारतीय संसद्लाई पनि दिएको थियो । १०४ वर्षसम्म रहेको निरङ्कुश राणाशाही अब पुरानै रूपमा कायम रहनु असम्भव भइसकेको थियो । त्यसैले मोहन शमसेरले पौष २४ गते सुधारको घोषणा जारी गऱ्यो । घोषणामा निम्नलिखित प्रमुख कुराहरूको उल्लेख थियो :

(क) आमचुनावद्वारा विधानसभा चाँडै बनाउने ।

(ख) तुरून्त १४ जनाको मन्त्रिमण्डल बनाउने, त्यसमा सातजना जनप्रतिनिधिहरू राख्ने, मन्त्रिमण्डलले संयुक्त जिम्मेवारीमा काम गर्ने र कारवाहीको नियम आफैं बनाउने, मुलुकको आय-व्ययमा मन्त्रिमण्डलको अधिकार रहने र बजेट प्रथा चालू गर्ने ।

(ग) विधानसभाले विधान नबनाउञ्जेल २००४ सालको विधान लागू गर्ने । यो घोषणा र मन्त्रिमण्डलले बनाएका अरू नयाँ नियमहरू विधानसँग फरक पर्न गएको ठाउँमा नयाँ निर्णय नै लागू गर्ने । २००४ सालको विधान लागू हुन बाँकी धाराहरू अविलम्ब लागू गर्ने-न्याय विभाग स्वतन्त्र बनाउने, एड्भोकेट जनरल र अडिटर जनरलको नियुक्ति गर्ने, लोकसेवा आयोगको व्यवस्था गर्ने ।

(घ) कार्तिकदेखि सशस्त्र विरोध गर्नेहरूले शस्त्रबलको नीति त्यागी लडाइँ बन्द गरे माफी दिने, नेपालबाहिर रहेका नेपालीहरूले खडा गरेका राजनीतिक सङ्गठनहरूले अहिंसाको नीति लिएमा तिनीहरूको स्वागत गर्ने, विधानभित्र रहेर देशभित्र राजनीतिक सङ्गठन खडा गर्न दिने ।

(ङ) त्रिभुवनलाई नै राजा मान्ने र उसको अनुपस्थितिमा राजाका प्रतिनिधि नियुक्त गरेकोलाई स्वीकार गर्नेजस्ता कुराहरू प्रमुख थिए । मोहन शमसेरको यो घोषणा अनुसार त्रिभुवनले आफ्नो राजप्रतिनिधि ज्ञानेन्द्रलाई नियुक्त गर्दै घोषणालाई स्वागत गरी २५ गते पौषमा सन्देश पठायो । यस घोषणालाई ब्रिटेनले २६ गते स्वागत गऱ्यो । पौष २८ गते भारतले पनि घोषणालाई स्वागतयोग्य खदिँलो पाइलो हो भनेर सन्देश पठाउँदै 'अबलाई सशस्त्र हिंसात्मक आन्दोलन बन्द हुनुपर्दछ र दुनियाँले मतभेद दुर गरी यस सुधारलाई पूर्णरूपमा कार्यान्वित गर्ने सरकारलाई सहयोग दिनुपर्दछ' भन्ने निर्देशनात्मक सन्देश जारी गऱ्यो । मोहन शमसेरको घोषणा स्वीकार गर्ने कि नगर्ने भनी २९ पौषमा नेपाली काङ्ग्रेसले गोरखपुरमा एउटा सभाको आयोजना गऱ्यो । तर, त्यसमा मन्त्रिमण्डलका छजना प्रतिनिधि कसले छान्ने भन्ने सवाल प्रस्ट नभएकाले र के.आई. सिंहको विरोध रहेकाले सहमतिमा पुग्न सकेनन् र मातृका, वीपी र सुवर्ण दिल्ली गए । नेहरूको अनुमति पाएपछि उनीहरू सहमति भएर माघ १ गते नेपाली काङ्ग्रेसको अध्यक्ष र कमान्डर मातृकाप्रसाद कोइरालाले 'यस विषम कालमा हामी भारतका प्रधानमन्त्रीको आदेश स्वीकार गर्दैछौं' भन्दै आफ्नो मुक्तिसेना र आन्दोलनकारीहरूलाई 'सशस्त्र सैनिक कार्यवाही बन्द गर्ने' निर्देशन दियो र 'युद्धविरामको घोषणा' गऱ्यो । माघ ४ गते राणासरकारको राजबन्दीहरूलाई रिहाइ गर्ने विज्ञप्ति जारी भएपछि क्रमशः राजबन्दीहरू जेलबाट छुट्दै गए । मौलिक हक-अधिकारलाई बन्देज गर्ने वा नियन्त्रित गर्ने २००६ वैशाखमा जारी गरिएको कानुनबारे जनताले आपत्ति गरेपछि त्यस ऐनलाई पनि खारेज गरी २००५ साल वैशाखकै ऐन अनुरूप गर्ने भनी माघ १ गते सूचना जारी भएको थियो । यसपछि राणा, नेपाली काङ्ग्रेस र त्रिभुवनका बीचमा भारतको मध्यस्थतामा फरवरी ७, १९५१ त्यस अनुसार माघ २५ मा दिल्लीमा सम्झौता भयो र त्यसमा राणा पाँच र काङ्ग्रेस पाँच गरी १० जनाको मन्त्रिमण्डल बनाउने टुङ्गो भयो । सम्झौतापछि फागुन ४ गते नेपाली काङ्ग्रेसका नेताहरू र राजा त्रिभुवन सपरिवार नेपाल फर्किए । त्रिभुवनले फागुन ७ गते शाही घोषणा गरी दिल्ली सम्झौता अनुरूप राणा प्रधानमनत्री, काङ्ग्रेस गृहमन्त्री भएको १० जनाको मन्त्रिमण्डल निर्माण गऱ्यो । भारत बढी स्वार्थलाभ, त्यसको सुरक्षा र नेपालमा आफ्नो विशेषाधिकार स्थापित गर्न चाहन्थ्यो, त्यो पायो । राजा १ सय ४ वर्षअघिकै शाही सर्वसत्ता चाहन्थ्यो, त्यो पायो । नेपाली काङ्ग्रेस त्यही प्रतिक्रियावादी सत्तामा अंशियारी चाहन्थ्यो, उसले पनि अंश पायो र राणाहरू आफूमाथि सर्वनाशी सङ्कट आएको बेला आधा भए पनि जोगाउन चाहन्थे, राणाहरूको मनोरथ पनि पूरा भयो । जनताहरू भने सामन्तवाद र साम्राज्यवादको अन्त्य चाहन्थे, उनीहरू सफल हुन सकेनन् । दिल्ली सम्झौता देशी-विदेशी जनविरोधी शक्तिको मेलजोल थियो । जनताले त्यसको तीव्र विरोध गरे । जनताको त्यही चाहना र भावनादेखि भारत, राणा र नेपाली काङ्ग्रेस सबै आतङ्कित थिए । दिल्ली सम्झौताविरोधी आन्दोलनकारीहरूमाथि भारतीय सेनासमेत संलग्न भएर हिंस्रक दमन गरे । यसरी २००७ सालको आन्दोलन एउटा मञ्जिलमा पुगेर अडियो ।

## राणाशाहीविरोधी आन्दोलनमा त्रिभुवनको भूमिका

राजा सुरेन्द्रबाहेक राजवंशी सबै राजाहरू राणाहरूको एकाधिकारको विरोधी थिए । तर, त्रिभुवनलाई भने शाहहरूको त्यो चिर परिचित धाराबाट अलग गरेर जनआन्दोलन र प्रजातन्त्रका नेता, प्रजातन्त्रको निम्ति तानाशाहीसँग आन्दोलन गर्ने नौलो र अनौठो राजाको रूपमा प्रस्तुत गरिएको छ । राजाविरोधी आन्दोलनमा त्रिभुवनको के भूमिका रह्यो भन्नेबारेमा हामीले तथ्यको आधारमा अध्ययन गर्नुपर्छ ।

सम्बत् १९८८ मा 'प्रचण्ड गोरखा' का विद्रोहीहरूलई दण्ड दिने फैसला गर्दा राजा त्रिभुवन पनि त्यो न्याय नाटकमा स्वयम् उपस्थित थियो । राणाशाहीको अन्त्यको निम्ति आवाज उठाउने विद्रोहीहरूले राणाहरूको ज्यानमारा यन्त्रणा र कुटपिटको दृढतापूर्वक सामना गरे, 'राणाशाही नाश होस्' भन्दै गगनभेदी नाराहरू लगाए । तर, राजा त्रिभुवनले विद्रोहीहरूमाथि गरिएको त्यस्तो अमानवीय यन्त्रणाको विरूद्ध चुइँक्क आवाज उठाउने साहस गरेन । अझ बरू त्यस्तो यातना र जेल दिने फैसलामा सहमति दियो ।

सम्बत् १९९७ सालको प्रजा परिषद्का सदस्यहरूमाथि मुद्दा चलाउने विशेष अदालतको नाटकमा पनि स्वयम् राजा त्रिभुवन र युवराज महेन्द्र दुवै उपस्थित थिए । उनीहरूबाट नै त्यस नाटकको सभापतित्व भएको थियो । त्यस विशेष अदालतबाट चारजनालाई मृत्युदण्ड र अन्य अनेकौंलाई आजीवन कारावास, २० वर्ष, १२ वर्ष र ६ वर्षको सजाय भयो । यी सबै हत्या र कारावासको सजायमा पनि त्रिभुवनले आफ्नो पञ्जापत्र दिएको थियो । चारजनाको निर्ममतापूर्वक हत्या गरी सार्वजनिक ठाउँमा लाश टाँगेर प्रदर्शनसमेत गर्ने नृशंसता र विभत्सता देखाए । यहाँ पनि राणाशासनविरोधी आन्दोलनकारीहरूले मृत्युलाई वरण गर्न हिचकिचाएनन् । राणाहरूको यातना, दमन र त्रासदीको अघि शिर झुकाउने र घुँडा टेक्ने कायरता देखाएनन् । तर, त्रिभुवन र महेन्द्रले भने त्यस्तो हत्यारो र आततायी फैसलाको विरोध गर्ने कुरै छाडौं, सहमति र अनुमति दिए । देशका अग्रणी वीर सपुतहरूको हत्या भयो ।

राणाशासकहरूको दमनले जनताको प्रजातान्त्रिक आन्दोलनको निरन्तरता र अग्रगतिलाई रोक्न सकेन । आन्दोलनको बढिरहेको स्थितिलाई देखेर धूर्त शाहहहरूले आफ्नो स्वार्थसिद्ध गर्ने नयाँ तरिका अपनाउने विचार गरे । जनताको प्रजातान्त्रिक आन्दोलनको घोडा चढेर आफ्नो मनोरथको मञ्जिलसम्म पुग्ने सुर कसे । तिनीहरूको चाहनाको सुइँको पाएर मोहन शमसेरले त्रिभुवन र महेन्द्रलाई अपदस्थ गर्ने षड्यन्त्र पनि गरिरहेको थियो । यही भय र आतङ्कले ग्रस्त भएर भारतको गुप्त योजना र सुरक्षा प्रबन्धमा एकदिन शाह परिवारले भारततर्फ पलायन गऱ्यो । जनताले राणाशाहीको विरूद्ध जीवन-मरणको सङ्घर्ष सञ्चालन गरे । तर, त्यतिबेला शाह परिवार भने दिल्लीमा भारतको राजकीय पाहुना भएर मीठा-मीठा परिकारहरू खाइरहेको थियो । पूर्ण प्रजातन्त्रको निम्ति सङ्घर्ष गरिरहेका जनताबाट पराजित हुँदै गएको राणाशाहीसँग सम्झौता गरी तानाशाही बचाउने र प्रजातान्त्रिक आन्दोलनलाई दबाउने कुरामा सहमत भयो । राणाशाहीले विस्तारवाद साम्राज्यवादसँग गरेको सम्पूर्ण असमान राष्ट्रघाती काम गरेर आफ्नो स्वार्थपूर्ति भएपछि त्रिभुवन सपरिवार नेपाल फर्क्यो । जनअदालतमा मुद्दा चलाएर फासीको सजाय दिनुपर्ने राणाशासकहरूलाई 'आफ्ना अत्यन्त प्रिय विश्वासप्राप्त' व्यक्तिहरू भनी फेरि जनतामाथि शासन चलाउन र शोषण गर्न संलग्न बनायो । उही मोहन शमसेर फेरि प्रधानमन्त्री भयो । उनै राणाहरू फेरि मन्त्री बने । यस्तो तथ्यहरू सुरक्षित छँदाछँदै राणाशाहीविरोधी प्रजातान्त्रिक आन्दोलनको महान् नेता र प्रजातन्त्रका जन्मदाता भनी त्रिभुवनलाई सिङ्गारपटार गर्नु कति हास्यास्पद विषय हो ? राणाशाहीको विरोध गर्ने जनतामाथि हिंस्रक भएर राणाहरूले दमन गर्दा त्रिभुवनले कहिल्यै विरोध भऱ्यो । यदि उसले राणाहरूको डरले मुख खोल्न नसकेको हो भने यो कायरता र नपुङ्सकताको नम्बरी उदाहरण होइन र ? जहाँ वीरहरू हाँसी-हाँसी फासीमा चढ्दैछन्, त्यहाँ शाहहरू मुख खोल्नेसम्म हिम्मत गर्दैनन् । यदि राजाले विरोध गर्ने आँट गरेको भए पनि जनताका छोराछोरीले जस्तो उसले फासीमा चढ्नुपर्ने थिएन, धेरै भए निर्वासितसम्म हुनसक्थ्यो । तर, त्यस्तो खतरा उठाउने साहस त्रिभुवन र महेन्द्रमा भएन । पराजित भएको राणाशाहीले कबुल र घोषणा गरे जति अधिकार पनि जतालाई दिएन । राणाविरोधी आन्दोलनमा ज्यानको बाजी राखेर लडेका जनताहरूलाई आफू देशभित्र फर्किएपछि र अधिकार फिर्ता पाएपछि राजनीतिक वार्ताद्वारा समस्या सुल्झाउनुभन्दा पनि झन् चर्को दमन गऱ्यो । फेरि पनि आज तिनीहरू नै इतिहासका त्यस्ता सङ्घर्षहरूको नेता रहेको दावी गर्छन् र पञ्चायती पाखण्डहरू त्यसको निर्लज्ज भएर प्रचार गर्छन् । कति हास्यास्पद, नीच र निन्दनीय कुरा !

## राणाविरोधी आन्दोलनमा भारतेली शासकहरूको भूमिका

राणाशासनको विरूद्ध नेपाली जनताको आन्दोलनले गोली र फासीको सजायको पनि पर्वाह नगर्ने साहस देखाउन थालेपछि अङ्ग्रेजविरोधी भारतीय जनताको लडाइँबाट जनताको भावना र अन्तरविरोधको अवस्था बुझ्न चतुर भएका भारतेली शासकहरूको ध्यान क्रमशः नेपालतर्फ आकर्षित हुँदै गयो । अब राणाशाहीको भविष्य छैन भन्ने कुरा उनीहरूले राम्रोसँग बुझिरहेका थिए । त्यसकारण उनीहरूले सरकारी र गैरसरकारी तहबाट राणाहरूको विरूद्ध जनतालाई उकास्ने र भारतीय आन्दोलनमा संलग्न भएका नेपालीहरूलाई राणाशासनको विरूद्ध सङ्गठित हुन र आन्दोलन गर्न सहयोग

गर्न थाले । राणाशाही आतङ्कित हुन थाल्यो । यस्तो बेलामा भारतेली शासकहरूले एकातिर ढल्न लागेको राणाशाहीबाट मोलतोल गर्दै नेपालमा वढीभन्दा बढी भारतीय स्वार्थ लाद्ने काम गरे भने अर्कोतिर राणाहरूद्वारा प्राप्त सुविधाहरूलाई आधार बनाएर नेपाली काङ्ग्रेसलाई प्रशिक्षित गर्दै शाह राजाहरूबाट त्योभन्दा बढी सुविधा प्राप्त गर्न मोलतोल गर्दै गए । शाहहरूबाट अझ बढी सुविधा सुरक्षित बनाएर शाहहरूको पक्षमा भित्री सहयोग गर्दै गए । शाहहरूको पक्ष लिँदा एकातिर दीर्घकालीन हिसाबले बढ्ता र स्थायी स्वार्थलाभ हुन्थ्यो भने अर्कोतिर प्रजातन्त्र प्रेमको खास्टो ओढेर नेपाली जनता र विश्व जनमतलाई पनि राम्रो प्रभाव दिन सकिन्थ्यो । २००७ सालमा भएका सबै गतिविधिहरूमा भारतेली शासकहरूको भूमिका रहस्यपूर्ण र निर्णायक रहेको कुरा इतिहासले इन्कार गर्न सक्दैन । राणाशाहीलाई झुकाउने र अन्त्यमा बचाउने दुवै पक्षमा भारतकै पहलदकमी प्रमुख छ । नेपाली काङ्ग्रेसलाई निर्देशन दिने र त्रिभुवनलाई योजना दिने तथा सुरक्षाको निम्ति हातहतियार काठमाडौँस्थित भारतीय दूतावासमा जम्मा गर्ने र सेनाहरूलाई धोवी, ठाकुर, व्यापारी र अरू अनेकौं पेसाको आवरणमा पुऱ्याउँदै सुरक्षित ढङ्गले दिल्ली पुऱ्याउने कुरामा भारतकै भूमिका निर्णायक रहेको छ । राणा शासकहरूको राजनीतिक वार्ता र सुधारसम्बन्धी अन्तिम सहमति पनि भारत सरकारसँगै भएको हो । भारतको निर्देशन प्राप्त भएपछि मात्र नेपाली काङ्ग्रेसको राणाविरोधी सशस्त्र सङ्घर्ष पनि बन्द भएको हो । दिल्ली सम्झौताप्रति असन्तुष्ट रहेका मुक्तिसेनाको के.आई. सिंहको नेतृत्वमा रहेको जारी सङ्घर्ष र भीमदत्त पन्तको क्रान्तिकारी आन्दोलनको विरूद्ध पनि भारतीय सेनानै प्रयोग गरेर दमन गरियो । यसरी भारतले राणाशासनको विरूद्ध नेपाली जनताको अन्तरविरोध र सङ्घर्ष निश्चित निर्णायक मोडमा पुगिरहेको बेला भारतीय आन्तरिक स्वार्थ र उसको अन्तर्राष्ट्रिय प्रतिष्ठा दुवैलाई सुदृढ बनाउने दोहोरो भूमिका खेलेको छ ।

**जनताले राणाशाहीविरोधी आन्दोलनमा उच्चतम सफलता कहिले प्राप्त गरेका हुन् ?**

जनताले राणाशाहीविरोधी आन्दोलनमा उच्चतम सफल र प्रजातान्त्रिक अधिकारहरू प्राप्त गरेको दिनको रूपमा फागुन ७ गतेलाई उल्लेख गरिएको छ । यो राजा त्रिभुवनले नेपाल फर्किएर शाही घोषणा गरेको दिन थियो । जनआन्दोलनको इतिहासलाई केलाउँदा राणाशाहीविरोधी जनताको सङ्घर्ष २००४ सालमा एकपटक चुलीमा पुगेको थियो । जतिबेला पद्म शमसेरले बाध्य भएर वैधानिक कानुनको घोषणा गर्नुपऱ्यो । तर, राणाशासकहरूले त्यस विधानलाई कार्यान्वित गरेनन् । अथवा अनेकौं प्रतिबन्धात्मक ऐनहरू थपेर पछि त्यसलाई निकम्मा बनाउने प्रयत्न गरे । राजबन्दीहरूको आम रिहाइ पनि भएन । त्यसैले फेरि जनताको सङ्घर्ष क्रमशः बढ्दै गयो र २००७ साल पुसमा फेरि दोस्रो र अन्तिम पटक चुलीमा पुग्यो । पुस २४ गते सुधारसम्बन्धी अर्को घोषणा गर्न मोहन शमसेर बाध्य भयो । त्यस घोषणाबाट सीमित रूपमा भए पनि जनताले प्रजातान्त्रिक अधिकार प्राप्त गरेको कुरा प्रस्ट भयो । ती अधिकारहरू उपभोग गर्न बाधा पार्ने विगतका प्रतिबन्धात्मक ऐन र आदर्शहरू खारेज गरिए र राजबन्दीहरूको रिहाइ पनि हुँदै गयो । पुस २४ मा मोहन शमसेरद्वारा गरिएको घोषणामा जनतालाई जति अधिकारहरू र अनुकूलता प्रदान गरिएको छ, त्यो भन्दा एकरत्ति पनि बढी फागुन ७ को त्रिभुवन घोषणमा छैन । अझ फागुन ७ भन्दा पुस २४ को घोषणामा बढ्ता अनुकूलता र अधिकारहरू विद्यमान छन् । त्रिभुवनले भने त्यस्ता जन अनुकूलता र कतिपय अधिकारहरूसमेत समाप्त पार्दै बढ्ता प्रतिगामी प्रजातन्त्र र जनविरोधी घोषणा गरेको छ । मोहन शमसेरको घोषणामा मन्त्रिमण्डलले सामूहिक रूपमा स्वयम् उत्तरदायी हुँदै काम गर्ने, काममा आफ्ना नियमहरू आफैं बनाउने, मुलुकको सम्पत्तिमा त्यसैले सर्वाधिकार राख्ने कुरा उल्लिखित थियो । त्रिभुवन यतिबेला आफूलाई निरङ्कुश विशेषाधिकारहरू निमल्ने हुन् कि भनी सशङ्कित पनि भएको थियो । उसको यस्तो मनस्थिति उसले पुस २५ मा पठाएको सन्देश-पत्रमा 'परम्परादेखि चलिआएको हाम्रो उच्च आदर्श संस्कृतिलाई कायम राख्नका निमित्त हामी सबैसँग अपील गरिबक्सन्छौँ' भन्ने उल्लेखबाट प्रस्ट हुन्छ । उसको यो परम्परादेखिको उच्च आदर्श संस्कृति भनेको अरू केही नभएर राजाको निरङ्कुशता र स्वेच्छाचारिता हो भन्ने कुरा प्रस्ट छ र पछि स्वयम् उसैले पनि त्यसरी नै प्रस्ट पारेको छ । पछि त्रिभुवनले आफ्नो घोषणामा त्यस्तो शङ्का उत्पन्न हुने सबै आधारहरू समाप्त पाऱ्यो । मन्त्रिमण्डल राजाप्रति उत्तरदायी रहने बनायो । दोस्रो कुरा, २००४ सालको वैधानिक कानुन लागू गर्दा, मन्त्रिमण्डलले बनाएका नयाँ नियम कानुनहरू 'वैधानिक कानुन' भन्दा बढ्ता प्रभावशाली हुने कुरा मोहन शमसेरको घोषणामा थियो । यसबाट राज्यका कतिपय अन्तरिम नयाँ नियहरू बनाउने अधिकार मन्त्रिमण्डलमा रहेको कुरा प्रस्ट पार्छ । तर, त्रिभुवनले भने आफैं विधान दिने र नियम-कानुनहरू आफूले निर्माण गर्ने घोषणा गऱ्यो । तेस्रो कुरा, मोहन शमसेरको घोषणामा 'वैधानिक कानुन' द्वारा श्री ३ हरूले लिएको विशेषाधिकारहरू समाप्त पारिएको थिएन । तर, तिनीहरूलाई कायमै राख्ने पनि उल्लेख थिएन । यस्तो अवस्थामा मन्त्रिमण्डलले विशेष नियमहरू बनाउँदै त्यस्ता विशेषाधिकारहरू समाप्त पार्न सक्थ्यो, राजनीतिक पहलकदमी लिन सक्थ्यो र सर्वाधिकार जनताको हातमा केन्द्रित गर्ने क्रियाकलाप पनि सञ्चालन गर्न सक्थ्यो । चौथो कुरा, त्यस घोषणाले कुनै विशेषाधिकार शाह राजाहरूमा सुम्पिएको पनि थिएन । यस्तो स्थितिमा मन्त्रिमण्डलले श्री ५ लाई पनि कानुनको अधीनस्थ बनाउने पहलदकमी लिन




सक्थ्यो। पाँचौं कुरा, त्यस घोषणाले मुलुकको आय-व्यय आफैंप्रति उत्तरदायी मन्त्रिमण्डलको हातमा राखेर कुनै पनि व्यक्तिबाट हुने मनोमानी र अपव्ययलाई रोक्न सक्ने सम्भावना राखेको थियो। तर, त्रिभुवनको घोषणाले ती सबै जनअनुकूलताहरू समाप्त पारी सम्पूर्ण विशेषाधिकारहरू आफ्नो हातमा केन्द्रित गऱ्यो। राजाको निरङ्कुशता कायम गर्ने वातावरण तयार गऱ्यो। वास्तविकता यस्तो भएको हुनाले पुस २४ भन्दा फागुन ७ को घोषणा हरेक हिसाबले प्रतिगामी रहेको छ, दूरगामी ढङ्गले ज्यादा जनविरोधी र हानिकारक छ। यस्तो स्थितिमा जनताले उच्चतम सफलता प्राप्त गरेको दिन फागुन ७ हो भन्नुमा कुनै औचित्य र सत्यता देखिँदैन। फागुन ७ मा चाहिँ केवल शाह राजाहरूले १ सय ४ वर्ष अगाडि गुमेको निरङ्कुशता स्वेच्छाचारिता र विशेषाधिकारहरू पुनः प्राप्त गरेको दिन मात्र हो। राजाले जनतामाथि हैकम लाद्ने विशेषाधिकार पाएकोमा जनताले खुसी मनाउनुको पनि कुनै तुक छैन। पुस २४ को ठीक एक महिनापछि दिल्लीमा भारतको मध्यस्थतामा राजा, राणा र नेपाली काङ्ग्रेसका बीचमा सम्झौता भयो। यसले जनताको बढिरहेको सङ्घर्षलाई मात्र होइन, मोहन शमसेरको घोषणाका अनुकूलताहरूसमेतलाई समाप्त पारी त्यही प्रतिगामी सम्झौता अनुरूप फागुन ७ को शाही घोषणा भएको हो। यस्ता सवालहरूमा क्रान्तिकारीहरूले तथ्यसङ्गत ढङ्गले धारणा बनाउनुपर्दछ।

**२००७ सालपछि राजाले जनताका अधिकारहरूको सम्मान गरेको छ ?**

जनताको कमजोर प्रजातान्त्रिक चेतनाबाट फाइदा उठाएर जनताको आन्दोलनमा घोडा चढ्न सफल भएको त्रिभुवनले आफ्ना शाही विशेषाधिकारहरू फिर्ता पाइसकेपछि कहिल्यै पनि जनताका अधिकारहरूको रक्षा र जनभावनाको सम्मान गरेन। बरू, अनेकौं षड्यन्त्र र तिकडमहरू गरी मध्ययुगीन ढङ्गको हुकुमी शासन खडा गर्ने घृणित षड्यन्त्र गरिरह्यो। सर्वप्रथम राणाशाही र सामन्तवाद तथा साम्राज्यवादविरोधी जनताको सङ्घर्षलाई समाप्त पार्न प्रतिगामी र प्रतिक्रियावादी दिल्ली सम्झौता भयो। यसरी ००७ सालमै सुधारवादीहरू र यथास्थितिवादीहरूको बीचमा सम्झौता भएर क्रान्तिकारी शक्ति र सुधारवादी र निरङ्कुशतावादीहरूबीच राजनीतिक लुकामारी चल्न लाग्यो। अन्तमा अनेकौं षड्यन्त्र, चालबाजी र दमनपछि राजाको निरङ्कुशतावाद सफल भयो र सुधारवाद पराजित भयो। त्यसपछि सुधारवादीहरूमाथि पनि दमन गरिरहेको छ। जनताका सीमित अधिकारहरू खोस्न र सुधारवादीहरूसमेतलाई समाप्त पार्न राजतन्त्रले गरेका षड्यन्त्र, जालझेल र कुटिल चालहरू मोटामोटी रूपमा यस्ता छन् -

(क) त्रिभुवनले शाहवंशका तमाम कायरता, लम्पट प्रवृत्ति र निजी स्वार्थ लिप्साको बदनाम जीवनीलाई ढाकछोप गर्नको निम्ति तथा आफैंले संलग्न भएर आन्दोलनकारी विद्रोही राजनीतिक नेताहरूको हत्या गराएको कुकर्मलाई ढाकछोप गर्नको निम्ति शाह राजाहरूको देनको प्रशस्तिहरू तयार गर्न लगाउने र भाटहरूद्वारा प्रसारित गराउने काम गऱ्यो। आफू कायरतापूर्ण ढङ्गले विदेश पलायन गरेको विषयलाई महान त्याग, साहस र बलिदानदेखि नडराउने क्रान्तिकारी वीरता भनी आत्मप्रशंसाको चुली खडा गऱ्यो। जनताका भावनाहरूलाई उत्तेजित पार्न नाटकीय अभिनयहरू गऱ्यो। अझ यसलाई पुँजी बनाएर महेन्द्रले हरेक सङ्कट आइपरेको बेलामा सञ्जीवनीको रूपमा उपयोग गऱ्यो।

(ख) त्रिभुवनले मानव समाजको इतिहास नै अनौठो लाग्ने गरी आफ्नो निरङ्कुश तनाशाहीलाई प्रजातन्त्रवादी देखाउने प्रयत्न गऱ्यो। मानौं, ऊ जनता र देशको निम्ति मात्र जन्मिएको हो, प्रजातन्त्र र जनताको समृद्धिभन्दा अरू उसको कुनै स्वार्थ र चिन्ता छैन। एकातिर भएका जनअधिकारहरू र अनुकूलताहरू खोस्दै, नियम कानुन र वास्तविकताभन्दा कोशौं टाढा प्रजातन्त्र र सुन्दर जीवनसम्बन्धी भावुक र कोरा भाषण तथा घोषणाले जनतालाई रल्ल पार्दै गयो। राजाका त्यस्ता षड्यन्त्रकारी घोषणा र प्रजातन्त्रसम्बन्धी स्वाङलाई कतिपय राजनीतिक समूह राजालाई खुशी पारेर कुर्सी प्राप्त गर्न, कतिले अज्ञानताबश साँच्चै प्रजातन्त्र होला भनी ठान्दै र कतिपयले जनताका सीमित हकहरूको पनि हत्या गर्ने षड्यन्त्रका सहभागी भएर हार्दिक समर्थन र उच्च प्रशंसा गर्दै गए। यस्ता कुराहरूले जनताको कलिलो चेतनामा राजाको स्वाङे प्रजातन्त्र-प्रेमप्रति बाक्लो भ्रम पैदा गरे। राजाका सबै कदमहरू जनता र प्रजातन्त्रको निम्ति समर्पित छन् भन्ने झूठो विश्वास जनतामा पऱ्यो। २००७ सालपछि प्रजातन्त्रको निम्ति सबभन्दा ठूलो बाधा र खतरा राजादेखि नै थियो। तर, दुर्भाग्यको कुरा! नेपालमा जनताका अधिकारहरूको रक्षा गर्ने जिम्मा राजाले नै पायो। जनताहरू र जनपक्षीय सङ्गठनहरू पनि राजाले प्रजातन्त्रको रक्षा गरिदेला भनी ढुक्क परे। दूधको साक्षी बिरालो, प्रजातन्त्रको गोठालो राजा भयो।

(ग) राजाले एकातिर भावुक घोषणा र भाषण गर्दै जनतालाई अलमल्यायो भने अर्कातिर प्राप्त भएका जनअधिकारहरूलाई व्यवहारमा लागू गर्न नदिन अनेकौं प्रयत्न गरिरह्यो। जनताले उपयोग गरिरहेका सानातिना कुराहरू पनि कुनै पनि बेलामा खोस्न सक्ने अधिकारहरू आफ्नो हातमा केन्द्रित गर्दै गयो। सर्वप्रथम माथि उल्लेख गरेझैं फागुन ७ को शाही घोषणाले जनताका अधिकारहरू र अनुकूलताहरू अपहरण गऱ्यो। अन्तरिम शासन विधान आफूले बनाएर सर्वाधिकार आफ्नो हातमा लियो। २००८ सालमा सैनिक क्षेत्रको सर्वाधिकार आफ्नो हातमा लियो र सिंहदरबारमा रहेको सेना र सशस्त्र नारायणहिटीमा साऱ्यो। २०१० सालमा न्यायालयसम्बन्धी सर्वाधिकार आफ्नो हातमा लियो। मुलुकको सर्वोच्च सत्ता

र संविधानको स्रोत पनि श्री ५ मा रहेको कुरा घोषणा गर्दै स्वयम् विभिन्न ऐन-कानुनहरू बनाउँदै जारी गर्दै गयो । अर्कोतिर संविधानसभाको चुनाव गराउने विषयलाई भने सकेसम्म आलटाल गर्दै पछि सार्दै गयो । जनसङ्ख्याको लगत लिने र निर्वाचनसम्बन्धी अन्य तयारीहरू गर्ने भनी दिन, महिना र वर्षहरू गाल्दै गयो । त्रिभुवनको मृत्युपछि जनताका अधिकारहरू गोलमाल पार्ने प्रक्रियालाई महेन्द्रले झन् तेज पाऱ्यो । त्यस्तो ऐतिहासिक प्रतिबद्धता व्यक्त गरेको र त्रिभुवनले इन्कार गर्ने हिम्मत नगरेको विधानसभाको सवाललाई पनि महेन्द्रले 'आवश्यक छ कि छैन ?' भन्ने प्रश्नचिन्ह खडा गर्दै गयो । राजनीतिक वातावरणलाई धमिलो पाऱ्यो र षड्यन्त्रलाई तेज गऱ्यो ।

(घ) सुरुदेखि नै राजनीतिक पार्टी, पार्टीगत आदर्श र व्यक्तिहरूलाई बद्नाम गर्ने अनेक षड्यन्त्रहरू गरिरह्यो । कुनै पनि पार्टी वा पार्टीहरूलाई अपेक्षाकृत स्थिर सरकार बनाउने मौका नदिएर 'मुलुकको विकास गर्न सकेन, जनताको चाहना पूरा गरेन, राष्ट्रिय सहमति प्राप्त गर्न सकेन, राष्ट्रिय एकतामा व्यवधान उत्पन्न गऱ्यो' भन्ने जस्ता अभियोगहरू लगाएर छ-छ महिनामा विघटन/पुनर्गठन गरिरह्यो । हरेक मन्त्रिमण्डललाई लाञ्छना लगाएर तथा दलालहरू उकासेर पनि जनताको सामु बद्नाम गर्ने र पखाल्ने काम गऱ्यो । एकातिर आफ्नै जी-हजुरिया तत्वहरूलाई मात्र मन्त्रिमण्डलमा राख्ने र अर्कोतिर तिनीहरूकै विरुद्ध अरूलाई उकास्ने र होहल्लाको वातावरण खडा गर्ने प्रयत्न गऱ्यो । खास-खास बेलामा आफै प्रत्यक्ष शासन चलाएर पनि जनप्रतिक्रिया कस्तो हुन्छ भनी परीक्षा गर्दै गयो । महेन्द्रले त बीचमा पुरै एकवर्षसम्म ठाडो शासन चलायो । यसरी कुनै पनि पार्टी, व्यक्ति वा दलगत राजनीतिक आदर्शहरू देश र जनताका कल्याण गर्न योग्यता, क्षमताका छैनन् भन्ने देखाउने प्रयत्नमा राजाले सफलता प्राप्त गर्दै गयो । पार्टीहरू जनतामा उग्लिँदै गए ।

(ङ) राजाले विदेश भ्रमण गरेर एकातिर अन्तर्राष्ट्रिय अनुभवहरू बटुल्ने र अर्कोतिर वैदेशिक सहानुभूति प्राप्त गर्ने प्रयत्न गऱ्यो भने देशका पूर्व-पश्चिम सबै ठाउँमा भ्रमण गरेर जनतासँग प्रत्यक्ष सम्बन्ध, सम्पर्क कायम गर्न, समस्याहरू सुन्ने बुझ्ने र ठाडो फर्स्यौट गर्ने, शाहवंशी राजाहरू खासगरी त्रिभुवनको प्रशंसा गाउँ-गाउँमा पुऱ्याउने र राजामाथि जनताको ठाडो समर्थन र विश्वास केन्द्रित गर्ने कोसिस गऱ्यो । सारा दोष र खराबीहरू पार्टी र तिनीहरूका नेता वा नीतिहरूका हुन् भन्ने देखाउँदै विधान सरकार र प्रशासनको प्रक्रिया र सम्पर्कहरूलाई नाघ्दै विभिन्न ठाउँका सुधार र निर्माण कार्यमा सरकारी खजानाबाट करिब ६ लाख वितरण गरी विकासप्रेमी राजा भनेर जनतामा प्रभाव दिने कोसिस गऱ्यो । यस्तो कामबाट जनताको ठाडो समर्थन पाउन राजालाई बल पनि पुग्यो । यो पनि षड्यन्त्रको एउटा महत्त्वपूर्ण अङ्ग थियो ।

(च) राजाले लामो समयसम्म वातावरण तयार गर्दै पूर्वाभ्यास गरी 'विधानसभा चाहिँदैन' भन्ने भाट र दलालहरूको हुइँया खडा गरी विधानसभाको निर्वाचन गर्ने अधिकार खोस्यो । राजगद्दीसम्बन्धी उत्तराधिकारीलाई कुनै पनि ऐन कानुन र संविधानभन्दा सर्वोच्च राखी, सम्पूर्ण सत्ता र अधिकार आफूमा केन्द्रित गरी राजा महेन्द्रले २०१५ साल फागुनमा 'नेपाल अधिराज्यको संविधान' जारी गऱ्यो । त्रिभुवनले जारी गरेको अन्तरिम शासन विधानभन्दा धेरै सवालमा यसमा राजा निरङ्कुश बनेको थियो । उसका गतिविधिहरू माथि अब आलोचना र टिकाटिप्पणी समेत बन्देज हुँदै गएको थियो । २००७ सालमा जनताले प्राप्त गरेको सबभन्दा महत्त्वपूर्ण अधिकार संविधानसभा खोसिसकेपछि र आफ्नै इच्छा अनुरूपको संविधान बनाउन पाएपछि जनताका बाँकी अधिकारहरू पनि पूरै खोस्न सक्ने संवैधानिक आधार तयार भइसकेको थियो । अब राजा खाली उचित समयको ताकमा मात्र थियो । सेना, पुलिस र प्रशासन सबैलाई आफ्नो षड्यन्त्रको निम्ति उचित विन्यास गरिसकेपछि २०१७ साल पुस १ गते तिनै संवैधानिक विशेषाधिकारहरू प्रयोग गरी मन्त्रिमण्डल, संसद् र क्रमश: राजनीतिक पार्टीहरू, स्वतन्त्र जनसङ्गठनहरू, राजतन्त्र, राजनीतिक विचार र गतिविधिहरू सबै समाप्त पारिदियो । अझ स्वयम् आफूले दिएको संविधानका पनि आफ्ना विशेषाधिकारहरू उल्लेख भएका बुँदाहरूबाहेक अरू सबै खारेज गऱ्यो । सैनिक शक्तिको भरमा ठाडो शासन कायम गऱ्यो ।

(छ) देशका महत्त्वपूर्ण दुई नदीहरू कोसी र गण्डकी २०११ साल र २०१६ सालमा भारतलाई सुम्पिने देशघाती काम भयो । यस्तो राष्ट्रविरोधी कार्यको धेरै राजनीतिक शक्तिहरू र सचेत जनसमुदायबाट तीव्र विरोध भए पनि तीव्र दमन गर्दै कार्यान्वयन गरियो । राजाले भारतप्रति सौहार्दता प्रकट गर्दै त्यस्ता असमान सन्धिहरू गरी राष्ट्रिय सम्पदा बेच्न आफ्नो मन्त्रिमण्डललाई खटाउने, स्वयम् तिनीहरूको स्वागत र उद्घाटन गर्ने काम गऱ्यो । यी सन्धिहरू राजाको इच्छाविपरीत होइन, उसैको अनुमतिबाट गरिएका हुन् । स-साना कुराहरू पनि राजाको आदेशबेगर हुन नसक्ने स्थितिमा त्यत्रो राष्ट्रिय महत्त्वका कुराहरू त्यसै हुन सक्दैनथे । तर, जनताबाट व्यापक विरोध भएका हुनाले पछि ती विरोधहरू र जनताको भावनालाई उपयोग गर्दै संसदीय व्यवस्था अथवा बहुदलीय व्यवस्थाले देश बेच्यो भन्ने उत्तेजना खडा गरेर आफू राष्ट्रियताको प्रतीक भएको 'भक्त बकुल्लो' बन्यो ।

(ज) आफ्नो ठाडो शासन भएको बेलामा कतिपय सामाजिक कुरीतिहरूलाई सुधार गर्ने र आर्थिक क्षेत्रमा पनि सुधारका सङ्केतहरू गर्दै राजाको ठाडो शासन नै जनताको हित गर्ने हुन्छ भन्ने देखाउन खोज्यो ।

अर्कोतिर कुनै पार्टीको सरकार बनेको अवधिमा उनीहरूले केही योजना र रूपरेखा खडा गरे पनि त्यसको विरोधमा कट्टरपन्थी तत्वहरूलाई उकासेर व्यवधान उत्पन्न गऱ्यो। पछि संसद् विघटित भएपछि कतिपय तिनै कुराहरू आफ्नो ठाडो शासन अन्तर्गत लागू गऱ्यो। राजाका यस्ता अनगीन्ति कदमहरू षड्यन्त्रै षड्यन्त्रले भरिएका र घृणित जनविरोधी छन्।

यसरी २००७ सालदेखि २०१७ सालसम्मको एक दशकमा राजाले जनताका अधिकारहरू खोस्ने, दमन गर्ने, आफ्नो निरङ्कुशतालाई सुदृढ बनाउने तथा राष्ट्रिय सम्पदा बेचबिखन गरी जघन्य अपराधहरू गर्दै आएको कुरा इतिहासका प्रशस्त तथ्यहरूले प्रमाणित गरिरहेका छन्।

**२०१७ सालको प्रतिगामी कदम**

२००७ सालदेखि नै राजाले जनताका अधिकारहरूमाथि प्रहार गर्न बञ्चरो उठाइरहेको थियो। मुलुकको राजनीतिक व्यवस्थामा आंशिक रूपमा मात्र सहभागी हुँदा र जनताहरू राजाका मुख्य शत्रु बनेका थिए। जनताको उपस्थिति र सहभागिताले राजपरिवारलाई राष्ट्रको सम्पत्तिमा ब्रम्हलुट मचाउने औसर साँघुरो भएको थियो। १ सय ४ वर्षमा राणा परिवारले लुटे जति सम्पत्ति शाह परिवारलाई १०-१२ वर्ष भित्रैमा लुटी सक्नुथियो। राजनीतिक शक्तिहरूको अल्पबुद्धि र अयोग्यता तथा तत्कालीन शासकहरूको व्यक्तिगत स्वार्थ तरिकाले गर्दा राजाले आफ्नो पक्षमा अनुकूलता बढाउने मौका पायो। खासगरीकन अन्तर्राष्ट्रिय पुँजीवादद्वारा निर्देशित नेपाली काङ्ग्रेसको उग्रकम्युनिस्टविरोधी धारणा र कामबाट राजाले बढी फाइदा उठायो। ०१७ साल पुससम्ममा राजाले एकातिर गाउँको हालत, जनताको स्थिति र मनोवनावट तथा गाउँले ठूलाबडाहरूको सामाजिक हैसियत बुझेको थियो भने अर्कोतिर पुलिस, प्रशासन र सेनालाई नियन्त्रित र व्यवस्थित बनाइसकेको थियो। पुस १ गते विहानैदेखि षड्यन्त्र सुरु भयो। सर्वप्रथम विहान राजतन्त्र राजनीतिक गतिविधि, सभा, सम्मेलन र प्रचारहरूमाथि अचानक प्रतिबन्ध लगाउँदै गृह मन्त्रालयको सूचना प्रकाशित भयो र दिउँसो ११ बजेदेखि मन्त्रिमण्डलको गिरफ्तारी सुरु गऱ्यो। ३-४ घण्टा भित्रैमा ठूलो सङ्ख्यामा धरपकड गरी दिउँसो ३:३० बजे 'राष्ट्रियता खण्डित भएको, शान्ति सुरक्षा भङ्ग भएको, सार्वभौमिकतामा आँच पुऱ्याएको' भनी संविधानको धारा ५५ को विशेषाधिकार प्रयोग गरेर संसदीय व्यवस्था नै समाप्त गरेको घोषणा गऱ्यो। एक हप्तासम्म युद्धस्तरमा राजनीतिक नेता र कार्यकर्ताहरूलाई धरपडक गऱ्यो, राजधानीमा कर्फ्यू लागू गऱ्यो। त्यसपछि आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन गरी सैनिक शासन कायम गऱ्यो। देशभरिका जमिनदार, पटवारी, तालुकदार, सुब्बा, थरी, मुखिया, मझिया, अमालजस्ता गाउँका विशेषाधिकार प्राप्त व्यक्ति र सामन्ती तत्वहरूलाई स्वतन्त्र राजनीतिक गतिविधिका विरूद्ध सक्रिय हुन उर्दी जारी गऱ्यो। तिनीहरूलाई सहयोग गरे पुरस्कार र नगरे दण्ड दिने व्यवस्था गऱ्यो। त्यसपछि सुनियोजित ढङ्गले विभिन्न पार्टीभित्र प्रवेश गरेका राजाका दलालहरू ठाडो शासन अन्तर्गत सरकारी ओहदामा बस्न थाले। दलाल पत्रपत्रिका र कायर, स्वार्थी र लम्पट राजनीतिक व्यक्तिहरूद्वारा राजाको फासिस्ट कदमको समर्थनमा व्यापक प्रचार, वक्तव्य र अन्तर्वार्ताहरूको ओइरो लाग्यो। राजाले आफ्नो ठाडो हुकुमीतन्त्र स्थापना गर्ने र सम्पूर्ण प्रजातान्त्रिक अधिकारहरू समाप्त गर्ने कुरामा सफलता प्राप्त गऱ्यो। राज्यसत्ताको पाशविक बल प्रयोग र दलालहरूको फ्याउरे हल्लाले मुलुकमा कोलाहल भयो।

राजाको यस्तो फासिस्ट कदमलाई के.आई. सिंह, रा.प्र. मोर्चा, सं.प्र. पार्टी, जनहित सङ्घ, डिल्लीरमणको राष्ट्रिय काङ्ग्रेस, राष्ट्रिय जनता पार्टी तथा तिनीहरूको पाश्ववर्ती अनेकौं जनसङ्गठनहरू र राजनीतिक नेताहरूले दासोचित ढङ्गले समर्थन गरे। राजाले पुस २२ गते शाही घोषणा गरी राजनीतिक पार्टीहरू र स्वतन्त्र जनसङ्गठनहरू खोल्न र चलाउन प्रतिबन्ध लगायो। तिनै दलाल पार्टी, नेता र पत्रपत्रिकाहरूले फेरि होहल्ला मचाएर 'सर्वोत्तम प्रयोग' भन्दै त्यसको समर्थन गरे। यसरी ००७ सालमा प्राप्त सीमित अधिकारहरू र सुधारवादी शक्तिसमेतलाई दमन गरी राजा महेन्द्रले हुकुमीतन्त्र लागू गऱ्यो। हुकुमी शासनको घिनलाग्दो अनुहार लुकाउन उही पुरानो पद्म शमशेरले कल्पना गरेको कथित पञ्चायती व्यवस्था लागू गऱ्यो।

**पञ्चायती व्यवस्था राजाको ठाडो हुकुमी शासनलाई ढाकछोप गर्ने खोल मात्र हो**

राणाशाही समाप्त भएपछि पनि मुलुकमा कुनै प्रभावकारी आर्थिक-सामाजिक पाइलाहरू चालिएको थिएन। आफ्नो ठाडो शासन भएको बेला राजा महेन्द्रले भूमिसम्बन्धी केही नयाँ कुराहरू जारी गरी किसानहरूको समर्थन प्राप्त गर्न आधार मात्र बनाउन खोजेको थियो। ०१७ सालपछि एकातिर चर्को राजनीतिक दमन गऱ्यो भने अर्कोतिर सामाजिक-आर्थिक क्षेत्रमा केही सुधारहरूको घोषणा गरी जनतालाई अल्मल्याउन प्रयत्न गऱ्यो। पञ्चायती व्यवस्थाको खास्टो ओढेर राजाको ठाडो शासन कायम गर्ने, त्यस अनुरूपको 'नेपालको संविधान' जारी गर्ने, जात-पात र छुवाछूत अन्त्य गर्ने, 'मुलुकी ऐन' जारी गर्ने, 'भूमिसुधार' लागू गर्ने, सुकुम्वासीहरू र प्रवासी नेपालीहरूलाई व्यवस्थित बनाउन झोडा खोल्नेजस्ता कुरा गरेर जनतालाई ठाडो शासनका समर्थक बनाउन खोज्यो। औद्योगिक-व्यापारिक क्षेत्रमा पुरानै नीति कायम राख्ने र विदेशी पुँजीलाई प्रोत्साहित गर्ने नीति घोषणा गरी विदेशी पुँजीपतिहरूको समेत समर्थन आफूतिर बनाउने नीति लियो। राजनीतिक-प्रशासनिक क्षेत्रमा केन्द्रित भएर व्यापक र हिंस्रक ढङ्गले स्वतन्त्र राजनीतिक शक्ति र विचारहरूलाई लगातार छ वर्षसम्म दमन गरेपछि राष्ट्रको आँखा र

मस्तिष्कमै ताल्चा मारी दिने आशाले कथित संविधानको पहिलो संशोधन गरी पञ्चायतलाई 'निर्विकल्प' भएको घोषणा गऱ्यो । नेपालको हावा, पानी र माटोमा राजाको निरङ्कुशता र तानाशाहीलाई ढाकछोप गर्ने पञ्चायतभन्दा अर्को सुन्दर विकल्प छैन भन्ने निष्कर्षमा राजा पुग्यो । हिंस्रक दमन र सुधारका षड्यन्त्रले परिस्थितिलाई आफ्नो नियन्त्रणमा ल्याइसकेको महसुस गरी जेलमा थुनिएका कतिपय राजनेताहरूलाई छाडिदियो । निर्दलीयताको नाममा निरङ्कुश राजतन्त्रवादी एकदलीयता लागू गर्न 'शोषणरहित समाजको सिर्जना गर्ने, वर्ग समन्वय गर्ने र विकेन्द्रीकरण लागू गर्ने' जस्ता हावा कुराहरूको निर्माण गरेर 'गाउँ फर्क' सङ्गठित गऱ्यो । 'गाउँ फर्क' एकदलीय नियन्त्रण अथवा राजावादी निरङ्कुशतालाई निर्विकल्प बनाउने, पञ्चायतभित्र अरू कुनै पनि ढङ्गको विचार उत्पन्न हुन नदिने दमन र षड्यन्त्रकारी योजना थियो । तर, राजाका पोलहरू एकपछि अर्को गर्दै खुल्दै गए । उसले गरेका कथित सुधारहरू एकातिर कार्यान्वित गर्नको निम्ति गरिएका थिएनन् भन्ने अर्कोतिर तिनीहरूलाई लागू गर्दा पनि जनताको जीवनस्थितिमा रत्तिभर परिवर्तन आउन सक्तैनथ्यो । राजाको राष्ट्रियतासम्बन्धी चर्का नारा र कुराहरू पनि फगत 'इतर' राजनीतिक शक्तिमाथि दमन गर्ने हतियार मात्र हुन् भन्ने कुरा जनताले बुझ्दै लगे । यसले गर्दा खास समय बितेपछि जनताभित्र असन्तुष्टि चुलिँदै गयो, सङ्घर्षको विष्फोटक स्थिति तयार हुँदै गयो । राजाले दिएका धोकाप्रति चेतना खुल्दै गएपछि क्रमशः विद्यार्थी, किसान, मजदुर र अन्य जनसमुदायका पेसागत सङ्घर्षहरू उत्पन्न हुन थाले । राष्ट्रियता, जनवाद र जनजीविकाको निम्ति राष्ट्रव्यापी रूपमा जनआन्दोलन देखा पर्दै गए । समाजको चेतनशील समुदाय विद्यार्थी र शिक्षकहरूलाई 'नयाँ शिक्षा योजना' ल्याएर कडा नियन्त्रण र साँघुरो परिवेशमा कैद गर्ने षड्यन्त्र गऱ्यो । प्रेस-प्रकाशनको क्षेत्रमा अझ साँघुरोपन ल्यायो । यस्ता दमन र प्रतिशोधका कारवाहीले गर्दा जनतामा रोष र असन्तोष बढ्दै विद्रोहको अवस्थामा पुग्यो । राजतन्त्र र उसको सामाजिक आर्थिक आधारको विरूद्ध हतियार उठाउने चिन्तनले जन्म लियो । कतिपय ठाउँमा हिंसात्मक वारदात र विद्रोहहरू पनि भए । राजतन्त्रको विरूद्ध हिंसात्मक बाटो अपनाउने क्रान्तिकारी राजनीतिको प्रभाव बढ्दै गएपछि सुधारवादी र दक्षिणपन्थी औसरवादी राजनीतिमाथि पनि राजनीतिक प्रहार तीव्र बन्दै गयो । राजतन्त्रको धोका र दमनबाट क्रुद्ध र वाक्क भएका जनताहरू हिंसात्मक राजनीति र सङ्गठनतर्फ आकृष्ट हुन थाले । राजाले दमनलाई झन् कठोर र निरङ्कुशतालाई अझ कसिलो बनाएर शासन सत्ता टिकाउने कोसिस गर्न थाल्यो । जनताको शक्ति र क्षमतालाई चिन्ने औसर नपाएको, जनताको आन्दोलनको उभार नदेखेको तथा जनआन्दोलनको काँधमा सवार भएर मात्र राजगद्दी फिर्ता ल्याउन सकेको इतिहासबारे प्रत्यक्ष अनुभव नभएको वीरेन्द्रले आफू राजा भएपछि कृतघ्नता र क्रूरतापूर्वक जनताको हत्या गर्न थाल्यो । झापा, इलाम, सङ्खुवासभा, धनकुटा, सिन्धुली र सिन्धुपाल्चोकमा भएका हत्याकाण्डहरू त्यसको नमुना हुन् । यसरी ०२८ सालपछि अभूतपूर्व ढङ्गले जनताको राजनीतिक हत्या गरी हिंसावादी ठाडो शासन चलाउने कोसिस गरेको छ । २०२९ सम्मदेखि सामयिक सङ्कलन र जनसङ्गठनका मुखपत्रहरूसमेत प्रकाशित गर्न निषेध गरी जनताको मुख बन्द गर्न प्रयत्न गऱ्यो । ०३२ सालमा भएको उक्त संविधानको दोस्रो संशोधनमा 'गाउँ फर्क' लाई संवैधानिक अङ्ग बनाएर पञ्चायती राजनीतिको हवलदार बनायो तथा निर्वाचनमा समेत 'गाउँ फर्क' टिकट प्रणाली र सहवरणको तरिका लागू गर्दा राजाको निरङ्कुशतालाई बलियो पार्ने कोसिस गऱ्यो । तर, राजा र उसका केही चाटुकारहरूको चाहनाविपरीत त्यसले राजतन्त्रविरोधी शक्तिलाई मात्र उत्तेजित पारेको होइन, गाउँ फर्के अधिकारीहरू स-साना राजा भएर पञ्चायतभित्र हुकुम चलाउन र नियन्त्रण गर्न थालेपछि पञ्चायतभित्रै पनि असन्तुष्टि र विरोध जन्माइदियो ।

राजाले हिंसामा आधारित निरङ्कुशतालाई झन् साँघुरो पार्दै लगेपछि र दक्षिण एसियामा अमेरिकी साम्राज्यवादको स्थिति तुलनात्मक रूपमा पछि पर्दै गएपछि निराश भएर सुधारवादी राजनीतिक शक्ति नेपाली काङ्ग्रेसले 'राष्ट्रिय मेलमिलाप'को नारा बोकेर राजासमक्ष आत्मसमर्पण गऱ्यो । नेपाली काङ्ग्रेसको आत्मसमर्पणवाद र पञ्चायतभित्रकै असन्तुष्टि र अन्योलले जनतालाई क्रान्तिकारी शक्तिबाहेक भरपर्दो अर्को कुनै विकल्प छैन भन्ने बुझ्न मद्दत गऱ्यो र जनताभित्र चिन्तनमा ध्रुवीकरणको प्रक्रिया तेज भयो । यस्तो पृष्ठभूमिमा यथास्थितिवादप्रति आगो भएर जनताहरू ०३५/०३६ सालमा जनसङ्घर्षमा उत्रिए । राजतन्त्रकै विरूद्ध नारा र जुलुसहरू भए पनि ठाउँ-ठाउँमा हिंसात्मक सङ्घर्षहरू भए । अनेकौं ठाउँमा पुलिस चौकीहरू माथि आगो लगाउने, हिंसात्मक दण्ड दिने घटनाहरू भए । नेपालको जनआन्दोलनको इतिहासमा राजतन्त्रको रूप लिएको यो प्रथम पटक हो । यसले राजालाई औधी आतङ्कित पाऱ्यो । सर्वप्रथम राजा जनआन्दोलनको अगाडि लुत्रुक्क परेर पञ्चायतको विकल्प छैन भन्ने अहङ्कार हटाउन, गाउँ फर्के र मण्डलेजस्ता फाशिस्ट र अराजक सङ्गठनहरू समाप्त गर्न बाध्य भयो । पञ्चायत र बहुदलको बीचमा जनमतसङ्ग्रह गराउन बाध्य भयो । क्रान्तिकारी शक्तिको राष्ट्रव्यापी योजना र सुसङ्गठित प्रयत्न नभएको हुँदा सुधारका षड्यन्त्रहरू गरी सङ्घर्षको उभारलाई शिथिल बनाउन राजाले सफलता पायो । धाँधली र बल प्रयोग गरेर पञ्चायतकै विजय गराए पनि त्यसलाई कतिपय रूप र तरिकाको पक्षमा गम्भीर सुधारहरू गर्न बाध्य पनि भयो । तर, फेरि पनि अलिकति औसर

हात लाग्नासाथ आफ्नो ठाडो हुकुमलाई बलियो पार्ने, पञ्चायतभित्र राजावादी एकदलीय एकाधिपत्य कायम गर्न र अन्य विरोधी राजनीतिक शक्तिहरू खासगरी वामपन्थी क्रान्तिकारीहरूमाथि पूर्वाग्रही भएर निर्मम दमन गर्न लागिरहेकै छ । जनमतसङ्ग्रहमा सुधारिएका कुराहरू र अल्पमतको आदर गरिनेछ भन्ने घोषणा राजाको पराजयका चिहृन मात्र हुन् । तिनीहरूलाई निरर्थक पार्न र जनतालाई उल्लु बनाउन ०३७ सालको तेस्रो संविधान संशोधनदेखि नै प्रयत्न गरिरहेको छ । संविधानमा अल्पमतलाई कुनै आदर नगरेको मात्र होइन, निर्वाचनमा सम्मानपूर्वक भाग लिन सक्ने स्थितिसम्म पनि राखेन । अझ 'पञ्चायत नीति जाँचबुझ समिति' जस्तो 'गाउँ फर्क' कै नयाँ संस्करण बनाएर पञ्चायतभित्र राजावादी निरङ्कुश एकदलीयता बलियो पार्ने प्रयास गरिरहेकै छ । यी कुराहरू अरू कुनै पनि राजनीतिक शक्ति, मान्यता र आदर्शहरूलाई पञ्चायतभित्र छिर्न वा उत्पन्न हुन नदिने निरङ्कुशतावादी छेकावारहरू नै हुन् । आज त्यही फासिस्ट र निरङ्कुशताको आधारमा जनताका स्वतन्त्र विचार, सङ्गठन र गतिविधिहरूमाथि दमन गरिरहेको छ । राजाका आर्थिक, राजनीतिक, सामाजिक र राष्ट्रियतासम्बन्धी सबै सुधारहरू वा नयाँ नाराहरू केवल ठाडो निरङ्कुशतालाई ढाकछोप गर्ने र चिरस्थायी बनाउने बहानाबाजीहरू मात्र हुन् । त्यसका मुख्य-मुख्य बुँदाहरूको चिरफार गर्नु पर्याप्त हुन्छ ।

(क) **राष्ट्रियताको सम्बन्धमा** : राजाले ०१७ सालमा राष्ट्रियता, राष्ट्रिय एकता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको नारा लगाएर संसद् विघटन गर्‍यो, जनताका सम्पूर्ण राजनीतिक अधिकारहरू खोस्यो र आफ्नो एकलौटी निरङ्कुशता कायम गर्‍यो । राष्ट्रियताको नारा सत्तालाई एकलौटी र हुकुमी बनाउने सबभन्दा ठूलो ब्रम्हास्त्र थियो । तर, आज २५ वर्षसम्मको ठाडो शासन अवधिका घटनाहरूले पुष्टि गरेका छन्- राजाले राष्ट्रियताको संरक्षण गर्ने अलिकति पनि सकारात्मक काम गरेको छैन वा उल्टै राष्ट्रलाई डुबाउने, देशको सार्वभौमिकतालाई साम्राज्यवादको अधीनस्थ बनाउने र मुलुकलाई नयाँ पाराको उपनिवेश बनाउने काम गरेको छ । बीचको दशकको मात्र होइन, राणाकालका समेत सबै असमान, अपमानकारी र राष्ट्रघाती सन्धिहरू कायमै राख्यो । त्यति मात्र होइन, स्वयम् अनेकौं प्राकृतिक सम्पदा बेच्ने र मुलुकलाई विदेशीको गुलाम बनाउने नयाँ-नयाँ सन्धि-सम्झौताहरू गरिरहेको छ । आर्थिक रूपमा देश अभूतपूर्व रूपमा साम्राज्यवाद-वैदेशिक पुँजीवादमाथि आश्रित बनाएको छ । ब्रिटिस साम्राज्यवादसँगको 'गोरखा भर्ति' सन्धि कायम छ । यसबाट एकातिर यसको 'नाटो' सैनिक गुटसँगको अप्रत्यक्ष संलग्नता जाहेर हुन्छ भने अर्कोतिर विदेश नीतिमा देखाइएको असंलग्नताको कागजीपन प्रस्ट पार्छ । १९५० को शान्ति मैत्री सन्धि कायम राखेर नेपालमा भारतीय विशेषाधिकार र विशेष सम्बन्ध कायम गरिरहेको हुनाले पनि देशको सार्वभौमिकता र वैदेशिक नीतिको असंलग्नता ठट्टामा परिणत भएको प्रस्ट पारेको छ । कोसी र गण्डकी सम्झौतालाई यथावत् कायम राखेको मात्र होइन, कर्णाली पञ्चेश्वर र अरू अनेकौं खनिज सम्पदा विदेशीको हातमा बेच्ने सम्झौताहरू गरेको छ । यस्तो परिप्रेक्ष्यमा राजाको 'शान्तिक्षेत्र' प्रस्ताव-जसलाई अहिले संविधानमा समेत सामेल गरेर ठूलो प्रतिबद्धता र अन्तर्राष्ट्रिय हल्लाको विषयसमेत बनाइएको छ- उही पुरानो व्यक्तिगत सर्वसत्तावादलाई र पश्चिमा साम्राज्यवादी स्वार्थलाई सुरक्षित बनाउने फजुल कोसिसबाहेक केही होइन । ०१७ सालको नाराकै जारी रूप र थप विकास मात्र हो । यसभित्र राष्ट्रियताको रक्षा गर्ने साँचो भावनाको अलिकति पनि अंश रहेको भए व्यवहारमा त्यसका अभिव्यक्तिहरू खोज्न बत्ति बाल्नुपर्ने भएन ।

(ख) **भूमिसुधार** : हाम्रो देश कृषिप्रधान र किसान बहुल मुलुक हो । जनसङ्ख्याको ९० प्रतिशतभन्दा बढी किसानहरू छन् । यो देशमा सत्ता प्राप्त गर्न होस् वा कायम राख्न होस्, यी बहुसङ्ख्यक किसानहरूको समर्थन र सहयोग प्राप्त गर्नु अनिवार्य हुन्छ । यो कुरालाई ध्यानमा राखेर राजाले गरेका आर्थिक सुधारका योजनाहरूमध्ये भूमिसुधार माउ योजना हो । यसको माध्यमबाट जमीनको स्वामित्वमा हदबन्दी कायम गरी जमिन्दारहरूलाई जमिनबाट पुँजी निकालेर वैदेशिक पुँजीवादीसँग मिलेमतो गरी उद्योग क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्दै राजाले गाउँले क्षेत्रमा आधुनिक धनी किसान वर्ग र सहरी क्षेत्रमा दलाल पुँजीपति र व्यापारी वर्गको विस्तार गरी आफ्नो निरङ्कुश शासनतन्त्रको आधारलाई फैलाउन कोसिस गर्‍यो । सामन्तहरूको अल्पसङ्ख्यक मात्र आधारित उदार पुरानो मध्ययुगीन सामन्ती शोषण जारी राख्दा राजतन्त्र माथि नै निकट भविष्यमा गम्भीर खतरा पुग्न सक्ने सम्भावना देखिरहेको थियो । त्यस्तो अवस्थामा सामन्त वर्गको अल्पसङ्ख्याले किसान आन्दोलनसँग मुकाविला गर्न र राजतन्त्रको जगडा गर्न सक्दैनथ्यो । भूमिसुधारद्वारा एकातिर किसानहरू माथिका मध्ययुगीन सामन्ती शोषणका रूपहरूमा एक हदसम्म सुधार गरी जमिनमा 'हदबन्दी', 'द्वैध स्वामित्व', 'माटोको वर्गीकरण', 'कुतको निश्चित दर', 'मोहियानी हक', 'निश्चित व्याजदर', 'ऋणदाता संस्थाहरू', 'साझा खेती', 'विर्ता उन्मूलन', 'गुठी नियन्त्रण', 'किपट उन्मूलन', जस्ता कुरा प्रचारित गरेर किसानहरूलाई भ्रममा पारेको छ भने अर्कोतिर गाउँले क्षेत्रमा धनी किसान वर्ग र सहरमा दलाल पुँजीपति वर्गको पङ्क्तिमा विस्तार गरेको छ । पञ्चायती व्यवस्था खासगरी भूमिसुधार योजना लागू गरेपछि नेपालमा राजाले सामन्ती,

अर्धसामन्ती र दलाल-नोकरशाह पुँजीवादी दुवै शोषण र वर्गस्वार्थको वास्तविक राजनीतिक प्रतिनिधित्व गर्न थालेको कुरा प्रस्ट भएको छ । किसानहरूमाथि बढ्दै गएको अविश्वासको कारणले गर्दा राजाद्वारा गरिएको यो भूमिसुधार योजनाका तीनवटा प्रमुख उद्देश्यहरू रहेका छन् -

(१) सामन्ती शोषणका मध्ययुगीन तरिकाहरू बदलिएर अर्धसामन्ती शोषण कायम गर्नु र किसानहरूको स्वतन्त्र आन्दोलन र सङ्गठनलाई छिन्नभिन्न पार्नु ।

(२) आफ्नो निरङ्कुश शासनतन्त्रलाई सुदृढ बनाउन आवश्यक पर्ने पुलिस, सेना र प्रशासनको व्ययभार उठाउन र छोटो समयभित्र आफूले अलेख सम्पत्ति कुम्लो पार्न जमिनबाट हुने राजकीय आय बढाउनु, वनजङ्गलको बिक्री गरी नयाँ क्षेत्र आवाद गरेर बढी लाभ कमाउनु तथा भूमिहीन, सुकुम्वासीहरूलाई आकर्षित गर्नु ।

(३) धनीकिसान र दलाल पुँजीपति वर्ग सङ्ख्यामा विस्तार गरी राजतन्त्रको आधारलाई स्थायी र सुदृढ बनाउनु । यी उद्देश्यहरूमा एकहदसम्म सफल पनि भएको छ । योबाहेक औद्योगिक क्षेत्रमा पनि राजाले अख्तियार गरेको नीति पनि विदेशी पुँजीपतिहरूलाई निम्त्याउने, प्रोत्साहित र संरक्षण गर्ने, सुविधा प्रदान गर्ने राष्ट्रिय अर्थतन्त्रलाई तहसनहस पारी नवऔपनिवेशिक अर्थतन्त्र खडा गर्ने खालको रहेको छ । वर्गीकृत उद्योगहरूमा नेपाली नागरिकहरूको निम्ति सुरक्षित भनिएको क्षेत्र पनि बढ्दो आप्रवासन, नागरिकतासम्बन्धी घातक भ्रष्टाचार र बेवास्ता, विदेशी पुँजीपति र कालो बजारिया तत्वहरूको द्वैध नागरिकता, शोषण र मुनाफाको उद्देश्यले विभिन्न मुलुकमा लगानी गर्न, परिवारको एकजनाले नागरिकता लिने अथवा कुनै नेपाली नागरिककै नाममा उद्योग-व्यवसाय दर्ता गरेर तिनै दलाल नोकरशाह र विदेशी पुँजीपतिहरू तथा काला बजारियाहरूले कब्जा गरिरहेका छन् । उद्योग-व्यापार र बजारका मालिकहरू तिनै छन् । राष्ट्रिय पुँजीपतिहरू र साना व्यापारीहरू तिनीहरूकै एकाधिकार मुनी गुम्सिएका छन् । कृषि वा उद्योग अर्थतन्त्रको क्षेत्रमा राजाका कागजी योजनाहरूमा अरू जेसुकै उल्लेख भएको भए पनि वास्तविकता योभन्दा अलिकति पनि भिन्न छैन ।

(ग) **पञ्चायती प्रजातन्त्र** : राजाको व्यक्तिगत सर्वसत्तावादलाई ढाकछोप गर्न ल्याइएको पञ्चायती व्यवस्थालाई प्रजातन्त्रको विशेषण पहिराई दिएर जनतालाई उल्लु बनाउने निस्फल कोसिस गरेको छ । राष्ट्रवादजस्तै प्रजातन्त्र पनि ठाडो सत्ता कायम राख्न निरन्तर प्रयोग गरिरहने शब्दजाल भएको छ । राजाको सर्वसत्तावादको अघिल्तिर शिर निहुराएर उभिने करिब पाँच लाख व्यक्तिहरू सङ्गठित हुने पञ्चायतमा प्रावधान राखेको छ । जनप्रतिनिधित्वको नाममा निर्वाचित हुने यति ठूलो सङ्ख्या हाम्रो देशको सबैभन्दा ठूलो सङ्गठनात्मक सङ्ख्या हो । पञ्चायत र त्यसका वर्गीय सङ्गठनहरूमा यो सङ्ख्या सङ्गठित छ । दमनको आधारमा विचारको हिसाबले एकीकृत र विस्तारको हिसाबले देशव्यापी बनाएर राजतन्त्रले आफ्नो रक्षा किल्ला खडा गरेको छ । जनप्रतिनिधि छान्ने, निर्वाचित गर्ने र जनप्रतिनिधिमुलक व्यवस्था बनाउने परिपाटी एउटा प्रजातान्त्रिक परिपाटी हो । वास्तविक प्रजातन्त्रमा जनतालाई विचार, कार्यक्रम र सङ्गठन रोज्ने स्वतन्त्रता हुन्छ तर यहाँ त्यस्तो छैन । राजाको सर्वसत्तावादलाई समर्थन गर्ने एउटै विचारको आधारमा प्रजातन्त्र र निर्वाचनको नोकरी चालू छ । राज्यसत्ता, राजनीतिक व्यवस्था, आर्थिक, सामाजिक, सांस्कृतिक र बैदेशिक नीतिहरूमा मुखै खोलन नदिएर गौण, खुद्रा र छुद्र सवालहरूमा होहल्ला मचाउने वातावरण बनाएको छ । जनताहरू यही षड्यन्त्रको भूमरीमा अल्मलिएका छन् । ठाडो शासनको वर्ग आधारको रूपमा विस्तारित गरिएका जमिन्दारहरू, दलाल नोकरशाह पुँजीपतिहरू र धनी किसानहरू तथा तिनीहरूका पक्षपोषक दलालहरू र भ्रममा परेका केही व्यक्तिहरू पञ्चायती विचार अन्तर्गत त्यहाँ सङ्गठित भएका छन् र सामन्तवाद, साम्राज्यवाद र राजाको सर्वसत्तावादको संरक्षण गरिरहेका छन् । त्यसकारण यो पञ्चायती व्यवस्था प्रजातन्त्रको खास्टो ओढेका राजाको व्यक्तिगत ठाडो सर्वसत्तावादबाहेक अरू केही होइन । भिन्न विचार राख्ने राजनीतिक व्यक्तिहरू र आमजनसमुदायलाई पञ्चायती शासनमा ठूलो सङ्ख्यामा भइरहेको दमन र हत्याले यी कुराहरूलाई नै पुष्टि गरिरहेका छन् ।

**(घ) जातपात र छुआछुतको अन्त्य** : पञ्चायती व्यवस्था लागू गरेपछि आफूलाई प्रगतिशील पनि देखाउन राजाले 'मुलुकी ऐन' जारी गरी जातपात र छुवाछूतको सामाजिक विभेद अन्त्य गरेको घोषणा गऱ्यो । राजाको यस कदमको आशय 'अछुत सम्प्रदाय'लाई आफ्नो ठाडो शासनको समर्थनमा ल्याउनु रहेको थियो । यसलाई वास्तविक व्यवहारमा लागू गरी साँच्चै नै मान्छे-मान्छेबीचको त्यो निन्दनीय भेदभावलाई अन्त्य गर्नु थिएन । त्यति मात्र होइन, उक्त ऐनको अधिकार उपभोग गर्न चाहने दर्जनौं व्यक्तिहरूलाई अनेकौं ठाउँमा प्रशासनिक दमन र दण्ड पनि गरिरहेको छ । जातपात र छुवाछूत भन्ने चलन प्राचीन वर्ण व्यवस्था र आश्रम व्यवस्थाको उपज हो, जो अहिले अत्यन्त प्रतिक्रियावादी हिन्दू धर्मको रूपमा विकसित भएको छ । हिन्दू धर्म स्वयम् नै त्यस्तो जातपात र छुवाछूतको भेदलाई जन्माउने, चर्काउने र चरम बनाउने अतिवादी धर्म हो । तर, यही हिन्दू धर्मावलम्बी हुनु मात्र राजाको अनिवार्य संवैधानिक कर्तव्य बनाइएको छ । हिन्दू धर्मबाट अलग भए मात्रा राजा राजगद्दीको निम्ति नालायक ठान्न सकिने व्यवस्था छ । यसबाहेक राष्ट्र बेचे पनि र जनतालाई सर्वनाश पारे पनि राजा आलोच्य र नालायक मानिँदैन । अझ

मुलुकलाई राज्य धर्मको रूपमा हिन्दूधर्म सापेक्ष बनाएको छ। अरू धर्ममाथि साम्प्रदायिक राजकीय दमन गरेको छ। यस्तो वास्तविकताको सामु 'मुलुकी ऐन'को उक्त घोषणा केवल देखाउनको निम्ति तयार गरिएको एउटा कागजी खोस्टो मात्र हो भन्ने सावित हुँदैन र ? राजाको यस्तो प्रगतिशीलता सामाजिक-सांस्कृतिक क्षेत्रमा अति प्रतिक्रियावादबाहेक अरू केही होइन।

यसरी सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र वैदेशिक समग्र नीतिहरू व्यावहारिक रूपमा अति प्रक्रियावादी राष्ट्रघाती र जनविरोधी रहेको तथ्यहरूले पञ्चायती व्यवस्थाको राजाको सर्वसत्तावादी निरङ्कुशतालाई छोप्ने खोल मात्र हो भन्ने स्वतः साबित गरिरहेका छन्।

**पञ्चायती व्यवस्था पद्म शमसेरकै योजना, तर्क र मनस्थितिको जारी रूप मात्र हो**

राणा प्रधानमन्त्री पद्म शमसेरले जहाँनिया राणाशासनलाई जीवित राख्न जुन व्यवस्थाको कल्पना र रूपरेखा तयार गरेको थियो, आज शाह राजाहरू आफ्नो सत्तालाई टिकाउन त्यसको ठाडो नक्कल गरिरहेका छन्। राणाशासन जस्ताको तस्तै टिक्नु असम्भव भइसकेपछि २००४ सालमा पद्म शमसेरले पञ्चायती व्यवस्थाको रूपरेखाको तयार गरेको थियो। उसले दिएको वैधानिक कानुनमा 'नियम अनुसार निर्वाचित भएका ५ देखि १५ जनासम्मको गाउँ पञ्चायत र तिनीहरू बीचबाट छानिएको प्रमुखलाई प्रधानपञ्च' भनी पञ्चायतका स्थानीय एकाइहरूको प्रावधान बनाएको थियो। '१५ देखि २० जनासम्मको जिल्ला पञ्चायत र निर्वाचित र मनोनीत गरी केन्द्रीय रूपमा ६० देखि ७० जनासम्मको राष्ट्रसभा बनाउने प्रावधान थियो। स्थानीय पञ्चायतहरूलाई गाउँ-नगरको निर्माण कार्यको अधिकार दिएको थियो भने राष्ट्रसभा र भारदारीसभाले सल्लाह दिएर मन्त्रिमण्डल बनाउने तथा उक्त मन्त्रिमण्डलले श्री ३ मा राजकाजसम्बन्धी सल्लाहहरू दिने राष्ट्रसभाले विधेयकहरू पास गरी श्री ३ मा पठाउने' जस्ता तरिका र नियमहरू उल्लिखित छन्। वर्ग र पेसाका जनताले पनि राष्ट्रसभाको निम्ति प्रतिनिधि छान्न र पठाउन पाउने व्यवस्था गरेको थियो। साहू, महाजन र व्यापारीहरूबाट, बिर्तावाला र जमिन्दारहरूबाट निश्चित सङ्ख्यामा प्रतिनिधित्व लिने उल्लेख थियो। विधानमा न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको छुट्टाछुट्टै निर्माण गर्ने कुरा थियो। आज पद्म शमसेरका तिनै कुराहरूलाई थपघट र पुनर्व्यवस्थित पारिएको छ। यसकारण यो पञ्चायती व्यवस्था र पद्म शमसेरले पञ्चायती व्यवस्थामा कुनै मौलिक भिन्नता छैन। पद्म शमसेरले पनि निर्दलीयताको घोषणा गर्दै 'मुलुकलाई दल पद्धतिको भूँवरीमा धकेली उम्मेदवारको योग्यताबाट भन्दा दल वा समूहको बन्दोबस्तको जारले निर्वाचनमा जाने प्रथालाई सरकारले कुनै हालतमा पनि प्रोत्साहन दिनेछैन' भनेको थियो। आज राजा र उसका पञ्चायती चम्चाहरूले पद्म शमसेरको त्यही तर्कलाई वाक्क लाग्ने गरी फगत दोहोऱ्याइरहेका मात्र छन्। पद्म शमसेरको विधान र राजाको वर्तमान पञ्चायती संविधानमा जनताको स्थिति र अधिकारमा कुनै मौलिक फरक छैन। पद्म शमसेरले सर्वसत्ता श्री ३ मा र न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाको प्रमुख 'श्री ३' बनाएको थियो। कानुन र नियम विधानहरूको स्रोत 'श्री ३' थियो, मन्त्रिमण्डल 'श्री ३' प्रति उत्तरदायी थियो। राजगद्दीको उत्तराधिकारलाई संविधानभन्दा माथि राखिएको थियो। वर्तमान पञ्चायती संविधानमा तिनै सबै कुराहरू 'श्री ५' मा निहित गरिएको छ। यहाँसम्म कि मौलिक हक अधिकारहरूको बारेमा केही उल्लेख गरेर दुवैमा एकै ढङ्गको प्रतिबन्धात्मक कर्तव्य राखिएको छ। पद्म शमसेरले 'लोकनीति र सदाचारको सिद्धान्तमा रही' भनेको छ। अझ बरू पद्म शमशेरले सङ्घ-संस्था खोल्न पाउने मौलिक हक उल्लेख गर्दा राजनीतिक सङ्घ-संस्था खोल्न नपाइने प्रावधान उल्लेख गरेको छैन। जबकि, अहिले राजाको संविधानमा प्रमुख रूपले राजनीतिक सङ्घ-संस्था खोल्न नपाइने गरी प्रतिबन्ध लगाएको छ। यस हिसाबले हेर्दा पद्म शमसेरको जति पनि जनतालाई राजाले हक-अधिकार दिएको छैन। वास्तवमा यथार्थ रूपमा वर्तमान पञ्चायती व्यवस्था राजा महेन्द्रको कुनै पृथक मौलिक चिन्तन नभएर पद्म शमसेरको भद्दा नक्कल मात्र हो, त्यसको पुनरूत्थान मात्र हो। 'पञ्चायत व्यवस्थाका प्रवर्तक, भौतिक चिन्तन गर्ने महान् राजा' भनेर महेन्द्रको सिङ्गारपटार गरे पनि पद्म शमसेरकै जुठा टपरी स्याहार्नेभन्दा गतिलो कुरा महेन्द्रले गरेको छैन। खाली आज बदनाम राणाशाहीको नाममा कुनै हकवाला न निस्कने हुनाले आफैं त्यो 'टपरी'को निर्माता र प्रवर्तक बनेको छ। राज्यसत्ता आफ्नो हातमा केन्द्रित गर्नेबारेमा पनि यिनीहरूका तर्क समान छन्। पद्म शमसेर भन्छ- 'यस मुलुकमा बारम्बार हलचल भई रक्तपातले गर्दा शान्ति सुख हराई यो राज्य डुब्न लाग्यो, हाम्रो स्वाधीनतासमेत हराउन आँट्यो भनी दुनियाँ भारदार र सरकारको सम्मत्तिले हाल चलिरहेको थिति चलाई राणाजीलाई राज्यको मुख्य अभिभारा सुम्पिन गएको हो।' राजा महेन्द्रले पनि ठीक यस्तै आन्तरिक शान्ति भङ्ग भएको र राष्ट्रको स्वाधीनतामा आँच आएको तर्क अघि सारी 'जनताको इच्छाद्वारा' 'माटो पानी सुहाउँदो पञ्चायती व्यवस्था' को नाममा संसद् विघटन गरी आफ्नो ठाडो शासन सुरू गऱ्यो। पद्म समशेर भन्छ- 'एकातर्फ विशाल चीन साम्राज्य अर्कोतर्फ अङ्ग्रेजी शक्तिको उर्लिंदो बाढी उठेर आएको समयमा समेत बीचमा पर्न गएको यो सानो पहाडी देशको स्वतन्त्रता कायम रही संसारमा नेपालले स्वाधीन राष्ट्रहरूका बीचमा आफ्नो स्थान कायम गरी राख्नु यो पनि देशका

सशक्त राणाजीहरूले न्यायोचित गर्व लिन सक्ने कुरा हो।' अहिले शाह राजाहरू पनि ठीक यसरी नै इतिहासदेखि वर्तमानसम्म शाहवंशी राजाहरूले देश बचाएको अन्तर्राष्ट्रिय प्रतिष्ठा कमाएको प्रशंसा र गर्व सुनाउँछन् र भविष्यमा पनि राजतन्त्र रहे मात्र मुलुक स्वाधीन र शान्तिपूर्ण रहन सक्छ भन्ने प्रचार गर्दैछन्। अहिले राजा वीरेन्द्र पनि 'शान्ति क्षेत्रको प्रस्ताव' राखी आफूले ठूलो राष्ट्रवादी र देशप्रेमी काम गरेको भनी 'गर्व' गरिरहेको छ। राणाहरू र शाहहरूको यस्तो हास्यास्पद र विस्मयकारी समानता जहिलेसुकै पनि तानाशाहहरू जनतालाई उनै विषयहरूमा डर देखाउँछन् र उस्तै तर्क गरेर अधिकार खोस्छन् तथा ठाडो तानाशाही चलाउँछन्। राणा शासनसँगको यस्तो वैधानिक, पारस्परिक, व्यवस्थागत, राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक समानताले के कुरा जाहेर गर्छ भने खाली राज्यको सर्वसत्ता 'राणाजीहरूको' हातबाट 'शाहजीहरूको' हातमा सारेको मात्र छ। देश र जनताको हाल जस्तो थियो, उस्तै छ। केवल समयको अन्तरालले गर्दा थपिएको प्रगति र दुर्गतिको मात्रात्मक भिन्नता मात्र छ। 'राणाजी' अङ्ग्रेज साम्राज्यवादका दलाल थिए र अन्तमा अमेरिकाको दलाली सुरु गरेका थिए, 'शाहजी' अमेरिकाको दलाली गरिरहेका छन्। 'राणाजी' सामन्त वर्गका प्रतिनिधि थिए र अन्तमा दलाल-नोकरशाह पुँजीपति वर्गलाई पनि प्रतिनिधित्व गर्न खोज्दै थिए। 'शाहजी' सामन्तवर्ग र दलाल नोकरशाही पुँजीपति वर्गको प्रतिनिधित्व गरिरहेका छन्। 'राणाजी' रहिरहेका भए पनि मुलुकको हालत योभन्दा भिन्न हुने थिएन।

अझै पनि कतिपय व्यक्ति र समूहहरूसमेत शाहहरूले सेन्सर गरेका इतिहासका किताबहरू पढेर वा तिनीहरूले फैलाएका आफ्ना प्रशस्तिहरू सुनेर शाहवंशी राजतन्त्र विस्तारै भए पनि मुलुकलाई अघि बढाउँदैछ भनी ठान्दछन्। तिनीहरूले जनताको आँखामा छारो हाल्न गरेका जनजीविका, राष्ट्रियता र जनअधिकारहरूसम्बन्धी सुधारका बहानेबाजीको भ्रममा लट्पटिएका छन् र विभिन्न बेग्लाबेग्लै पक्षमा राजा, राजतन्त्रका क्रियाकलापहरू समर्थन र विरोधको हिसाबले विश्लेषणीय छन् भनी ठान्छन् र कतिपय कुराहरूको समर्थन गर्न पुग्छन्। खासगरी राष्ट्रियताको सम्बन्धमा यस्ता भ्रमहरू बढी छन्। शाहहरूले चपाइदिएको इतिहासको गास निलेर राणाहरूप्रति गाली र शाहहरूप्रति सहानुभूति व्यक्त गर्नुभन्दा बढी हास्यास्पद अरू कुनै कुरा हुन सक्दैन। राजाको राष्ट्रवाद, देशप्रेम र जनकल्याणका कुराहरू, भूमिसुधार, शान्ति क्षेत्र र असंलग्नताका कुराहरू, संविधानको संशोधन र व्यवस्थाको गतिशीलताका कुराहरू फगत कोरा कागजी गफ हुन् भन्ने तथ्यसङ्गत र विवेकयुक्त ज्ञान नराखी मुलुकको बारेमा यथार्थ ज्ञान प्राप्त गर्न सकिन्न। राणाहरूले १ सय ४ वर्षसम्म देश र जनतालाई लुटे। राणा शासनअघि र पछि पनि यता ३५ वर्षदेखिन् शाहहरू लुटिरहेका छन्। गतिणीय हिसाब निकाल्ने हो भने १ सय ४ वर्षमा राणाहरूले जति लुटे, त्योभन्दा अनेकौं गुणा बढी शाहहरूले ३५ वर्षमा लुटिसकेका छन्। जनता मात्र होइन, बन-जङ्गल, नदीनाला, खनिज पदार्थ, मूर्तिहरू, दुर्लभ ऐतिहासिक वस्तुहरू र वैदेशिक ऋण तथा सहयोगको अपार राशि शाहहरूले सखाप पारेका छन्, देशको सर्वनाश भएको छ।

भौगोलिक विकटता र प्रतिक्रियावादी निरङ्कुशताको कारणले मुलुकमा आधुनिक शिक्षा र जनवादी चेतना धेरै पछि सुरु भएको र अझ त्यसमा पनि निरन्तर नियन्त्रण र दमन भइरहेको हुनाले राजाको सर्वसत्तावादलाई सघाउनेबाहेक अरू सबै स्वतन्त्र अध्ययन, अनुसन्धान र चेतना कुण्ठित भएको छ। जनजीवनको दरिद्रताले गर्दा ज्ञान-गुणका सारा कुराहरू फगत तात्कालिक जीविकोपार्जन गर्ने विषयमा केन्द्रित छन्। मार्क्सवादी-लेनिनवादी वैज्ञानिक विश्व दृष्टिकोणलाई समातेर मुलुकको सामग्रिक वास्तविकताको खोजी भएको छैन। हामी नेपाली क्रान्तिकारीहरू साँघुरो परिस्थिति, थोरै साधन र निकै धराप अवस्थामा काम गरिरहेका छौं। अधिकांश सवालहरूमा अचेतनताका भ्रम र अन्योलहरू छन्। कतिपय सवालहरूमा सचेतनतापूर्वक फैलाइएका विकृति र मिथ्या धारणाहरू छन्। खासगरी राजतन्त्रको सवालमा यस्ता विकृतिहरू धेरै छन्। सुधारवादीहरू र औसरवादीहरूले फैलाएका भ्रान्त धारणाहरू छन् तथा कतिपय क्रान्तिकारीहरूका सतही हानिकारक प्रवृत्तिहरू पनि छन्। आज क्रान्तिकारीहरूले परिस्थिति र यो विषयको गम्भीरतालाई बुझ्नैपर्छ र राजतन्त्रले गरेका इतिहासका घातक कुराहरूका तथ्यहरूको बीचमा नाङ्गै खडा गरेर त्यसलाई कायल बनाउनुपर्छ तथा जनतालाई भ्रमबाट मुक्त पार्नुपर्छ।

विगत ३५ वर्षदेखि यो राजतन्त्र देश र जनताको मुख्य शत्रु बनेको छ। वर्तमान आर्थिक विपन्नता, राजनीतिक उत्पीडन, राष्ट्रिय पराधीनता, सामाजिक विकृति र सांस्कृतिक अधोपतन केवल राजतन्त्रको उपस्थितिले भइरहेको छ। यसलाई उखेलेर नफालेसम्म र सामन्तवाद र दलाल नोकरशाही पुँजीवाद, न साम्राज्यवाद, न विस्तारवाद कसैको पनि शोषण-उत्पीडन र थिचोमिचोलाई समाप्त पार्न सकिन्न। देशमा जनताको जनवाद कायम गर्न सकिन्न, जनता र राष्ट्रको मुक्ति र प्रगति गर्न सकिन्न, किमार्थ सकिन्न। किनभने, राजतन्त्र नै आज यी सबै खराबी र दुर्भाग्यको रक्षा किल्ला बनेको छ। आज सबै क्रान्तिकारीहरूले यो 'गुरूमन्त्र' लाई हार्दिक रूपमा आत्मसात गर्नुभन्दा ठूलो महत्त्वको अर्को कुनै विकल्प छैन।

*(प्रस्तुत लेख जननेता मदन भण्डारीले २०४३ सालमा दिग्विजय सिंहका नामबाट लेख्नुभएको थियो।)*

# नेपाली क्रान्तिको कार्यक्रम जनताको बहुदलीय जनवाद

*(नेकपा (एमाले) को पाँचौं राष्ट्रिय महाधिवेशन (२०४९ माघ १४-२०) मा महासचिव मदन भण्डारीद्वारा प्रस्तुत तथा महाधिवेशनद्वारा पारित)*

**१. विषय प्रवेश**

कार्यक्रम पार्टीले सार्वजनिक रूपमा फहराएको आफ्ना लक्ष्यहरूको झन्डा हो। त्यसकै आधारमा आमजनतालाई सचेत, सङ्गठित र परिचालित गर्ने काम गर्नुपर्छ। सामाजिक क्रान्ति समाजको प्रथम र अनिवार्य लक्ष्य भएको बेला सामाजिक क्रान्तिको कार्यक्रम र क्रान्तिपछि निर्माण तथा विकासको कार्यक्रमको रूपमा पार्टीले आफ्नो लक्ष्य निर्धारित गर्नुपर्छ, आफ्नो कार्यक्रम निश्चित गर्नुपर्छ। अहिले नेपाली समाजमा सामाजिक क्रान्तिको अनिवार्यता छ। यसैलाई प्राथमिकता दिनु जरुरी छ। सामन्तवाद र साम्राज्यवादको शोषण-उत्पीडनलाई अन्त्य नगरी नेपाली समाजको प्रगतिशील विकास सम्भव छैन। औद्योगीकरणबिना देशको प्रगति सम्भव हुँदैन र राष्ट्रिय पुँजीको विकास नगरी आत्मनिर्भर औद्योगिक राष्ट्रिय अर्थतन्त्रको विकास सम्भव हुँदैन। अहिले नेपाली समाजको वस्तुगत विकासको अवस्था अर्धसामन्ती तथा अर्धउपनिवेशी स्थितिलाई अन्त्य गर्नुपर्ने तहमा छ। राष्ट्रिय पुँजी उद्योग र व्यापारको विकासको ढोका खुला गर्नुपर्ने स्तरमा छ। समाजको भौतिक विकासबिना हामी समाजवादको निर्माण गर्न सक्दैनौं। अहिले देशको राजनीतिक क्षेत्रमा निकै ठूलो परिवर्तन भएको छ र त्यो महत्त्वपूर्ण पनि छ। तर, समाजको आधारभूत स्थितिमा परिवर्तन भएको छैन। यस्तो पृष्ठभूमिमा हाम्रो पार्टीले मात्रात्मक विकासको साथसाथै गुणात्मक परिवर्तनको क्रान्तिकारी कार्यक्रम निर्धारित गर्नुपर्छ। हाम्रो कार्यक्रमले देशको वस्तुगत स्थिति र प्रगतिशील परिवर्तनको तस्वीर प्रतिबिम्बित गर्नुपर्छ।

**२. नेपाली समाजको चरित्र र अन्तरविरोध**

२.१ नेपाल भूपरिवेष्ठित छ। देशको प्रगति र विकासको निम्ति यो एउटा प्रतिकूलता र बाधा बनेको छ। तर, यो नियतिको रूपमा छ र यसमा परिवर्तन सम्भव छैन। यसले छिमेकीहरूसँग मित्रतापूर्ण सम्बन्ध राखेर आफ्नो विकास निर्माण गर्नु अनिवार्य बनाएको छ। वैदेशिक दासत्व र पराधीनता हामीलाई स्वीकार्य छैन र शत्रुता हाम्रो चाहना होइन। त्यसकारण हामी समानता र पारस्परिक लाभमा आधारित पञ्चशीलको सिद्धान्त अनुरूप मित्रतापूर्ण सम्बन्ध विकास गरेर यो प्रतिकूलतामा विजय हासिल गर्न चाहन्छौं। तर, यो आफ्नो देशका जनतालाई शोषण-उत्पीडन गर्ने र विदेशी शक्तिसामु घुँडा टेक्ने प्रतिक्रियावादी वर्ग र राजनीतिक शक्तिबाट सम्भव छैन। यसबाहेक प्राकृतिक स्रोत-सम्पदामा हाम्रो देश धनी छ र जनताहरू इमानदार तथा परिश्रमी छन्। सामन्ती तथा साम्राज्यवादी शोषणलाई समाप्त पार्ने जनताको श्रम, शीप र प्रतिभालाई विकास निर्माणमा सञ्चालन गर्ने तथा प्राकृतिक स्रोत-सम्पदालाई राष्ट्रिय हितमा उपयोग गर्ने प्रगतिशील विकासको दिशा अवलम्बन गर्ने हो भने नेपाल एउटा सुन्दर, समृद्ध र सुखी देश बन्न सक्ने कुरामा कुनै शङ्का गर्नुपर्दैन।

२.२ तर देश अहिले अर्धसामन्ती र अर्धउपनिवेशी छ। सामन्तवर्ग, दलाल नोकरशाही पुँजीपति वर्ग र वैदेशिक एकाधिकार पुँजीवादले सम्पूर्ण श्रमजीवी जनतामाथि निर्मम शोषण-उत्पीडन कायम गरेका छन्। जमिनमा कूल खेतीयोग्य भूमिको ४० प्रतिशत भाग ९.४४ प्रतिशत माथिल्लो परिवारको हातमा छ। ५५ प्रतिशत तल्लो वर्गका परिवारसँग १२ प्रतिशत भाग मात्र जमिन छ। सन् १९८१ को कृषि गणना अनुरूप २.९ प्रतिशत परिवारले ४७.३ प्रतिशत जमिन ओगटेका छन् भने भूमीहीन किसानको सङ्ख्या २० लाखभन्दा बढी छ। अहिले देशको कूल जनसङ्ख्याको करिब ७० प्रतिशतभन्दा बढी जनता गरिबीको रेखामुनि झरेका छन्। देशको उद्योग, व्यापार र अन्य पुँजीवादी व्यवसायहरूमा विदेशी पुँजीपति, दलाल नोकरशाही पुँजीपति वर्गको कब्जा छ। मध्यम तथा सानो स्तरका राष्ट्रिय पुँजीपतिहरू उठ्न सकेका छैनन्। देशको अर्थतन्त्र अझ पराधीन भइरहेको छ।

२.३ १९ औं शताब्दीको सुरुदेखि नै नेपाल राष्ट्रिय स्वाधीनताको निम्ति सङ्घर्षमा उत्रन बाध्य भएको छ। वृटिस इन्डिया, स्वतन्त्र भारत तथा ब्रिटेनसँग नेपालका असमान एवम् अपमानपूर्ण र नेपालको राष्ट्रिय हित र स्वाधीनतामाथि आघात पार्ने अनेक सन्धि-सम्झौताहरू भएका छन् र कायम छन्। अन्य अनेकौं अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूसँग पनि हाम्रो राष्ट्रिय हित प्रतिकूल हुने गरी सम्झौताहरू भएका छन्। यसकारण राष्ट्रको स्वाधीनता, भौगोलिक अखण्डता तथा राष्ट्रिय आत्मनिर्भरताको निम्ति नवउपनिवेशी शोषणबाट मुक्त हुने स्वाधीनताको सङ्घर्ष अझै जारी छ। प्रतिक्रियावादी वर्ग र तिनीहरूका प्रतिनिधि राजनीतिक शक्तिहरूका हातमा सत्ता रहुन्जेल असमान सन्धिहरू खारेज गरी पञ्चशीलको आधारमा सन्धि-सम्झौताहरूको नवीकरण गर्ने तथा प्रगतिशील नयाँ आधारमा वैदेशिक सम्बन्ध विकास गर्ने कुनै सम्भावना छैन।

२.४ २००७ सालको प्रजातान्त्रिक आन्दोलनले पाएका सीमित सफलताहरूलाई पनि खोसेर २०१७ सालमा राजा महेन्द्रले निर्दलीय पञ्चायती व्यवस्था लागू गरे । त्यस व्यवस्थाले तीस वर्षमा देशलाई संसारको सबभन्दा गरिब दोस्रो स्थानमा पुऱ्यायो । समाजका सामाजिक सांस्कृतिक मूल्य र मान्यताहरूलाई समेत अवमूल्यन गऱ्यो र विकृत बनायो । यस्तो पृष्ठभूमीमा निरङ्कुश राजतन्त्र र निर्दलीय पञ्चायती व्यवस्थाको विरुद्ध २०४६ सालमा भएको संयुक्त जनआन्दोलनले एकस्तरको सफलता प्राप्त गरेको छ । राजतन्त्रका निरङ्कुश अधिकारहरू हटाउने र संविधानद्वारा त्यसको अधिकार, कर्तव्य तोक्ने काम गरेको छ । निर्दलीयतालाई समाप्त पारी सीमित प्रजातान्त्रिक अधिकारसहितको बहुदलीय व्यवस्थाको स्थापना गरेको छ । जनताका मौलिक अधिकारहरू, राजनीतिक स्वतन्त्रता र समानताको औपचारिक घोषणा गरेको छ । जनआन्दोलनको यो ठूलो राजनीतिक सफलता हो र साँचो प्रजातन्त्र प्राप्तिको अभियानमा यो महत्त्वपूर्ण उपलब्धि पनि हो ।

२.५ अहिले बहुदलीय व्यवस्थामा आमनिर्वाचनपछि नेपाली काङ्ग्रेसले एकमना सरकार बनाएको छ । जनआन्दोलनद्वारा भएको सकारात्मक राजनीतिक परिवर्तनलाई उपयोग र प्रयोग गर्दै आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा पनि केही सकारात्मक परिवर्तन आउनेछ भन्ने जनताको सपना भङ्ग भएको छ । काङ्ग्रेसको सरकारले पनि पहिला जस्तै सामन्तवर्ग, दलाल नोकरशाही पुँजीपतिवर्ग र वैदेशिक एकाधिकार पुँजीवाद तथा साम्राज्यवादको हित रक्षा गर्ने काम गरिरहेको छ । किसानहरू, राष्ट्रिय उद्यमी, व्यापार व्यवसायीहरूमाथिको उत्पीडन जारी राखेको छ । समाजवादी देशहरूले मित्रताको निम्ति विकास सहयोग स्वरूप निर्माण गरी दिएका र सरकारी स्वामित्वमा रहेका तथा रोजगारी र राजस्व बृद्धि गर्न ठूलो योगदान गरिरहेका उद्योग-संस्थानहरूलाई निजीकरणको नाममा विदेशी पुँजीपतिहरूको हातमा बेच्दैछ । उदार अर्थतन्त्रको नाममा भर्खरै बामे सर्न थालेका राष्ट्रिय उद्यमहरूलाई विदेशी पुँजीसँग प्रतिस्पर्धा गर्न बाध्य पारिरहेको छ । परिणामस्वरूप कतिपय भएका राष्ट्रिय उद्योगहरू पनि बन्द हुने र हजारौं औद्योगिक श्रमिकहरू बेरोजगार हुने अवस्थामा पुगेका छन् । वैदेशिक व्यापार घाटा बढिरहेको छ । ०४७-०४८ को आठ महिनामा ११३८.०४ करोड घाटा भएको थियो भने अहिले ०४८-०४९ मा बढेर यो १९-२० अर्ब पुग्ने अनुमान छ । काङ्ग्रेसको सरकारले देशको अर्थतन्त्रलाई वैदेशिक एकाधिकार पुँजीवाद, अन्तर्राष्ट्रिय पुँजीवादको हातमा सुम्पिँदै गएको छ । पश्चिमा पुँजीवादी देशहरू र तिनीहरूद्वारा सञ्चालित अन्तर्राष्ट्रिय वित्तीय संस्थानहरूले देशको शासन, प्रशासन र नीति निर्माणमा हात हाल्न र बढाउन थालेका छन् । काङ्ग्रेसको सरकारले भारत सरकारसँग गरेका सन्धि-सम्झौताहरूले भारतमाथिको निर्भरतालाई बढाएको छ । प्राकृतिक स्रोत-सम्पदामाथि भारतको नियन्त्रण स्थापित गर्ने, देशको अर्थतन्त्रमा भारतीय एकाधिकार पुँजीवादको हात बलियो पार्ने काम गरेको छ । यसबाट क्रमशः देशको राजनीतिमा पनि विदेशी एकाधिकार पुँजीपति वर्गको प्रभाव र नियन्त्रण बढ्दै जानु सुनिश्चित छ ।

२.६ आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रमा पुरानो स्थितिलाई कायम राखेको र अझ नकारात्मक दिशामा धकेलेको मात्र होइन, जनताले आन्दोलनबाट प्राप्त गरेका राजनीतिक अधिकारहरूलाई समेत विभिन्न ढङ्गले निस्प्रभावी एवम् निरर्थक बनाउने प्रयास गरिरहेको छ । एकदलीय राजनीतिक एकाधिकारवाद, सर्वत्र काङ्ग्रेसीकरण र सर्वसत्तावाद लागू गर्ने काम गरिरहेको छ । विपक्षमाथि प्रतिशोधपूर्ण राजनीतिक कार्वाही गर्ने, राजनीतिक हिंसा र हत्या गर्ने तथा राज्य आतङ्क फैलाउने काम गरेको छ । निर्वाचनलाई हिंसा, हत्या, गुण्डागर्दी, बल प्रयोग, सत्ता र शक्तिको दुरूपयोग गर्दै जनताको उपहास गर्ने औसरको रूपमा परिणत गर्दैछ । संयुक्त आन्दोलनद्वारा प्राप्त भएका उपलब्धिहरूलाई खोसेर काङ्ग्रेसी एकाधिकारवाद स्थापित गर्ने प्रयास गर्दैछ ।

२.७ देशको आधारभूत स्थितिको निर्णायक तत्त्व उत्पादन पद्धति हो । अहिले देशमा अर्धसामन्ती र अर्धउपनिवेशी पद्धति कायम छ । देशको जीविका उपार्जनका उत्पादनका साधनहरू सामन्त वर्ग, दलाल नोकरशाही पुँजीपति वर्ग र वैदेशिक एकाधिकार पुँजीवादका हातमा छन् । देशको प्राकृतिक स्रोत-सम्पदामाथि राज्यसत्तामार्फत तिनीहरूले नै नियन्त्रण गरेका छन् । अन्य सम्पूर्ण वर्ग-तहका आमजनताहरू यिनीहरूकै शोषण-उत्पीडनमा थिचिएका छन् । त्यसकारण सामन्त वर्ग र दलाल नोकरशाही पुँजीपति वर्गको शोषण समाप्त पार्ने सामाजिक मुक्ति र वैदेशिक एकाधिकार पुँजीवाद तथा साम्राज्यवादको शोषण समाप्त पार्ने राष्ट्रिय स्वाधीनता हाम्रो वर्तमान क्रान्तिका आधारभूत कार्यभार हुन् । सामन्तवर्ग र दलाल नोकरशाही पुँजीपति वर्गसँग जनताको अन्तरविरोध र वैदेशिक एकाधिकार पुँजीवाद तथा साम्राज्यवादसँग राष्ट्रको अन्तरविरोध नै वर्तमान अवस्थामा नेपाली समाजका आधारभूत अन्तरविरोधहरू हुन् । क्रान्तिद्वारा यो अन्तरविरोध समाधान गरी जनताको जनवादी व्यवस्था स्थापना गर्नु हाम्रो क्रान्तिको आधारभूत लक्ष्य हो ।

२.८ अहिले पनि देशमा कुनै विदेशी शक्तिले ठाडो ढङ्गले हस्तक्षेप गर्ने र प्रत्यक्ष रूपमा शासन चलाउने काम गर्न सकेको छैन । त्यसरी नै यहाँका शासकहरूसँग जनता र राष्ट्रको विरुद्ध नाङ्गो ढङ्गले गठबन्धन गरी संयुक्त रूपमा शासन गरेको स्थिति पनि छैन । वैदेशिक एकाधिकार पुँजीवाद र साम्राज्यवादले आफ्नो इशारामा चल्ने शक्तिहरूसँग परोक्ष एवम् आमरूपमा सम्बन्ध कायम गरी तिनीहरूमार्फत नै आफ्नो स्वार्थपूर्ति गर्ने, तिनीहरूलाई परोक्ष रूपमा सहयोग गर्ने काम गरिरहेको छ । त्यसकारण यसबेला नेपाली समाजमा आन्तरिक अन्तरविरोध अर्थात् सामन्त वर्ग र दलाल नोकरशाही पुँजीपति

वर्ग तथा तिनीहरूको राज्यसत्ता र जनताबीचको अन्तरविरोध नै प्रधान अन्तरविरोधको रूपमा रहेको छ। दरवारको नेतृत्वमा रहेका सामन्ती निरङ्कुशतावादी तत्त्वहरू पर्दा पछाडि छन् र काङ्ग्रेस सरकार मञ्चमा उपस्थित छ। सामन्ती निरङ्कुशतावादी तत्त्वहरूले ढेरि शिर उठाउन सक्छन्। त्यसप्रति गम्भीर सतर्कता अपनाउनु जरुरी छ। तर, काङ्ग्रेसको सरकारले अपनाएका जनता, राष्ट्र र जनअधिकारविरोधी नीतिहरू तथा गरेका कामहरू र जनताबीचको राजनीतिक अन्तरविरोध विशेष रूपमा तीखो भएर प्रकट भएको छ। काङ्ग्रेसको सत्ता र जनताबीचको राजनीतिक अन्तरविरोध वर्तमान नेपाली समाजको प्रधान राजनीतिक अन्तरविरोध बनेको छ। काङ्ग्रेसको सत्ताका जनविरोधी, राष्ट्रिय हितविरोधी तथा जनताका प्रजातान्त्रिक अधिकारविरोधी नीति, काम र क्रियाकलापहरू जनताको सङ्घर्षका प्रमुख निशाना बनेका छन्। यो अन्तरविरोध समाधान गर्ने क्रान्तिकारी प्रक्रियाद्वारा नै हामी समाजको आधारभूत अन्तरविरोधको समाधान गर्ने र जनताको जनवादी राज्य व्यवस्था स्थापना गर्ने लक्ष्य हासिल गर्न सक्नेछौं।

२.९ नेपाली समाजको आधारभूत चरित्र विगत लामो समयदेखि यथावत् छ र त्यसलाई आमूल परिवर्तन गर्ने क्रान्तिको पुँजीवादी जनवादी चरित्र पनि जारी नै छ। क्रान्तिद्वारा जनताको जनवादी राज्यसत्ता स्थापना गरेर मात्र अरू सबै क्षेत्रमा आधारभूत परिवर्तन गर्ने लक्ष्यलाई साकार पार्न सकिन्छ। नेपाली समाजमा यो क्रान्ति सम्पन्न गर्ने ठोस प्रयत्न सुरु भएयता पनि निकै लामो अवधि पार भइसकेको छ। विश्वको क्रान्तिकारी आन्दोलनले धेरै अनुभव प्रदान गरिसकेको छ। यसबेला विश्वको कम्युनिस्ट आन्दोलन, समाजवादी क्रान्ति र निर्माणको आन्दोलनमा धेरै गम्भीर समस्याहरू पैदा भएका छन्। विश्वशक्तिको पुरानो सन्तुलन टुटेको छ। कुनै पनि क्रान्ति र निर्माणका ढाँचा तथा तरिकाहरूमा नयाँ-नयाँ अनुसन्धान, प्रयोग, संयोजन र परिमार्जन गर्दै जानु जरुरी भएको छ। हामीले आफ्नो कार्यक्रम निश्चित गर्दा र क्रान्तिकारी प्रक्रिया तय गर्दा पुराना अनुभवहरू र विश्वको वर्तमान स्थितिलाई ख्याल राख्नु आवश्यक हुन्छ। तिनीहरूबाट यथोचित शिक्षा लिनु जरुरी हुन्छ। समाज विकासको सन्दर्भमा हामी उही क्रान्ति पूरा गर्ने अभियानमा निरन्तर संलग्न छौं। तर, यस प्रक्रियामा हामीले अवलम्बन गर्ने कतिपय नीति र तरिकाहरू ढेरिएका छन् र फेरिनुपर्छ। यो सन्दर्भसहितको समष्टि नै हाम्रो कार्यक्रमको ठोस एवम् पूर्ण रूप हो। यसलाई हामी यसरी उल्लेख गर्न सक्छौं-

**३. नेपाली क्रान्तिको वर्तमान कार्यक्रम**

३.१. नेकपा (एमाले) नेपालको सर्वहारा-श्रमजीवी वर्गको राजनीतिक पार्टी हो। यसले नेपालमा गरिबी, अभाव तथा सबै प्रकारका शोषण र असमानताहरूलाई अन्त्य गरी प्रगतिशील, विकसित, सम्पन्न र समृद्ध समाजको निर्माण गर्न चाहन्छ। त्यसको निम्ति वैज्ञानिक समाजवाद र साम्यवाद नै त्यो उच्चतम लक्ष्य हो भन्ने दृढ विश्वास राख्दछ। समाजवाद र साम्यवादलाई आफ्नो अधिकतम एवम् अन्तिम लक्ष्यको रूपमा स्वीकार गरेर त्यसको प्राप्तिको निम्ति निरन्तर लागिरहने अठोट व्यक्त गर्दछ।

३.२ तर अहिले नेपाली समाज सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवादको शोषण-उत्पीडनमा छ। समाजको विकासको बाटो अवरुद्ध छ। देशको औद्योगीकरण र समाजको पर्याप्त भौतिक विकास बिना 'योग्यता अनुसार काम र काम अनुसार दाम' दिने समाजवादी समाजको निर्माण गर्न सकिन्न। त्यसकारण अहिले राष्ट्रिय पुँजी र उद्योगको विकास सुनिश्चित गर्नु पहिलो र अनिवार्य काम हो। त्यसको निम्ति सामन्तवाद-साम्राज्यवादको अन्त्य गर्नु जरुरी छ। पुँजीवादी जनवादी क्रान्ति सम्पन्न गर्नु जरुरी छ। त्यसकारण हाम्रो वर्तमान क्रान्तिको सामाजिक-आर्थिक चरित्र पुँजीवादी जनवाद हो, हाम्रो लक्ष्य जनताको जनवादी व्यवस्थाको स्थापना गर्नु हो। यो पहिलो काम पूरा गरेर मात्र हामी समाजवादको निम्ति अघि बढ्न सक्छौं।

३.३ नेपालको क्रान्ति र निर्माणलाई बाटो देखाउने सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो। नेकपा (एमाले) मार्क्सवाद-लेनिनवादको वैज्ञानिक विचार प्रणालीलाई आफ्नो मार्गदर्शक सिद्धान्त मान्दछ। वर्तमान युगको विकसित मार्क्सवाद औद्योगिक सर्वहारा वर्गको मात्र होइन, किसानहरूको सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनताको मार्गदर्शक सिद्धान्त पनि हो। आज मार्क्सवाद-लेनिनवादबाहेक सामन्ती शोषणबाट किसानलाई मुक्त पार्ने र साम्राज्यवादी उत्पीडनबाट राष्ट्रलाई स्वाधीन बनाउने आन्दोलनलाई बाटो देखाउने अर्को कुनै वैज्ञानिक विचार-प्रणाली छैन। नेकपा (एमाले) मार्क्सवाद-लेनिनवादको सैद्धान्तिक मार्गदर्शनमा आफ्नो क्रान्ति र निर्माणको अभियान अघि बढाउन दृढ छ।

३.४ सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवादलाई उन्मूलन गर्ने जनताको जनवादी क्रान्तिलाई नेतृत्व गर्ने अभिभारा वर्गीय रूपमा सर्वहारा-श्रमजीवी वर्ग र राजनीतिक रूपमा मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा चल्ने सर्वहारा श्रमिक वर्गको राजनीतिक पार्टीबाहेक अरू कसैले पुरा गर्न सक्दैन। युरोप र अमेरिकाका सामन्तवादविरोधी पुँजीवादी क्रान्तिहरूमा पुँजीपति वर्गले नेतृत्व गरेको थियो। तर, अहिले अन्तर्राष्ट्रिय पुँजीपति वर्ग जनताको मित्र होइन, शत्रु बनेको छ। पुँजीपति वर्ग किसानको होइन, सामन्तको संश्रयकारी बनेको छ र साम्राज्यवाद पुँजीवादकै विकसित रूप हो। साम्राज्यवादले नै साना, कमजोर र पछौटे राष्ट्रहरूलाई अधीनस्थ बनाएको छ। त्यसकारण सामन्तवाद-साम्राज्यवादविरोधी क्रान्तिको नेता पुँजीपति वर्ग होइन, सर्वहारा-श्रमजीवी वर्ग मात्र हुन सक्छ। तर, सर्वहारा-श्रमजीवी वर्गको पार्टीले पनि अरू पुँजीवादी तथा निम्न पुँजीवादी राजनीतिक शक्तिहरूसँग गम्भीर प्रतिस्पर्धा र सङ्घर्षबिना नेतृत्व हातमा लिन सक्दैन। त्यसकारण नेतृत्वको निम्ति दृढताका साथ पहलकदमी बढाउन

नेकपा (एमाले) कृत सङ्कल्पित छ ।

३.५ सामन्तवाद र साम्राज्यवादको शोषण-उत्पीडन समाप्त पार्ने क्रान्तिलाई विभिन्न देशमा नयाँ जनवादी, राष्ट्रिय जनवादी वा जनताको जनवादी क्रान्तिको रूपमा परिभाषित गरिएको छ । हामीले यो क्रान्तिमा हाम्रो देशको सन्दर्भमा राजनीतिक, आर्थिक र विदेश नीतिको क्षेत्रमा पनि कतिपय महत्त्वपूर्ण विषयहरू थपेका छौँ । संविधानको सर्वोच्चता र बहुदलीय प्रतिस्पर्धा, बहुलवादी खुला समाज, कानुनसम्मत शासन-प्रशासन, बहुमतको सरकार र अल्पमतको विपक्ष, मानवअधिकार, प्रजातान्त्रिक मौलिक अधिकार र शान्तिको संवैधानिक प्रत्याभूति तथा रक्षाजस्ता राजनीतिक विषयहरू दूरगामी प्रभाव पार्ने र निर्णायक महत्त्व भएका विषयहरू समावेश गरेका छौँ । यसकारण हामीले यसलाई बहुदलीय जनवाद भनेर पनि परिभाषित गरेका छौँ । यो क्रान्ति सर्वहारा-श्रमजीवी वर्गको नेतृत्वमा सम्पन्न हुने आमजनताको जनवादी क्रान्ति हो । यसले जनताको जनवादी राज्यसत्ताको स्थापना गर्दछ । यो पुँजीपति वर्गको अधिनायकत्व भएको व्यवस्था होइन, जनताको जनवादी अधिनायकत्व भएको व्यवस्था हो । यो एकदलीय एकाधिकारवादी व्यवस्था होइन, जनताको बहुदलीय जनवादी व्यवस्था हो । राज्यव्यवस्थाका सम्पूर्ण कुराहरू त्यसबेलाको संविधानमा व्यवस्था भए अनुरूप सञ्चालित हुनेछन् ।

३.६ सामन्तवाद र साम्राज्यवादको शोषण उन्मूलन गरी जनताको जनवादी व्यवस्था कायम गर्नु वर्तमान क्रान्तिको केन्द्रीय कार्यभार हो । जनताको हातमा सम्पूर्ण सत्ता केन्द्रित नगरी राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा आधारभूत जनवादी सुधार र परिवर्तन गर्नु सम्भव हुँदैन । त्यसकारण जनवादी क्रान्तिको केन्द्रीय कार्यभार पूरा गरेपछि जनताको जनतन्त्रले प्रथमतः सामन्तवाद र साम्राज्यवादका सबै क्षेत्रमा रहेका सम्पूर्ण अवशेषहरूलाई पूर्णरूपमा अन्त्य गर्नेछ । योजनावद्ध रूपमा जनताको जनवादी व्यवस्थालाई विकसित, समृद्ध र सुदृढ बनाउने विषयमा प्रमुख ध्यान केन्द्रित गर्नेछ । सर्वहारा-श्रमजीवी वर्गको राजनीतिक पार्टीको रूपमा हाम्रो पार्टी मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा क्रमशः समाजवादमा सङ्क्रमण गर्ने भौतिक तयारीको निम्ति चरणवद्ध कार्यक्रम बनाउँदै ठोस रूपमा केन्द्रित हुनेछ । क्रान्तिकारी पहलद्वारा जनवादी ढङ्गले आमजनताको नेतृत्व गर्दै समाजवादमा सङ्क्रमण गर्ने कार्यक्रमलाई कार्यान्वयन गर्नेछ ।

३.७ सामन्तवाद र साम्राज्यवादको सत्ता उन्मूलन गरी जनताको जनवादी सत्ता कायम गर्नु क्रान्तिको केन्द्रीय, न्यूनतम र निर्णायक कार्यभार हो, जुन पूरा नभएसम्म जस्तोसुकै परिस्थिति भए पनि अपरिवर्तित रहने यो आम कार्यभार पनि हो । समाजका यिनै आधारभूत उद्देश्य र कार्यभारहरूलाई हरेक बेलाको विशिष्ट स्थिति अनुरूप ठोस रूपमा सूत्रवद्ध गरेर अघि सार्नु नै पार्टीको विशिष्ट तथा ठोस कार्यक्रमको दायित्व हो । राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थिति र क्रान्तिका शत्रु तथा मित्रहरूमा आएको परिवर्तनको आधारमा आफ्ना आधारभूत उद्देश्यहरूलाई ठोस रूपमा अघि सार्न पार्टीको विशिष्ट अथवा ठोस कार्यक्रममा परिवर्तन गर्नु आवश्यक हुन्छ । विद्यमान विशिष्ट स्थिति अनुरूप हाम्रो पार्टी आफ्नो कार्यक्रमलाई निम्नलिखित ढङ्गले सूत्रवद्ध गरेर ठोस रूपमा प्रस्तुत गर्दछ :

**३.८ राज्य व्यवस्था**

- सामन्तवाद-दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवादको सत्ता तथा उनीहरूको शोषण उत्पीडन समाप्त पारिनेछ । मजदुर, किसान तथा सामन्तवाद-साम्राज्यवादविरोधी सम्पूर्ण जनवादी, देशभक्त तथा न्यायप्रेमी जनसमुदायको संयुक्त जनवादी राज्यसत्ता कायम गरिनेछ ।
- जनताको बहुदलीय जनवादी व्यवस्थाको स्थापना गरिनेछ । संविधानलाई सर्वोपरी राखेर राज्यका सबै अङ्गहरू सङ्गठित र सञ्चालित हुनेछन् ।
- नेपाललाई स्वतन्त्र, सार्वभौम, धर्मनिरपेक्ष जनताको जनवादी गणतन्त्र घोषित गरिनेछ ।
- शक्ति पृथकीकरणको सिद्धान्तको आधारमा संविधानले व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको व्यवस्था गरेको छ । निर्वाचित व्यवस्थापिकासभाले ऐन-कानुनहरूको निर्माण गर्नेछ ।
- संविधानले मानवअधिकार र जनताका मौलिक प्रजातान्त्रिक अधिकारहरूको ठोस प्रत्याभूति र सुरक्षा गर्नेछ ।
- संविधान अनुरूप बहुलवादी खुल्ला समाज कायम गरिनेछ ।
- संविधानको सर्वोच्चताको आधारमा लोककल्याणकारी संवैधानिक राज्य व्यवस्थाको स्थापना गरिनेछ ।

**३.९ शासन प्रणाली**

- संविधानको मर्यादाभित्र सबै राजनीतिक पार्टीहरूलाई राजकीय निकायहरूमा शान्तिपूर्ण ढङ्गले प्रतिस्पर्धा गर्ने स्वतन्त्रता रहनेछ ।
- निर्वाचनको विधि, तरिका र साधनहरूमा आमूल जनवादीकरण गरी निश्चित समयमा स्वतन्त्र, निस्पक्ष र शान्तिपूर्ण रूपमा आवधिक आमनिर्वाचन गर्ने प्रणाली कायम गरिनेछ ।
- व्यवस्थापिकासभामा बहुमत प्राप्त राजनीतिक पार्टीले सरकार गठन गर्ने र अल्पमतले विपक्षको भूमिका खेल्ने संवैधानिक व्यवस्था कायम गरिनेछ ।
- विकेन्द्रीकरणको सिद्धान्त, बहुदलीय राजनीतिक प्रणाली र स्थानीय स्वशासनको आधारमा सबै स्थानीय निकायहरूको निर्वाचन गरिनेछ । स्थानीय निकायहरूले नै आफ्नो क्षेत्रको विकास-निर्माण र प्रशासनको नेतृत्व र सञ्चालन गर्ने संवैधानिक व्यवस्था गरिनेछ ।
- राजनीतिक बन्दीहरू र अन्यायपूर्ण ढङ्गले राखिएका बन्दीहरूलाई रिहा गरिनेछ । अदालतको निर्णयबिना नजरबन्द गर्न नपाइने व्यवस्था गरिनेछ ।
- सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवादका शोषण-उत्पीडनका सम्पूर्ण अवशेषहरूलाई कानुनसम्मत ढङ्गले निर्मूल गरिनेछ ।
- जनताको बहुदलीय जनवादी व्यवस्थालाई योजनावद्ध रूपमा क्रमशः विकसित, समृद्ध र सुदृढ पारिनेछ ।

-समाजवादमा सङ्क्रमण गर्ने उद्देश्यले कार्यक्रमको आधारमा ठोस रूपले भौतिक तयारी गरिनेछ ।

-कानुनको शासन कायम गरिनेछ ।

### ३.१० आर्थिक व्यवस्था

देशमा जनताको जनवादी राजनीतिक सत्ताको स्थापनापछि जनवादी अर्थव्यवस्थाको निर्माण गर्ने, सुदृढीकरण गर्ने र समाजवादमा सङ्क्रमणको निम्ति भौतिक तयारी गर्ने कामलाई ठोस योजनाका साथ अघि बढाइनेछ । सामन्तवाद, दलाल-नोकरशाही पुँजीवाद, वैदेशिक एकाधिकार पुँजीवाद तथा साम्राज्यवादका शोषण उत्पीडन र प्रभुत्वका सम्पूर्ण आधारहरू र अवशेषहरूलाई अन्त्य गर्दै जनवादी अर्थव्यवस्थाको निर्माण गर्ने, स्थापित गरिएको जनवादी नयाँ उत्पादन सम्बन्धको आधारमा जनता र देशको जीवनस्तर माथि उठाउने खालका, उत्पादकत्व बृद्धि र विकास निर्माणका ठोस कामहरू गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रमा जनताको जनवादी व्यवस्थालाई सुदृढ एवम् विकसित बनाउने र प्रगतिशील नयाँ सामाजिक व्यवस्थाको बलियो जगमा उभिएर समाजवादमा सङ्क्रमण गर्ने ठोस भौतिक तयारीको कामलाई केन्द्रित भएर सञ्चालन गर्नेजस्ता आधारभूत महत्त्वका कामहरू क्रमशः सञ्चालन गरिनेछ । हाम्रो जनवादी अर्थव्यवस्थाको आधारभूत चरित्र 'मिश्रित अर्थतन्त्र' रहेको छ, जसमा समानता एवम् सामाजिक न्यायमा आधारित भएर श्रमजीवीहरू, निम्न आय भएका गरिबहरू तथा पिछडिएका जाति, समुदाय र क्षेत्रको उत्थानमा राज्यको अग्रणी भूमिका रहनेछ । देशको अर्थतन्त्रको विकासमा महत्त्वपूर्ण भूमिका खेल्न निजी क्षेत्रलाई पनि प्रोत्साहन गरिनेछ । यही कार्यदिशाको आधारमा देशको बृहद् आर्थिक सामाजिक परिवर्तन र विकास गरिनेछ । यसरी राजनीतिक रूपमा जनसत्ताको स्थापनापछि पनि प्रत्येक विशिष्ट स्थितिलाई ख्याल राख्दै ठोस रूपमा कार्यक्रम अघि सारी सञ्चालन गरिनेछ ।

**कृषि क्षेत्रमा**

-जमिनमाथि रहेको सामन्ती भूस्वामित्वको पूर्ण रूपमा उन्मूलन गरी अर्धसामन्ती शोषणका सम्पूर्ण रूपहरूलाई समाप्त पारिनेछ । क्रान्तिकारी भूमिसुधारको कार्यक्रम कार्यान्वित गर्दै वास्तविक जोताहा तथा भूमिहीन किसानलाई भूमिको वितरण गरिनेछ । भूमिमाथि निजी स्वामित्वको नयाँ हदबन्दी कायम गरिनेछ । यसो गर्दा आमरूपमा सामन्तहरूको हदभन्दा बढीको जमिन बिनामुआब्जा जफत गरी जोताहा, भूमिहीन वा गरिब किसानलाई वितरण गरिनेछ । तर, क्रान्तिको पक्षमा लाग्नेहरू तथा धनी र मध्यम किसानहरूको हकमा हदभन्दा बढी जमिन जफत गर्दा यथोचित क्षतिपूर्ति दिन सकिनेछ । त्यसबाहेक जमिनको दोहोरो स्वामित्व समाप्त पार्दा साना भूस्वामीहरूलाई भने मुआब्जा दिइनेछ । जमिनमाथि निजी स्वामित्व कायम गरिए पनि सहकारी खेतीलाई विशेष प्रोत्साहन गरिनेछ ।

- वैज्ञानिक तथा उन्नत खेतीको विकास गरी कृषि उत्पादन तथा उत्पादकत्व बढाइनेछ । कृषिमा आश्रित जनताको जीवनस्तर माथि उठाइनेछ । राजकीय क्षेत्रमार्फत किसानहरूको लागि आवश्यक सुविधाहरू जस्तै- सस्तो ब्याजदरमा कृषि ऋण, कृषि उत्पादनको उचित मोल प्राप्त गर्न सङ्गठित कृषि बजारको व्यवस्था, सहुलियत दरमा उन्नत मल-वीउको व्यवस्था, सिँचाइ र प्राविधिक शिक्षा आदि किसानको घरदैलोमा पुऱ्याउने र किसानहरूले सुविधाहरूको प्रत्यक्ष लाभ लिन सक्ने व्यवस्था गरिनेछ ।

- जमिनको आकार, उर्वरा शक्ति र भू-बनोटको आधारमा प्रगतिशील भूमिकर प्रणालीको विकास गरी लागू गरिनेछ । जमिनको प्रकृति, माटो र हावापानी आदिको आधारमा देशका विभिन्न भूभागमा खाद्यान्न, नगदेवाली, पशुपालन र ड्ढलड्ढलको विकासमा योजनावद्ध रूपले अघि बढ्दै कृषिको आधुनिकीकरण गर्ने र कृषि क्षेत्रलाई कुटिर एवम् आधुनिक उद्योग स्थापना, प्रवर्द्धन र विकासमा योगदान पुऱ्याउने किसिमले विकास गरिनेछ । कृषि क्षेत्रलाई उद्योग, व्यापार र अन्य सेवा क्षेत्रसँग एकाकार गर्न र ग्रामीण क्षेत्रलाई आत्मनिर्भर बनाउन एकीकृत ग्रामीण विकास कार्यक्रम लागू गरिनेछ । देशको वनजङ्गल र अन्य प्राकृतिक स्रोतको विनासलाई रोकी वनजङ्गलको विकास र सम्बर्द्धन गरिनेछ । वातावरणको संरक्षण गरिनेछ ।

- कृषि क्षेत्रमा काम गर्ने कृषि मजदुरहरूको लागि जीवनयापन गर्न पुग्ने न्यूनतम ज्याला कानुन बमोजिम तोकिनेछ ।

**उद्योगको क्षेत्रमा**

-देशको समृद्धि तथा विकासको निम्ति एवम् आमजनताको गरिबी, सामाजिक-आर्थिक पछौटेपन र असमानताको अन्त्य गर्दै समतामूलक सामाजिक-आर्थिक विकासको निम्ति औद्योगिक क्रान्तिको योजना र कार्यान्वयन गरिनेछ ।

-उद्योगको क्षेत्रमा रहेको साम्राज्यवाद, वैदेशिक एकाधिकार पुँजीवाद, दलाल तथा नोकरशाही पुँजीवादको प्रभुत्व, नियन्त्रण र शोषणलाई समाप्त पारिनेछ । उद्योगको विकासमा प्रत्यक्ष वा परोक्ष रूपमा अवरोध ल्याउने बाह्य सन्धि-सम्झौताहरूलाई हाम्रो हित अनुकूल बनाउन आवश्यक कदम चालिनेछ । राष्ट्रिय पुँजीलाई उद्योग विकासमा संलग्न गर्ने उद्देश्यले संरक्षण र प्रोत्साहन दिइनेछ । अर्थतन्त्रमा ढाँचागत परिवर्तन गरी गतिशीलता ल्याउने, कृषिमा रहेको अर्धवेरोजगारी र देशमा विद्यमान बढ्दो वेरोजगारी अन्त गर्ने र अर्थतन्त्रलाई सक्षम, दरिलो र आत्मनिर्भर (Self Reliant) बनाउने लक्ष्य राखी औद्योगिक क्रान्ति अन्तरगत कुटिर, मझौला तथा ठूला उद्योगको स्थापना र विकास गरिनेछ ।

-रक्षालगायत आम जनसमुदायको बृहद् आर्थिक सामाजिक हित र सुविधासँग सम्बन्धित उद्योगहरू सरकारी स्वामित्वमा राखी सञ्चालन गरिनेछ । कृषि उत्पादनमा प्रयोग हुने वीउ, मल, निर्माण कार्यमा प्रयोग गरिने सिमेन्ट तथा आमजनताको उपभोग्य सामान

जस्तै- खाद्यान्न, लत्ताकपडा र अन्य दैनिक आवश्यकताका वस्तुसँग सम्बन्धित उद्योगदेखि लिएर सार्वजनिक सेवासँग सम्बन्धित उद्योग, बिजुली, पानी, टेलिफोन, सञ्चार, यातायात, हुलाकजस्ता आर्थिक-सामाजिक हित र सुविधासँग सम्बन्धित उद्योगहरू राज्यको नेतृत्वमा सञ्चालन गरिनेछ ।

- राष्ट्रिय पुँजीपति वर्गको विकास गर्ने र उनीहरूको कुटिर एवम् अन्य उद्योगको बृद्धि गर्ने ढङ्गले औद्योगिक नीतिको निर्माण गरिनेछ । देशलाई आत्मनिर्भर बन्न सहयोग पुऱ्याउने र तुलनात्मक रूपमा बढी लाभ दिने आयात प्रतिस्थापन उद्योगको विकासमा प्राथमिकता दिइनेछ र यस्ता उद्योगमा सरकारी क्षेत्रको मुख्य संलग्नता रहनेछ । निजी क्षेत्रलाई पनि संरक्षण दिई यस्ता उद्योगको स्थापना र सञ्चालनमा प्रोत्साहित गरिनेछ । अर्थतन्त्रको आर्थिक बृद्धिदर, रोजगारी र विदेशी मुद्रा आर्जन गर्ने तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धात्मक रूपबाट माथि आउने खालका निर्यातमूलक उद्योगको स्थापना, विकास र विस्तारमा निजी क्षेत्रलाई नै मुख्य रूपमा संलग्न गरिनेछ ।

- देशमा विद्यमान रहेको सरकारी र निजी पुँजीको अधिकतम परिचालन गरी विदेशी लगानी र प्रविधि हस्तान्तरणद्वारा देशभित्र विद्यमान प्राकृतिक स्रोत-साधनको उपभोग गरी आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन उद्योगको विकासमा जोड दिइनेछ । हालसम्म विदेशी लगानी र प्रविधि हस्तान्तरणद्वारा स्थापित उद्योगहरूलाई राष्ट्रिय हित अनुकूल परिमार्जन गरिनेछ ।

- देशको संविधान र ऐन कानुनको अधीनमा राष्ट्रिय अर्थतन्त्रमा अनुकूल असर पार्ने सीमा निर्धारण गरी विदेशी पुँजी र प्रविधिलाई देशभित्र ल्याउन अनुमति दिइनेछ । अनुमति दिँदा स्वदेशी कच्चा पदार्थ तथा श्रमको उपयोग, देशको आवश्यकताको पूर्ति, निर्यात तथा सरकारी वा निजी क्षेत्रसँग हुन सक्ने संयुक्त लगानीको सम्भावना आदिको मूल्याङ्कन गरिनेछ । विदेशी पुँजीको संरक्षण गर्ने कानुनी व्यवस्था समेत मिलाइनेछ ।

- औद्योगिक नीति निर्माण गर्दा सन्तुलित क्षेत्रीय विकासलाई सुनिश्चित गर्नमा जोड दिइनेछ । ग्रामीण क्षेत्रमा कुटिर र साना उद्योग स्थापना गर्न प्रोत्साहन दिने र बजार व्यवस्था गर्ने नीति अवलम्बन गरिनेछ ।

- स्वदेशी श्रमिकहरूलाई उद्योग व्यवसायमा संलग्न गर्न र विदेशी श्रमिकलाई प्रतिस्थापित गर्न स्वदेशी अदक्ष श्रमिकलाई तालिमको व्यवस्था गरिनेछ । श्रमिक तालिमको लागि प्राविधिक विद्यालयहरू स्थापित गरिनेछन् । उद्योग-व्यवसायको क्षेत्रमा मजदुरहरूलाई आठ घण्टाभन्दा बढी काममा लगाउन नपाइने बन्देज लगाइनेछ । जीविकाको लागि पुग्दो ज्यालादर, आवास, शिक्षा, स्वास्थ्य र मजदुरहरूको निम्ति अन्तर्राष्ट्रिय मान्यता प्राप्त सम्पूर्ण अधिकार र सुविधाहरू पाउने ग्यारेन्टी गरिनेछ ।

- सरकारी संस्थानहरूको विकास र सम्बर्द्धन गर्न तथा संस्थानको उद्देश्य अनुरूप सञ्चालन गर्न उपयुक्त नीति लिइनेछ ।

**व्यापारको क्षेत्रमा**

- व्यापारलाई राष्ट्रिय हित अनुरूप विविधीकरण गर्ने, स्वतन्त्र विदेश व्यापार नीति अवलम्बन गर्ने तथा राष्ट्रिय उद्योगहरूको निमित्त बजार सुनिश्चित गर्ने नीतिहरू अवलम्बन गरिनेछ ।

- व्यापार र राष्ट्रिय बजारमा रहेको दलाल नोकरशाही एकाधिकार र प्रभुत्वलाई समाप्त पार्ने, वितरण र आपूर्ति व्यवस्थालाई भरपर्दो र सुलभ बनाउने तथा साना व्यापारीको हितको संरक्षण गर्ने नीतिलाई अगाडि बढाइनेछ ।

- व्यापार तथा पारवहनको क्षेत्रमा रहेको असमान सन्धि-सम्झौतालाई समाप्त पारी पारस्परिक लाभको आधारमा नेपालको व्यापार क्षेत्रमा हित संरक्षण हुने नीति अवलम्बन गर्न पहलकदमी लिइनेछ र अन्तर्राष्ट्रिय मान्यता अनुरूप भूपरिवेष्ठित देशले पाउनुपर्ने पारवहन सुविधा प्राप्त गर्नेतर्फ ठोस पाइला चालिनेछ ।

**ऊर्जा तथा जलस्रोतको क्षेत्रमा**

- कृषि विकास र औद्योगिकीकरणलाई ऊर्जा प्रणालीसँग एकीकृत गर्ने, सन्तुलित क्षेत्रीय विकासको प्रवर्द्धन गर्ने, ऊर्जाको निर्यातलाई बढावा दिने, वातावरण संरक्षण गर्ने नीति लिँदै ऊर्जा कार्यक्रमको निर्माण गरिनेछ । राष्ट्रको औद्योगिकीकरण र जनताको दैनिक ऊर्जाको उपभोगमा विद्युत् शक्तिलाई प्रमुख स्रोतको रूपमा स्थापना गरिनेछ । ग्रामीण क्षेत्रमा बिजुलीलाई सुपथ मूल्यमा सर्वसुलभ बनाउने नीति लिइनेछ । ऊर्जाको विकासको लागि सरकारले प्रवर्तकको भूमिका निर्वाह गर्नेछ र वन, जलस्रोत वायु तथा सौर्य ऊर्जाका स्रोतहरू स्थानीय जनताको हक र अधिकारको रूपमा मान्यता पाउने परम्पराको थालनी गरिनेछ । यी स्रोतहरूको विकासमा स्थानीय जनतालाई सहभागी बनाउने नीति लिइनेछ । ऊर्जा सम्बन्धी विभिन्न निकायहरूलाई एकीकृत रूपमा सञ्चालन गरिनेछ । जलविद्युत्को विकासको लागि लघु तथा साना योजनाहरू स्थानीय जनताको स्वामित्व तथा सक्रियतामा सञ्चालन गर्न जोड दिइनेछ । ठूला आयोजनाहरू सरकारी प्राधिकरण वा बोर्डको मातहतमा राखिनेछन् । अन्तर्राष्ट्रिय महत्वका बहुउद्देश्यीय आयोजनाहरूलाई अन्तर्राष्ट्रिय बोर्डका व्यवस्थापनमा समेत सञ्चालन गरिनेछ । सीमा नदीहरू (जस्तै- मेची, महाकाली नदी) को उपयोग बराबरी वा साझेदारीको आधारमा गर्ने नीति अबलम्बन गरिनेछ ।

- सार्कस्तरीय अन्तर्राष्ट्रिय पावर लाइनको स्थापना गर्ने र सो प्रणालीमा नेपाललगायत अन्य सार्क देशहरूलाई समेत समावेश गराउन जोड दिइनेछ । जलस्रोतको एकीकृत प्रयोजनका लागि शक्ति सञ्चय गर्ने आयोजनाहरू (जस्तै- सेती, बूढीगण्डकी), बहुउद्देश्यीय सञ्चय आयोजनाहरू (जस्तै- कन्काई, राप्ती), अधिक पानी भएका नदीलाई ल्याएर कम पानी भएका नदीमा मिसाउने आयोजना (जस्तै- सुनकोसी-कमला, कालीगण्डकी-तिनाउ, भेरी-बबई आदि) हरूलाई कार्यान्वयन गर्ने काममा प्राथमिकता दिइनेछ । सिँचाइ, औद्योगिकीकरण, जल यातायात, जनताको दैनिक उपयोग तथा विकासको

आधारशीला निर्माण गर्ने बहुआयामिक जलस्रोत कार्यमा प्रयोग हुने भएकोले यसको विकास र प्रयोगमा सामाञ्जस्यता ल्याउने नीति अवलम्बन गरिनेछ।

- नेपालको जलस्रोतमा नेपाली जनताको अक्षुण्ण सार्वभौमिक अधिकारलाई रक्षा गर्ने नीति अवलम्बन गरिनेछ।

**यातायात र सञ्चार**

- राष्ट्रिय यातायात नीति र कार्यक्रम तयार गरी देशका सबै दुर्गम ठाउँहरूसम्म यातायात सुविधा पुऱ्याइनेछ। सडक, जल, रेल, हवाइ, रज्जुमार्ग, यातायात सेवाको सम्भाव्यता, मितव्ययिता तथा क्षेत्रीय र स्थानीय प्राथमिकताको आधारमा यातायात क्षेत्रको समुचित विकास गरिनेछ।

- सार्वजनिक सञ्चारका आमसञ्चार माध्यमहरूले सत्तापक्षको गुणगान गाउने परिपाटीलाई अन्त्य गरी जनता र राष्ट्रको सेवामा लगाइनेछ।

**पर्यटन**

- पर्यटन उद्योग विदेशी मुद्रा आर्जन गर्ने, जनताको आयस्तर र रोजगारी बढाउने माध्यम भएकोले हिमाल, पहाड, उपत्यका र तराई क्षेत्रमा पर्यटनस्थल निर्माण गर्ने र पर्यटन विकासमा आवश्यक पर्ने भौतिक पूर्वाधारहरू तयार गरी पर्यटन उद्योगको विकास र विस्तार गरिनेछ।

**स्थानीय र क्षेत्रीय विकास**

- देशका विभिन्न भागमा रहेका जनताको विकासमा प्रत्यक्ष संलग्नता बढाउन र विकास कार्यक्रमहरूको लाभ उनीहरूमा पुऱ्याउने दुवै उद्देश्यले विकासको आधारशीला स्थानीय तहमै निर्माण गर्नु आवश्यक हुन्छ। स्थानीय आवश्यकता र सम्भाव्यताको आधारमा स्थानीय तहदेखि योजना निर्माण गर्ने र स्थानीय, जिल्ला तथा क्षेत्रीय विकासको अवधारणा अनुरूप विकेन्द्रित योजना प्रणाली अपनाउँदा मात्र योजना प्रणालीलाई बढी प्रजातान्त्रिक समेत बनाउन सकिन्छ। त्यसकारण स्थानीय तहमै योजना निर्माण गर्दै स्थानीय, क्षेत्रीय र राष्ट्रिय प्राथमिकताका आधारमा विकास-निर्माणको काम अघि बढाउने नीति अवलम्बन गरिनेछ। देशमा रहेको साधन-स्रोतको समुचित प्रयोग र स्थानीय श्रम-सीपको उपयोग गर्ने जस्तो दुवै दृष्टिकोणले यो नीतिलाई समग्र विकासको प्रमुख आधार बनाइनेछ।

- बढ्दो वर्गीय असमानता, बसाइ-सराइको समस्या, सहर र गाउँबीच बढ्दो दूरी र केही सीमित क्षेत्रमा मात्र सुविधा र विकास गतिविधि केन्द्रित गर्ने पुँजीवादी मुनाफाखोर प्रवृत्तिलाई अन्त्य गरी जनवादी अर्थतन्त्र निर्माण गर्ने दृष्टिकोणबाट विकास निर्माणका गतिविधि सञ्चालन गर्ने र विकासको लाभ उपेक्षित आधारभूत वर्गका जनताबीच पुऱ्याउन 'स्थानीय विकास' को माध्यमलाई देशको समग्र विकासको नमुनाको रूपमा अघि बढाइनेछ। यसका लागि योजना प्रक्रियामा तदनुरूपको साङ्गठनिक र संस्थागत व्यवस्था गरिनेछ।

**विविध**

- वासबिहीन प्रत्येक नेपालीको वासको लागि जमिन उपलब्ध गराई वास निर्माणमा सहयोग पुऱ्याइनेछ।

- क्रमिक रूपमा बेरोजगारीको अन्त गरिनेछ र सबै सक्षम नागरिकले काम पाउने अधिकारको रूपमा संवैधानिक व्यवस्था गरिनेछ।

- देशमा लगातार बढिरहेको मुद्रा र मूल्य स्फीतिलाई प्रभावकारी ढङ्गले नियन्त्रण गरिनेछ। यसको लागि आपूर्ति व्यवस्था सबल बनाइनेछ र व्यापारमा रहेको सबै एकाधिकारहरू अन्त गरिनेछ। सरकारी स्तरबाट विभिन्न दैनिक आवश्यकताका वस्तु सुपथ रूपमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ। सहकारी संस्थाहरूको स्थापना गर्ने र उनीहरूलाई यसमा संलग्न गराउने नीति लिइनेछ। मूल्यवृद्धिको अनुपातमा मजदुर र सम्पूर्ण ज्यालादारीहरूले स्वतः महङ्गीभत्ता पाउने कानुनी व्यवस्था गरिनेछ।

- विदेशी सहयोगको उपयोग राष्ट्रिय प्राथमिकताको आधारमा लिने र परियोजनाको आर्थिक-सामाजिक मापदण्डको आधारमा सम्भाव्यता हेरी विदेशी सहायताबाट सञ्चालित परियोजनाको बढी प्रतिफल लिँदै अर्थतन्त्रको समग्र कार्यदक्षता र उत्पादक क्षमता बढाउने नीतिलाई उच्च प्राथमिकता प्रदान गरिनेछ।

- समन्वयात्मक रूपबाट राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा मध्यकालीन र दीर्घकालीन योजना निर्माण गरी त्यसको आधारमा सरकारी खर्च र लगानी नीति अवलम्बन गर्ने, लगानीको सक्षमता बढाउने, बृहद् लक्ष्य अनुरूप उत्पादन वृद्धि गर्ने, रोजगारी बढाउने, आय आर्जन गर्ने तथा निश्चित अवधिभित्र गरिबी समाप्त पार्ने उद्देश्य राखी कार्यक्रमहरू सञ्चालन गरिनेछ। यस्तो योजना निर्माण गर्दा विभिन्न क्षेत्रमा हुने वा हुनुपर्ने निजी क्षेत्रको भूमिकालाई पनि प्रस्ट पारिनेछ।

- राजस्व र करनीतिलाई बढी प्रगतिशील, पारदर्शक र विकृतिमुक्त बनाउने नीति लिइनेछ र निजी क्षेत्रको उत्पादनशील क्षेत्रमा संलग्नता बढाउन, पुँजीवादी मुनाफाखोर लगानी प्रवृत्तिलाई निरुत्साहित गर्न, विभिन्न वर्गबीचको आर्थिक असमानता कम गर्न र विकास कार्यमा पूर्ण सहयोग प्राप्त हुने किसिमले राजस्व परिचालन गर्न प्रत्यक्ष कर प्रणालीलाई व्यापक एवम् प्रभावकारी ढङ्गले कार्यान्वयन गरिनेछ। अप्रत्यक्ष कर निम्न र स्थिर आय भएका जनतालाई प्रतिकूल असर नपर्ने गरी लगाइनेछ।

- विकास प्रशासनलाई चुस्त, दुरुस्त, प्रभावकारी र जनमुखी बनाइनेछ। कमिसनतन्त्र र भ्रष्टाचारलाई निर्मूल गरिनेछ।

- असुरक्षित ठाउँको जनतालाई सुरक्षित ठाउँमा बसोबास गराउने व्यवस्था गरिनेछ।

**३.११ संस्कृति तथा शिक्षा**

- सामन्ती तथा साम्राज्यवादी साहित्य संस्कृतिको कुप्रभाव अन्त्य गरी सामाजिक कुरीति र अन्धविश्वासहरू समाप्त पारी प्रगतिशील, राष्ट्रिय एवम् जनवादी साहित्य संस्कृतिको विकास गरिनेछ। समाजको सबै क्षेत्रमा जनवादी रूपान्तर गर्नको निम्ति सामाजिक सुधारको कार्यक्रमलाई योजनाबद्ध रूपमा अघि बढाइनेछ। ऐतिहासिक र धार्मिक स्थलहरूको जिर्णोद्धार तथा संरक्षण गरिनेछ।

- नवउपनिवेशवादी वर्तमान शिक्षा प्रणालीको अन्त्य गरिनेछ। शिक्षा क्षेत्रमा

रहेको सामन्ती तथा साम्राज्यवादी सबै प्रकारका कुप्रभावलाई अन्त गरिनेछ।

- शिक्षा पाउनु प्रत्येक व्यक्तिको मौलिक अधिकार हो। आधुनिक, प्रगतिशील र उच्चकोटीको गुणात्मक शिक्षाको निम्ति साधारण तथा व्यावसायिक र उच्च तथा विशिष्टीकृत शिक्षा प्राणाली एवम् योजनालाई पुनर्गठित (Reorganise) गरिनेछ।

- शिक्षा औपचारिक (formal) अनौपचारिक (nonformal) दुवै प्रकारको हुनेछ।

- राष्ट्रव्यापी रूपमा पूर्व प्राथमिक, प्राथमिक तथा माध्यमिक तहको शिक्षालाई क्रमिक रूपले अनिवार्य र निःशुल्क गराइनेछ। माध्यमिक तहमा व्यावसायी कार्यमूलक शिक्षालाई समावेश गरिनेछ।

- धार्मिक, वर्ण, जात, लिङ्ग, पेसा, भाषा, आर्थिक तथा सामाजिक अवस्था आदिका आधारमा कुनै भेदभाव नराखी सबैलाई शिक्षाको समान अवसर प्रदान गरिनेछ।

- पाठ्यपुस्तक तथा पाठ्यसामाग्री एवम् आर्थिक-भौतिक सहयोगहरू प्रदान गरिनेछ र विशेष रूपमा महिला, उत्पीडित जाति तथा आधारभूत वर्गलाई प्राथमिकता दिइनेछ।

- अहिले प्राथमिक तहसम्म अभिभावक एवम् विद्यार्थीको रुचि र छनौट अनुसार मातृभाषा वा प्रचलित भाषामा शिक्षा प्रदान गर्ने व्यवस्था मिलाइनेछ।

- वास्तविक प्रजातन्त्र र राष्ट्रिय स्वाधीनतालाई आत्मसात गर्ने र व्यवहारमा उतार्न सक्ने शिक्षा दिने थलोको रूपमा सबै शिक्षालयहरूलाई स्थापित र विकसित गरिनेछ।

- शिक्षा क्षेत्रमा कार्यरत सबै शिक्षक तथा कर्मचारीको हक-हितको संरक्षण एवम् सम्बर्द्धन गरी समाजमा सम्मानित व्यक्तित्वका रूपमा स्थापित गर्ने व्यवस्था मिलाइनेछ।

- राष्ट्रियस्तरमा निर्माण गरिएको शिक्षा योजनाको अधीनमा रही बिना कुनै प्रशासनिक हस्तक्षेप प्राज्ञिक स्वतन्त्रताको उपभोग गर्ने ग्यारेन्टी गरिनेछ।

- बिना कुनै भेदभाव उच्च शिक्षा हासिल गर्न सक्ने सबै शिक्षार्थीहरूलाई उच्च शिक्षा प्राप्त गर्ने अवसर प्रदान गरिनेछ।

- विभिन्न पेसामा संलग्न प्राथमिक तथा माध्यमिक शिक्षा हासिल गर्न नसकेका कामदार (व्यक्ति) हरूलाई सम्बन्धित निकायमार्फत सायमकालीन, प्रातःकालीन वा पत्राचारको माध्यमद्वारा उपयुक्त शिक्षा दिने व्यवस्था मिलाइनेछ।

- शिक्षाको योजना र नीति तय गर्ने, प्रभावकारी पठनपाठन एवम् अनुसन्धान गर्ने, पाठ्यपुस्तक तथा पाठ्यसामाग्री तयार गर्ने र शिक्षा योजनालाई प्रभावकारी रूपमा कार्यान्वयनका रूपमा शिक्षाशास्त्रसम्बन्धी निकायलाई विशेष रूपमा सङ्गठित र व्यवस्थित गरिनेछ।

- देशको आवश्यकता अनुसार शिक्षाको विविध पक्ष र विषयगत क्षेत्रसमेतलाई आधार मानी बहुविषय विद्यालयको तर्जुमा गरी उच्च शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ।

- महिला तथा उत्पीडित जातिको शिक्षाको विशेष कार्यक्रम निर्माण गरी उनीहरूलाई शिक्षा दिने व्यवस्था गरिनेछ। उच्च शिक्षामा महिलाहरूलाई विशेष सुविधा र प्रोत्साहन दिने व्यवस्था गरिनेछ।

- शिक्षण क्षेत्रका अद्यावधिक ज्ञान र सीपबारे अवगत गराई कार्यक्षमता र दक्षतामा बृद्धि गरी शिक्षकहरूको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि आवश्यकता अनुसार पुनर्ताजगी (Refresher) तालिमको व्यवस्था गरिनेछ।

### ३.१२ जाति, धर्म र भाषाको सम्बन्धमा

- कुनै पनि एउटा धर्मको एकाधिकारलाई अन्त्य गरी सबैलाई धार्मिक स्वतन्त्रता र समानता प्रदान गरिनेछ।

- जाति, भाषा र भेषभुषामा रहेको सबै एकाधिकार र विशेषाधिकारहरूको अन्त्य गरिनेछ। सबै क्षेत्रमा समानता तथा जनवादी अधिकारको ग्यारेन्टी गरिनेछ। पछि परेका जाति, भाषा, साहित्य र संस्कृतिको ऐतिहासिक संरक्षण, संबर्द्धन र विकासको निम्ति विशेष कार्यक्रम सञ्चालन गरिनेछ। ऐलोपेथिक, होमियोपेथिक, आयुर्वेदिक, प्राकृतिकलगायत सबै उपचार पद्दतिलाई समन्वयात्मक ढङ्गले विकास गरिनेछ।

### ३.१३ स्वास्थको सम्बन्धमा

- स्वास्थ्य सेवाको विद्यमान स्वरूपमा आमूल परिवर्तन गरी स्वास्थ्यलाई मानवअधिकारको रूपमा तथा सुविधा होइन, अधिकार हो भन्ने तथ्यलाई अङ्गीकार गरी सो अनुरूप नीतिहरू तय गरिनेछ। एलोपेथिक, होमियोपेथिक, आयुर्वेदिक, अक्युपन्चर र प्राकृतिकलगायत सबै उपचार पद्दतिलाई समन्वयात्मक ढङ्गले विकास गरिनेछ।

- स्वास्थ्य सेवालाई अत्यावश्यक एवम् विशिष्ट सेवाको रूपमा छुट्टै संवैधानिक एवम् कानुनी व्यवस्था गरिनेछ। साथै, सबैखाले स्वास्थ्यकर्मीहरूको छुट्टाछुट्टै स्वायत्त पेसागत सङ्गठनहरूमार्फत हक हितको संरक्षण तथा मर्यादित सेवा पुऱ्याउने वैधानिक व्यवस्था गरिनेछ।

- जनतालाई स्वास्थ्य सेवाको क्रममा हुने दुर्घटना एवम् हानी नोक्सानीको क्षतिपूर्ति दिइने कानुनी व्यवस्था गरिनेछ।

- औषधी व्यवस्था अत्यावश्यक राष्ट्रिय औषधी नीति प्रयोग गर्ने प्रोटोकल व्यवस्था तथा यस क्षेत्रमा राष्ट्रिय आत्मनिर्भरताका नीति लिइनेछ र बहुराष्ट्रिय औषधी कम्पनीहरूको शोषणबाट देशलाई मुक्त गरिनेछ।

- गैरसरकारी स्वास्थ्य संस्थाहरूलाई राष्ट्रिय स्वास्थ्य नीति अन्तर्गत निर्देशित दिशामा काम गर्न प्रोत्साहित गरिनेछ।

### ३.१४ महिलाहरूको सम्बन्धमा

- महिलाहरूमाथि भइरहेको सबै प्रकारको शोषण-उत्पीडनहरू, अपहरण, बेचविखन, देहव्यापार तथा सामाजिक कुप्रथाको अन्त गरिनेछ।

- पैत्रिक सम्पत्तिमा छोरा र छोरीको समान हक स्थापित गरिनेछ। महिला र पुरुषबीच समान कामको समान ज्यालालाई प्रभावकारी ढङ्गले लागू

गरिनेछ ।

- राष्ट्रिय र सामाजिक जीवनका सबै क्षेत्रहरूमा महिला-पुरुषबीच पूर्ण समानताको ग्यारेन्टी गरिनेछ ।

- महिलाहरूमा रहेको अज्ञानता, पछौटेपन हटाउन विशेष कार्यक्रम चलाइनेछ । सामाजिक सुरक्षाको ग्यारेन्टी गर्ने र अपराधी तत्त्वहरूमाथि कडा सजायको व्यवस्था गरिनेछ ।

- राजनीतिक, आर्थिक, सामाजिक जीवनका हरेक क्षेत्रमा महिलाहरूको सक्रिय सहभागितालाई बढाउँदै लगिनेछ ।

**३.१५ सामाजिक सुधारको सम्बन्धमा**

- सामाजिक कुरीति, अन्धविश्वास, रुढीगत धारणाहरूलाई सामाजिक सांस्कृतिक सुधार आन्दोलन चलाई हटाउँदै लगिनेछ ।

- समाजमा व्याप्त जातपात, छुवाछूत प्रथाको प्रभावकारी रूपमा अन्त्य गरिनेछ ।

- असहाय भएका वृद्ध तथा अपाङ्ग, अनाथ बालबालिकाको संरक्षण राज्यले गर्नेछ ।

**३.१६ न्याय व्यवस्थाको सम्बन्धमा**

- न्यायपालिकालाई स्वतन्त्र, निष्पक्ष र सक्षम बनाइनेछ । न्यायपालिकाको क्षेत्रमा कार्यकारिणीले हस्तक्षेप गर्न नपाइने संवैधानिक व्यवस्था गरिनेछ ।

- पेसा र ओहोदाले किनबेच गर्नसक्ने प्रतिक्रियावादी न्यायप्रणालीको अन्त्य गरिनेछ ।

- अभियुक्तलाई शारीरिक र मानसिक यातना दिने अमानवीय प्रथाको अन्त्य गरिनेछ ।

- असहायको निमित्त निःशुल्क कानुनी सेवा उपलब्ध गराइनेछ ।

- कानुन व्यवसायीको हक-हितको संरक्षण गर्ने र निष्पक्ष, स्वच्छ, स्वतन्त्र र प्रगतिशील न्याय व्यवस्था कायम गर्न कानुन व्यवसायीहरूको सङ्गठित सहभागिता कायम गरिनेछ ।

**३.१७ प्रशासन र कर्मचारीको सम्बन्धमा**

- वर्तमान नोकरशाही प्रशासन प्रणालीलाई पूर्ण रूपमा समाप्त पार्ने र जनकल्याणकारी प्रशासनिक व्यवस्थाको स्थापना गरिनेछ ।

- तस्करी, घुसखोरी, भ्रष्टाचार, कालोबजारी, नातावादजस्ता सामाजिक विकृतिको अन्त गरिनेछ र अपराधीहरूमाथि कानुनी कार्वाही गरिनेछ ।

- साना कर्मचारीहरूमाथिको नोकरशाही उत्पीडनको अन्त्य गरिनेछ र उनीहरूको हक-हितको संरक्षण गरिनेछ ।

- निजामति कर्मचारीहरूलाई उनीहरूको सेवागत हक-हितको संरक्षण गर्न स्वतन्त्र सङ्गठन बनाउने कानुनी अधिकार प्रदान गरिनेछ । अन्यायपूर्ण ढङ्गले निकालिएका कर्मचारीहरूलाई ससम्मान पुनर्बहाली गरिनेछ । राजनीति वा राजनीतिक दलप्रति आस्थावान रहेको वा संलग्न रहेको कारण उनीहरूलाई सताउने वा कार्वाहीको विषय बनाउन नपाउने कानुनी व्यवस्था गरिनेछ ।

- ठूला-साना कर्मचारीबीचको तलब दरको वर्तमान ठूलो असमानतालाई साना कर्मचारीको तलब बृद्धि गरी सीमित पारिनेछ । सबै कर्मचारीहरूको जीवन निर्वाह गर्न पुग्ने गरी तलब निर्धारण गरिनेछ । मूल्यवृद्धिको वर्षेनी सूचक अङ्कको दाँजोमा निजामति कर्मचारीहरूले स्वतः महङ्गीभत्ता पाउने व्यवस्था गरिनेछ ।

- निजामति सेवालाई कानुनतः निष्पक्ष बनाइनेछ । योग्यता, इमानदारीको आधारमा पदोन्नतिको व्यवस्था गरिनेछ । कर्मचारीमा उत्तरदायित्वको धारणा अभिबृद्धि गर्ने हेतुले सेवा र कामको मूल्याङ्कनको आधारमा सजाय र पुरस्कारको उचित व्यवस्था गरिनेछ । निजामति कर्मचारीहरूको नोकरीको कानुनी सुरक्षा गरिनेछ ।

- निजामति र जङ्गी सेवाका निवृत्त कर्मचारीको हक-हितको संरक्षण गरिनेछ ।

- पार्टी र राजनेताहरू तथा उच्च पदस्थ अधिकारीहरूको सम्पत्ति जाँच गर्ने व्यवस्था गरिनेछ ।

**३.१८ प्रवासी नेपालीको सम्बन्धमा**

- कुनै पनि प्रवासमा बसेका प्रवासी नेपालीहरूले पाउनुपर्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय हक-अधिकार प्राप्तिको निम्ति सम्बन्धित देशको सरकारसँग द्विपक्षीय वार्ता गरी समस्या समाधान गर्न प्रयत्न गरिनेछ ।

- देशभित्रको शोषण, उत्पीडन र बेरोजगारीको अन्त गरी प्रवासन र आप्रवासनको प्रक्रियालाई प्रभावकारी ढङ्गले रोकिनेछ ।

- स्वेच्छाले वा जबरजस्ती लखेटिएका र विदेशबाट धर्किएका नेपालीको बसोबास व्यवस्था गरिनेछ ।

**३.१९ विदेश सम्बन्धको बारेमा**

- असंलग्न, स्वतन्त्र, प्रगतिशील विदेश नीति अपनाइनेछ ।

- कुनै पनि विदेशी मुलुकहरूसँग तथा अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसँग गरिएको सबै गुप्त सन्धिहरू खुला गरिनेछ । सबै असमान सन्धि-सम्झौताहरूलाई पञ्चशीलको आधारमा नवीकरण गरिनेछ ।

- भारत र चीन दुवै छिमेकी मुलुकहरूसँगको सम्बन्धलाई पञ्चशीलका सिद्धान्तको आधारमा स्थापित र विकसित गरिनेछ । यी दुई छिमेकी मुलुकहरूसँग असल छिमेकी सम्बन्धलाई गाढा पार्दै लगिनेछ ।

- देशको राष्ट्रिय हितको आधारमा विश्वका सबै मुलुकहरूसँग मैत्रीपूर्ण सम्बन्ध स्थापित गरिनेछ ।

- दक्षिण एसियायी क्षेत्रीय सङ्गठन (सार्क) का देशहरूसँगको मैत्रीलाई सुदृढ पारिनेछ र सार्कलाई वास्तविक क्षेत्रीय सहयोगको सङ्गठनको रूपमा विकसित र सुदृढ गर्न प्रभावकारी नीति अवलम्बन गरिनेछ । दक्षिण- दक्षिणको सहयोगलाई विस्तार गरिनेछ ।

- अन्तर्राष्ट्रिय अधिकार अनुरूप भूपरिवेष्ठित मुलुकले पाउनुपर्ने पारवहन सुविधालाई स्थायी र प्रभावकारी बनाउनेतर्फ काम गरिनेछ ।

- स्वतन्त्रता, समानता, पारस्परिक लाभको आधारमा विश्वका सबै मुलुकसँग आर्थिक, राजनीतिक, सांस्कृतिक, प्रविधिक र वाणिज्य सम्बन्ध कायम गरिनेछ र विस्तार गरिनेछ ।

- संयुक्त राष्ट्रसङ्घलाई समर्थन गर्दै यसलाई स्वतन्त्र, निष्पक्ष सुदृढ र प्रभावी बनाउने विषयमा जोड दिइनेछ ।

- साम्राज्यवाद, नवउपनिवेशवाद, रङ्गभेद, विदेशी थिचोमिचो, हस्तक्षेपको

विरोध गर्दै शान्ति, स्वाधीनता, समानता र राष्ट्रिय सार्वभौमिकताको पक्षपोषण गरिनेछ ।

- असंलग्न आन्दोलन, समाजवाद, सर्वहारा क्रान्ति, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनलाई समर्थन, नाभीकीय शस्त्रास्त्रविरोधी, विश्वयुद्ध, क्षेत्रीय युद्ध, आक्रमण, तनावविरोधी शान्ति आन्दोलनलाई र विश्व मानवअधिकार तथा पर्यावरण आन्दोलनलाई समर्थन र सक्रिय सहयोग गरिनेछ ।

**३.२० सेनाको सम्बन्धमा**

- सेनालाई राष्ट्र र जनताको सेवामा लगाइनेछ ।

- सेनाको जनवादीकरण गरिनेछ ।

- कुनै जाति, भाषी वा कुनै क्षेत्रका जनसमुदायलाई सेनामा प्रवेश गर्न रोक लगाइएको वर्तमान परिपाटीको अन्त गरी सबै नेपालीहरूलाई सेनामा प्रवेशको द्वार खुल्ला गरिनेछ । योग्यता, इमानदारिता र क्षमताको आधारमा नियुक्ति र पदोन्नतिको व्यवस्था गरिनेछ ।

- सेनामा माथिका अफिसरहरूले तलका जवानहरूको शोषण-थिचोमिचो गर्ने वर्तमान परिपाटीलाई हटाई सेनामा संलग्न सबै अफिसरदेखि जवानसम्म सबैको संवैधानिक- कानुनी प्रजातान्त्रिक अधिकारको संरक्षण गरिनेछ ।

**३.२१ भू.पू.सैनिकहरूको सम्बन्धमा**

- विदेशी तथा स्वदेशी सैनिक सेवाबाट अवकाश प्राप्त भू.पू. सैनिकहरूले प्राप्त गर्दै आएको सुविधा र पेन्सन पाइरहने व्यवस्थाको ग्यारेन्टी गरिनेछ ।

- भू.पू.सैनिकहरूले सेवामा रहँदा प्राप्त गरेको शिक्षा, ज्ञान र सीपहरूको मान्यतास्तर निर्धारण गरी समान रूपमा रोजगारीको औसर दिइनेछ ।

- भू.पू.सैनिकका परिवारहरूको शिक्षा-दीक्षा र औषधी उपचारको विशेष व्यवस्था गरिनेछ ।

- भू.पू.सैनिकहरू तथा कार्यरत सैनिकहरूको हक हित र अधिकारका साथै अन्य सुविधाको निम्ति उपयुक्त मन्त्रालय अन्तर्गत विभागीय व्यवस्था गरी सरकारी सेवा प्रदान गरिनेछ ।

- सैनिक सेवामा रहँदा प्राप्त गरेका सम्मानजनक पदक, प्रमाणपत्र र दर्जालाई उचित कदर गरिनेछ ।

**३.२२ खेलकुदको क्षेत्रमा**

- राष्ट्र र जनताको सेवामा अभिप्रेरित गर्न जनताको मानसिक र स्वास्थ्य तन्दुरुस्ती राख्ने कुरालाई ध्यान दिँदै खेलकुदको क्षेत्रमा राष्ट्रकै गौरव र प्रतिष्ठा बढाउने ढङ्गले खेलकुद क्षेत्रलाई संस्थागत रूपमा विकास गराउन विशेष जोड दिइनेछ ।

- खेलकुदको विकासको लागि स्कुल र क्याम्पस तहदेखि नै योजनाबद्ध ढङ्गले नियमित रूपमा प्रशिक्षण गराउने र स्वस्थ प्रतिस्पर्धाको आधारमा राष्ट्रियस्तरका खेलाडीहरूको विकास गरिनेछ ।

- खेलाडी, प्रशिक्षक र विभिन्न खेलकुद क्लवहरूलाई प्रोत्साहित गर्न आकर्षक पुरस्कार, सम्मान र आर्थिक तथा भौतिक सुविधा प्रदान गरिनेछ ।

- सरकारी स्तरको साथसाथै गैरसरकारी क्षेत्रबाट समेत खेलकुदको विकासको निम्ति सहभागी गराउने र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको प्रतिस्पर्धा नियमित रूपमा सञ्चालन गरिनेछ ।

**४. यस कार्यक्रमका थप विशेषताहरू**

**४.१- संविधानको सर्वोच्चता**

संविधान देशको मूल कानुन हो र देशको सम्पूर्ण राजनीतिक-आर्थिक क्रियाकलापहरू र वर्गहरूको भूमिका एवम् अन्तरसम्बन्धहरूको व्याख्या गर्ने दस्तावेज हो । कुनै पनि वर्ग, व्यक्ति, संस्था वा पार्टी विशेष संविधानभन्दा माथि रहन सक्दैन । सबैको निम्ति संविधान समान रूपले अनुल्लङ्घनीय हुनुपर्छ । संशोधन गर्न सकिने निश्चित प्रावधानहरू संविधानमा रहन्छन् र त्यो लचिलो हुनुपर्छ । तर, जबसम्म त्यसमा संशोधन भएको हुँदैन, त्यसलाई कसैले पनि उल्लङ्घन गर्न पाउँदैन । सम्पूर्ण जनताको निश्चित अधिकार र कर्तव्यको परिभाषा गर्ने दस्तावेज भएकोले कुनै पनि एउटा पक्षबाट त्यसमाथि थिचोमिचो हुनुहुँदैन । त्यसकारण हामीले एउटा महत्त्वपूर्ण तत्त्वको रूपमा संविधानको सर्वोच्चता सामेल गरेका छौं । क्रान्तिकारी सत्ता, जनताको सत्ता पनि विधानविहीन हुनुहुँदैन । विधानसम्मत चल्नुपर्छ । कतिपय देशमा क्रान्तिकारी सत्तालाई संविधानभन्दा माथि राख्नाले भएका अराजकताको परिणाम हानिकारक भएको कुरा सर्वविदित छ । समाजको निरन्तर प्रगतिलाई संविधानले निकास दिन सक्नुपर्छ र संविधान सर्वोच्च हुनुपर्छ ।

**४.२ बहुलवादी खुला समाज**

प्रत्येक व्यक्तिलाई जनता र राष्ट्रको निम्ति सोच्ने र बोल्ने तथा आफ्ना अनुभूतिहरू अभिव्यक्त गर्ने स्वतन्त्रता हुनुपर्छ । यो स्वाभाविक र प्रकृतिसङ्गत कुरा हो । त्यसको उल्टो केवल शासक वर्ग र पार्टीको प्रशंसामा मात्र बोल्न पाइने र विरोधमा मुख खोल्न नपाइने व्यवस्था अरू पक्षमा जतिसुकै राम्रो भए पनि टिकाउ हुन सक्दैन । प्रत्येक व्यक्तिलाई सरकार, राजनीतिक पार्टीहरू, सामाजिक संस्थाहरू, नेताहरू र अधिकारीहरूको बारेमा आफूलाई लागेका कुराहरू स्वतन्त्र रूपमा बोल्न दिनुपर्छ । मुलुकको संविधान र नियम कानुनको आधारमा प्रेस र पर्यटनको स्वतन्त्रता हुनुपर्छ । बाहिरी दुनियाँबाट अलगथलग, बन्द र एकोहोरो समाज हुनुहुँदैन । कम्युनिस्ट पार्टीले शासन चलाएका कतिपय देशमा बहुलवाद र खुलापन रहेन र त्यसको परिणाम पनि राम्रो भएन । हामी बहुलवाद र खुला समाजको पक्षमा छौं ।

**४.३ शक्ति पृथकीकरणको सिद्धान्त**

समाजवादी देशहरूमा लामो समयसम्म व्यक्तिको हातमा शक्तिको अतिकेन्द्रीकरण रह्यो । त्यसबाट समाजलाई लाभ होइन, हानी भयो । त्यसपछि व्यक्तिको हातमा हुने अति केन्द्रीकरणको आलोचना गर्दै विकेन्द्रित गर्ने प्रक्रिया सुरु भएको छ । तर, व्यक्तिको हातमा मात्र होइन, कुनै एउटा संस्थाको हातमा पनि अति केन्द्रीकरण हुनुहुँदैन । एउटै संस्था कार्यकारी, विधायी र न्यायिक अधिकार प्रयोग गर्ने केन्द्रीय शक्ति हुनुहुँदैन । राज्यका विभिन्न अधिकारहरूलाई प्रयोग गर्ने केन्द्रमा पृथक निकायहरू हुनुपर्छ । अझ राज्यका अधिकार शासक पार्टीले प्रयोग गर्ने र राज्य र पार्टीबीचको भिन्नतालाई समाप्त गर्ने काम हुनुहुँदैन । राज्य र पार्टीबीचको भिन्नता र अन्तरसम्बन्धलाई ठीक ढङ्गले

सञ्चालन गरिनुपर्छ । यही अवधारणाबाट हामीले शक्ति पृथकीकरणको सिद्धान्तलाई आफ्नो कार्यक्रममा समावेश गरेका छौं ।

**४.४ मानवअधिकारको रक्षा**

दुनियाँमा कम्युनिस्टहरू मानवअधिकारको पक्षमा छैनन् भन्ने पुँजीवादपन्थीहरूको व्यापक प्रचार छ । कतिपय कम्युनिस्टहरू पनि मानवअधिकारको रक्षा गर्ने हाम्रो काम र कार्यक्षेत्र होइन भन्ने ठान्छन् । हामी मानवअधिकारको पक्षमा छौं र लामो समयदेखि त्यस निम्ति सङ्गठित रूपमा लड्दै आएका छौं । साँचो अर्थमा कम्युनिस्ट नै मानवअधिकारको सबभन्दा दृढ योद्धा हुन् र हुन सक्छन् । त्यसकारण हामीले मानवअधिकारको रक्षालाई एउटा महत्त्वपूर्ण तत्त्वको रूपमा कार्यक्रममा समावेश गरेका छौं ।

**४.५ बहुदलीय प्रतिस्पर्धाको प्रणाली**

संविधानको परिभाषाभित्र राज्य र त्यसका राजकीय निकायहरू सम्पूर्ण जनताको चासो र सरोकारका विषय हुन् । त्यसमा एउटा मात्र राजनीतिक पार्टीको एकाधिकार हुन सक्दैन । अभ्न राज्यको बल प्रयोग गरेर एउटा मात्र पार्टीको एकाधिकार कायम गर्न खोज्नु अत्यन्त गैरजनवादी कुरा हो । अनेक वर्गहरू रहेको समाजमा, पेसागत विविधता रहेको स्थितिमा पनि र खासगरी वर्गीय विविधता भएको समाजमा अनेक राजनीतिक पार्टीहरू स्वाभाविक रूपमा हुन्छन् । नागारिकको मौलिक अधिकारमा बन्देज नगर्ने हो भने स्वाभाविक रूपमा राजनीतिक चिन्तनमा विविधताहरू पैदा हुन सक्छन् । अभ्न कम्युनिस्ट पार्टी सर्वहारा-श्रमजीवी वर्गको पार्टी हो र यो सम्पूर्ण वर्गहरूको पार्टी हुन सक्दैन । यो मार्क्सवादी-लेनिनवादी विचार प्रणालीलाई मार्गदर्शक मान्ने पार्टी हो र सर्वहारा-श्रमजीवीवर्गभित्र पनि अन्य विचारप्रणालीप्रति विश्वास गर्ने व्यक्तिहरू हुन सक्छन् वा रणनीति, कार्यनीतिमा भिन्न मतावलम्वी हुन सक्छन् । यस्तो स्थितिमा एउटा मात्र पार्टीको एकछत्र अधिकार संवैधानिक रूपमा र राज्यको बलसमेत प्रयोग गरेर कायम गर्न खोज्नु एक प्रकारको निरङ्कुशता र तानाशाही हो । त्यसकारण हामीहरू राजनीतिमा जनताको निर्णायक भूमिका स्थापित गर्न बहुदलीय प्रतिस्पर्धाको प्रणाली कायम गर्न चाहन्छौं । जनादेश प्राप्त पार्टी र व्यक्तिहरूले नै राजकीय अधिकार प्रयोग गरी शासन प्रशासन चलाउनुपर्छ भन्ने पक्षमा छौं । बहुदलीय प्रतिस्पर्धाको प्रणाली सङ्गठित रूपमा विचार, कार्यक्रम र नीतिहरूको आधारमा पार्टीहरूबीच प्रतिस्पर्धा गर्न पाउने र जनताको निर्णय सर्वोपरी हुने प्रणाली हो । त्यसकारण हामीले यो प्रणालीलाई एउटा निर्णायक महत्त्वको विषयको रूपमा आफ्नो कार्यक्रममा समावेश गरेका छौं ।

**४.६ आवधिक निर्वाचन**

जनताले नै पनि एकपटक गरेको निर्णय सधैंको निम्ति शाश्वत हुन सक्दैन । त्यसकारण निश्चित अवधिभित्र आमनिर्वाचन हुनुपर्छ । निर्वाचन विचार, कार्यक्रम र नीतिको बीचमा हुनुपर्छ । एउटै नीति, विचार र कार्यक्रय भित्र केवल व्यक्तिहरूबीच मात्र गरिने चुनाव सारतत्त्वमा पञ्चायती चुनावभन्दा भिन्न हुन सक्दैन । त्यसकारण बहुदलीयताको आधारमा आवधिक निर्वाचन गर्ने प्रणालीलाई हामीले दृढताका साथ सामेल गरेका छौं ।

**४.७ बहुमतको सरकार र अल्पमतको विपक्ष**

बहुदलीय पद्धतिको एउटा मूलतत्त्व सङ्गठित प्रतिस्पर्धा हो भने अर्को मूलतत्त्व बहुमतको सरकार र अल्पमतको विपक्ष हुने संवैधानिक व्यवस्था हो । सरकारका कामकाजहरूप्रति आलोचनात्मक दृष्टिकोण राख्ने र गलत कुराहरूको विरोध गर्ने संवैधानिक व्यवस्था हो । आमचुनाव भए पनि विपक्ष रहन पाउने र अभ्न रहनुपर्ने संवैधानिक व्यवस्था नहुने हो भने सरकारका तानाशाही एवम् निरङ्कुशतावादी क्रियाकलापलाई रोक्न सम्भव हुँदैन । शान्तिपूर्ण ढङ्गले कुनै पनि गल्तीहरूको राजनीतिक समाधान निकाल्नु सजिलो हुँदैन । पञ्चायती व्यवस्थामा पनि व्यक्तिको बीचमा चुनाव हुने गर्थ्यो । तर, विचार र कार्यक्रम राख्न पाइन्नथ्यो । अभ्न पञ्चायती चिन्तनसँग असहमत व्यक्तिहरू चुनिए पनि विपक्षको वैधानिक व्यवस्था थिएन । त्यसकारण पञ्चायत अन्तरवस्तुको हिसावले मात्र होइन, स्वरूपको हिसावले पनि निरङ्कुश एवम् तानाशाही थियो । सरकारको विपक्षमा वैधानिक रूपमा काम गर्न पाउने प्रणाली प्रजातान्त्रिक प्रणाली हो । यसलाई ध्यान दिएर नै हामीले स्पष्ट रूपमा बहुमतको सरकार र अल्पमतको विपक्ष रहने संवैधानिक व्यवस्था गर्ने कुरा समावेश गरेका छौं ।

**४.८ कानुनको शासन**

जनताको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारहरू, मौलिक अधिकार, मानवअधिकार र नागरिक अधिकारहरूको रक्षाको निम्ति कानुनको शासन भन्ने कुरालाई हामीले आफ्नो कार्यक्रममा सुस्पष्ट रूपमा समावेश गरेका छौं । कुनै पनि व्यक्तिमाथि कानुन अनुसार अधिकार प्राप्त निकायको औपचारिक निर्णयबाट मात्र दण्डित गर्न सकिने, सरकार र शक्ति हातमा भएको कुनै पनि निकाय वा व्यक्तिले स्वेच्छाचारी ढङ्गले गर्न नपाइने कुरालाई हामीले गम्भीरताका साथ महत्त्व दिएका छौं ।

**४.९ जनताको जनवादी व्यवस्थाको सुदृढीकरण**

हामी सैद्धान्तिक आग्रहबाट प्रेरित भएर भौतिक परिस्थितिबिना नै समाजवादमा पुग्ने हतारोले कुनै पनि अनुचित जोरजवर्जस्ती गर्ने कुराको विपक्षमा छौं । स्वाभाविक रूपमा कुनै पनि नयाँ व्यवस्थालाई सुदृढ गर्नको निम्ति अपेक्षित समय चाहिन्छ । त्यसमा पनि जनताको जनवादी सत्ताले मूलभूत रूपमा तीनवटा विशेष अवधि पार गर्नु अनिवार्य हुन्छ । पहिलो- पुरानो व्यवस्थाका शोषण-उत्पीडनका अवशेषहरू सबै क्षेत्रबाट अन्त्य गर्ने काममा केन्द्रित भएर लाग्ने अवधि, दोस्रो- नयाँ उत्पादन सम्बन्धको आधारमा समाजका सबै क्षेत्रमा भौतिक

र सांस्कृतिक दुवै हिसावले विकास गर्ने कुरामा केन्द्रित भएर लाग्ने अवधि र तेस्रो- समाजवादमा सङ्क्रमणको निम्ति केन्द्रित भएर भौतिक तथा सांस्कृतिक तयारी गर्ने अवधि । यस्ता ठोस कुराहरू सम्पादन गर्न स्वाभाविक रूपमा एउटा अपेक्षाकृत लामो समय चाहिन्छ । त्यसकारण हामीहरू अन्य कतिपय देशहरूमा जस्तो समाजवादमा पुग्ने हतारोले नयाँ व्यवस्था र समाजको जग कमजोर छँदै- एउटा खुट्टो दरोसँग नटेकी अर्को खुट्टा उचाल्ने- पक्षमा छैनौं । अझ हामी नयाँ जनवादी व्यवस्थामा पनि बहुदलीय पद्धति अपनाउन प्रतिबद्ध छौं । यसको तात्पर्य बल प्रयोग होइन, सेवा र घनिष्ट सम्बन्धबाट जनताको दिल जित्न र समर्थन हासिल गर्न चाहन्छौं । यो राम्रै कामको निम्ति पनि जनतालाई जोरजबर्जस्ती गर्ने होइन, स्वेच्छिक समर्थन हासिल गर्ने तरिका हो । हामी राम्रो काम पनि नराम्रो तरिकाले होइन, सकेसम्म राम्रो तरिकाले सम्पन्न गर्नुपर्छ भन्ने कुराको पक्षमा रहेका छौं । त्यसकारण हामीले जनताको जनवादी व्यवस्था एउटा अपेक्षाकृत लामो समयसम्म रहने सामाजिक व्यवस्थाको रूपमा स्वीकार गरेका छौं ।

**४.१० विदेशी पुँजी र प्रविधि**

आज आमरूपमा साम्राज्यवादको औपनिवेशिक शोषणको स्वरूप समाप्त भएको छ र त्यसले नयाँ ढङ्गले औपनिवेशिक शोषण गर्ने तरिका विकसित गरेको छ । साम्राज्यवादी देशले एक्लै पनि र अनेक विकसित पुँजीवादी देशहरूको वित्तीय सम्पत्ति जम्मा गरेर अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमार्फत संयुक्त रूपमा पनि यो नवउपनिवेशी शोषणलाई अघि बढाएको छ । तर, वर्तमान विश्वमा अविकसित पछौटे देशहरू मात्र होइन, विकासमान र विकसित देशहरू पनि अन्तर्राष्ट्रिय वा वैदेशिक वित्तीय, सहायता ऋण र सम्पर्कबिना काम गर्न नसक्ने स्थिति बनेको छ । यस्तो स्थितिमा हामी मात्र पनि बाहिरी दुनियाँप्रति बेवास्ता गरेर केवल आफ्नो मात्र स्रोत-साधनले अघि बढ्न सक्दैनौं । समाजवादी देशहरू पनि यस्तो ऋण सहायता लिइरहेका छन् र विश्व पुँजीवादद्वारा खडा गरिएको नाकाबन्दीले कतिपय देशहरूमा गम्भीर सङ्कट पनि बढिरहेको छ । यस्तो स्थितिमा हामी वैदेशिक पुँजी र प्रविधिको सवालमा नीतिगत रूपमा आफ्नो ढोका बन्द गर्न सक्दैनौं र बन्द गर्नुहुँदैन । त्यसकारण हामीले आफ्नो कार्यक्रममा संविधान र ऐन-कानुनको सीमाभित्र राष्ट्रिय हितलाई ख्याल राखेर वैदेशिक पुँजी र प्रविधिको लगानी, संरक्षण र उपयोग व्यवस्थित गर्ने सुस्पष्ट कुरा कार्यक्रममा समावेश गरेका छौं । यो पनि विगतका क्रान्तिकारी कार्यक्रमहरूमा समावेश नभएको भिन्न विषय हो ।

**४.११ क्षतिपूर्ति**

सामन्ती शोषण, सामन्ती भूसम्पत्ति र सामन्तवादलाई समाप्त पार्ने हाम्रो क्रान्तिको एउटा आधारभूत उद्देश्य हो । हामीले नयाँ समाज निर्माण गर्नको निम्ति आमरूपमा सबैबाट सकारात्मक योगदान लिने नीति लिएका छौं । त्यसको निम्ति सामन्ती भूस्वामित्व समाप्त गर्ने, कानुनद्वारा नयाँ हदवन्दी निश्चित गर्ने, क्रान्तिकारी भूमिसुधार गर्ने, यस क्रममा क्रान्तिको समर्थन गर्नेहरू, धनी र मध्यम किसानहरूको हद बढी जमिन र दोहोरो स्वामित्वको अन्त्य गर्दा साना भूस्वामीहरूको जमिनको कानुनसम्मत यथोचित क्षतिपूर्ति दिने नीति अघि सारेका छौं । नयाँ समाजको निर्माणमा सकारात्मक योगदान गर्न नचाहने र अझ त्यसको विरोध र ध्वंसमा लाग्ने सामन्ती जमिन्दारहरूबाहेक अरूलाई क्षतिपूर्ति दिएर हामी उद्योग, व्यापार-व्यवसायतर्फ स्थानान्तरित गराउन चाहन्छौं । यो नयाँ समाज निर्माण गर्न सबैलाई सकारात्मक ढङ्गले योगदान पुऱ्याउन गरेको आह्वान हो र शान्तिपूर्ण ढङ्गले सामन्ती भूस्वामित्व अन्त्य गर्ने चाहनाको अभिव्यक्ति पनि हो । तर, यो प्रगतिशील अग्रगतिको विरोध गर्ने सामन्ती जमिन्दारहरूमाथि बल प्रयोग गर्नुपर्ने अनिवार्यता र बल प्रयोग गरिएकाहरूले क्षतिपूर्ति नपाउने कुरा पनि स्वत: प्रस्ट छ । हामीले आफ्नो कार्यनीतिमा ल्याएको यो पनि एउटा नयाँ पक्ष हो ।

**४.१२ विदेश नीति**

आज विश्वमा एकीकृत विश्व कम्युनिस्ट आन्दोलन छैन । तर, विश्वका लगभग सबैजसो देशमा मार्क्सवादी सिद्धान्तको मार्गदर्शनमा आफ्नो देशको ठोस स्थिति अनुरूप क्रान्ति वा निर्माणको निम्ति कम्युनिस्ट आन्दोलन जारी छ । समाजवादी आन्दोलन पनि हरेक देशका आफ्ना विशिष्टताको आधारमा चलिरहेको छ, त्यसमा पनि एकरूपता छैन । संसारभरका सबै कम्युनिस्टहरू साम्राज्यवादको विरुद्ध छन् । तर, ठोस रूपमा कहीं कुनै देशको साम्राज्यवादी उत्पीडनविरुद्ध तीखो सङ्घर्ष छ भने अर्को साम्राज्यवादी देशसँग त्यसको सम्बन्ध आमरूपमा सामान्य नै छ । साम्राज्यवादविरोधी सङ्घर्षमा पनि एकरूपता छैन । भिन्नाभिन्नै देश, भिन्नाभिन्नै रूप र भिन्नाभिन्नै कोणबाट तर सबै देशका कम्युनिस्टहरू साम्राज्यवादको विरुद्ध सङ्घर्षरत छन् । यो नै अहिले एकताको पक्ष हो । यसलाई अहिले नै एकरूपतामा पुऱ्याउने कुनै सम्भावना छैन । यस्तो स्थितिमा समाजवादी देशहरू र शासक कम्युनिस्ट पार्टीहरूले पुरानो ढङ्गले सामाजिक मुक्ति तथा राष्ट्रिय स्वाधीनताका आन्दोलनहरूलाई प्रत्यक्ष र खुल्ला सहयोग गर्न छोडेका छन् । हरेक देशका सर्वहारा-श्रमजीवी वर्गका राजनीतिक पार्टीहरूले पनि सर्वहारा अन्तर्राष्ट्रियतावादको पुरानो सहयोग प्रणालीमा भिन्नता ल्याएका छन् । अहिले अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनमा कुनै उल्लेखनीय ग्रुप-समूह छैन । एकातिर प्रत्येक देशको क्रान्ति वा निर्माणको आन्दोलन अन्तर्राष्ट्रिय सहयोग-समर्थनबिना विकसित र विजयी हुन सक्तैन भने अर्कोतिर सहयोगको पुरानो रूप प्रणाली कायम छैन र तत्काल हुन पनि सक्तैन । यस्तो स्थितिमा हरेक देशमा क्रान्तिकारीहरूले आफ्नै प्रत्यक्ष पहलबाट अन्तर्राष्ट्रिय समर्थन जुटाउनुपर्छ । त्यसकारण हामीहरू सामान्य सैद्धान्तिक अवधारणाको आधारमा सैद्धान्तिक ढङ्गले आमखालको विरोध वा समर्थनबाहेक ठोस रूपमा आफ्नो देशको क्रान्ति र निर्माणको प्रत्यक्ष लाभ-हानीको हिसावबाट मात्र विदेश

सम्बन्ध सञ्चालन गर्न सक्छौं । हाम्रा निकट छिमेकीहरू दक्षिण एसियायी देशहरू, हाम्रो क्रान्ति र निर्माणलाई प्रत्यक्ष-सहयोग समर्थन गर्ने देशहरू र अरू मित्र देशहरूको आधारमा क्रमिक महत्त्व दिएर पञ्चशीलको सिद्धान्तको आधारमा व्यावहारिक ढङ्गले सम्बन्ध स्थापना र विकास गर्ने दृष्टिकोण हामीले अघि सारेका छौं । क्रान्ति र निर्माणका ठोस व्यावहारिक विषयलाई बेवास्ता गरेर केवल सैद्धान्तिक आग्रहको रूपमा मात्र हामी अघि बढ्न सक्तैनौं ।

### ४.१३ नेतृत्व र अधिनायकत्व

सामन्तवाद र साम्राज्यवादबाट सामाजिक मुक्ति र राष्ट्रिय स्वाधीनता प्राप्त गर्ने आन्दोलनको मार्गदर्शक सिद्धान्त मार्क्सवाद-लेनिनवाद हो । यस क्रान्तिको नेतृत्व पनि सर्वहारा-श्रमजीवी वर्गले मात्र गर्न सक्छ । सर्वहारा-श्रमजीवी वर्गको, मार्क्सवाद-लेनिनवादको मार्गदर्शनमा चल्ने राजनीतिक पार्टीले मात्र गर्न सक्छ । तर, यस कुरालाई केवल सैद्धान्तिक रूपमा उल्लेख गरेर र दस्तावेजमा लेखेर मात्र हुँदैन । त्यसकारण हामीले कार्यक्रममा प्रतिस्पर्धा र पहलकदमीद्वारा नेतृत्व लिने विषयमा जोड दिएका छौं । सैद्धान्तिक, वर्गीय र रणनीतिक रूपमा सर्वहारा नेतृत्वको अनिवार्यताबारे उल्लेख गर्दा कार्यनीतिक रूपमा अरूसँग नेतृत्वको निम्ति गम्भीर प्रतिस्पर्धा गर्नुपर्ने र पहलकदमी लिनुपर्ने आवश्यकताप्रति बेवास्ता गरेर ढुक्क हुने प्रवृत्ति देखिएको छ । हामी यो प्रवृत्तिलणई हटाउन र तीव्र प्रतिस्पर्धा र सशक्त पहलकदमीमा जोड दिन चाहन्छौं । त्यसरी नै क्रान्तिपछिको निर्माणकालमा पनि पार्टीले पहलकदमी र प्रतिस्पर्धाबाट नै नेतृत्व हातमा लिनुपर्छ । कम्युनिस्ट पार्टीको नेतृत्व अर्थात् मार्क्सवाद-लेनिनवादको मार्गदर्शमा चल्ने सर्वहारा-श्रमजीवी वर्गको राजनीतिक पार्टीको नेतृत्वमा मात्र जनताको जनवादी व्यवस्थाको सुदृढीकरण र समाजवादमा सङ्क्रमण गर्ने काम सम्पन्न गर्न सकिन्छ । तर, यसमा पनि प्रतिस्पर्धा र पहल नलिएर संविधानमा उल्लेख गर्दै राज्यको बल प्रयोग गरेर नेतृत्व गर्ने तरिका उपयुक्त हुँदैन । त्यसकारण सर्वहारा-श्रमजीवी वर्गको मार्क्सवादी-लेनिनवादी पार्टीको नेतृत्व अनिवार्य छ । तर, त्यो सङ्घर्ष, सेवा, पहलकदमी र प्रतिस्पर्धाबाट मात्र हातमा लिन सकिन्छ । सैद्धान्तिक उल्लेख वा संवैधानिक उल्लेख तथा राजकीय बल प्रयोगबाट होइन भन्ने कुरामा हामीले जोड दिएका छौं ।

त्यसरी नै जनताको जनवादी अधिनायकत्व भनेको जनताको जनवादी राज्यसत्ता हो । अधिनायकत्व राज्यसत्ताको एउटा मुख्य र निर्णायक कामलाई अभिव्यक्त गर्ने शब्द हो । अर्थात् अधिनायकत्व भनेको राज्य हो । मार्क्सवादी दृष्टिकोण अनुसार राज्य भनेको वर्गीय हुन्छ, पुँजीवादपन्थीहरूको वर्गविहीन वा वर्गभन्दा माथि राज्य भन्ने कुरा भ्रूट कुरा हो । राज्य एउटा वर्गले अर्को वर्गलाई नियन्त्रण गर्ने साधन हो । तर, जनताको राज्यको काम केवल नियन्त्रण र दमन गर्ने मात्र होइन, आमजनताको नेतृत्व गर्दै जनताको निम्ति कल्याणकारी काम पनि गर्नु हो । त्यसले जनवादविरोधी प्रतिगामी तत्त्वहरूलाई मात्र दमन र नियन्त्रण गर्छ । व्यापक जनतालाई जनवादी अधिकार प्रदान गर्छ । त्यसकारण हामीले अधिनायकत्व शब्दको सट्टा कार्यक्रममा आमरूपमा राज्यसत्ता भन्ने शब्द प्रयोग गरेका छौं । यसको तात्पर्य पहिलो कुरा मुठ्ठीभर प्रतिगामीहरूमाथि अधिनायकत्व भएको ९५ प्रतिशत जनताको निम्ति जनवाद दिने राज्यसत्ता भएको र दोस्रो राज्यसत्ताको काम केवल अधिनायकत्व मात्र नभएर जनता र राष्ट्रको निम्ति कल्याणकारी काम नै प्रमुख भएको हुनाले पनि राज्यसत्ताको एउटा मात्र पक्षलाई अभिव्यक्त गर्ने 'अधिनायकत्व' शब्द भन्दा अर्थात 'जनताको जनवादी अधिनायकत्व' भन्नुभन्दा जनताको जनवादी राज्यसत्ता भन्ने प्रयोग गरेका छौं । यो सही र उपयुक्त संयोजन हो ।

### ४.१४ जनताको बहुदलीय जनवाद

हाम्रो कार्यक्रम सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद र साम्राज्यवादविरोधी कार्यक्रम हो । हाम्रो क्रान्ति सामन्तवाद-साम्राज्यवादविरोधी क्रान्ति हो । चीन, कोरिया, भियतनाम र पूर्वी युरोपेली देशहरूमा यस्तै क्रान्ति भएको थियो । यी सबै ठाउँको क्रान्तिले सामन्तवादलाई उन्मूलन गरेर किसानहरूलाई मुक्त पार्ने र साम्राज्यवादको सबै प्रकारको हस्तक्षेपलाई समाप्त पारेर राष्ट्रिय स्वाधीनता प्राप्त गर्ने काम गरेको थियो । राष्ट्रिय पुँजी र उद्योग-व्यवसायको विकासको बाटो खोलेको थियो । राज्यसत्ताको एउटा तेस्रो रूप आमजनताको जनवादी संयुक्त राज्यसत्ताको स्थापना गरेको थियो । सामन्तवादलाई उन्मूलन गरेर पनि यो पुँजीपति वर्गको अधिनायकत्व भएको एकलौटी राज्य थिएन । पुरानो जनवादी क्रान्तिले पुँजीपति वर्गको अधिनायकत्व भएको राज्यको स्थापना गरेको थियो । तर, यसले सामन्तवाद-साम्राज्यवादविरोधी आमजनताको संयुक्त राज्यको स्थापना गऱ्यो । सामन्तवाद-साम्राज्यवादको उन्मूलन गर्ने, अर्धसामन्ती र अर्धउपनिवेशी उत्पादन सम्बन्ध समाप्त पारेर जनवादी र राष्ट्रिय सम्बन्ध कायम गर्ने तथा आमजनताको संयुक्त राज्यसत्ता स्थापना गर्ने हुनाले यसै अर्थमा हाम्रो क्रान्ति पनि नयाँ जनवादी क्रान्ति नै हो र हाम्रो कार्यक्रम पनि नयाँ जनवादी नै हो । अरू मुलुकमा कतिपय आफ्ना विशेषताहरूको सन्दर्भलाई लिएर त्यसलाई कहीं नयाँ जनवाद, कहीं जनताको जनवाद र कहीं राष्ट्रिय जनवाद जस्तो नाम दिइयो । सारतत्त्वमा त्यो सबै नयाँ युगको सन्दर्भबाट जनताको जनवाद नै थियो । हामीले आफ्नो देशमा विद्यमान राष्ट्रिय र अन्तर्राष्ट्रिय स्थिति एवम् आजसम्मका अनुभवहरूलाई विश्लेषण गर्दै तिनै आधारभूत तत्त्वहरूको साथमा कतिपय भिन्न कुराहरू पनि समावेश गरेका छौं, हामीले थपेका विषयहरूलाई प्रतिनिधित्व गर्ने मूल अभिव्यक्तिको

हिसावले 'बहुदलीयता' लाई उल्लेख गरेका छौं । यस हिसावले हामीले आफ्नो सन्दर्भमा उक्त क्रान्तिको कार्यक्रमलाई जनताको बहुदलीय जनवाद भनेर उल्लेख गरेका छौं । वास्तवमा यो पनि हामीले आफ्नो सन्दर्भमा प्रयोग गरेको जनताको जनवाद नै हो । उपरोक्त अन्य देशहरूमा बहुदलीय प्रतिस्पर्धा रहेन । हामी भने त्यसभन्दा भिन्न सुस्पष्ट रूपमा बहुदलीय प्रतिस्पधा सामेल गर्न चाहन्छौं । यस अर्थमा हाम्रो कार्यक्रम र विचारको यो एउटा विशेष कुरा हो । यसलाई कार्यक्रममा पनि विशेष ढङ्गले उल्लेख गर्नु आवश्यक छ । त्यसैकारण कार्यक्रमको शीर्षकमा हामीले सारतत्त्व र आफ्ना थप विशेष कुराहरूसमेत समावेश गरेर 'जनताको बहुदलीय जनवाद' भनेको हो । सामन्यतया जुनसुकै विशेषणको साथ जनवादको उल्लेख गरिए पनि हाम्रो कार्यक्रमको स्वरूप र सार दुबैलाई सटिक ढङ्गले उल्लेख गर्दा हाम्रो क्रान्तिको कार्यक्रमको नाम 'जनताको बहुदलीय जनवाद' हुनुपर्छ । परिवर्तित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्थितिमा हामीले आफ्ना विचारहरूलाई यसरी नै कार्यक्रममा प्रस्तुत गरेका छौं ।

**५. वर्तमान क्रान्तिका शत्रु र मित्रहरू**

**शत्रुशक्ति**

५.१ वर्तमान नेपाली जनवादी क्रान्तिका आधारभूत शत्रु सामान्तवर्ग र दलाल नोकरशाही पुँजीपति वर्ग, विदेशी एकाधिकार पुँजीवाद र अन्तर्राष्ट्रिय साम्राज्यवाद हुन् । यिनीहरूकै शोषण-उत्पीडनले गर्दा आज देश अर्धसामन्ती र अर्धउपनिवेशी बनेको छ । यस्ता आधारभूत शत्रुहरूको शोषण र सत्ता उन्मूलन नगरी नेपालको जनवादी क्रान्ति पूरा हुन सक्तैन ।

५.२ भारतेली शासक वर्गले नेपालका शासकहरूको सहायताबाट नेपालको अर्थतन्त्रमाथि भारतीय एकाधिकार पुँजीवादको नियन्त्रण बढाएको छ । प्राकृतिक स्रोत-सम्पदा खासगरी जलस्रोतमाथि एकलौटी कायम गर्ने प्रयास गरेको छ । शान्ति, मैत्री र सुरक्षाको नाममा भएका सन्धिहरूले नेपालको सार्वभौमिकतालाई सीमित पारेका छन् । अनेक ठाउँमा सीमाना र नेपालको प्रादेशिक अखण्डतामाथि पनि आँच आएको छ । नेपालका स्वतन्त्र आर्थिक राजनीतिक क्रियाकलापहरू र नागरिक अधिकारहरूमाथि पनि हस्तक्षेप बढिरहेको छ । यद्यपि, यो सबै नेपालका शासकहरूले आफ्नो राष्ट्रिय हितलाई त्यागेर भारतेली शासकहरू साम् सुम्पिएका छन् । यस्ता असमान सन्धि-सम्झौताहरू निरस्त गरी पञ्चशीलको आधारमा व्यापार, वाणिज्य, पारवहन तथा पारस्परिक सहयोग, जलस्रोत र सीमासम्बन्धी सन्धी गर्नु र नयाँ आधारमा सम्बन्ध विकास गर्नु पनि जनवादी क्रान्तिको आधारभूत दायित्व हो ।

५.३ युरोपमा समाजवादको विघटन र सोभियत सङ्घ र पूर्वी युरोपका कतिपय देशहरूको विखण्डनपछि विश्वमा अमेरिकी साम्राज्यवादको हस्तक्षेप अनियन्त्रित रूपमा बढिरहेको छ । सैनिक, सामरिक, राजनीतिक तथा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूमार्फत समेत आर्थिक रूपमा पनि हस्तक्षेप र दवाव बढिरहेको छ । नेपालको शासन प्रशासनमा पहिलेदेखि रहेको यसको हस्तक्षेप अझ बढ्दै गएको छ । एसियाको समाजवादमाथि हमला गर्ने अन्तर्राष्ट्रिय साम्राज्यवादको विश्व रणनीति अन्तर्गत नेपाललाई विवाद र तनावमा धकेल्ने काम गरिरहेको छ । नेपालको आन्तरिक राजनीतिमा अन्तर्राष्ट्रिय साम्राज्यवादको बढ्दो हस्तक्षेप समाप्त नगरी र समाजवादको विरुद्ध अन्तर्राष्ट्रिय साम्राज्यवादले नेपालमा सिँगौरी खेल्ने र तनाव बढाउने क्रियाकलाप अन्त्य नगरी पनि नेपालको जनवादी क्रान्ति सङ्फल हुन सक्तैन ।

५.४ तर पनि अहिले देशमा आन्तरिक अन्तरविरोध नै प्रमुख छ । सामन्तवादी दलाल नोकरशाही पुँजीपति वर्गसँग जनताको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक क्षेत्रको अन्तरविरोध नै अहिले समाजको प्रधान वर्गीय अन्तरविरोध हो । सामन्तवर्ग र दलाल नोकरशाही पुँजीपति वर्गको स्वार्थ रक्षा गर्ने राजनीतिक शक्तिहरूमध्ये दरवारको नेतृत्वमा रहेका सामन्ती निरङ्कुशतावादी तत्त्वहरू अहिले पर्दा पछाडि छन् र सम्भावित खतराको रूपमा रहेका छन् । तिनीहरूले ड्ढेरि पुनरुत्थान गर्न नपाऊन् भन्ने विषयमा गम्भीर सतर्कता अपनाउनु जरुरी छ । तर, अहिले सत्तामा नेपाली काङ्ग्रेस छ र यसले जनता, राष्ट्र र आन्दोलनद्वारा प्राप्त प्रजातान्त्रिक उपलब्धिहरूका विरुद्ध समेत काम गरेको छ । त्यसकारण अहिले राजनीतिक रूपमा काङ्ग्रेसको सरकारका जनविरोधी, राष्ट्रिय हितविरोधी र प्रजातान्त्रिक अधिकारविरोधी नीति तथा कामहरूसँग राजनीतिक अन्तरविरोध विशेष रूपमा तीव्र बनेर प्रकट भएको छ । यिनै जनता, राष्ट्र र प्रजातान्त्रिक अधिकारविरोधी नीति र कामहरू जनताको सङ्घर्षका प्रमुख निशाना बनेका छन् ।

५.५ सामन्तवाद, दलाल नोकरशाही पुँजीवाद, वैदेशिक एकाधिकार पुँजीवाद र साम्राज्यवादको पक्षपोषण गर्ने अरू राजनीतिक-सामाजिक शक्तिहरू पनि नेपाली जनवादी क्रान्तिका शत्रुहरू नै हुन् । तिनीहरूलाई पनि परास्त नगरी हाम्रो क्रान्तिले अन्तिम विजय प्राप्त गर्न सक्दैन ।

**मित्रशक्ति**

५.६ सर्वहारा-श्रमजीवी वर्ग वर्तमान क्रान्तिको नेतृत्वदायी वर्ग हो । यस वर्गको मार्क्सवादी-लेनिनवादी सिद्धान्तको मार्गदर्शनमा चल्ने राजनीतिक पार्टीले मात्र यो क्रान्तिमा वर्गीय राजनीतिक नेतृत्व दिन सक्छ । देशको जनवादी आन्दोलनमा यो नेतृत्व क्रमशः विकसित र स्थापित हुँदै गएको छ ।

५.७ किसानहरू वर्तमान क्रान्तिका मुख्य र निर्णायक शक्ति हुन् । सामाजिक मुक्तिको यो क्रान्ति मूलतः कृषिक्रान्ति हो । त्यसकारण किसानहरूनै यसका मुख्य र निर्णायक शक्ति पनि हुन् । यसबाहेक निम्नपुँजीपति वर्गका अन्य पेसा-तहहरू क्रान्तिका भरोसायोग्य मित्र हुन् । त्यसमा पनि कमिसनतन्त्र र भ्रष्टाचारजस्तो एउटा शक्तिशाली विकृतिसँग जुझ्नको निम्ति युवा, विद्यार्थी, बुद्धिजीवीहरूको विशेष भूमिका रहन सक्छ ।

५.८ राष्ट्रिय पुँजीपति वर्ग, धनी किसान तथा समाजका देशभक्त

प्रजातान्त्रिक तत्त्व एवम् तहहरू पनि अस्थिर चरित्र भएका तर वर्तमान क्रान्तिका मित्र नै हुन् ।

५.९ विश्वको कम्युनिस्ट आन्दोलन, समाजवादी आन्दोलन, राष्ट्रिय तथा सामाजिक मुक्ति आन्दोलनहरू लोकप्रिय जनवादी आन्दोलनहरू, पर्यावरण, शान्ति र मानवअधिकार आन्दोलन हाम्रो क्रान्तिका मित्र हुन् ।

५.१०समाजवादी देशहरू, खासगरी समाजवादी चीन र भारतको सर्वहारा-श्रमजीवी वर्गका राजनीतिक पार्टीहरू न्याय र प्रजातन्त्रका शक्तिहरू तथा सम्पूर्ण भारतीय जनता हाम्रो क्रान्तिका अत्यन्त भरोसायोग्य मित्र हुन् । दक्षिण एसियाली देशको सर्वहारा वर्ग, जनता र जनवादी शक्तिहरू हाम्रा मित्र हुन् । हाम्रो क्रान्ति र निर्माणलाई सहयोग पुऱ्याउने विश्व जनमत एवम् न्याय र प्रजातन्त्रका पक्षपाती शक्तिहरू हाम्रो मित्र हुन् ।

५.११ अहिले विगत इतिहासमा जस्तो सैद्धान्तिक एवम् राजनीतिक समानताको नाताले स्वतः मित्रता र स्वतः सहयोग हुने स्थिति छैन । त्यसकारण स्वयम् हामीले आफ्नो क्रान्ति र निर्माणका निम्ति अत्यधिक महत्त्व भएका क्षेत्रहरूमा आफ्ना घनिष्ठ सहयोगी एवम् मित्र बनाउनको निम्ति प्रयत्न केन्द्रित गर्नुपर्छ । क्रान्तिका शत्रु र मित्रहरूको खासगरी मित्रहरूको यो विश्लेषण सैद्धान्तिक हो । व्यावहारिक रूप दिनको निम्ति पार्टीले पहल लिएर प्रत्यक्ष र द्विपक्षीय सम्बन्ध विकसित गर्न सक्नुपर्छ ।

**६. क्रान्तिको बाटो**

६.१ क्रान्तिको बाटोको सवाल क्रान्तिकारी सङ्घर्षको विकास र विजयको निम्ति सङ्गठन र सङ्घर्षका कस्ता रूप र तरिकाहरूमा जोड दिनुपर्छ भन्ने सवाल हो । विश्वको क्रान्तिकारी सङ्घर्षका अनुभवहरूलाई ख्याल गर्दै, विगतका राष्ट्रिय आन्दोलनको अनुभवलाई ख्याल गर्दै र खासगरी आफ्नै विगत आन्दोलनहरूका अनुभवलाई ध्यानमा राखेर पार्टीले बाटोको बारेमा पूर्वानुमान एवम् ठोस सङ्केत गर्नुपर्छ । क्रान्तिको बाटो वस्तुगत परिस्थितिको उपज हो । मनोगत रूपमा कुनै पनि ढाँचा खडा गरेर आग्रह जाहेर गर्दैमा बाटोको समस्या हल हुँदैन । प्रत्येक उपलब्ध राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थिति र वर्गसङ्घर्षको अवस्थाको आधारमा आमजनतालाई क्रान्तिकारी लक्ष्य प्राप्तिको निम्ति कसरी बढीभन्दा बढी सङ्गठित गर्न र सङ्घर्षमा उतार्न सकिन्छ, त्यसरी नै अघि बढ्नुपर्छ । यसरी नै मात्र नेपाली क्रान्तिको विशिष्ट बाटो के हो भन्ने कुरा पनि अन्तिम रूपमा टुङ्गो गर्न सकिन्छ । रुसी वा चिनियाँ क्रान्तिको बाटो पनि यसरी नै तय भएको हो । यही नै मार्क्सवादी-लेनिनवादी दृष्टिकोण र तरिका पनि हो । क्रान्ति सम्पन्न गर्नको निम्ति बाटोको हिसावले वर्ग समन्वय होइन, वर्ग सम्झौता होइन वर्गसङ्घर्ष नै मूल र आधारभूत कुरा हो । तर, त्यसको कुन रूप अपनाउने भन्ने कुरा परिस्थितिमाथि भर पर्ने विषय हो ।

६.२ मार्क्सवादले सङ्गठन र सङ्घर्षका कुनै एउटा मात्र रूपलाई क्रान्तिकारी सङ्घर्षको एक मात्र र अन्तिम रूप मान्दैन । क्रान्तिकारीहरूले सङ्घर्षका सबैखाले रूप-तरिकाहरूलाई कुशलतापूर्वक सञ्चालन गर्न सक्ने क्षमता विकास गर्न ध्यान दिनुपर्छ । वर्गीय अन्तरविरोध र सम्बन्धहरू कसरी विकास भइरहेका छन् भन्ने यथार्थ विश्लेषणको आधारमा पूर्व तयारी गर्दै विद्यमान सङ्घर्षमा दृढतापूर्वक लाग्नुपर्छ । लक्ष्य अनिवार्य र निर्णायक तत्त्व हो । बाटो त्यसलाई सकेसम्म छिटो र सुगम ढङ्गले प्राप्त गर्ने साधन हो । त्यसकारण लक्ष्य प्रमुख हो र साधन गौण । जुन साधनबाट लक्ष्यमा पुग्न सकिन्छ, त्यसलाई क्रान्तिकारी रूपले दृढतापूर्वक प्रयोग गर्नुपर्छ ।

६.३ अहिले हामी शान्तिपूर्ण सङ्घर्षको स्थितिमा छौँ । वर्गीय अन्तरविरोध र सङ्घर्षले आमरूपमा हिंसात्मक स्वरूप ग्रहण गरेको छैन । शान्तिपूर्ण सङ्घर्ष पनि संसदीय र असंसदीय दुवै हुन्छ । संसदीय घेराभित्रको सङ्घर्ष संसदीय र सङ्गठित जनबलको आधारमा त्यस घेरा बाहिरको सङ्घर्ष असंसदीय हो । बहुदलीय व्यवस्थाको स्थापनापछि आमरूपमा संसदीय सङ्घर्ष प्रमुख रूपमा चलिरहेको छ । यसमा क्रान्तिकारीहरूले आफ्नो वरिष्ठता स्थापित गर्न दृढतापूर्वक लाग्नुपर्छ । तर, निर्णायक सङ्घर्ष संसदीय वा संसद्को घेरा बाहिरको जनसङ्घर्ष हो । यो अहिले प्रमुख रूपमा चलिरहेको छैन । तर, क्रान्तिकारी आन्दोलनलाई अघि बढाउनको निम्ति यसमा विशेष ध्यान दिनु जरुरी हुन्छ । यसलाई प्राथमिकता दिने कुरा कुनै मनोगत आग्रह र अलगथलग विषय होइन । चलिरहेको सङ्घर्षमा क्रान्तिकारी शक्तिले प्राप्त गर्ने विजय र वरिष्ठताले नै सङ्घर्षलाई निर्णायक दिशा र मोड दिन सक्छ । शान्तिपूर्ण सङ्घर्षभित्र पनि बल प्रयोगको आवश्यकता पर्छ । विगत पञ्चायतविरोधी आन्दोलन पनि शान्तिपूर्ण सङ्घर्ष थियो । तर, त्यहाँ बल प्रयोगको आवश्यकता भयो र बल प्रयोग पनि भयो । अहिले हाम्रो वर्गसङ्घर्ष शान्तिपूर्ण सङ्घर्षको घेराभित्र छ । तात्कालिक रूपमा संसदीय सङ्घर्ष प्रमुख रूपमा चलिरहेको छ । यसको तात्पर्य सङ्घर्षका यिनै विद्यमान रूप र तरिकाबाट जनता परिचालित छन् । यसमा ध्यान दिने र दृढतापूर्वक लाग्ने काम नगरेर कुनै सैद्धान्तिक एवम् मनोगत आग्रहबाट हाम्रो सङ्घर्षले विकास गर्न सक्दैन ।

६.४ वर्तमान राजनीतिक सङ्घर्ष संसदीय घेराभित्र छ । कसैको मनोगत चाहनाले यो तत्काल बाहिर जान सक्दैन । बाहिरको सङ्घर्ष प्रमुख बन्नको निम्ति स्थानीय वर्गसङ्घर्ष, वर्गीय तथा पेसागत राष्ट्रिय आन्दोलनहरू विकसित हुनुपर्छ । सामन्ती शोषणविरोधी किसान सङ्घर्ष, मजदुर आन्दोलन, युवा, विद्यार्थी, महिला, वुद्धिजीवी, व्यापारी र राष्ट्रिय उद्यमीहरूका सङ्घर्षलाई विकसित गर्नुपर्छ । तिनीहरूलाई राजनीतिक स्तरमा उठाउनुपर्छ र राष्ट्रिय तहबाट राजनीतिक आन्दोलनको रूप दिनुपर्छ । वर्तमान विश्वमा यस्ता व्यापक जनआन्दोलन र विस्फोटहरूबाट पनि ठूल्ठूला र महत्त्वपूर्ण परिवर्तन भएका छन् । विगत ०४६ सालको आन्दोलन पनि त्यस्तै आन्दोलनको एउटा रूप हो । यसलाई हामीले गम्भीरतापूर्वक लिनुपर्छ । अहिले यस क्षेत्रका आन्दोलनहरू पनि संसदीय

घेराभित्रका राजनीतिक आन्दोलनको रूपमा मात्र सीमित छन्। वर्गीय तथा पेसागत आन्दोलनहरू विकास गर्नको निम्ति जनवर्गीय एवम् पेसागत सङ्गठनहरू बलियो हुनुपर्छ, क्रियाशील हुनुपर्छ र व्यापक हुनुपर्छ। तर, अहिले तिनीहरू कमजोर छन्। बहुदलीय व्यवस्था स्थापनापछि अहिलेसम्म पनि राजनीतिक आन्दोलन बढी आकर्षण र चर्चाको विषय रहेकोले जनसङ्गठनहरूको आफ्नो वर्गीय वा पेसागत सक्रियता अझ कम भएको छ। यो स्थितिलाई बदल्नुपर्छ। जनसङ्गठनहरूलाई व्यापक रूपमा क्रियाशील बनाउनुपर्छ। तब मात्र संसदीय घेरा बाहिरको सङ्घर्षले प्राथमिकता लिन र विकास गर्न सक्छ।

६.५ वर्तमान स्थितिमा राजनीतिक आन्दोलनका मुख्य विषयहरू प्रजातान्त्रिक अधिकारहरूको संरक्षण र विकास, राष्ट्रिय हित र एकताको संरक्षण तथा विकास निर्माण र जनजीविकाका समस्याहरूहरू समाधान गर्ने दिशाजस्ता कुरा बनेका छन्। अहिले पनि यो राजनीतिक सङ्घर्षको मुख्य थलो केन्द्रदेखि स्थानीय तहसम्मका संसदीय निकायहरू र संसदीय घेराभित्रका सङ्घर्षका रूपहरू नै रहिरहेका छन्। पार्टीले यसबेला प्रमुख रूपमा यही राजनीतिक सङ्घर्षलाई संयोजन गर्ने, नेतृत्व प्रदान गर्ने र सञ्चालन गर्ने काम गर्नुपर्छ। तदनुरूपका सङ्गठन र सङ्घर्षका योजनाहरू बनाएर सञ्चालन गर्नुपर्छ। वर्गीय तथा पेसागत आन्दोलनहरूलाई राजनीतिक रूपमा संयोजन गर्ने र राजनीतिक तहमा उठाउने भूमिका निर्वाह गर्नुपर्छ। यसरी मात्र क्रान्तिकारी आन्दोलनको आधार बलियो बनाउने र विकास गर्ने काम गर्न सकिन्छ।

६.६ सङ्घर्ष स्वयम् नै आक्रमण र प्रतिरक्षाको संयोजन हो। आक्रमण वा प्रतिरक्षा कुनै एक पक्षमा मात्र ध्यान दिएर यसको सञ्चालन गर्न सकिन्न। राजनीतिक रूपमा आक्रमण र राजनीतिक रूपमा प्रतिरक्षा एउटा व्यापक विषय हो र यसमा विभिन्न क्षेत्र, विषय र कोणहरूबाट निरन्तर गरिरहनुपर्छ। तर, भौतिक रूपमा आक्रमण र भौतिक रूपमा प्रतिरक्षा पनि सङ्घर्षको अर्को एउटा महत्त्वपूर्ण क्षेत्र हो। यस विषयमा ध्यान दिँदा सर्वप्रथम एउटा कुरामा स्पष्ट हुनु आवश्यक हुन्छ। शान्तिपूर्ण आन्दोलनभन्दा भौतिक आक्रमण र प्रतिरक्षाको आवश्यकता पर्दैन भनी ठान्ने र भौतिक आक्रमण र प्रतिरक्षाको कुरा गर्दा शान्तिपूर्ण आन्दोलन होइन भनी ठान्ने चिन्तनबाट मुक्त हुनुपर्छ। संसदीय सङ्घर्ष होस् वा असंसदीय, जुनसुकै सङ्घर्षमा पनि आक्रमण र प्रतिरक्षाको आवश्यकता हुन्छ। राजनीतिक रूपमा मात्र होइन, अनिवार्य रूपमा भौतिक रूपमा समेत आक्रमण र प्रतिरक्षाको चिन्तन, संयोजन र तयारी हुनुपर्छ। धेरै अगाडि जानुपर्दैन, हामीले विगत पञ्चायतविरोधी आन्दोलन, विगत आमनिर्वाचन र स्थानीय निर्वाचनमा समेत त्यो आवश्यकता भोगिसकेका छौँ। अरू स्थानीय सङ्घर्ष र वर्गीय वा पेसागत आन्दोलनमा पनि त्यसको आवश्यकता भोगिसकेका छौँ। तर पनि, हामीले अनुभव सङ्गठित गर्न सकेका छैनौँ। या त शान्तिपूर्ण सङ्घर्ष भन्ने बल प्रयोगको बारेमा ध्यानै नदिने या बलप्रयोगको पक्षमा चर्चा गर्ने र शान्तिपूर्ण सङ्घर्षकै विरुद्ध धारणा बनाउने खालको एकपक्षीयता रहेको छ। यसलाई हटाउनुपर्छ र हरेक सङ्घर्षको निम्ति सबै हिसाबले आक्रमण र प्रतिरक्षाबारे ठोस रूपमा काम गर्नुपर्छ।

६.७ सङ्घर्ष दुई विपरीत पक्षहरूबीचको टक्कर हो, प्रतिस्पर्धा हो। आफ्नो प्रतिद्वन्द्वी पक्षभन्दा न त धेरै अघि बढेर हामी टक्कर लिन सक्छौँ न धेरै पछि बसेर। टक्करको निम्ति, सङ्घर्षको निम्ति हाराहारीमा रहनु, जस्तालाई तस्तै गर्नु जरुरी हुन्छ नत्र सङ्घर्ष हुनै सक्दैन। सङ्घर्षको कुन रूप प्रमुख र निर्णायक हुन्छ, त्यो कुनै शास्त्रीय रचनाबाट वा विशिष्ट नेताको कल्पनाबाट तय हुने विषय होइन। त्यो त जनताको बीचबाट, वर्गसङ्घर्षबाट, दुई विपरीत तत्त्वबीचको सङ्घर्षबाट तय हुने कुरा हो। शत्रु पक्षले कुन दाउपेच र तरिका प्रयोग गर्छ, त्यस अनुरूप नै जवाङ्ग दिनुपर्छ। त्यही शृङ्खलाभित्रबाट आक्रमण वा प्रतिरक्षा गर्नुपर्छ। सङ्घर्ष हिंसात्मक हुन्छ कि शान्तिपूर्ण ? त्यसको निर्णय एकपक्षबाट मात्र हुँदैन। दुवै पक्षको त्यसमा सहभागिता हुन्छ। तर, निर्णायक पहलकदमी सत्तापक्षमा रहन्छ। जनताका शान्तिपूर्ण न्यायिक राजनीतिक सङ्घर्षहरूमाथि हिंसात्मक ढङ्गले दमन गर्ने सत्तापक्षसँग हिंसात्मक सङ्घर्षको अर्को कुनै विकल्प हुन सक्दैन। यदि शान्तिपूर्ण राजनीतिक ढङ्गले नै मुकाविला गर्ने तरिका अपनायो भने शान्तिपूर्ण रूपमा पनि सङ्घर्ष विकसित हुनसक्छ। हिंसाको मुकाविला शान्तिले, षड्यन्त्रको मुकाविला सोझोपनले र धाँधलीको मुकाविला सज्जनताले हुँदैन। 'जस्तालाई तस्तै' जवाङ्ग सङ्गठित गर्नुपर्छ। शान्तिपूर्ण राजनीतिक वा वर्गीय एवम् पेसागत सङ्घर्षको विरुद्ध हुने षड्यन्त्र र हिंसाको मुकाविला गर्न हामीले पनि आफ्नो त्यस्तै शक्ति सङ्गठित गर्नुपर्छ। क्रान्तिको बाटो तयार गर्ने प्रक्रिया यही हो। यस प्रक्रियाबाट अलग बसेर न कुनै बाटो तयार हुन्छ, न कुनै सङ्घर्षले विकास गर्न सक्छ न त क्रान्ति सङ्कल हुने कुनै आशा नै गर्न सकिन्छ।

६.८ पार्टीले यसबेला अरू सबै कुराहरूमा आवश्यक ध्यान दिँदै व्यापक जनताबीच पुग्नको निम्ति किसान आन्दोलन र लडाकु सङ्घर्ष विकास गर्नको निम्ति युवा आन्दोलनको विकास गर्न विशेष ध्यान दिनुपर्छ। त्यसरी मात्र हामी सत्तापक्षले हाम्रो क्रान्तिलाई हिँड्न बाध्य पारेको बारेमा बढी अनुकूल ढङ्गले हिँड्न सक्नेछौँ।

६.९ सङ्घर्ष माथिबाट थोपरेर हुँदैन, प्रतिरक्षा सङ्घर्ष पनि माथिबाट थोपरेर हुँदैन। त्यो वर्गसङ्घर्षको मैदानबाट जन्म लिन्छ र पार्टीले त्यसलाई संयोजन, विकास र नेतृत्व गर्नुपर्छ। पार्टीको नीतिगत दिशानिर्देशनको आधारमा वर्गसङ्घर्षको मोर्चामा ठोस रूपबाट त्यसलाई अघि बढाउनुपर्छ। तर, अहिले विद्यमान वस्तुस्थितिको आधारमा वर्गसङ्घर्षको प्रक्रियाबाट होइन नेताहरूको मनोगत आग्रहद्वारा माथिबाट पैदा गर्ने व्यापक आशा, प्रयत्न र चिन्तन भइरहेछ। यो उल्टो कुरा हो। नेताहरूको हतारोले क्रान्ति चाँडै भइहाल्दैन न त

उनीहरूको पछौटेपनले क्रान्ति रोकिन नै सक्छ । अहिले या त हामीले जनतालाई सङ्घर्षको वस्तुगत विकासको तहबाट जागृत गर्न सकेका छैनौं या सङ्घर्षको स्थितिलाई ठीक ढङ्गले नबुझेर मनोगत आग्रह गरिरहेका छौं । कुनै पनि सङ्घर्षलाई जनताको बीचबाट पैदा गर्न र जनताकै सङ्गठित घनिष्ठ संलग्नतामा विकास गर्न ध्यान केन्द्रित गर्नुपर्छ । पार्टी प्रचारक, सङ्गठक र नेतृत्वकर्ता हो । उसले आफ्नो भूमिका दृढतापूर्वक निर्वाह गर्नुपर्छ ।

**७. संयुक्त मोर्चा**

७.१ संयुक्त मोर्चा सामन्तवाद-साम्राज्यवादविरोधी जनताको जनवादी क्रान्तिलाई सङ्बल बनाउने एउटा महत्त्वपूर्ण एवम् निर्णायक हतियार हो । साझा शत्रुको विरुद्ध अन्य सबै वर्ग, तह, पेसा र परिवेश भएका जनतालाई राष्ट्रिय रूपमा एकतावद्ध पारेर सङ्घर्ष गर्नु संयुक्त मोर्चाको उद्देश्य हो । बेग्लाबेग्लै समस्या र स्वार्थ भएका वर्ग, पेसा र तहका जनतालाई साझा उद्देश्यको निम्ति संयुक्त बनाएर काम गर्नु क्रान्ति सम्पन्न गर्ने एउटा महत्त्वपूर्ण कला पनि हो । अहिले सामन्त वर्ग, दलाल नोकरशाही पुँजीपति वर्ग, वैदेशिक एकाधिकार पुँजीवाद र साम्राज्यवाद अरू सबै वर्ग तहका जनता र राष्ट्रको साझा शत्रुको रूपमा रहेका छन् । तिनीहरूलाई अन्त्य गरेर जनताको जनवाद कायम गर्नु सबैको साझा उद्देश्य हो । त्यसकारण सामन्तवाद-साम्राज्यवादविरोधी जनताको बहुदलीय जनवादी कार्यक्रम साझा कार्यक्रम हो, संयुक्त मोर्चाको कार्यक्रम हो । वर्तमान राजनीतिक स्थितिमा दरवारद्वारा नेतृत्व गरिएको सामन्ती निरङ्कुशतावादी पुनरुत्थानवादको खतरा, आमजनता, जनवादी शक्ति र प्रजातान्त्रिक अधिकारको निम्ति साझा खतरा हो तथा वर्तमान सत्तापक्षका जनता, राष्ट्र र प्रजातान्त्रिक अधिकारबिरोधी नीति तथा कामहरू आमजनताको तात्कालिक सङ्घर्षका साझा राजनीतिक निशानाहरू हुन् । त्यसकारण यस्ता साझा शत्रुका विरुद्ध, साझा उद्देश्यका निम्ति आमजनता, जनवादी शक्तिहरू तथा देशभक्त र प्रजातान्त्रिक तत्त्वहरूलाई एकताबद्ध बनाउनु हाम्रो संयुक्त मोर्चाको ठोस उद्देश्य र कार्यक्षेत्र हुनुपर्छ । यसलाई हामी वर्गीय र राजनीतिक दुई ढङ्गले अघि बढाइरहेका छौं र बढाउन चाहन्छौं ।

७.२ सामन्तवाद र साम्राज्यवादको शोषण-उत्पीडन र राज्यसत्ताको अन्त्य नगरी नेपालका अरू कुनै पनि वर्गका जनताका आधारभूत समस्याहरू हल हुन सक्दैनन् । त्यसकारण हामीहरू सामन्तवाद-साम्राज्यवादविरोधी जनताको जनवादी कार्यक्रमको आधारमा वर्गीय संयुक्त मोर्चा निर्माण गर्न चाहन्छौं । यो वर्गीय संयुक्त मोर्चा कम्युनिस्ट पार्टीको प्रत्यक्ष वा परोक्ष वैचारिक-राजनीतिक नेतृत्वमा बन्ने मोर्चा हो । अहिले हामी यो काम मजदुर, किसान, महिला, युवा, विद्यार्थी, बुद्धिजीवी तथा सांस्कृतिककर्मीहरूका वर्ग, पेसा वा समुदायका जनसङ्गठनहरू निर्माण गरेर अघि बढाउने प्रयत्न गर्दैछौं । व्यापारी, उद्योगपति र अन्य क्षेत्रका सङ्गठनहरू पनि निर्माण गर्ने र सबै वर्ग, पेसा, तह र समुदायका जनताका जनसङ्गठनहरू निर्माण गरी आमजनतालाई सम्बन्धित क्षेत्रको सङ्गठनको माध्यमबाट जनताको जनवादी क्रान्तिमा परिचालित गर्ने प्रयत्न गर्दैछौं । कुनै तात्कालिक साझा सङ्घर्ष वा अभियानको निम्ति पार्टीको प्रत्यक्ष पहलकदमी र नेतृत्वमा सञ्चालन गर्ने वा विभिन्न सङ्गठनहरूबाट प्रतिनिधित्व लिएर पार्टीको संलग्नतामा संयोजनकारी समिति बनाएर सञ्चालन गर्ने काम गर्दै आएका छौं । पार्टीको वैचारिक-राजनीतिक नेतृत्वमा वर्गीय संयुक्त मोर्चा निर्माण र सञ्चालन गर्ने हाम्रो नीति र प्रक्रिया यही हो । प्रत्येक जनवर्गीय सङ्गठनहरूलाई आफ्नो सम्वन्धित क्षेत्रमा व्यापक र बलियो बनाएर आफ्ना विशिष्ट अभियान र आन्दोलनहरूको साथसाथै एकीकृत वैचारिक-राजनीतिक आन्दोलनको निम्ति संयुक्त रूपमा अघि बढ्नुपर्छ । आवश्यकता हेरी यस्ता जनसङ्गठनहरूलाई संयोजन गर्ने कुनै अतिरिक्त स्थायी संयन्त्र पनि बनाउन सकिन्छ । तर, अहिले नै त्यसको आवश्यकता छैन र बनाउनु पनि हुँदैन । अहिले प्रत्येक सङ्गठनलाई बलियो बनाउन दृढताका साथ लाग्दै परोक्ष रूपमा संयोजन गर्ने वा विशेष अभियानको निम्ति सामयिक रूपमा मात्र संयोजनकारी संयन्त्र बनाउनुपर्छ ।

७.३ सामन्ती निरङ्कुशतावादी पुनरुत्थानको खतराविरोधी सतर्कता र वर्तमान सत्तापक्षका जनविरोधी, राष्ट्रिय हितविरोधी तथा प्रजातान्त्रिक अधिकारविरोधी नीति र कामहरूको विरुद्ध साझा राजनीतिक सङ्घर्षको निम्ति राजनीतिक मोर्चा निर्माण गर्नुपर्छ । तात्कालिक ठोस राजनीतिक उद्देश्यहरू अघि सारेर तिनीहरूको आधारमा मात्र यस्तो मोर्चा निर्माण हुनसक्छ । यस्तो मोर्चाका भरोसायोग्य राजनीतिक सहभागीहरू अहिले वामपन्थी समूहहरू मात्र हुन् । तर, अहिले वामपन्थी समूहहरूको बीचमा पनि त्यस्तो कुनै स्थायी राजनीतिक मोर्चा बन्न सकेको छैन । समस्या विशेषलाई लिएर वेलावखत अस्थायी रूपमा मात्र हुँदै आएको छ । विभिन्न तात्कालिक विषयमा सङ्घर्ष सञ्चालन गर्ने कार्यनीतिक दृष्टिकोणमा रहेको गम्भीर मतभेदहरूले पनि यसमा भूमिका खेलेका छन् । हाम्रो पार्टीले आधारभूत विषयहरूको साथसाथै प्रत्येक तात्कालिक महत्त्वपूर्ण सवालहरूमा पनि आफ्नो सुस्पस्ट दृष्टिकोण अघि सार्नुपर्छ । त्यसमा सहमत हुने समूहहरूसँग संयुक्त रूपले अघि बढ्न आहवान र प्रयत्न पनि गर्नुपर्छ । नीति, दृष्टिकोण र कार्य तरिकामा सहमत भएका सम्भव सवालहरूमा संयुक्त रूपले काम गर्दै अन्य सवालहरूमा स्वतन्त्र रूपमा अघि बढ्नुपर्छ । आफ्नो शक्तिलाई स्वतन्त्र रूपमा बलियो बनाएर मात्र अरूलाई पनि तान्न र संयुक्त बनाउन सकिन्छ । साझा राजनीतिक सवालमा सम्भव शक्तिहरूलाई उचित ढङ्गले एकताबद्ध बनाउन प्रयत्न नगर्ने अलगाववादी दृष्टिकोण, अरूसँग एकतावद्ध नभई अघि बढ्न सकिन्न भन्ने परावलम्वी दृष्टिकोण र आफ्नो स्वतन्त्र शक्तिलाई बलियो बनाउन प्रयत्न नगर्ने दृष्टिकोण गलत दृष्टिकोणहरू हुन् । हामीले साझा





राजनीतिक सवालमा उपयुक्त राजनीतिक मोर्चा बनाएर अघि बढ्ने दृष्टिकोण लिनुपर्छ । यस्तो मोर्चामा देशभक्त प्रजातान्त्रिक तत्त्वहरूलाई पनि सामेल गर्ने दृष्टिकोण लिनुपर्छ । स्थिति र आवश्यकता अनुसार हाम्रो पार्टीले यसको निम्ति पहलकदमी लिनुपर्छ र प्रयत्न गर्नुपर्छ ।

७.४ देशको प्रमुख प्रतिपक्षी राजनीतिक शक्तिको हैसियतले हाम्रो पार्टीले सत्तापक्षबाट भएका विभिन्न ज्यादतीहरूको विरुद्ध राष्ट्रिय हितको सवालमा, प्रजातान्त्रिक अधिकारहरूको संरक्षणको सवालमा र जनजीविकाका समस्याहरू समाधान गर्ने सवालमा अस्थायी, आंशिक र क्षणिक रूपमा सहयोग पुऱ्याउन सक्ने शक्तिहरूलाई पनि सम्बन्धित सवालमा कार्यगत रूपमा एकताबद्ध बनाउने वा सम्बन्धित सवालको हितको निम्ति उपयोग गर्ने र सत्तापक्षलाई सकेसम्म बढी एक्लो र कमजोर बनाउने दृष्टिकोण लिनुपर्छ । प्रत्येक सवालमा प्रत्येकका विचार विश्लेषणहरू र व्यवहारलाई ध्यान दिएर सम्बन्धित सवालमा सकेसम्म बढी सकारात्मक शक्तिहरूलाई गोलबन्द गर्ने भूमिका खेल्नुपर्छ ।

**८. वामपन्थी एकता र पार्टी एकीकरण**

८.१ हाम्रो देशमा वामपन्थी र दक्षिणपन्थीको सीमारेखा मार्क्सवादी-लेनिनवादी सिद्धान्त बनेको छ । वामपन्थीहरू मार्क्सवाद-लेनिनवादको मार्गदर्शन स्वीकार गर्छन् । दक्षिणपन्थीहरू त्यसको विरोध गर्छन् । दक्षिणपन्थीहरू सामन्तवाद-साम्राज्यवादको पक्षपोषण र सेवा गर्छन् । वामपन्थीहरू त्यसको विरुद्ध आमजनता, राष्ट्र र आमूल परिवर्तनको पक्षपोषण तथा सेवा गर्छन् । दक्षिणपन्थीहरू र कम्युनिस्टको बीचमा क्रान्तिकारी जनवादी कार्यक्रम लिएको अरू कुनै वामपन्थी शक्ति छैन । त्यसकारण वामपन्थी एकता भनेको हाम्रो सन्दर्भमा कम्युनिस्टहरूबीचको एकता हो । विगत वाम एकता र मोर्चा पनि कम्युनिस्ट समूहहरूबीच कै एकता तथा मोर्चा थियो ।

८.२ पञ्चायतविरोधी सङ्घर्षको बेला वाममोर्चा बन्दा विश्व कम्युनिस्ट आन्दोलनको तस्वीर जस्तो थियो, आज धेरै भिन्न भएको छ र देशको कम्युनिस्ट आन्दोलनमा पनि निकै परिवर्तन आइसकेको छ । अहिले देशको कम्युनिस्ट आन्दोलनमा प्रस्ट रूपमा जडसूत्रवादी, सही मार्क्सवादी-लेनिनवादी र विसर्जनवादी तीनवटा प्रवृत्ति र धाराहरू देखापरेका छन् । सैद्धान्तिक-राजनीतिक रूपमा दूरी अझै बढेको छ । आज मार्क्सवादी-लेनिनवादी सिद्धान्तलाई बुझ्ने, व्याख्या गर्ने र लागू गर्ने सवालमा, विश्व कम्युनिस्ट आन्दोलनको स्थितिको मूल्याङ्कन गर्ने सवालमा, समाजवाद र समाजवादी आन्दोलनको व्याख्या गर्ने सवालमा, देशभित्र क्रान्तिकारी सङ्घर्षलाई अघि बढाउने नीति र दृष्टिकोणको सवालमा, देश र दुनियाँको कम्युनिस्ट आन्दोलनबाट शिक्षा लिने सवालमा, देशभित्रको राजनीतिक स्थिति र शक्तिहरूको विश्लेषण गर्ने सवालमा, विदेशी मुलुकहरूसँगको सम्बन्ध सञ्चालन गर्ने सवालमा जस्ता अनेक आधारभूत महत्त्वका विषयमा विचार विविधता र विपरीत सोचाइहरूसमेत छन् । तर पनि, सबैले कम्युनिस्ट पार्टी, मार्क्सवाद-लेनिनवाद र समाजवाद भनिरहेको हुनाले शाब्दिक समानता छ र त्यसले जनतामा भ्रम पनि पारिरहेको छ । त्यसकारण आज वामपन्थी एकता भनेको ठोस रूपमा राजनीतिक मोर्चा तहको एकता हो । जनवादी आन्दोलनको विकासको निम्ति यो एकताको पनि महत्त्वपूर्ण भूमिका रहने कुरा प्रस्ट छ । तर, त्योभन्दा बढी विषयहरूमा एकता व्यापक सैद्धान्तिक-वैचारिक सङ्घर्षको क्रममा मात्र सम्भव हुन सक्छ । त्यसकारण सम्भव सवालमा राजनीतिक मोर्चा बनाउँदै सैद्धान्तिक-वैचारिक सङ्घर्षलाई गहिराइ र दृढतासाथ सञ्चालन गर्नुपर्छ । गम्भीर विचार भिन्नतालाई नदेखे जस्तो गरी मनमा एकताको भ्रम पाल्ने र जनतामा फैलाउने काम गर्नुहुँदैन ।

८.३ सैद्धान्तिक, राजनीतिक र विचारधारात्मक सङ्घर्षको क्रममा समान मतमा रहेका समूह वा व्यक्तिहरूलाई सम्मानपूर्ण ढङ्गले पार्टीमा एकताबद्ध बनाउनुपर्छ, पार्टीको एकीकरणलाई अझ व्यापक र सुदृढ बनाउनुपर्छ । देशको कम्युनिस्ट आन्दोलनमा विघटन र पुनर्गठनको दौर अझै समाप्त भएको छैन । यस दौरमा समान मतावलम्बीहरू एक ठाउँमा सङ्गठित हुने प्रक्रिया अझै तेज हुनेछ र यो नराम्रो कुरा होइन । हाम्रो पार्टीले सैद्धान्तिक-वैचारिक सङ्घर्षमा गम्भीरता र उत्साहका साथ भाग लिनुपर्छ । आफ्ना विचार विश्लेषणहरूलाई दृढताका साथ अघि सार्नुपर्छ । स्वतन्त्रतापूर्वक पार्टीलाई बलियो बनाउन साहसका साथ कदम चाल्नुपर्छ । समान मतावलम्बीहरूलाई पार्टीमा एकताबद्ध गरेर पार्टी एकीकरणको प्रक्रियालाई अघि बढाउनुपर्छ ।

**९. रणनीति-कार्यनीति**

९.१ पार्टीको राजनीतिक रणनीति जनताको जनवादी राज्यसत्ता स्थापना गर्ने सामग्रिक योजना हो । क्रान्तिका लक्ष्यहरू निर्धारण गर्नु, शत्रुको किटान गर्नु, मित्रहरू निश्चित गर्नु, सङ्घर्ष र सङ्गठनका रूपहरू निश्चित गर्नु तथा क्रान्तिमा नेतृत्व, निर्णायक भूमिका, सहयोग र विरोधजस्ता भूमिकाहरू वर्गीय दृष्टिकोणले तय गर्नुजस्ता कुराहरू रणनीतिक महत्त्व राख्ने मुख्य कामहरू हुन् । पार्टी कार्यक्रमका पूर्वलिखित भागहरूमा सम्बन्धित क्षेत्रको हाम्रो रणनीति र तत्सम्बन्धी दृष्टिकोण प्रस्ट भएको छ ।

९.२ पार्टीको रणनीति क्रान्तिकारी लक्ष्य प्राप्त नभएसम्म बदलिँदैन । यसको तात्पर्य आधारभूत वस्तुगत स्थिति अनुरूप रणनीति निर्धारित हुन्छ । सर्वहारा-श्रमजीवी वर्गको नेतृत्व, किसानहरूको निर्णायक भूमिका, निम्नपुँजीपति वर्गका अन्य तहहरूको भरोसायोग्य भूमिका र मध्यम पुँजीपति वर्गको सहयोगी भूमिकाहरू र सामन्तवाद, दलाल नोकरशाही पुँजीपति वर्ग, वैदेशिक एकाधिकार पुँजीवाद र साम्राज्यवादसँग आधारभूत शत्रुताजस्ता कुराहरू वस्तुगत विश्लेषणको आधारमा निर्धारित भएका वर्गीय दृष्टिकोण भूमिका र नीतिका कुराहरू हुन् । यिनीहरू जनवादी

क्रान्तिको कालभरी अपरिवर्तित रहन्छन् । राष्ट्रिय-अन्तर्राष्ट्रिय स्थिति, जनताको चेतना र वर्गसङ्घर्षको अवस्था अनुसार सङ्गठन र सङ्घर्षका रूपहरू बदलिन्छन् । तर, क्रान्तिलाई निर्णायक विजयसम्म पुऱ्याउनको निम्ति जनताको सङ्गठित लडाकू बल प्रयोगको भूमिका पनि अनिवार्य हुन्छ । यसमा पनि परिवर्तनको कुनै सम्भावना छैन । तर, बलप्रयोग गर्ने सङ्गठन र सङ्घर्षको कस्तो स्वरूप हुन्छ, त्यो वर्गसङ्घर्षको भावी विकासमाथि भर पर्ने कुरा हो । अहिले हामी आमरूपमा शान्तिपूर्ण सङ्घर्षभित्र प्रतिरक्षात्मक बल प्रयोगलाई हाराहारीमा सङ्गठित गर्दै अघि बढ्नुपर्ने स्थितिमा छौं ।

९.३ हरेक ठोस स्थितिमा प्रधान शत्रुको विरुद्ध प्रहार र सङ्घर्ष केन्द्रित गर्दै शत्रुतापूर्ण अन्तरविरोधहरू समाधान गर्ने सङ्घर्षको विकास गरिन्छ । प्रधान शत्रुले नै प्रमुख रूपमा शत्रुतापूर्ण अन्तरविरोधहरूको राजनीतिक प्रतिनिधित्व गरिरहेको हुन्छ । सङ्घर्षको विकास क्रममा प्रधान शत्रु हेरिन सक्छ । प्रधान शत्रुमा हेरफेर भएपछि त्यसले शत्रु र मित्रहरूबीचको राजनीतिक शक्ति विन्यासको रणनीतिक योजनामा पनि आवश्यक पुनर्संयोजन गर्नु जरुरी हुन्छ । पार्टीको राजनीतिक कार्यदिशामा हेरफेर र पुनर्संयोजन गर्नु आवश्यक हुन्छ । विद्यमान प्रधान शत्रुका विरुद्ध, सङ्घर्षको विद्यमान प्रमुख रूपमा केन्द्रित भएर नै वर्गसङ्घर्षको विकास गर्नुपर्छ । प्रधान शत्रु नबदलिँदै सङ्घर्षको प्रमुख रूप हेरिन सक्छ र प्रधान शत्रु हेरिए पनि सङ्घर्षको प्रमुख रूप नहेरिन पनि सक्छ । त्यसकारण यस्ता महत्त्वपूर्ण विषयहरूमा पार्टीले ठोस परिस्थितिको विश्लेषण गरेर शक्ति विन्यासको ठोस रणनीतिक योजना तयार गर्नुपर्छ ।

९.४ अहिले पनि राज्यसत्ता वर्गीय रूपमा सामन्तवर्ग र दलाल नोकरशाही पुँजीपति वर्गको हातमा छ । तर, राजनीतिक शक्तिको हिसावले सामन्ती निरङ्कुशताका परम्परावादी शक्ति र नेपाली काङ्ग्रेसको बीचमा सङ्क्रमणकालीन द्वन्द्व छँदैछ । राजनीतिक हिसावले र शक्तिको हिसावले एक प्रकारको दोहोरो सत्ता छ । तर, काङ्ग्रेसको सरकार भएकोले सत्ता-सञ्चालनमा त्यसको भूमिका प्रमुख छ । त्यसकारण अहिले भइरहेको राष्ट्रिय हित र एकताको हानी, सार्वभौमिकताको सीमितीकरण, प्रजातान्त्रिक अधिकारहरूको कटौती र जनजीविका एवम् जनजीवनको असुरक्षाजस्ता विषयमा काङ्ग्रेसको सत्ता मुख्य दोषी छ । त्यसकारण प्रहारको निशाना पनि त्यही बनेको छ । यस्तो स्थितिमा परम्परावादी शक्तिको बारेमा कडा सतर्कता अपनाउँदै काङ्ग्रेसको सत्ताका जनता, राष्ट्र र प्रजातान्त्रिक अधिकारविरोधी नीति र कामको विरुद्ध सङ्घर्ष केन्द्रित गर्नुपर्छ । रणनीतिक रूपमा राजनीतिक शक्ति विन्यास गर्नको निम्ति अहिले यो महत्त्वपूर्ण विषय हो ।


९.५ प्रतिक्रियावादी सत्तालाई अन्त्य गरी जनसत्ताको स्थापना गर्नु हाम्रो क्रान्तिकारी राजनीति र सङ्घर्षको हमेशा केन्द्रीय कार्य रहेको छ र रहनुपर्छ । तर, त्यसको निम्ति कुन बेला कसको विरुद्ध कसरी लड्नुपर्छ भन्ने कुरा विशिष्ट स्थितिले तय गर्ने कुरा हो भन्ने हामीलाई थाहा छ । शत्रुहरूको बीचमा भेद गरेजस्तै मित्रहरूसँगको व्यवहारमा पनि कार्यनीतिक रूपमा ठोस स्थितिलाई ख्याल राखिनुपर्छ । तर, सबै शत्रुलाई परास्त गर्न ध्यान दिएजस्तै मित्रहरूलाई उनीहरूको वर्गीय भूमिकामा दृढतासाथ उभ्याउनको निम्ति पनि हाम्रो नीति र कामहरू समग्रतामा अविचलित हुनुपर्छ । हाम्रो कार्यनीतिलाई निर्देशित गर्ने सैद्धान्तिक दृष्टिकोण यही हो ।

९.६ हामी अहिले शान्तिपूर्ण सङ्घर्षको घेराभित्रैबाट अघि बढ्ने अधिकतम कोसिस गरिरहेका छौं । यसको उच्चतम विकास शान्तिपूर्ण सङ्घर्ष र वैधानिक प्रतिस्पर्धाबाट सरकार बनाउने र त्यसबाट जनता, राष्ट्र र प्रजातन्त्रको हितमा प्रगतिशील ढङ्गले अधिकतम सुधार गर्नेसम्म मात्र हो र यो पनि जनसत्ताको स्थापना गर्ने आन्दोलनमा महत्त्वपूर्ण कुरा र उपलब्धि नै हो । त्यसपछि पनि बलपूर्वक ढङ्को हान्ने काम बाँकी नै रहन्छ । सरकारमा गएर प्रगतिशील कार्यक्रम लागू गर्ने कार्यनीति अन्तर्गत शान्तिपूर्ण सङ्घर्षकै बेला सङ्घर्षले अर्को मोड लिनुपर्ने परिस्थिति आयो भने कार्यनीतिको यो कोण स्थगित हुने र नयाँ ढङ्गले जानुपर्ने स्थिति पनि आउन सक्छ ।

९.७ पार्टीको कार्यनीतिले पार्टीका रणनीतिक निर्धारणहरूलाई विद्यमान स्थिति र अवस्थाको आधारमा व्यावहारिक रूप दिनुपर्छ । त्यसलाई सङ्गल बनाउनुको निम्ति पार्टीको विद्यमान स्थितिका सबै क्षेत्रका सम्पूर्ण कामकाजलाई निर्देशित गर्नुपर्छ । क्रान्तिकारी राजनीतिक कार्यदिशाको नेतृत्वमा सुधार वा परिवर्तन साना वा ठूला, परोक्ष वा प्रत्यक्ष, संसदीय वा असंसदीय सबै कुराको सञ्चालन गर्नुपर्छ । त्यसकारण कार्यनीतिको चरित्र, सामयिक, अस्थायी र परिवर्तनशील हुन्छ । 'कार्यनीति सम्भावना होइन, वास्तविकतामा आधारित हुनुपर्छ । त्यसले परिस्थिति र विषय विशेष अनुरूप प्रत्यक्ष वा परोक्ष रूपमा पार्टीको क्रान्तिकारी लक्ष्य र रणनीतिको सेवा गर्नुपर्छ । कुनै पनि हालतमा त्यसलाई हानी पुऱ्याउने हुनुहुँदैन ।

९.८ अहिले पार्टीले आफ्नो कार्यनीति विगत आन्दोलनका प्रजातान्त्रिक उपलब्धिहरूको रक्षा र विकास, राष्ट्रियता, सार्वभौमिकता र राष्ट्रिय हितहरूको संरक्षण एवम् सम्बर्द्धन, जनजीविकाका समस्याहरूको समाधान र देशको विकास निर्माणको निम्ति प्रगतिशील राष्ट्रवादी जनदिशा दिने विषयहरूमा प्रत्यक्ष रूपमा आधारित बनाउनुपर्छ । सङ्गठनलाई सुदृढ, शक्तिशाली र विकसित बनाउने कुरामा केन्द्रित गर्नुपर्छ । शान्तिपूर्ण सङ्घर्षको घेराभित्रका आक्रमण र प्रतिरक्षाका सङ्घर्षहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न ध्यान दिनुपर्छ र समग्रतामा क्रान्तिकारी शक्तिसञ्चयको कुरामा केन्द्रित गर्नुपर्छ । प्रत्येक विशिष्ट तात्कालिक स्थितिको आधारमा तात्कालिक कामका ठोस लक्ष्यहरू निर्धारित गरी हरेक बेलाको कामलाई ठोस र उद्देश्यमूलक बनाउनुपर्छ ।■

# मदन भण्डारीको फाउन्डेसनद्वारा आयोजित विभिन्न अन्तरक्रिया तथा विचार गोष्ठी वक्ताहरू





सुशील कोइराला



स्वनाम



हृदयेश त्रिपाठी



नरहरि आचार्य




दीनानाथ शर्मा



मनमोहन भट्टराई



मदन भण्डारीको ५६औं जयन्तीका अवसरमा आयोजित
'नयाँ नेपाल निर्माणको सन्दर्भमा मदन भण्डारी'
विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै
कमरेड माधवकुमार नेपाल



मदन भण्डारीको ५४औं जयन्तीका अवसरमा
आयोजित 'संविधान कार्यान्वयनका चौध वर्ष र मदन
भण्डारीका विचारहरू' कार्यक्रममा बोल्दै
कमरेड के.पी. ओली



मदन भण्डारीको ५४औं जयन्तीका अवसरमा
आयोजित 'संविधान कार्यान्वयनका चौध वर्ष र मदन
भण्डारीका विचारहरू' कार्यक्रममा बोल्दै
कमरेड विद्या भण्डारी



मदन भण्डारीको ५५औं जयन्तीका अवसरमा आयोजित
'जनताको वहुदलीय जनवाद र लोकतान्त्रिक गणतन्त्र'
विषयक अन्तरक्रिया कार्यक्रममा बोल्दै
कमरेड शङ्कर पोखरेल